# अध्याय : एक
# शोध परिचय

## १.० शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'साहित्यकार रमेश खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ ।

## १.१ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.२ विषय परिचय

नेपाली साहित्यमा कलम चलाउँदै आएका साहित्यका चिन्तक, कलाप्रेमी, कलास्रष्टा, अरूपण कलाका सर्जक व्यक्तित्व रमेश खनालको जन्म वि.सं. २००५ (सन् १९४९) माघ महिनाको २० गते वसन्त पञ्चमीका दिन कोसी अञ्चलको धरान नगरीमा भएको हो । उनका पिताको नाम रघुनाथ खनाल हो भने माताको नाम स्व. नन्दादेवी खनाल हो ।[1] उनले 'शारदा बालिका विद्यालय' धरानबाट प्राथमिक शिक्षा पूरा गरेका हुन् भने 'शिक्षा निकेतन' धरानबाटै निम्नमाध्यमिक शिक्षा (कक्षा ८) उत्तीर्ण गरेका हुन् । त्यस्तै उनले धरानकै 'बहुउद्देश्यीय पब्लिक हाइस्कुल'बाट वि.सं. २०२१ सालमा एस्.एल्.सी. उत्तीर्ण गरेको पाइन्छ । उच्चशिक्षाका निम्ति २०२१ सालमा 'महेन्द्र कलेज' धरानमा भर्ना भई क्रमशः आई.कम्. वि.सं. २०२४ सालमा र बी.कम्. २०२७ सालमा तृतीय श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ । त्रि.वि. कीर्तिपुरबाट एम्.कम्. वि.सं. २०३३ सालमा प्रथम श्रेणीमा तेस्रो उच्चस्थान हासिल गर्न सफल भएका खनाल मेधावी विद्यार्थीका रूपमा चिनिन पुग्छन् । एम्.कम् उत्तीर्ण गरेको लगभग १६ वर्षपछि लैपजिस विश्वविद्यालय जर्मनी (Leipzig University Germany) बाट खेलकुद मनोविज्ञानमा स्नातकोत्तर

---

[1] रमेश खनालसँग लिएको अन्तर्वार्ताको आधारमा तथा उनको २४ औं एकल अरूपणकला प्रदर्शनीको क्याटलगबाट ।

वि.सं. २०४६ सालमा प्रथम श्रेणीमा उत्तीर्ण गर्दछन् ।[२] उनले नेपाल प्रेस इन्स्टिच्युटबाट दस महिने पत्रकारिताको अध्ययन वि.सं. २०४९ (सन् १९९३) मा पूरा गरेको पाइन्छ । खनाल राष्ट्रिय खेलकुद परिषद्मा निर्देशकको पदमा वि.सं. २०६५ चैत्र २८ गतेसम्म कार्यरत भएको, २०६० देखि २०६३ सम्म नेपाल कलाकार समाजका अध्यक्ष, ललितकला समीक्षक समाजका अध्यक्ष, खोलागाल युवा क्लवका अध्यक्ष, एए ग्यालरी नेपालका अध्यक्ष, विश्व स्तरीय भारत्तोलन र शारीरिक सुगठनका रेफ्रीजस्ता पदमा आसीन भएका खनालका श्रीमती रीता खनाल, छोरी रुरु लम्साल तथा रुमिना मैनाली साथै छोरा राजिम खनाल हुन् ।[३]

वि.सं. २०२१ सालको दोभान पत्रिकामा प्रकाशित उनको पहिलो कविता संसार हो । उक्त कविताबाट साहित्यमा प्रवेश गर्ने खनाल 'रनाख' साहित्यिक नामबाट कला तथा साहित्य क्षेत्रमा परिचित व्यक्तित्वका धनी बन्न पुगेका छन् ।[४] आफ्ना पिताजी रघुनाथ खनालबाट कविता लेख्न प्रेरणा प्राप्त गरेका खनालका तीनओटा कविता सङ्ग्रह - 'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता' २०३८, 'तेस्रो झर्को : घाम लाग्यो पानी पऱ्यो' २०३९ र 'म घाममा पानी पानी हुन्छु' २०४३ प्रकाशित भएका छन् । उनका दुईओटा कथा सङ्ग्रह- 'एक मुठी माटो' २०५७ र 'इन्दिराको भ्यागुतो' २०६३ प्रकाशित छन् । चारओटा जीवनी परक कृति वयोबृद्ध कलाकार चन्द्रमानसिंह मास्के' २०४०, 'चर्चिल' २०४१, 'नेपालका प्रसिद्ध कलाकार' २०६३ तथा 'कला स्रष्टा' २०६५ छन् । उनका दुईओटा संस्मरण- 'विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दा' २०६४ तथा 'विश्वप्रसिद्ध कलाकार माइकल एन्जेलोसँग साक्षात्कार' २०६४ त्यस्तै दुईओटा समालोचना 'अन्तरचेतनामूलक साहित्यिक अध्ययन' २०६४ र 'कला मन्थन' २०६३ रहेका छन् । उनको 'हाँसौ' नामको ठट्टा १ भाग देखि १० भागसम्म प्रकाशित छन् । यीबाहेक **मधुपर्क**, **गरिमा**, **कविता**, **समकालीन**, **गोरखापत्र**जस्ता विभिन्न पत्रपत्रिकामा साहित्य र कलासम्बन्धी लेखहरू प्रकाशित भइरहेको पाइन्छन् ।'

रमेश खनालको जीवनको अर्को गहन तथा महत्त्वपूर्ण पाटो भनेको चित्रकला हो । सानै उमेरदेखि चित्रकलामा निकै रुचि र कला सोखिन भएकाले आफ्नै घरमा ठूला बुबाको छोरा दाजु गोविन्द खनालले बनाएको ठूला र क्रान्तिकारी चित्रहरूबाट प्रभावित भई चित्र बनाउन

---

[२] तीर्थ निरौला, **ब्लाष्ट दैनिक** पत्रिका वर्ष १२, अङ्क १९०, पूर्णाङ्क, ४३९०, २०६३।१२।१८ ।

[३] रमेश खनाल, २४ औं एकल अरूपण चित्रकला प्रदर्शनी, सन् २००७, क्याटलगबाट ।

[४] रमेश खनाल, **कला मन्थन**, 'अनुनय-विनय', (काठमाडौं : रघुनाथ खनाल, कला र कलाकार, मंसिर, २०६३), पृ. ६१ ।

थालेका हुन् ।[५] पछि काठमाडौँ आई रामानन्द जोशीबाट चित्रकला सिकेका खनालले हालसम्म २४ पटक नेपाल, भारत, अमेरिकाजस्ता मुलुकमा एकल प्रदर्शन गरिसकेका छन् भने १४ पटक संयुक्त चित्रकला प्रदर्शनीको आयोजना गरिसकेका छन् । उनी थुप्रै कलासम्बन्धी थुप्रै कार्यशालामा सहभागी भएका देखिन्छन् । उनको चित्रमा कलाको विशेषता भन्नु नै 'अरूपण' अर्थात् कुनै रूप नै नभएको हुनु हो । उनी कलाका स्तम्भकार पनि हुन् । उनले कलासम्बन्धी ३ वर्ष 'स्पेश टाइम दैनिकमा', २ वर्ष 'रूपरेखा' मासिकमा २ वर्ष जनमञ्च साप्ताहिकमा तथा कान्तिपुर दैनिक र अरू थुप्रै पत्रपत्रिकामा कलास्तम्भ लेखन कार्य गर्दै सफल स्तम्भकारका रूपमा पनि परिचित हुन पुगेका छन् ।[६]

उनी एक खेल मनोविज्ञ पनि हुन् । खेल जगत्मा पनि उनको नाम राष्ट्रिय व्यक्तित्वको रूपमा नै चर्चित छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतिस्पर्धामा उनले प्रशिक्षक भएर कार्य गरिसकेको पाइन्छ ।[७]

नेपाली साहित्यको फाँटमा कलम चलाउँदा उनको सम्पर्क थुप्रै साहित्यकारहरूसँग भए तापनि विशेष निकटता भने ईश्वर वल्लभ, गोविन्द भट्ट, रमेश विकल, ध्रुवचन्द्र गौतमसँग भएको कुरा उनी बताउँछन् । नेपाली साहित्य एवम् नेपाली चित्रकला चिन्तनका फाँटमा होस् वा खेल मनोविज्ञानमा होस् उनी निष्ठाका साथ समर्पित व्यक्तित्व हुन् । यसै कुराको कदर स्वरूप सामूहिक चित्रकला प्रदर्शनी प्रथम पुरस्कार २०३०, धरानबाट 'मेरिट अवार्ड' २०५५, नेपाल सरकारबाट 'राष्ट्रिय प्रतिभा पुरस्कार' २०५६, 'क्यान मेरिट अवार्ड' २०६१ आदि थुप्रै विभिन्न पुरस्कारहरूबाट रमेश खनाल सम्मानित भएका छन् ।[८]

## १.३ शोधसमस्या

साहित्यकार 'रमेश खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' विषयक प्रस्तुत शोधपत्रका समस्याहरू निम्न बमोजिम रहेका छन् :

---

५ अनन्तप्रसाद वाग्ले, **कान्तिपुर**, शुक्रबार, १२ फागुन २०६२, पृ. घ ।

६ रमेश खनाल, २४ औं एकल अरूपण चित्रकला प्रदर्शनी, सन् २००७ ।

७ गेहेन्द्रमान अमात्य, **न्यु टाइम्स अफ् नेपाल**, साप्ताहिक, वर्ष १३, अङ्क ११, २०६१, पृ. ४ ।

७ ***पूर्ववत्,*** पा.टि.नं. ६ ।

८ ***पूर्ववत्,*** पा.टि.नं. ६ ।

क)	रमेश खनालको जीवनी के कस्तो छ ?

ख)	रमेश खनालको व्यक्तित्व के कस्तो रहेको छ ?

ग)	रमेश खनालको कृतित्व के कस्तो रहेको छ र

घ)	नेपाली साहित्य तथा नेपाली कला र नेपाली खेलमा खनालले के कस्तो योगदान दिएका छन् ?

## १.४ शोधको उद्देश्य

यस शोधकार्यका उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

क)	रमेश खनालको जीवनीबारे निरूपण गर्नु,

ख)	रमेश खनालको व्यक्तित्वको बारे विस्तृत प्रकाश गर्नु,

ग)	रमेश खनालको कृतित्वको अध्ययन र विश्लेषण गर्नु र

घ)	रमेश खनालले नेपाली साहित्य, कला र खेलक्षेत्रमा दिएको योगदानको यथोचित मूल्याङ्कन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

साहित्यकार, कलाकार, पत्रकार खेलमनोविज्ञ, खेलाडी समाजसेवी, 'धरानश्री' तथा 'काठमाडौँश्री'[९] जस्ता उपाधिद्वारा विभूषित रमेश खनाललाई बहुमुखी प्रतिभा तथा बहुआयामिक व्यक्तित्वका धनी हुन् भन्दा अत्युक्ति हुँदैन । उनीद्वारा लिखित साहित्यको अध्ययन चित्रकला प्रदर्शनी पश्चात् विविध समीक्षा भएको पाइन्छ ।

ईश्वर वल्लभ, 'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता' (वि.सं. २०३८) कविता सङ्ग्रहको भूमिकामा निर्जीवताले जब मानिसलाई छुन खोज्छ, त्यो निर्जीवन अर्थात् जडताले पनि स्वप्न वा स्वप्निल जगत्को एउटा संसार जगाउन खोज्छ । त्यो प्रविधि वा मानिसलाई छुने र समात्ने ठाउँ खनालका कवितामा प्रशस्त पाइन्छन् अर्थात् सशक्त छ भन्दै समीक्षा गर्छन् ।[१०]

गोविन्द भट्ट, 'तेस्रो झर्को : घाम लाग्यो पानी पर्‍यो' (वि.सं. २०३९) कविता सङ्ग्रहको भूमिकामा स-साना नानीहरूले खाने लिटोको गुच्चे डल्लाजस्ता देखिए तापनि यी छोटा

[९] शोधनायकसँग लिएको अन्तर्वार्ताको आधारमा ।

[१०] रमेश खनाल, **उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता**, (काठमाडौँ : रघुनाथ खनाल, २०३८), पृ. २, ३ ।

कविताहरूभित्र सुमधुर स्वाद र बौद्धिक आहार लुकेर बसेको छ । सहरिया समाजका विसङ्गति, अनास्था, विकृति र खोक्रोपनलाई बडो प्रतीकात्मक र व्यङ्ग्यात्मक पारामा अभिव्यक्ति दिनसक्ने साहित्यकार कविका रूपमा रमेश खनाल रहेको कुरा व्यक्त गर्दछन् ।[११] ईश्वर वल्लभ, 'म घाममा पानी पानी हुन्छु' (वि.सं. २०४३) कविता सङ्ग्रहको भूमिकामा रमेश खनाल अरूभन्दा पृथक् हुन खोज्ने तथा पृथक् संसार नै उनको कृतिहरूमा देख्न सकिने त्यस्तै रङ्गसँग खेल्ने कलाकार भएकाले कुन रङ्गले कुन अभिव्यक्ति दिन्छ भन्ने जानेझैँ कुन शब्दले कुन रङ्ग भन्छ भन्ने कुरा उनलाई राम्रोसँग थाहा छ । उनको रचनाशिल्पमा सानो क्षमताले भ्याउन जोसुकैलाई पनि कठिन पर्छ भन्ने कुरा व्यक्त गर्दछन् ।[१२]

ईश्वर वल्लभ (वि.सं. २०४८/६/४) रमेश खनालको अरूपण एघारौं एकल व्यक्ति चित्रकला प्रदर्शनीको अवसरमा 'कला वांग्मय (वाङ्मय) को एउटा विशुद्ध क्षितिज' शीर्षकमा रमेश खनालका अरूपण कृतिहरूमा कुनै कठिनता छैन् । द्रष्टाले तिनलाई आफ्ना चाक्षुष दृष्टि माध्यमले स्वीकार गर्छ र ऊ सन्तुष्ट हुन्छ । जति प्रस्तुत छ त्यतिभरि ऊ सन्तुष्ट हुन्छ । वल्लभ थप्छन थोरै बिम्बमा ठूलो आभासतिर सङ्केत गर्ने रमेशका यी कलायात्राले अचेल कला वाङ्मयको एउटा विशुद्ध क्षितिज छुन खोजिरहेको छ ।[१३]

लैनसिंह वाङ्देल, (वि.सं. २०४९) रमेश खनालको चौधौँ एकल चित्रकला प्रदर्शनीको अवसरमा लेख्छन् 'यस प्रदर्शनमा प्रदर्शित चित्रहरूको निर्माणमा विविधता पाइएको छ । चित्रहरू सबै अरूपण छैनन् । यी चित्रहरूमा मानव रूप, चिन्हहरू, रङ्ग र धर्काहरू प्रदर्शित छन् । तिनीहरू आकर्षक, द्रुत, उत्कृष्ट प्रतिस्पर्धात्मक अनि कहिले काहीँ आश्चर्यजनक पनि देखिने खालका उनका चित्रकलाले पुराना समयका चित्रलाई पछाडि पार्दै बीसौँ शताब्दीको सङ्घारमा देखिएको छ । खनालका चित्रहरूलाई वाङ्देल जर्मनका चित्रकार जर्ज बसेल्जको चित्रसँग तुलना गर्दै[१४] उनको सफलताको कामना गर्छन् ।'

ईश्वर वल्लभ (वि.सं. २०४९/११/१४) 'अरूपण चेतनाको सम्बन्ध आयामसित पनि थियो' शीर्षकमा 'म कला गर्छु भन्ने सङ्कल्प सहित कुनै कलाकारले कुनै माध्यम (आकार र

---

[११] रमेश खनाल, **तेस्रो झर्को घाम लाग्यो पानी पऱ्यो**, (काठमाडौँ : रघुनाथ खनाल, २०३९), पृ. १-८ ।

[१२] रमेश खनाल, **म घाममा पानी पानी हुन्छु**, कविता सङ्ग्रह, (काठमाडौँ : रघुनाथ खनाल, २०४३), पृ. भूमिका ।

[१३] ईश्वर वल्लभ, रमेश खनालको एघारौं एकल चित्रकला प्रदर्शनीको क्याटलग, २०४८ ।

[१४] लैनसिंह वाङ्देल, रमेश खनालको चौधौं एकल चित्रकला प्रशर्दनीको क्याटलग, २०४९ ।

स्वरूपमा जेसुकैहोस) ग्रहण गरेपछि उसले माध्यमको सम्पूर्ण स्थितिहरूलाई आफ्नै रचनाले जति न्याय गर्छ, उसको कला त्यति नै सफलतातिर बढ्न खोज्छ भन्दै रमेश खनालको अरूपण एघारौँ एक व्यक्ति चित्रकला प्रदर्शनीको पनि समीक्षा गर्छन् । यसका साथै अरूपण कलाको अभ्यन्तरिक तथा मार्मिक सम्बन्ध तेस्रो आयामसँग थियो ।'[१५] भन्ने कुरा व्यक्त गरेका छन् ।

गेहेन्द्रमान अमात्य (वि.सं. २०६१/९/८), 'बहुमुखी प्रतिभाका धनी रमेश खनाल र अरूपण कला' शीर्षकको लेखमा 'रमेश खनालको प्रतिभा बहुमुखी छ । उनी एकातिर अरूपण कलाको रचना गर्ने प्रतिभाशाली आधुनिक कलाकार हुन् भने अर्को तर्फ कला समीक्षक, कला लेखक पनि हुन् । उनले कला, खेलकुद सम्बन्धी पुस्तकहरू पनि लेखी प्रकाशित गराएका छन् । विभिन्न पत्रपत्रिकामा लेख रचनाहरू पनि प्रकाशित गराउँदै आएका छन् । सङ्गीतमा लयका मिठास भएझैं अरूपण कलामा कुनै रूप नभए पनि दर्शकलाई हेरौँ-हेरौँ लाग्ने रङ्ग मिश्रण हुन्छ'[१६] भन्ने कुरा व्यक्त गर्दछन् ।

ज्ञानेन्द्र विवश (वि.सं. २०६१/२/२३), 'चित्रकलामा शिरीषको फूल' शीर्षकको लेखमा "रमेश खनाल 'शिरीषको फूल' उपन्यास (साहित्यकार पारिजात) लाई कलाको भाषामा व्याख्याको कोसिस र विश्लेषण गर्दछन् । विसङ्गति र शून्यवाद, उत्साह र उमङ्गको विविध पक्षमा रङ्गहरू पनि अस्थिर छन् । रगतका आहाल र जीवन हारेर मृत्युलाई अँगाल्नु पर्ने स्थिति विद्यमान छन् । अर्थात् देश दुःखेको र जनता रोएको धेरै आहत आगतलाई उतार्दै, पीडाबाट जीवन भाग्न सक्दैन तर सङ्घर्ष झेल्दै आशावादी हुन पनि छोड्दैन"[१७] भन्ने कुरा विवश समीक्षाका रूपमा आफ्ना अभिमत प्रस्तुत गर्दछन् ।

अनन्त वाग्ले (वि.सं. २०६२/११/२०), 'एक मन फलाम एक मन रुवा' शीर्षकमा 'म सानो छँदा' भन्ने लेखमा खनाल सानो हुँदा शिक्षा निकेतनमा पढ्दा सामान्य ज्ञानको परीक्षामा एक मन फलाम र एक मन रुवामा कुन भारी हुन्छ ? भन्दा नसोची सहज रूपमा फलाम भनी दिएको जवाफबाट पछिसम्म लज्जित महसुस गर्ने खनाल चित्रकला, साहित्य र खेल विषयमा

---

[१५] ईश्वर वल्लभ, 'कला-कलाकार' **जनमञ्च** पत्रिका, २०४९/११/१४, पृ. १७ ।

[१६] गेहेन्द्रमान अमात्य, **न्यु टाइम्स अफ नेपाल**, साप्ताहिक, २०६१/९/८ बिहीबार, वर्ष १३, अङ्क ११, पृ. ४ ।

[१७] ज्ञानेन्द्र विवश, **अन्नपूर्ण पोष्ट**, दैनिक पत्रिका, २०६१/२/२३ शनिबारीय, पृ. ४ ।

कहिल्यै नतमस्तक हुनु परेन र यी तीन विषयमा भाइ भतिजाले हाम्रा काका भनेर गौरव गर्दा गर्वले हर्षित हुन्छन् ।[१८] भन्ने कुरा उल्लेख गरेका छन् ।

कृष्ण गौतम (वि.सं. २०६३), 'इन्दिराको भ्यागुतो' कथा सङ्ग्रहको समीक्षामा रमेश खनालका कथाहरू र उनको लेखनबारे दुवै कथा सङ्ग्रह 'इन्दिराको भ्यागुतो' र 'एक मुठी माटो' लाई पर्गेल्दा उनी मनोवैज्ञानिक, यथार्थवादी तथा उत्तरसंरचनावादी, उत्तर आधुनिकतावादी कथाकार हुन् । उनको पहिलो कथा सङ्ग्रह एक मुठी माटोमा यथार्थवादी तथा उत्तरसंरचनावादी र इन्दिराको भ्यागुतोमा पनि यथार्थवाद, उत्तरसंरचनावाद तथा उत्तरआधुनिकतावादको स्वाद पाइन्छ । ती कथा सङ्ग्रहहरूभित्र रहेका कथाहरूमा मनोविज्ञान, नारी संवेदना तथा समस्याहरू, युद्ध, आतङ्क, पीडा, दुर्घटना आदि विषयवस्तु बनाइएका व्यक्तिगत, घरायसी, राष्ट्रिय, अन्तरार्ष्ट्रिय तथा सामयिक राजनीतिमा चासो देखाइनु मनोविज्ञान र अर्थनीतिमा ध्यान दिनु नै उनका कथालेखनको विशेषता हुन् । यी कुराहरूबाटै खनालको कथाकारिताको विषयवस्तु पनि निर्धारित छन् ।[१९] भन्ने कुरा कृष्ण गौतमले उल्लेख गरेका छन् ।

रघुनाथ खनाल (वि.सं. २०६३), नेपालका प्रसिद्ध कलाकार नामक पुस्तकको भूमिकामा 'यो कलासम्बन्धी पुस्तक कलाकार, कलालेखक, अन्तर्वार्ताकार, कला संस्मरणकर्ता तथा कला समीक्षक रमेश खनालले कलाकारहरू माझ बसेर घमाइला कुराकानीको आधारमा तयार पारेको र विभिन्न पत्रिकामा पहिले नै प्रकाशित गरिसकेका कलाकारहरूको जीवनीलाई एउटै पुस्तकमा समेटेका हुन् जसले गर्दा कलाका विद्यार्थीलगायत कला-अनुरागी, कला मर्मज्ञ, कलाकार आदिलाई पुराना तथा महान्कलाकारहरूको स्मरण गराउन मद्दत पुग्ने कुरा व्यक्त गर्दछन् ।'[२०]

तीर्थ निरौला (वि.सं. २०६३/१२/१८), 'पूर्वाञ्चलका स्रष्टाहरूले काठमाडौं हाँकेका छन्' शीर्षकमा लेखिएको लेख तथा अन्तर्वार्तामा निरौला लेख्छन्; "रमेश खनालले १३ ओटा साहित्य, कला र खेलकुदसँग सम्बन्धित पुस्तकहरू प्रकाशित गरिसकेका छन् । काठमाडौंबाट प्रकाशित हुने खवर पत्रिका तथा कला पुस्तक र पत्रिकाहरू क्यानभास, ललितकला, तथा कलाकर्म

---

[१८] अनन्तप्रसाद वाग्ले, **कान्तिपुर कोपिला**, वि.सं. २०६२/११/१२, पृ. घ ।

[१९] रमेश खनाल, **इन्दिराको भ्यागुतो**, कथासङ्ग्रह, (काठमाडौं : श्रीमती रीता खनाल, २०६३ असोज), पृ. घ - ढ सम्म ।

[२०] रमेश खनाल, 'नेपालका प्रसिद्ध कलाकार', **कला र कलाकार,** जीवनी सङ्ग्रह, (काठमाडौं : रघुनाथ खनाल, कार्तिक २०६३) ।

आदिहरूमा नियमित उनका आलेखहरू छापिने गर्छन् । खनालका अरूपणकलामा रङ्गको माधुर्य, लालित्य र गति हुन्छ । छोटो समयमा नै पूर्ण हुने उनको अरूपणवाद चित्रभित्र रङ्गले रङ्गसँग मात्र जुवारी खेल्छ । स्रष्टा शून्य हुन्छ र दर्शक काल्पनिकीमा डुबुल्की मार्छ" भन्दै उनका कलाको समीक्षा गर्छन् ।[२१]

वंशी श्रेष्ठ (७ डिसेम्बर देखि १४ डिसेम्बर २००७), "सक्रिय र उत्साही कलाकार रमेश खनाल हामी सामु अरूपणकला प्रस्तुत गर्दछन् । उनी आफ्नो कलाको प्रेरणा संगीत, कला, साहित्य तथा प्राकृतिक दृश्यावलीबाट लिन्छन् । यी सामग्रीबाट जब उनी प्रभावित हुन्छन् तब रङ्गको सहायताले ती भावनालाई चित्रमा परिणत गर्छन् । दर्शकले उनलाई कल्पनाशील र उनको चित्रकलालाई प्राकृतिक भावनाबाट भौतिक सिर्जनातर्फ प्रतिबिम्बित गर्ने खालको रहेको बताउँछन् । उनको कलामा आकार देखिन्छन् तर तिनले कुनै कुराको प्रतिनिधित्व गर्दैन । रङ्गको तालमेल र मिश्रणले कला आकर्षक र सुन्दर देखिन्छ । यो उनको नवीन विविधता र उत्कृष्टता हो । यदि प्रकृति र सुन्दरता अमूर्त हो भने कलाप्रेमीहरू उनको सिर्जनामा प्रकृतिको झझल्को पाउँछन्, चित्रकारको भौतिक मानसिक भाव पाउँछन् । स्रोताले आफ्नो व्यक्तिगत भावलाई यी चित्र हेरेर सन्तुष्टि लिन्छन् ।"[२२] गेहेन्द्रमान अमात्य, (७ डिसेम्वरदेखि १४ डिसेम्वर २००७) "रमेश खनालको अरूपण चित्रकलाले नेपालमा आधुनिक चित्रकलाको रूपमा नयाँ उचाइ कायम गर्ने छ । उनले चित्रकलाको साथमा साहित्य, खेलमा पनि योगदान गरेका छन् । म आशा गर्छु उनको ठूलो सफलताको ।"[२३]

रफिक सुलेमन (7th Dec- 14th Dec 2007), "अरूपण भनेको रूप नभएको चित्र हो । खनालले चित्रकलाको क्षेत्रमा एक नयाँ नामाकरण गरे 'अरूपण' जुन वस्तुगत नभई रूपकात्मक र लाक्षणिक हुन्छ । उनले निर्माण गरेको चित्र अप्रत्याशित सिर्जना हो । जुन कुरा उनको मस्तिष्कबाट प्रकट हुन्छन् उनको त्यो कार्यले नयाँ नेपाल निर्माणका लागि आशाका विरुद्ध आशा देखाउँदछन् । उनको रङगको प्रयोग र चित्रलाई भूषित गर्ने तरिकाले मलाई

---

[२१] तीर्थ निरौला, **ब्लाष्ट**, राष्ट्रिय दैनिक समाचार पत्र, (२०६३/१२/१८) आइतबार, वर्ष १२, अङ्क १९०, पूर्णाङ्क ४३९०, पृ. २ ।

[२२] Banshi Shrestha, *A Colourful Creation by Ramesh Khanal*, 24th Solo Arupan Painting Extibition 7th December to 14 the December, 2007.

[२३] Gehendra Man Amatya, *Arupan Paintings Glorious Height*, 24 th Solo Arupan Painting Exhibition, 7th Dec, 14th Dec.

सिल्भिया प्ल्याटको कविता स्मरण हुन्छ । सिर्जनाको क्षेत्रमा उनको कलाले लामो व्यक्तिगत अल्पकालीन विराम लिने छ ।"[२४]

ईश्वरी चन्द, २०६४ 'अरूपण रूप विहीन चित्रकला' (ARUPAN-THE NON FIGURATIVE PAINTING) शीर्षकमा "अरूपण कलाले प्रेम, घृणा, माया, रिस दोधार, डाहा जस्ता कुरालाई रङ्गद्वारा रूपविना नै व्यक्त गरिएको हुन्छ । यसमा अरूपण कला र अर्मूत कला भनेको भिन्न धारणा हुन् भन्ने कुरा पनि व्यक्त भएको छ । खनाल नेपालमा कलाको उन्नति होस् कलामा शान्ति, आनन्द र रोमान्स प्रस्तुत होस् भन्ने चाहन्छन् । अरूपणले मानव मन, अवस्था, प्राकृतिक वातावरण इत्यादिको पनि अभिव्यक्ति दिन्छ"[२५] भन्दै खनालका चित्रकारिताको समीक्षा गर्छन् ।

कान्तिपुर संवाददाता (१९ चैत्त २०६५), "त्रिभुवन विश्वविद्यालय मनोविज्ञान विभाग अन्तिम वर्षका विद्यार्थीले पाँचौ राष्ट्रिय खेलकुदमा सहभागिता जनाउने खेलाडीको मनोविज्ञान अध्ययन गर्न खेलकुद मनोविज्ञ रमेश खनालको निर्देशन तथा निरीक्षणमा हुने राष्ट्रिय खेलकुद परिषद्ले जनाएको छ ।"[२६]

मुरारी रेग्मी, "इन्दिराको भ्यागुतो एक मनोवैज्ञानिक एवम् कलात्मक कथा हो । इन्दिराले भ्यागुतो देख्नु स्थायी भ्रम अथवा दुर्भीति (Phobia) हो । भ्यागुतो एक प्राणी जसलाई इन्दिराले बाल्यकालमा मारेको हुँदा अपराधबोधको फलस्वरूप उसको चेतन जीवनमा, स्मृतिमा आउँछ र छर्लङ्गिएर स्थायी भ्रमको रूप लिन्छ । यो कथा खनालको हातबाट फुस्केर आफ्नो स्वतन्त्र र मुक्त बाटोतिर लागेको छ । इन्दिरामा कमलप्रति यौन खाँचो जागृत हुने प्रक्रम पूरा हुन पर्ने ठाउँमा कमलले गरेको बच्चाको बलात्कारको घटनाले कथालाई असामान्य मनोवैज्ञानिक प्रयोगतिर डोऱ्याउँछ । यहाँ लेंकोको मनोविज्ञान र भाषामा उन्मादकता हुनुका साथै कथा उत्तराधुनिकता र डोरिडावादितातिर अगाडि बढेको छ । बार्थिजको भनाइझैं खनालले चित्र र चित्रितीकरणमा सम्बन्ध देखाउन सामर्थ्य प्रस्तुत गरेका छन् । कथाको भूमिका कृष्ण गौतमको सराहनीय रहेको र यस कथा सङ्ग्रहको अन्तिम कथा 'आधुनिक व्यस्ततामा'

---

[२४] Rafique Sulayman (Art curator, promoter and collector Bangladesh), - *Arupan with Ramesh Khanal*, 24th solo Arupan painting Exhibition 7th Dec, 14 ec 2007.

[२५] Ishwori Chand, *Arupan-The Non figurative Paingitn*, ECS... 1st Nov. 2008, p. 76, 77.

[२६] कान्तिपुर संवाददाता, **कान्तिपुर**, बुधबार १९ चैत्र २०६५, पृ. १९ ।

पति, पत्नी दुवै आ-आफ्नो जीवन व्यस्ततामा गुजार्छन् तर उनीहरूको यौन जीवन एक अर्कालाई समर्पित नभई अन्यकै लागि समर्पित भएबाट ज्याक्स डोरिडाको Ludism को झलक पाइन्छ । पाठकले विभिन्न अर्थ निकाल्छन् । उनका कथाहरूमा सौन्दर्य चेतना आफ्नै मौलिकता छ भने आदर्शवादको अन्त्य र भताभुङ्ग भएको देखिन्छ[२७] भन्दै रेग्मी इन्दिराको भ्यागुतोको समीक्षा गर्दछन् ।

पवित्रा राउत (वि.सं. २०६५ चैत २८), "नथाकेका निर्णायक" शीर्षकमा "रमेश खनालले निरन्तर रूपमा खेलकुदमा पहिलोदेखि पाँचौ संस्करणसम्म योगदान पुऱ्याउने सौभाग्य पाएका २०६५ मा राजधानीमा पाँचौ राष्ट्रिय खेलकुद चलिरहँदा ६० वर्षको हाराहारीमा पुगेका खनाल उही जोश जागरका साथ दौडधुप, बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म भ्याइ नभ्याइ छ उनलाई । यो उनको खटाइ मात्र नभइ यो लामो योगदान पनि हो । वि.सं. २०३८ सालमा सुरु भएको राष्ट्रिय खेलकुदको प्रथम संस्करणमा उनले निर्णायक भएर सपथ खाएका हाल पाँचौं संस्करणमा पनि निर्णायक बन्ने भाग्यमानी हुन् । नेपालमा भारोत्तोलन भित्र्याउने, ओलम्पिकमा रेफ्रीको भूमिका निर्वाह गर्ने, उनी नेपालको हालसम्मका एकमात्र व्यक्ति हुन् । सन् १९८८ मा सियोल ओलम्पिकमा अन्तर्राष्ट्रिय भारत्तोलन महासङ्घको तर्फबाट र पहिलो साफ गेममा उनले रेफ्रीको भूमिका निर्वाह गरेका थिए । उनी मनोविज्ञ पनि भएकाले पाँचौ राष्ट्रिय खेलकुदमा मूल आयोजक समितिको सदस्य रहनुको साथै खेलाडीहरूको मनोवैज्ञानिक परीक्षण टोलीको नेतृत्व गरेका छन् ।"[२८]

## १.६ शोधको औचित्य

नेपाली साहित्यका विभिन्न विधाहरूमा रमेश खनालको जीवनी व्यक्तित्व र कृतित्वका बारेमा फाटफुट रूपमा अध्ययन भए तापनि समग्र एवम् व्यवस्थित रूपमा अध्ययन भएको पाइँदैन । सो कुराको पुष्टि पूर्वकार्य समीक्षाअन्तर्गत गरिएको अध्ययनबाट थाहा भएको छ । त्यसैगरी माथि गरिएको पूर्वकार्यको समीक्षाको अध्ययनले उनका बारेमा व्यवस्थित अध्ययन हुन नसकेको परिप्रेक्षमा प्रस्तुत शोधको औचित्य पनि स्पष्ट हुन गएको छ । त्यसैले रमेश खनालका विभिन्न साहित्यिक एवम् कलासम्बन्धी विधाहरूमा महत्त्वपूर्ण योगदान दिएको कुरा हृदयङ्गम गर्दै यस्ता बहुआयामिक व्यक्तित्वका बारेमा पूर्वकार्य समीक्षामा गरेको सामान्य चर्चामा मात्र

---

[२७] मुरारी रेग्मी, **उन्नयन,** त्रैमासिक, (काठमाडौं : उन्नयन प्रकाशन, माघ, फागुन, चैत, २०६५), पृ. ११४/११५ ।

[२८] पवित्रा राउत, **अन्नपूर्ण पोष्ट,** शुक्रबार परिशिष्टाङ्क रंग, २८ चैत २०६५, पृ. २ ।

सीमित नभएर यिनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययनलाई उद्देश्यमा राखेर गरिएको प्रस्तुत शोधपत्रको विषय नै औचित्यपूर्ण रहन गएको छ ।

## १.७ शोधको सीमाङ्कन

रमेश खनाल खासगरी कवि, कथाकार र कलासम्बन्धी रचना तथा अरूपणकलामा पोख्त व्यक्तित्व हुन् । यी बाहेक जीवनी, संस्मरणात्मक लेख, समीक्षात्मक लेखन तथा समालोचनात्मक लेखनमा पनि कलम चलाउने, खेल मनोविज्ञजस्ता सशक्त बहुआयामिक व्यक्तित्व पनि हुन् । यस शोधकार्यमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको विविध आयामहरू माथि प्रकाश पार्दै समकालीन नेपाली साहित्यमा उनको योगदानबारे चर्चा गरिएको छ । यसै सन्दर्भमा वि.सं. २०६५ सम्मका उनका पुस्तकाकार कृति र फुटकर रचनाहरूको सङ्क्षिप्त समीक्षात्मक अध्ययन एवम् कालक्रमिक विवरण दिएर उद्देश्य विषय वैचारिक पक्ष आदिका आधारमा अध्ययन गरिएको छ । यही नै यस शोधपत्रको मूल क्षेत्र हुन पुगेको छ ।

रमेश खनालको जीवनी, व्यक्तित्व र कृतित्वको खोजी नै शोधकार्यको मूलक्षेत्र रहेकोले यसमा खास कुनै कृतिको सूक्ष्म र सर्वपक्षीय अध्ययन विश्लेषण गरिएको छैन । कुनै खास वाद, प्रवृत्ति, प्रणाली या पक्षका आधारबाट निष्कर्षमा पुग्ने पद्धति पनि अपनाइएको छैन । यही नै यस शोधपत्रको सीमा हुन पुगेको छ ।

## १.८ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रलाई विश्वसनीय र प्रामाणिक एवम् पूर्णता दिने क्रममा सामग्री सङ्कलनका लागि अन्तर्वार्ता तथा पुस्तकालयीय विधिलाई नै स्वीकार गर्दै अगाडि बढिएको छ । यसका लगि सम्बद्ध पुस्तक र पत्रपत्रिकाको अध्ययन गर्दै अनुसन्धेय व्यक्तिसँग प्रत्यक्ष भेटघाट र सम्पर्कबाट लिखित एवम् मौखिक रूपमा आवश्यक जानकारी लिइएको छ । साथै उनका परिवार, आफन्त र निकटका व्यक्तिहरूलाई भेटगरी लिखित र मौखिक रूपमा आवश्यक अन्तर्वार्ताका माध्यमबाट यथासम्भव जानकारी प्राप्त गरी आवश्यक सामग्री र सूचना सङ्कलन गरिएको छ । शोधनायकसित सम्बद्ध कृति प्राथमिक सामग्री र सन्दर्भ कृति द्वितीयक सामग्री रहेका छन् ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको स्वरूप र संरचनालाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि निम्नलिखित अध्यायहरूमा वर्गीकरण गरिएको छ :

क) अध्याय एक : शोध परिचय

ख) अध्याय दुई : रमेश खनालको जीवनीको अध्ययन

ग) अध्याय तीन : रमेश खनालको व्यक्तित्वको अध्ययन

घ) अध्याय चार : रमेश खनालको साहित्य यात्रा तथा सृजनात्मक साहित्यिक पुस्तकाकार कृतिहरूको अध्ययन र विश्लेषण

ङ) अध्याय पाँच : रमेश खनालको समालोचनात्मक, समीक्षात्मक कृतिहरूको अध्ययन विश्लेषण

च) अध्याय छ : साहित्यकार रमेश खनालको बहुमुखी प्रतिभाको अध्ययन र मूल्याङ्कन

छ) अध्याय सात : उपसंहार एवम् निष्कर्ष

उपर्युक्त सात अध्यायलाई आवश्यकतानुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । अन्त्यमा प्रमुख सन्दर्भ सामग्री ग्रन्थ, पत्रपत्रिकाको सूची पनि प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई
# रमेश खनालको जीवनीको अध्ययन

## २.० पृष्ठभूमि

मानिसको जीवनको अनेकौं आयाम नै जीवनी हो । कुनै पनि व्यक्ति जन्मेर मृत्युसम्म त्यस व्यक्तिले जुन कार्य गर्दछ तथा संस्कारहरू सम्पन्न हुन्छ त्यही नै उसको जीवनी हो । अर्थात् कुनै व्यक्तिको जीवनलाई छर्लङ्ग पार्ने गरी लेखिएको क्रमबद्ध लेखाइ वा जीवनभरी काम गरेको काम कुराहरूको इतिहास नै जीवनी हो । साहित्यकै अङ्ग मानिने जीवनीलाई 'जीवनचरित्र' वा 'जीवनचरित' पनि भनिन्छ । त्यस्तै जीवनीको अङ्ग्रेजी पर्यायलाई 'लाइफ' अथवा वायोग्राफी भनिन्छ ।[२९] विशेष व्यक्तिको जीवनमा घटेका घटनाहरू तथा चरित्र पेसा आदि महत्त्वपूर्ण अंशहरू दिएर उसले समाजमा दिएको योगदान, त्यसको मूल्याङ्कन पनि उल्लेख गरिएको हुन्छ ।[३०] कल्पना बढाइचढाइले जीवनी सत्यतथ्यबाट टाढा हुने हुँदा प्रामाणिक कुराहरूलाई मीठो रसिलो शैलीमा लेखिन्छ ।[३१] जीवनी लेखन गर्दा महान् व्यक्ति जसले समाज, राष्ट्र, अन्तर्राष्ट्रिय क्षेत्रमा निस्वार्थ रूपमा योगदान पुऱ्याउने व्यक्तिको लेखिन्छ ।

## २.१ जन्म र जन्मस्थान

रमेश खनालको जन्म कोसी अञ्चल सुनसरी जिल्लाको धरान नगरपालिका वडा नं. १ मा वि.सं. २००५ साल माघ २० गते बुधबार वसन्त पञ्चमीको दिन घृतकौशिक गोत्रका स्व. काशीनाथ खनालका नाति, रघुनाथ खनाल तथा स्व. नन्दादेवी खनालको जेठो पुत्ररत्नको रूपमा भएको हो । हाल उनको घर काठमाडौं महानगरपालिका वडा नं. २ खोलागाल लाजिम्पाटमा छ । खास नाम रमेशनाथ खनाल भए तापनि उनको कला साहित्यिक नाम 'रनाख' रहेको छ । हाल उनलाई रमेश खनाल मात्र भन्ने गरिन्छ ।

पिता रघुनाथ खनालका चार सन्तान एक छोरा तीन छोरी मध्ये रमेश खनाल जेठो सन्तान हुन् । तीन छोरीहरू विवाहिता उमादेवी ओली, विजया न्यौपाने र निरु अधिकारी अहिले

---

[२९] धीरेन्द्र वर्मा, व्रजेश्वर वर्मा, आदि, **हिन्दी साहित्यकोष**, भाग १, (वाराणसी : ज्ञानमण्डल लि., इ. १९८५), पृ. ३३५ ।

[३०] कृष्णहरि बराल र नेत्र एटम्, 'माध्यामिक नेपाली व्याकरण अभिव्यक्तिकला', (काठमाडौं : तलेजु प्रकाशन, २०६५) पृ. ३०४ ।

[३१] लालगोपाल सुवेदी, 'निबन्ध र अभिव्यक्तिकला', (काठमाडौं : थाक्रो प्रकाशन, २०६१), पृ. २४२ ।

नेपाल बैङ्कमा कार्यरत छन् । उनीहरू आ-आफ्नौ घरमा गृहकार्यमा व्यस्त छन् ।[३२] रमेश खनालको विवाह लाजिम्पाट स्थित माधवप्रसाद खरेल तथा स्व. भौमलक्ष्मी खरेलकी जेठी छोरी रीता खरेलका साथ, वि.सं. २०३५ सालमा भएको हो । श्रीमती रीता खनाल पनि मूर्तिकार हुन् । उनले आफ्ना मूर्तिहरूको समूहगत प्रदर्शनी गरिसकेकी छिन् । रमेश खनालका एक छोरा दुई छोरी छन् । छोरा राजिम खनाल माइक्रोवायलजीमा बी.एस्सी सकेर अमेरिकाको क्यालिफोर्निया शहरको लगबीच युनिभर्सिटीमा एम. एस्सी. पढ्दैछन् । जेठी छोरी रुरु लम्साल विवाह पश्चात् लण्डन युनिभर्सिटीमा पढ्दै छिन् । रुरु लम्साल पनि कलाकार हुन् । उनले २ पटक आफ्ना कला प्रदर्शन गरिसकेकी छिन् । कान्छी छोरी रुमिना मैनाली काठमाडौँ विश्वविद्यालयमा डेभलपमेन्टमभा एम्.ए. सकेर हाल बेलायतमा पढ्दै छिन् । उनी पनि एक कलाकार नै हुन् । उनले आफ्ना चित्रहरूको एक पटक प्रदर्शनी गरिसकेकी छिन् ।[३३]

साहित्यकार, कलाकार एवम् मनोविज्ञ रमेश खनालका पिता रघुनाथ खनाल कवि साहित्यकार राजनीतिज्ञ र पत्रकार पनि हुन् ।[३४] रमेश खनालका हजुरबुबा भने धरान नगरपालिकाका एक जमीनदार थिए ।

## २.२ पुख्यौंली

मेची अञ्चल पाँचथर जिल्ला रानीगाउँका हरिनारायण खनालका चौथो वंशमा गोकुल खनालका वंशहरू कोसी अञ्चल सुनसरीको अँधेरी र धरानतिर फैलिएर रहने[३५] क्रममा रमेश खनालको पुर्खा धरानदेखि पश्चिम, वराहक्षेत्रदेखि दक्षिण-पूर्वमा विष्णुपादुका गा.वि.स.अन्तर्गत पर्ने भालढुङ्गा गाउँमा बस्न थाले । पहिले धरानमा औलो लाग्ने भएकोले उनीहरूको दुई पुस्ता भालढुङ्गा मै बसेका थिए । विस्तारै उनीहरू धरानको शहरतिर फैलदैं रहँदा धरान नगरपालिका वडा नं. १ मा बस्न थालेका हुन् । उनका हजुरबुबा काशीनाथ खनालले त्यहाँ डेढसय बिघा जमीन (मौजा) वकलोरी गा.वि.स. अन्तर्गतको शिसुवा, धरान, घोपा भन्ने ठाउँमा किनेका थिए ।

---

[३२] रमेश खनालसँग गरेको कुराकानीबाट ।

[३३] *ऐजन* ।

[३४] अनन्तप्रसाद वाग्ले, **कान्तिपुर**, कोपिला (म सानो छँदा), २०६२ फागुन १२ गते शुक्रबार, पृ. घ ।

[३५] खनाल वंशावली, खनाल वंशावली निर्माण समिति भरतपुर, चितवन, इलाम फुयतप्पा, एकतप्पा मङ्लबारे शाँखेजुङ्ग शाखा, मूलथलो रानीगाउँ पृ. ८४, १६२, १६३ ।

धरानका खनाल परिवारहरू एक संभ्रान्त परिवार मानिन्छन् तर समयको प्रवाहसँगै अधिकांश खनाल परिवारहरू विगत ३, ४ दशकदेखि काठमाडौँमा बसोबास गरिरहेका छन् । हाल रमेश खनाल पनि काठमाडौँ महानगरपालिका वडा नं. २ खोलागाल लाजिम्पाटमा बसोबास गर्दै आएका छन् । उनका हजुरबुबा काशीनाथको जन्म तथा देहावसान धरानमा नै भएको थियो ।[३६]

साहित्यकार, कलाकार रमेश खनालका हजुरबुबाका दुईटी धर्मपत्नीहरू थिए । जेठी पत्नीबाट छ भाइ छोरा क्रमशः फूलप्रसाद, जीवनाथ, मेघनाथ, कालिप्रसाद दुर्गाप्रसाद, पितृप्रसाद र एक छोरी थिइन् । कान्छी पत्नीबाट तीन भाइ छोरा क्रमश : चिरञ्जीवी, रघुनाथ र बुद्धिनाथ थिए ।[३७] त्यसमध्ये रघुनाथ खनाल (माहिलो छोरा) मात्र जीवित छन् । रघुनाथका छोरा रमेश खनालको बाल्यकाल धरानमा नै बितेको हो । उनीहरूका कुलदेवताको पूजा गर्न वैशाख पूर्णिमाको दिन अधिकांश खनालहरू भालढुङ्गा नै पुग्छन् ।[३८]

## २.३ बाल्यकाल

मानव जीवनको सुरुवात नै बाल्यावस्थाबाट हुन्छ । यो जीवनको प्रथम चरण हो । बाल्यकाल निश्छल, निष्कलङ्क, निष्कपटपूर्ण अवस्था हो । बाल्यकालमा जुनसुकै बालबालिकाहरू बालसुलभ आचरणमा हुर्कन्छन् । मनोरञ्जन र खेलकुदमा रमाउँछन् । सुख-दुःखको पर्वाह गर्दैनन् र रमेश खनाल पनि बाल्यावस्थामा यस्तै बालसुलभता पार गर्दै अगाडि बढेका हुन् । उनको बाल्यकालमा पितासँग भन्दा मातासँग नै बढी निकटता थियो । मातापिताको चार सन्तान मध्ये जेठो छोरा भएकाले उनी आँखाका नानी जस्तै भएर उचित लालन पालन पाएर स्नेहमय वातावरणमा हुर्के । उनको बहिनीहरू तथा साथीभाइका पनि उनी प्रिय पात्र नै थिए । यसरी मातापिताको कुशल संरक्षणमा धरानमै उनको १८ वर्ष उमेर बित्यो ।[३९]

---

३६ रमेश खनालसँगको कुराकानीबाट ।

३७ खनाल वंशावली, खनाल वंशावली निर्माण समिति, भरतपुर, चितवन इलाम फुयतप्पा, एकतप्पा मङ्गलबारे शाखेजुङ्ग शाखा, मूलथलो, रानीगाउँ, पृ. १६२, १६३ ।

३८ रमेश खनालसँगको कुराकानीबाट ।

३९ रमेश खनालसँगको कुराकानीबाट ।

बाल्यकालमा उनका वरपर रहेका आफन्तजनहरू सबैजसो शिक्षित भएका र परिवारमा पनि शिक्षाको महत्त्व बुझेका शिक्षित भएकोले उनी जुवा, तास तथा अन्य कुनै खराब कुलतमा कहिल्यै परेनन् । बाल्यकालमा चित्रकारिता कविता लेखन र लेखजगत्मा निकै अगाडि बढे तापनि सामान्य ज्ञानमा भने उनी पछि परेका थिए । एक दिनको कुरा हो उनी शिक्षा निकेतनमा पढ्दा सामान्य ज्ञानको परीक्षामा एक मन फलाम र एक मन कपासमा कुन धेरै भन्दा 'फलाम' भनी दिएको सहज उत्तरले आफूलाई पछिसम्म लज्जित महसुस हुन्थ्यो भनी बताउँछन् ।[४०]

रमेश खनालका पिताजीका कविता पत्रपत्रिकामा प्रकाशित हुँदा, ठूलाबुबाको छोरा दाजु गोविन्द खनालको चित्रकला देखेर आकर्षित हुने र उत्सुकताका साथ कविता लेख्ने, चित्रकोर्ने कार्य उनले सानैदेखि सुरुगरेका हुन् । खेल जीवनमा भने साथीहरूकै सङ्गतले प्रवेश गरेका हुन् ।[४१]

सानोमा उनी गफुल्ले र हँसिलो केटो थिए । उनलाई मामाघर जाँदा हिडेर जान रमाइलो लाग्थ्यो । उनी फुटवल खेल्न मन पराउँथे । उनी फुटवलमा 'लेफ्ट आउट' पोजिसनमा खेल्थे । उनले धरान टाउन टिमबाट थुप्रै म्याच खेलेका थिए ।[४२]

## २.४ उपनयन

हिन्दूधर्म संस्कृति अनुसार जीवनका विभिन्न संस्कारमध्ये उपनयन (व्रतबन्ध) पनि एक महत्त्वपूर्ण संस्कार मानिन्छ । ब्राह्मण परिवारमा त उपनयन नगरी कर्म नै चल्दैन भन्ने परम्परा रहेको छ । रमेश खनालको उपनयन पनि १५ वर्षको उमेरमा धरानको घरबाट नै हिन्दू सनातन धर्म, वैदिक परम्परा, पुराण तथा स्मृतिग्रन्थ एवम् कर्मकाण्डका आधारबाट नै सम्पन्न भएको थियो ।[४३]

---

[४०] वाग्ले, पूर्ववत्, पा.टि.नं. ६, पृ. घ ।

[४१] रमेश खनालसँगको कुराकानीबाट ।

[४२] वाग्ले, पूर्ववत्, पा.टि.नं. ६, पृ. घ ।

[४३] रमेश खनालसँगको कुराकानीबाट ।

## २.५ शिक्षा-दीक्षा

शिक्षा-दीक्षाको कुरा गर्दा ज्ञान आर्जन गर्नु वा विद्या आर्जन गर्नु, अथवा कुनै गुरु वा आचार्यबाट दिइने ज्ञान वा मन्त्र भन्ने बुझिन्छ ।[४४] विद्यालय, महाविद्यालय आदिमा र घरैमा पनि नियमित रूपले अध्ययन गर्ने गराउने वा पढाइको चाँजोपाँजो मिलाउने काम अथवा ज्ञान दिने वा लिने काम यस्तै सुनेर, सिकेर वा अन्य कुनै पनि प्रकारले समाज र प्रकृतिद्वारा ग्रहण गरिने सैद्धान्तिक तथा व्यवहारिक विषयको बोध गर्नु गराउनुलाई नै शिक्षा-दीक्षा भनिन्छ ।[४५] प्राचीनकालमा शिक्षा ग्रहण गर्ने परम्परा छुट्टै थियो । गुरुकुलमा गुरुको समीपमा रहेर ब्राह्मण र राज रजौटाले मात्र शिक्षा ग्रहण गर्थे । तर हिजो आज त्यो परम्परा छैन । अहिले शिक्षा-दीक्षा सर्वसुलभ छ । शिक्षा ग्रहण गर्न धनी, गरिब, ठूला, साना सबैको पहुँच पुग्ने र जात, वर्ण, लिङ्ग, भेदको अन्त्य भएको छ ।

### २.५.१ अक्षरारम्भ

शिक्षित ब्राह्मण परिवारमा जन्मिएका रमेश खनालको शिक्षा ग्रहणका लागि कुनै बाधा उड्चन आएन । उनले करिव ३, ४ वर्षको उमेरमा श्रीपञ्चमीको दिन विधिपूर्वक सरस्वतीको पूजागरी अक्षरारम्भ गरेका हुन् । उनको शिक्षा ग्रहणमा महत्त्वपूर्ण भूमिका आमाको थियो । आमाद्वारा नै उनले अक्षरारम्भ गरेका हुन् । उनले आमाबाट रामायणका कथा र नीतिकथाहरू सुनेका थिए । सानो छँदा उनलाई आमाले नै पढाउने गर्थिन् । आमाले निकै स्नेहका साथ पढाउँदा पनि उनी पढ्न मन गर्दैनथे । जति पढेपनि तुरुन्तै बिर्सन्थे । उनलाई पढ्न निकै गाह्रो पऱ्यो । यस्तो घटनाले उनकी आमा स्व. नन्दादेवीलाई सारै रिस उठ्यो[४६] र फलस्वरूप उनीले रमेश खनालको चोरी औंलामा टोकी दिइछन् । त्यसै दिनदेखि उनलाई पढ्न पनि मन लागेछ साथै बिर्सन पनि छोडेछन् । त्यो घटना उनको जीवनको अविस्मरणीय नै बन्न पुग्यो ।[४७] उनको वरपर सबैतिर शिक्षितवर्ग रहेकाले पढाइमा उनले राम्रो गर्दै गए ।

---

[४४] बालकृष्ण पोखरेल, वासुदेव त्रिपाठी आदि, **नेपाली बृहत् शब्दकोश**, (काठमाडौं : ने.रा.प्र.प्र. पुनः मुद्रण, २०५०), पृ. ६५२ ।

[४५] ऐजन, पृ. १२६० ।

[४६] वाग्ले, पूर्ववत्, पा.टि.नं. ६, पृ. घ ।

[४७] रमेश खनालसँगको कुराकानीबाट ।

### २.५.२ विद्यालयीय शिक्षा

उनको औपचारिक शिक्षा भने 'शारदा बालिका विद्यालय' धरानबाट वि.सं. २०१० देखि सुरु भयो । प्राथमिक शिक्षा उत्तीर्ण गरी उनले 'शिक्षा निकेतन विद्यालय' धरानबाट कक्षा ८ उत्तीर्ण गरे । उनले एस्.एल्.सी. भने 'बहुउद्देश्यीय पब्लिक हाइस्कुल' धरानबाट तृतीय श्रेणीमा वि.सं. २०२१ मा उत्तीर्ण गरेका हुन् ।[४८]

### २.५.३ उच्च शिक्षा

उच्च शिक्षाको लागि वि.सं. २०२१ मा महेन्द्र कलेज धरानमा भर्ना भई आई.कम्. वि.सं. २०२४ साल र बी.कम्. वि.सं. २०२७ सालमा त्यही कलेजबाट तृतीय श्रेणीमा पूरा गरे । वि.सं. २०३३ सालमा उनले त्रिभुवन विश्वविद्यालयबाट एम्.कम्. मा बोर्ड थर्ड प्रथम श्रेणीमा उत्तीर्ण गरे । त्यसको लगभग १६ वर्षपछि लैपजिस विश्वविद्यालय जर्मनीबाट खेलकुद मनोविज्ञानमा स्नातकोत्तर प्रथम श्रेणीमा वि.सं. २०४६ मा उत्तीर्ण गरे ।[४९]

### २.५.४ तालिम तथा प्रशिक्षण

रमेश खनालले स्व. रामानन्द जोशीबाट (वि.सं. २०२७-२०३०) सम्म कला अध्ययन तथा स्व. अमर चित्रकारसँग छ महिना कला अध्ययन गरेका हुन् । त्यस्तै प्रेस इन्स्टिच्युटबाट दस महिने पत्रकारिता अध्ययन पनि पूरा गरेका छन् ।[५०] अनौपचारिक रूपमा उनले लक्ष्मण थापा र विष्णु कार्कीजस्ता साथीहरूबाट कसरत सिकेका उनीहरूबाटै खेलजीवनमा निकै अगाडि बढेका हुन् ।[५१]

## २.६ राजनीतिक जीवन

प्रजातन्त्रमा विश्वास राख्ने बहुदलीय व्यवस्था र लोकतन्त्रको पक्षधर रहेका रमेश खनालको जीवनमा राजनीतिले त्यति गहिरो प्रभाव पार्न भने सकेन । देशमा थुप्रै राजनीतिक उतारचढाव देखे पनि उनी भने प्रत्यक्ष रूपमा राजनीतिमा संलग्न भने भएनन् । जमीनदार

---

[४८] *ऐजन ।*

[४९] तीर्थ निरौला, **ब्लाष्ट** राष्ट्रिय दैनिक समाचार पत्र, वर्ष १२, अङ्क, १९०, पूर्णाङ्क ४३९०, (धरान : २०६३ चैत्र १८ आइतवार), पृ. २ ।

[५०] रमेश खनालको २४ औं एकल अरूपणकला प्रदर्शनीको क्याटलगबाट ।

[५१] रमेश खनालसँगको कुराकानीबाट ।

परिवारमा जन्मे पनि आफ्नै खुट्टामा उभिनुपर्छ भन्ने पाठ सिकेकाले १८ वर्षको उमेरमा जागिरे भइसकेका, कला साहित्य तथा खेल क्षेत्रमा पनि संलग्न भएकाले उनलाई राजनीतिमा लाग्न वा त्यता सोच्न फुर्सदै भएन । राजनीतिमा सक्रिय नभए तापनि प्रजातान्त्रिक विचारका कारण उनलाई मनपर्ने नेताहरू भने विश्वेश्वरप्रसाद कोइराला र मनमोहन अधिकारी हुन् । उनी सत्यका पक्षधर भएकाले राम्रो र सत्य कुरा गर्ने जुनसुकै व्यक्तिलाई मनपराउने र कुनै पनि गलत कुराको सधैँ विरोध गर्ने उनी तटस्थ भएर बस्न रुचाउने व्यक्ति हुन् ।[५२]

## २.७ जागिरे जीवन

प्रत्येक व्यक्ति जीवनमा कुनै न कुनै क्षेत्रमा संलग्न भई कार्य गरिरहेको हुन्छ । रमेश खनाल पनि अठार वर्षको उमेरमा नै जागिरे भैसकेका थिए । लगभग वि.सं. २०२३ सालदेखि वि.सं. २०२६ सालसम्म उनले धरान पब्लिक हाइस्कुलमा मासिक ८४।- रूपैंया तलब खानेगरी क्लर्कको काम गरे ।[५३] काठमाडौँ आएपछि एम्.कम्. को परीक्षा सकिएको भोलिपल्टै उनलाई अजितनारायण थापाले नेशनल ट्रेडिङमा प्रवेश गराएका थिए । उनले त्यहाँ वि.सं. २०३३ सालदेखि वि.सं. २०४३ सालसम्म पैठारी तथा अनुसन्धान अधिकृत भएर काम गरे । वि.सं. २०४३ सालमा उनको सरुवा खेलकुद परिषद्मा भयो । त्यहाँ सात दिन काम गरेपछि उनी अध्ययनका लागि युरोप प्रस्थान गर्छन् । त्यहाँ लैपजिस विश्वविद्यालयबाट एम्.एस्. प्रथम श्रेणीमा (सन् १९८९ मा) उत्तीर्ण गरी नेपाल फर्कन्छन् ।[५४] पुनः उनले राष्ट्रिय खेलकुद परिषद्मा केही समयका लागि तालिम तथा प्रशिक्षक विभागको उपनिर्देशक भएर काम गरे । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन पछि खेलकुद विकास विभागको प्रमुख भएर काम गर्दै रहे । ५८ वर्षको उमेरमा सेवाबाट अवकास हुने भए तापनि राष्ट्रिय खेलकुद परिषद् बोर्डले उनको आवश्यकता महसुस गरी २ वर्ष सेवा थप गरे अनुरूप उनी वि.सं. २०६५ चैत्र २८ गतेसम्म भिजन २०२० को निर्देशक पद सम्हाली अवकाश प्राप्त गरेका छन् ।[५५]

---

[५२] *ऐजन ।*

[५३] *ऐजन ।*

[५४] रमेश खनाल, 'इन्दिराको भ्यागुतो' अन्तिम आवरण पृ. तथा उनको २७ औं अरूपण एकल चित्रकला प्रदर्शनीको क्याटलग ।

[५५] रमेश खनालसँगको कुराकानीबाट ।

## २.८ आर्थिक अवस्था

रमेश खनालका हजुरबुबा खेतीपाती भएका जमीनदार (धेरै जग्गा जमीन भएका) थिए र उनका पिता रघुनाथ खनाल कवि, पत्रकार तथा राजनीतिज्ञ हुन् । त्यसैले उनीहरूको आर्थिक अवस्था राम्रो थियो । राम्रो भनेर अति उच्च अवस्था पनि थिएन, त्यस्तै निम्न अवस्था पनि थिएन तसर्थ मध्यम वर्गीय परिवारभन्दा फरक नपर्ला[५६] उनको परिवार शिक्षित र स्वाभिमानी तथा कर्ममा विश्वास राख्ने भएकोले उनको जीवनमा दुःखको आँधीबेहरी भने कहिल्यै देख्न वा भोग्न परेन ।[५७] हाल रमेश खनाल र उनका परिवार काठमाडौँ महानगरपालिका वडा नं. २ स्थित खोलागाल लाजिम्पाट घरमा बस्छन् । घरका सबै सदस्यहरूको आ-आफ्नै छुट्टै पहिचान बनिसकेको छ । सबै शिक्षित, स्वाभिमान, सम्पन्न, लगनशील, मिहिनेती र सङ्घर्षशील भएकाले उनको परिवारमा सम्पन्नताले चुमेको छ । त्यसैले उनी सुखपूर्वक जीवन निर्वाह गर्न सफल छन् ।

## २.९ दाम्पत्य जीवन र छोराछोरी

रमेश खनालको वि.सं. २०३५ सालमा माधवप्रसाद खरेल तथा स्व. भौमलक्ष्मी खरेलकी एकमात्र छोरी रीता खरेलसँग मागी विवाह भएको हो । रीता खनाल पनि एक मूर्तिकार हुन् । उनले एकपटक सामूहिक कला प्रदर्शनीमा मूर्तिहरू प्रदर्शन गरिसकेको थाहा हुन्छ ।[५८] उनका एक छोरा राजिम खनाल, दुई छोरीहरू रुरु लम्साल र रुमिना छन् । छोरा राजिम अमेरिकामा र छोरी रुरु तथा रुमिना हिजो आज बेलायतमा छन् रमेश खनालको दाम्पत्य र पारिवारिक जीवन सुखमय छ ।[५९] एक आपसमा सहयोगी भावना र सौहार्दपूर्ण वातावरण छ ।

## २.१० रुचि तथा स्वभाव

मानिस राम्रो हो वा नराम्रो हो उसको रुचि तथा स्वभावबाट थाहा पाउन सकिन्छ । रमेश खनाल सकारात्मक सोच भएका अनुशासित व्यक्ति हुन् । उनी कर्तव्यपरायण पनि छन् ।

---

५६ ***ऐजन*** ।

५७ ***ऐजन ।***

५८ ***ऐजन ।***

५९ ***ऐजन ।***

जिज्ञासु स्वभावका उनी जहिले पनि ठोस लक्ष्य लिएर अगाडि बढेका देखिन्छन् । सरल र सहज व्यवहार भएका मिलनसार उनी सहयोगी भावना भएको आस्तिक व्यक्तित्व हुन् ।[६०]

उनी नेपाली खाना जसमा भुटेको, तारेको भन्दा झोलिलो र रसिलो खाना बढी मन पराउँछन् । मीठो पाएँ भन्दैमा धेरै नखाने, जस्तो खानालाई पनि मीठो मानेर खाने उनको बानी छ ।[६१]

शारीरिक सुगठनमा निकै अगाडि बढेका उनी एकपटक धरानश्री र एक पटक काठमाडौँ श्री[३] समेत भैसकेका छन् । लुगा लगाउँदा मिलाएर लगाउनु पर्ने हल्का रङ्को सर्ट र गाढा रङ्गको पेन्ट बढी मन पराउने उनी शिरमा (ह्याट र क्याप) टोपी पनि लगाउँछन् । मनोविज्ञ भएकाले अरूका मनका कुरालाई सहजै पढ्ने र सबैसँग राम्रो व्यवहार गर्ने उनको स्वभाव छ ।[६२]

## २.११ सृजनात्मकता

मानिसभित्र अन्तरनिहित प्रतिभा नै सृजनात्मकता हो । कोहीसँग गीत गाउने, कोहीसँग नाच्ने, कोहीसँग साहित्य लेख्ने, कोहीसँग अभिनय गर्ने जस्ता मौलिक कार्य गर्ने क्षमता नै सृजनात्मकता हो । रमेश खनाल पनि अनेकौ सृजनात्मक खुबी भएका व्यक्तित्व हुन् । उनी कहिले साहित्य सृजना गर्छन् त कहिले चित्र कोर्दै रङ्ग भर्छन् । कहिले कलासम्बन्धी कार्यशाला तथा विविध कार्यक्रम सञ्चालक भएर कार्य गर्छन् त कहिले खेल तथा खेलाडीसम्बन्धी कार्य गर्छन् । कहिले मनोविज्ञ भएर काम गर्छन् त कहिले आध्यात्मिक क्षेत्रमा कार्य गर्दै मानव सेवा नै माधव सेवा हो भन्दछन् ।[६३] यहाँ पनि उनीभित्र निहित सृजनात्मकतालाई केलाउने कार्य गरिएको छ ।

### २.११.१ साहित्यिक प्रेरणा र प्रभाव

मानवलाई जब अनौठो पाराले सुख, दुःख, हर्ष, बिस्मात् हुन्छ, त्यस्तै प्राकृतिक दृश्यहरूले प्रभावित पार्न थाल्छ तब कुशल सर्जकले आफ्नो मनोभावलाई मूर्तरूप दिन्छ । यस्ता

---

६० गेहेन्द्रमान अमात्यसँग २०६५ चैत्र १७ गते लिएको अन्तर्वार्ताबाट ।

६१ रमेश खनालसँगको कुराकानीबाट ।

६२ ***ऐजन ।***

६३ गोविन्द भट्टसँग २०६६।६।२१ मा लिएको अन्तर्वार्ताबाट ।

मानसिक अभिव्यञ्जनालाई मूर्तरूप दिइएको कृति नै साहित्यिक कृति हो । रमेश खनाललाई साहित्य लेखनमा साहित्यिक प्रेरणाको स्रोत वा प्रभाव पार्ने व्यक्तित्व आफ्नै पिता हुन् साथै गुरुहरू देवलाल र माणिकलाल पनि उनका लागि प्रेरणाका कारक व्यक्तित्व रहे ।[६४] उनका पिता रघुनाथ खनालले कविताहरू लेख्थे । ती कविताहरू धुँवा, दियालो, गोरखापत्र, रूपरेखाजस्ता पत्रिकाहरूमा छापिन्थे । ती कविताहरू पढेपछि उनी कविता लेख्न हौसिन्थे । साँच्चै एकदिन उनले 'संसार' भन्ने कविता लेखे जुन बेला उनको उमेर १६ वर्षको थियो । त्यो कविता नर्मलस्कुलको पत्रिका 'दोभान' मा वि.सं. २०२१ मा छापियो ।[६५] 'संसार' कविता नै उनको पहिलो साहित्यिक कृति बन्न पुगेको देखिन्छ । साहित्य लेखनकार्यमा उनको थुप्रै साहित्यकारहरूसँग सम्पर्क भयो तर निकटता भने ईश्वर वल्लभ, गोविन्द भट्ट, रमेश विकल र ध्रुवचन्द्र गौतमसँग रह्यो ।[६६] त्यस्तै रूपरेखा पत्रिकाका सम्पादक द्वय उत्तम कुँवर र बालमुकुन्ददेव पाण्डेले दिएको सल्लाह उनको जीवनको एक स्मरण नै बन्न पुग्यो । उनीहरूको सुझाव अनुरूप नै उनले 'रनाख' साहित्यिक नामबाट कला साहित्यमा कलम चलाएका हुन् ।[६७] उनी नेपाली साहित्यमा बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइराला, भैरब अर्याल, केशवराज पिंडाली, भवानी भिक्षु, सूर्यविक्रम ज्ञवाली, बैरागी काइँलाजस्ता साहित्यकारबाट प्रभावित त्यस्तै विश्व साहित्यमा मोपासा, चेखव, टल्सटाय, पुस्किन जस्ता साहित्यकारहरूबाट प्रभावित भएर साहित्य फाँटमा उदाएका व्यक्तित्व हुन् ।[६८]

## २.११.२ लेखन कार्य र प्रकाशित कृतिहरू

सर्जकहरूलाई जब समाजको उतार चढाउले घचघच्याउँछ तब उसले आफ्नो अनुभूतिलाई साहित्य बनाउँछ । प्रकृति रोएको, हाँसेको, प्राकृतिक दृश्यावली, समाजको सुख, दु:ख इत्यादिले मनमा पारेको प्रभावलाई वा अनुभूतिलाई सर्जकले कहिले कविताको रूपमा कहिले गीतको रूपमा त्यस्तै कहिले उपन्यासको त कहिले कथा अनि निबन्ध, प्रबन्ध आदि आदि थुप्रै रूपमा अभिव्यक्त गर्दछ । तिनीहरू नै साहित्य हुन् भने तिनै कुरा चित्रमा व्यक्त

---

[६४] वाग्ले, पूर्ववत्, पा.टि.नं. ६, पृ. घ ।

[६५] रमेश खनालसँगको अन्तर्वार्ताबाट ।

[६६] ***ऐजन ।***

[६७] रमेश खनाल, **कला मन्थन**, 'अनुनय विनय', (काठमाडौं : रघुनाथ खनाल, २०६३) पृ. ६१ ।

[६८] रमेश खनालसँगको अन्तर्वार्ताबाट ।

भएमा त्यो कला गनिन पुग्छ । रमेश खनाल साहित्य र कला दुवै क्षेत्रमा उदीयमान व्यक्ति हुन् । त्यति मात्र होइन उनी एक खेल मनोविज्ञ पनि हुन् । वि.सं. २०२१ सालमा 'संसार'[६९] कविता लेखेर 'दोभान' पत्रिकामा प्रकाशित गरेर साहित्य यात्राको श्री गणेश गरेपछि उनले थुप्रै पत्रपत्रिकामा कविता, कथा तथा विभिन्न लेखहरू प्रकाशित गर्दै अगाडि बढेको पाइन्छ ।

उनले विभिन्न पत्रपत्रिकामा प्रकाशित गरेका रचनाहरूका केही उदाहरणमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित त्रैमासिक पत्रिका 'कविता' मा उनका कविताहरू प्रकाशित छन् 'कठै ती बाजे कहाँ होलान ?' ।[७०] 'विश्वासबाट पलाउने अनन्त चाहनासँगै'[७१] र 'रिसाएको बुद्ध'[७२] प्रकाशित छन् । यी तीनै कविता गद्य कविता हुन् । त्यस्तै 'प्रज्ञा' चौमासिक पत्रिकामा "मनोविश्लेषणात्मक परिवेशमा 'मसान' नाटक भित्र प्रेरणा"[७३] शीर्षकमा समालोचना पनि प्रकाशित गरेका छन् । उनले 'गरिमा' मासिकमा 'नखनिएको खाल्डो'[७४] शीर्षकको कथा प्रकाशित गरेका छन् ।

'चिमाल' त्रैमासिकमा चित्रकलासम्बन्धी "रातो घुम्टो, रातो पछ्यौरा, रातो सिन्दुर ... रातो रङ्ग अनि रङ्गको चक्र"[७५] शीर्षकमा लेख प्रकाशित गरेका छन् । त्यसैगरी 'सुरक्षा' राष्ट्रिय मासिक पत्रिकामा "अठार दिन बितेको पत्तै भएन"[७६] शीर्षकमा भगवान श्री सत्य साईंबाबा जन्मिनु भएको स्थान प्रशान्ति निलयमको यात्रा संस्मरण लेखेर प्रकाशित गरेका छन् । उनका यस्ता अनेकौं लेख रचनालाई हामी दैनिक पत्रिकादेखि साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक, चौमासिक जस्ता पत्रिकाहरूमा पाउँछौं । उनी कुनै पत्रिकामा खेल जगत्को त कुनैमा कलाजगत्को अनि कुनैमा साहित्य जगत्का अनेकौं कृति प्रकाशित गर्न सधैं तत्पर र हतारमा देखिन्छन् ।

---

[६९] रमेश खनाल, **दोभान**, (धरान : नर्मलस्कुल, वि.सं. २०२१), पृ. ६१ ।

[७०] ऐजन, **कविता**, त्रैमासिक, पूर्णाङ्क ४१, (काठमाडौँ : ने.रा.प्र.प्र. वैशाख, जेठ, असार अङ्क, २०४९), पृ. २३ ।

[७१] ऐजन, पूर्णाङ्क ४३, कार्त्तिक, मंसिर, पुस अङ्क, २०४९, पृ. ४० ।

[७२] ऐजन, पूर्णाङ्क ४७, वैशाख, जेठ, असार अङ्क, २०५०, पृ. १६ ।

[७३] ऐजन, **प्रज्ञा** चौमासिक, पूर्णाङ्क ७६, (काठमाडौँ : ने.रा.प्र.प्र. २०४९), पृ. ७५-८२ ।

[७४] ऐजन, **गरिमा** मासिक वर्ष २४, अङ्क ६, पूर्णाङ्क २८२, (ललितपुर : साझा प्रकाशन, २०६३), पृ. ३७-४० ।

[७५] ऐजन, 'चिमाल'- त्रैमासिक, वर्ष १, अङ्क १, (ललितपुर : चोमोलुङ्मा प्रतिष्ठान नेपाल २०६५ भाद्र), पृ. १०८-१११ ।

[७६] ऐजन, **सुरक्षा** राष्ट्रिय मासिक, वर्ष ३, अङ्क ५, (काठमाडौँ : खेमराज भण्डारी, २०६६ वैशाख), पृ. २४ ।

खनालले विभिन्न नेपाली कलाकारहरूसँग भेटेर कुराकानी गरेका आधारमा त्यस्ता कलाकारहरूको जीवनी लेखन कार्य पनि गरेका र ती जीवनीहरू युवा मञ्च, आकृति स्पेशटाइम, गोरखापत्र, जनमञ्च, मधुपर्क, रूपरेखा, कलाकृति, कला र कलाकार आदि आदि थुप्रै पत्रिकाहरूमा प्रकाशित पनि गरेका छन् । यी प्रकाशित जीवनीहरूको सङ्गालोको रूपमा उनले 'कलास्रष्टा'[७७] नामक पुस्तकाकार कृति पनि प्रकाशित गरिसकेका छन् ।

रमेश खनालले विभिन्न पत्रपत्रिकामा मात्र कृतिहरू प्रकाशित नगरी पुस्तकाकार कृतिका रूपमा उनले १५ ओटा कृतिहरू प्रकाशित गरेका छन् । ती यसप्रकार छन् :

| क्र.सं. | विधा | विषय (कृतिको नाम) | वर्ष | महिना | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | कविता | उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता | २०३८ | वैशाख | २६ |
| २ | कविता | तेस्रो झर्को : घाम लाग्यो पानी पर्‍यो | २०३९ | पुस | १०३ |
| ३ | जीवनी | वयोवृद्ध कलाकार चन्द्रमानसिंह मास्के | २०४० | असोज | २४ |
| ४ | जीवनी | 'चर्चिल' | २०४१ | - | ३७ |
| ५ | 'हाँसौ ठट्टा | 'हाँसौं' (१ भाग देखि १० भाग) | २०४७-२०४९ | - | |
| ६ | कविता | म घाममा पानी पानी हुन्छु । | २०४३ | - | २८ |
| ७ | कथा | एक मुठी माटो | २०५७ | जेठ | ६८ |
| ८ | कथा | इन्दिराको भ्यागुतो | २०६३ | असोज | १०८ |
| ९ | जीवनी | नेपालका प्रसिद्ध कलाकार | २०६३ | कार्त्तिक | ८६ |
| १० | कला समीक्षा | कला मन्थन | २०६३ | मंसिर | ९० |
| ११ | निबन्ध (नियात्रा संस्मरण) | विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दा | २०६४ | मंसिर | ९० |
| १२ | निबन्ध (नियात्रा संस्मरण) | विश्वप्रसिद्ध कलाकार माइकल एञ्जेलोसँग साक्षात्कार | २०६४ | मंसिर | ९० |
| १३ | समालोचना | अन्तरचेतनामूलक साहित्यिक अध्ययन | २०६५ | वैशाख | ९० |
| १४ | जीवनी | कला स्रष्टा | २०६५ | वैशाख | ९० |
| १५ | सामान्य ज्ञान | सार्वजनिक संस्थान | २०३६ | साउन | ६६ |

[७७] रमेश खनाल, 'कला स्रष्टा', (काठमाडौं : रघुनाथ खनाल, कला र कलाकार, २०६५ वैशाख) ।

उनका केही प्रकाशोन्मुख कृतिहरू पनि छन् । ती यसप्रकार छन् -

१) स्टीना - कथा सङ्ग्रह

२) नियात्राका किंवदन्तीहरू

३) काठमाडौंदेखि पुट्टपर्तीसम्म

४) अमूर्तकला

५) प्रभाववाद

६) घनवाद

## २.११.३ चित्रकलातर्फ प्रेरणा र प्रभाव

रमेश खनालको जीवनको सृजनात्मकताको अर्को पाटो कला हो । कलामा लाग्ने प्रेरणा र प्रभाव पनि आफ्नै घरभित्रकै वातावरणले दिएको हो । आफ्नो ठूला बुबाका छोरा दाजु गोविन्द खनाल निकै राम्रो चित्र कोर्दथे । उनले कोरेको क्रान्तिकारी र ठूला चित्रले रमेश खनालको मन छुने गर्थ्यो ।[७८] उनी सानै छँदा धरानमा उनको सम्पर्क रामानन्द जोशीसँग हुनु तथा विभिन्न कलाप्रदर्शन हेर्न पाउनु, देवलाल जस्तो गुरुको प्रेरणाले गर्दा चित्रकलामा आफू पनि पोख्त हुने इच्छा जागृत हुन्थ्यो । मनका इच्छालाई कुची र रङ्गको सहायताले क्यानभासमा उतार्न र सबैसामु देखिन उनी सफल भए । आज उनी अरूपण कलाका सक्रिय र चर्चित कलाकार बन्न सफल छन् ।[७९] हालसम्म उनले २४ पटक एकल चित्रकला प्रदर्शनी र १४ पटक संयूक्त चित्रकला प्रदर्शनी पनि गरिसकेका छन् ।

## २.११.४ चित्रकला र प्रकाशित तथा प्रदर्शित चित्रहरू

चित्रकलाले हरेक व्यक्तिको हृदयलाई छुन्छ । चित्र हेरेर हर्ष, बिस्मात, क्रोध, पीडा आदिको अनुभूति गर्न सकिन्छ । चित्र र रङ्गले मानिसले बोलेर, लेखेर व्यक्त गर्न नसक्ने भावनालाई पनि व्यक्त गर्न सकिन्छ । रमेश खनाल पनि यस्ता होनहार चित्रकार हुन् किनभने उनको कलामा रङ्गहरू बोलेका हुन्छन् ।[८०] चित्रले पूरै कथाको अभिव्यक्ति दिएको हुन्छ । उनी सानो हुँदा उनले बनाएको लिङ्कन, जोन एफ केनडीसँगको उनको मुहार चित्र नै उनको प्रथम

---

[७८] वाग्ले, पूर्ववत्, पा.टि.नं. ६, पृ. घ ।

[७९] निरौला, पूर्ववत्, पा.टि.नं. २१, पृ. २ ।

[८०] उत्तम नेपालीसँग उनकै निवासमा लिइएको अन्तर्वाता, २०६५ चैत्र २२ गते शनिबार ३ बजे ।

चित्र हो जुन पेन्सिलद्वारा बनाइएको र सबैले खूब रुचाएका थिए । वि.सं. २०२७ मा एम्.कम्. पढ्न काठमाडौँ उत्रिएपछि त्यसैबेलादेखि उनले ख्यातिप्राप्त कलाकार रामानन्द जोशीसँग रत्नपार्क स्थित पार्क ग्यालरीमा साँझको कक्षामा तीनवर्ष चित्रकला अध्ययन गरे ।[८१]

वि.सं. २०२९ मा उनको पहिलो एकल चित्रकला प्रदर्शनी त्रि-चन्द्र कलेजको सरस्वती सदनमा 'एवोड अफ पिस' शीर्षकबाट भयो ।[८२] यसरी अरूपण शैलीको माध्यमबाट २४ पटक एकल चित्रकला प्रदर्शनी गरिसकेका छन् ।[८३]

## २.१२ सम्मान तथा पुरस्कार

राम्रो कामको परिणाम पनि राम्रै हुन्छ । उत्कृष्ट काम गर्ने व्यक्तिलाई नाम, दाम, सम्मान तथा पुरस्कार दिने प्रचलन छ । पुरस्कार परम्पराले गर्दा व्यक्तिको कार्य झनै उजेलिन्छ साथै उत्कृष्ट बन्दै जान्छ । रमेश खनाल पनि नेपाली चित्रकला चिन्तनका फाँटमा निष्ठाका साथ समर्पित व्यक्तित्व हुन् । धरानबाट हुने कविता प्रतियोगिताहरूमा पनि उनी प्रथम हुन्थे र त्यसैको कदर स्वरूप पुरस्कार प्राप्त गर्दथे । साहित्य क्षेत्रमा २०२६ सालमा सम्पन्न भएको कविता गोष्ठी महेन्द्र कलेज धरानमा सम्पन्न थियो । त्यसमा प्रथम स्थान, २०२७ मा महेन्द्र कलेज धरानले आयोजना गरेको कविता गोष्ठीमा पनि प्रथम स्थान हासिल गरेका थिए । [८४] सामूहिक चित्रकला प्रदर्शनी २०३० प्रथमस्थान, धरान मेरिट अवार्ड २०५५, नेपाल सरकारबाट राष्ट्रिय प्रतिभा पुरस्कार २०५६, क्यान मेरिट अवार्ड २०६१, कोरोनेसन चित्रकला प्रदर्शनीमा तृतीय स्थानको पुरस्कार प्राप्त गरेका र विभिन्न कलाप्रदर्शनीहरूमा पुरस्कृत भएका छन् ।[८५] काठमाडौँ राष्ट्रिय कविता महोत्सव (नेपाल रा.प्र.प्र. द्वारा संचालित) मा सहभागी भएका व्यक्तित्व थुप्रै मान सम्मान तथा पुरस्कारबाट सम्मानित भएका छन् ।[८६]

---

[८१] गेहेन्द्रमान अमात्य, **न्यू टाइम्स अफ नेपाल,** वर्ष १३, अङ्क ११, २०६१ साल पुस ८ गते बिहिबार पृ. ४ ।

[८२] ज्ञानेन्द्र विवश, **अन्नपूर्ण पोष्ट**, 'चित्रकलामा शिरीषको फूल' २०६१ जेठ २३ गते शनिबार ।

[८३] रमेश खनालसँगको अन्तर्वार्ताबाट ।

[८४] ***ऐजन*** ।

[८५] रमेश खनाल, चौबीसौं अरूपण कला प्रदर्शनी, क्याटलगबाट ।

[८६] रमेश खनालसँग भएको कुराकानीका आधारमा ।

## २.१३ भ्रमण

अध्ययनको क्रममा उनी वि.सं. २०४३ सालतिर युरोपको जर्मनी गए । उनले जर्मनीमा पनि आफ्नो चित्रकलाको प्रदर्शन गरेका थिए । उनले कला प्रदर्शन गर्ने क्रममा तथा अन्य थुप्रै विविध कार्यका लागि थुप्रै मुलुक घुमिसकेका छन् । उनले चीन, भारत, फ्रान्स, जर्मनी, हङ्गेरी जापान, अमेरिका, कोरिया, थाइलैण्ड, स्विट्जरल्याण्ड आदि गरी करिव ३० मुलुकहरू भ्रमण गरेका छन् ।[८७]

## २.१४ निष्कर्ष

वि.सं. २००५ सालमा धरान नगरपालिकामा जन्मेका रमेश खनाल हाल काठमाडौँ लाजिम्पाट खोलागाल वडा नं. २ स्थित आफ्नै घरमा बस्छन् । एक श्रीमती दुई छोरी, एक छोरा भएका उनी राष्ट्रिय खेलकुद परिषद्मा निर्देशकका रूपमा कार्य गर्दै केही समय अगाडिमात्र अवकाश प्राप्त गरेका हुन् । एम्.कम्. बोर्ड थर्ड रहेका उनले खेल मनोविज्ञानमा एम्.एस्. जर्मनीबाट पूरा गरेका हुन् । उनी एक आधुनिक कलाकार पनि हुन् । उनको 'अरूपण' कला अहिलेसम्म २४पटक प्रदर्शन भैसकेका छन् । उनी एक खेल मनोविज्ञ भएकाले कोसँग कसरी कुरा गर्ने, व्यवहार गर्ने भन्ने राम्रोसँग जानेका छन् । उनी एक साहित्यकार पनि हुन् । उनका कविता, कथा तथा समालोचनामा मनोविज्ञानको गन्ध पाइन्छ । उनले हालसम्म १५ ओटा पुस्तकाकार साहित्यिक तथा कलात्मक कृति लेखेर प्रकाशित गरिसकेका छन् । उनका थुप्रै लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । उनका प्रकाशोन्मुख कृतिहरू पनि ६ ओटा तयार छन् ।

आफ्ना पिताबाट साहित्यमा, ठूलाबुबाका छोरा दाजु गोविन्द खनालबाट कलामा र साथीसंगीको संगतले खेलमा लाग्न प्रेरणा प्राप्त गरेका रमेश खनाल धरानश्री, काठमाडौँ श्री[३] समेत भैसकेका छन् । उनी साहित्य, कला, खेलजस्ता तीनै क्षेत्रमा सफल छन् । यी तीनै क्षेत्रमा मनोविज्ञानको प्रभाव राम्रोसँग देख्न सकिन्छ ।

थुप्रै मानसम्मान तथा पुरस्कारहरूबाट विभूषित रमेश खनालले राष्ट्रिय स्तरको 'राष्ट्रिय प्रतिभा पुरस्कार' लगायत थुप्रै अन्य पुरस्कार प्राप्त गरेका छन् । उनले कला, साहित्य लगायत खेल मनोविज्ञानका क्षेत्रमा पुरस्कार प्राप्त गरेका छन् ।

---

[८७] ***ऐजन ।***

उनी अध्ययन, कलाप्रदर्शन लगायत अन्य कामका लागि पनि थुप्रै मुलुक घुमिसकेका छन् । उनी एशिया, युरोप र अेमरिकाका केही राष्ट्रहरू गरी करिब ३० राष्ट्र घुमेका छन् ।

बहुमुखी प्रतिभाका धनी रमेश खनालले गरेका कार्य अनुरूप उनको मूल्याङ्कन भने भएजस्तो लाग्दैन । उनले गरेका कार्य एउटै क्षेत्रमा परेका भए उनले धेरै यश कमाइ सक्थे होलान् । उनको क्षेत्र यस्तो हो कि तीनै क्षेत्रका लागि प्रशस्त समयको आवश्यकता पर्छ । कला निर्माणमा पर्याप्त समय दिन सके मात्र राम्रो कला सिर्जना हुन्छ त्यस्तै खेलका लागि पनि प्रशस्तै समय चाहिन्छ । साहित्य सिर्जनाका लागि पनि थोरै समयले पुग्दैन । बिहान १० बजे देखि ५ बजेसम्म समय कार्यालयलाई दिनै पऱ्यो । यति हुँदा हुँदै पनि उनले तीनै क्षेत्रमा सफल भूमिका निभाइरहेका छन् । यसका अतिरिक्त उनले ललितकला समीक्षक समाजका अध्यक्ष भएर उत्तिकै सफल रूपमा कार्य गरिरहेका छन् । यसरी भ्याई नभ्याई हुँदा पनि नआत्तिइ काम गर्ने सबैसँग राम्रो व्यवहार गर्ने मिलनसार व्यक्तित्वका रूपमा उनी पर्दछन् ।

# अध्याय तीन
# रमेश खनालको व्यक्तित्वको अध्ययन

## ३.० पृष्ठभूमि

यहाँ व्यक्तित्वको उल्लेख गर्दै रमेश खनालको व्यक्तित्वको विविध आयामहरूको अध्ययन र विश्लेषण गर्ने कार्य गर्दै उनको जीवनी लेखन गरिएको छ । उनको आन्तरिक र बाह्य व्यक्तित्व एवम् साहित्यिक तथा गैर साहित्यक व्यक्तित्वको अध्ययन यहाँ गरिएको छ ।

व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो । व्यक्तिको जीवनीका विभिन्न पक्षले व्यक्तित्वको निर्माण गरेको हुन्छ । त्यसैले व्यक्तित्वको अभिप्राय आफ्नो स्वरूपलाई दृढ गराउनु पनि हो । प्रत्येक परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट र गहन छाप छोड्न सक्नुपर्छ । यस अर्थमा व्यक्तित्वको अर्थले परिवर्तनशीलता भन्ने नभई प्रतिकूल स्थितिमा अनुकूल भएर चल्न सक्ने त्यो शक्ति हो जसले सक्षम मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन सक्षम हुन्छ । यसरी परिस्थिति अनुकूल चल्न सक्ने र नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने प्रतिभा नै व्यक्तित्व हो ।[८८]

## ३.१ व्यक्तित्वका विभिन्न पक्षहरू

व्यक्तित्व निर्माणका कुनै पनि मानिसका जीवनमा गतिशील बनेर आउने घटनाले जीवन भोगाइका विविध घटना, जीवनका आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडहरूद्वारा प्रमुख भूमिका खेलेको हुन्छ । यसरी ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक साँस्कृतिक रुचि, पेशा शिक्षा-दीक्षा आदिले पनि उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ । यी विविध परिवेशबाट निर्मित व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा बाडेर हेर्नुपर्ने हुन्छ । व्यक्तिको निजी व्यवहारसित सम्बन्धित कुरालाई निजी व्यक्तित्व भनिन्छ, जसमा आन्तरिक एवम् बाह्य व्यक्तित्व पर्दछन् । यसै गरी सार्वजनिक व्यक्तित्व भन्नाले समाज अनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नु भन्ने बुझिन्छ । साहित्यकारका सन्दर्भमा भने सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र साहित्यकारमा विभाजन गरी हेर्न सकिन्छ । साहित्यिक व्यक्तित्वलाई पनि स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्वमा

---

[८८] दशरथ ओझा, **समीक्षा शास्त्र,** (दिल्ली : राजपाल एन्ड सन्स इ. १९७५), पृ. ४१ ।

विभाजन गर्न सकिन्छ । स्रष्टा व्यक्तित्वभित्र साहित्यकारले सृजना गरेका साहित्यका विभिन्न विधा पर्दछन् भने द्रष्टा व्यक्तित्वभित्र समालोचना समीक्षा, सम्पादन जस्ता कार्यहरू पर्दछन् । व्यक्तित्वभित्र साहित्यसँग सम्बद्ध नरही समाजका विभिन्न पक्षहरूमा कार्य गरेका यावत कार्यहरूलाई पनि समावेश गरी अध्ययन गरिएको हुन्छ ।

## ३.२ रमेश खनालका व्यक्तित्वका आयामहरू

रमेश खनाल वि.सं. २०२१ सालदेखि हालसम्म साहित्य र साहित्येतर क्षेत्रमा कविता, कथा, जीवनी, निबन्ध (संस्मरण) तथा समालोचना आदि विधामा कलम चलाएर साहित्यिक व्यक्तित्वको निर्माण गर्ने नेपाली साहित्यको एक उत्कृष्ट साहित्यकार हुन् । बहुआयामिक, प्रतिष्ठित, बहुप्रतिभाका धनी रमेश खनालको कला, संस्कृति, पत्रकारिता खेल मनोविज्ञान जस्ता कार्यका र राष्ट्रिय खेलकुद परिषद्को सेवामा संलग्न हुनुको साथै 'अरूपण' कला निर्माण गरेर साहित्येतर व्यक्तित्वको निर्माण भएको छ ।[८९]

### ३.२.१ आन्तरिक व्यक्तित्व

रमेश खनालको आन्तरिक व्यक्तित्वलाई नियाँल्दा उनी सानैदेखि चञ्चल र हँसिला स्वभावका थिए । उनले मनमा लागेका जुनसुकै कुरा पनि तुरुन्तै प्राप्त गर्न चाहना राख्ने बाल स्वभावका थिए ।[९०] साहित्यिक साँस्कृतिक कार्यक्रम तथा राजनैतिक भाषण र मञ्चमा हुने विविध कार्यक्रममा गएर गम्भीर भएर सुन्ने उनको स्वभाव सानैदेखि विकास भएको हो ।[९१] आफ्ना इष्टमित्र र सहपाठीहरूसँग राम्रो व्यवहार गर्ने, काम गर्न थालेपछि नसकी (पूरा नगरी) नछोड्ने उनको बानी छ । युवा कलाकारहरू तथा खेलाडीहरूको मनोबल बढाउने, वरिष्ठ साहित्यकार तथा कलाकारहरूलाई सम्मान गर्ने, मातापिता प्रति अनन्त प्रेम र आदर गर्ने रमेश खनाल रूढिवादीप्रति विश्वास नराख्ने भए तापनि ईश्वरप्रति भने आस्थावान् छन् ।[९२] बिहान सबेरै उठ्ने, व्यायाम गर्ने, आहार-विहारमा ध्यान दिने, समयलाई कत्ति पनि खेरजान नदिने, आफ्नो कार्य सहज रूपमा छिट्टै सक्ने, सबैलाई समय दिने, अरूको इज्जत गर्ने सबैसँग राम्रो व्यवहार गर्ने रमेश खनालको जीवनशैली नियमित रहेको छ । उनी रमाइला र मिजासिला

---

[८९] गोविन्ददेव भट्टसँग मिति २०६६।६।२१ मा भएको अन्तर्वार्ताबाट ।

[९०] उत्तम नेपालीसँग मिति २०६५।१२।२२ मा भएको अन्तर्वार्ताबाट ।

[९१] अनन्तप्रसाद वाग्ले, **कान्तिपुर कोपिला**, (म सानो छँदा), २०६२ फागुन १२ गते शुक्रबार, पृ. घ ।

[९२] रमेश खनालसँग भएको कुराकानीबाट ।

छन् । उनलाई जान्ने बुझ्ने मानिसले उनलाई ज्यादै आदर पूर्वक लिन्छन् । खनाल आफ्ना सहपाठीहरूसँग मात्र होइन आफ्ना शिष्यहरूसँग पनि ज्यादै राम्रो र मित्रवत् व्यवहार गर्छन् । सानैदेखि सबैसँग राम्रो गर्ने, कसैसँग झगडा नगर्ने, कठोर तथा छुद्र व्यवहार नगर्ने र गजक्क नपर्ने, ठूलो बन्नु नपर्ने जस्ता स्वभावले उनी जहिले पनि स्नेहशील सदभावपूर्ण, जाँगरिला, रसिला, फूर्तिला र जोश भएका व्यक्तित्वका रूपमा छन् ।[९३]

झट्ट हेर्दा अलि चञ्चल देखिए तापनि सरल, सहज र शान्त उनी गम्भीर खालका छन् । मुखमा एउटा कुरा मनमा अर्को कुरा नभएका, जे काम आट्यो पूरा गर्ने, देखेको कुरा स्पष्ट भनिदिने, देश हितका कुरा गर्ने, कला र साहित्य विकासका कुरा गर्ने, घमण्ड नगर्ने, कर्तव्य गर्ने तर फलको आशा नराख्ने व्यक्ति हुन् उनी ।[९४] ज्यादै सक्रिय र स्फूर्त, रुचिलागेको काम गहिरिएर सोचेर गर्ने, चिन्तन बढी गर्ने, हतारिने तर नडराइ डटेर कार्य गर्ने स्वभावका[९५] रमेश खनाल समाज एवं राष्ट्रका लागि आफ्नो कीर्ति फिजाउन प्रयत्नशील एक क्षमतावान् व्यक्ति हुन् । स्वाभिमानी र स्वावलम्बी प्रवृत्तिले गर्दा उनी परिआउने जुनसुकै काम आफ्नो मन वचन र कर्मले गर्ने अरूलाई अनादर नगर्ने धार्मिक प्रवृत्तिका छन् । उनी राष्ट्रप्रेमले ओतप्रोत भएकाले देश विकासमा जुन क्षेत्रबाट कार्य गरे पनि हुन्छ तर कार्य गर्नु पर्छ भन्ने विचारका छन् । शिक्षाप्रद बोलीवचन, घमण्ड र मपाइँत्व नभएका, चाकडी, चाप्लुसी नगर्ने, कर्मशील र कर्मयोगी बन्नुपर्छ भन्ने स्वभावका, नाम कमाउन नवीनकार्य गर्नुपर्छ भन्ने उनको आन्तरिक व्यक्तित्वको मूल्याङ्कन गर्दा सरल, सहयोगी, कर्तव्यपरायण, सङ्घर्षशील स्वावलम्बी जस्ता विविध गुण पाइन्छ ।

### ३.२.२ बाह्य व्यक्तित्व

व्यक्तिको बाह्य बनावट अर्थात् शारीरिक बनावट आकार प्रकार नै बाह्य व्यक्तित्व हो । रमेश खनालको बाह्य व्यक्तित्वलाई केलाउँदा उनी ५ फिट ६ इन्च अग्ला, धेरै मोटो पनि होइन पातला पनि होइन ठिक्कको जीउडाल, ठूलो चौडा खुलेको निधार, सर्लक्क परेको नाक, अलिकति अगाडि पछाडि परेका र फाटेका दाँत, ठिक्कका आँखा, चम्किलो अनुहार, सेतै फुलेको कपाल, दारीजुँगा काटेको, फराकिलो मुखाकृति भएका गहुँगोरो वर्णका, ६२ वर्षीय भएर पनि

[९३] गोविन्द भट्टसँग २०६६।६।२१ मा भएको अन्तार्वाताबाट ।

[९४] गेहेन्द्रमान अमात्यसँग २०६५।१२।१७ मा भएको अन्तर्वार्ताबाट

[९५] उत्तम नेपालीसँग २०६५।१२।२२ मा भएको अन्तर्वाताबाट

हृष्ट पुष्ट र फुर्तिला तथा तेजिला व्यक्तित्व देखिन्छन् । शारीरिक सुगठनले शरीरलाई स्वस्थ्य र फुर्तिलो राख्ने एकपटक धरान श्री र एकपटक काठमाडौं श्री³ बनिसकेका छन् ।[९६]

प्रबुद्ध, चेतनशील शारीरिक र मानसिक व्यक्तित्वका धनी रमेश खनाल विविध क्षेत्रमा अगाडि बढेका छन् । अरूलाई सम्मान गर्ने, आफूले गरेको गल्ती सहस्र स्वीकार गर्ने, गोष्ठी भाषण तथा सम्मेलनहरूमा सानैदेखि जाने र त्यसबाट राम्रा कुराहरूलाई ज्ञानका रूपमा लिने, आफूभन्दा सानालाई हरसम्भव सहयोग गर्ने, समयको ख्याल गर्ने, समयमै कार्य गरिसक्नु पर्ने, दृढ भावना भएका उनी बेलाबखतमा आफ्ना आफन्तहरूसँग सरसल्लाह पनि गर्छन् तर निर्णय भने आफ्नै स्वविवेक प्रयोग गर्दै स्व-निर्णय गर्छन् । कसैको नराम्रो कुभलो नगर्ने/नसोच्ने, चियो चर्चा नगर्ने, म ठूलो हुँ सबैले मान्नु पर्छ भन्ने अभिमान नगर्ने विशेषता भएका हक्की, निडर र स्पष्ट वक्ता खनाल आफूलाई सधैं व्यस्त राख्छन् । काम नभएको बन्नु हुँदैन् । एक नवीन कार्यमा लागेर आफ्नो र देशको उन्नति गर्नुपर्छ भन्दछन् ।[९७]

## ३.३ साहित्यिक व्यक्तित्व

कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व त्यस व्यक्तिको कृतिका आधारमा निर्मित भएको हुन्छ । साहित्यमा कविता कथा, जीवनी, उपन्यास, नाटक, निबन्ध आदि विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्व प्रकट भएको हुन्छ । रमेश खनालको साहित्यिक व्यक्तित्व पनि उनका प्रकाशित कृतिहरूको विधागत आधारमा विभिन्न बुँदामा छुट्याउन सकिन्छ ।

वि.सं. २०२१ सालमा 'संसार'[९८] भन्ने कविताबाट काव्य यात्रा थालेका खनालले औपचारिक रूपमा नेपाली साहित्यमा कविता विधाबाटै प्रवेश गरेका हुन् । उनले वि.सं. २०३८ सालमा 'उपेक्षित पक्षहरूलाई जीवनीको एक सम्झौता'[९९] कविता सङ्ग्रह लेखे त्यही नै उनको पहिलो साहित्यिक पुस्तकाकार कृति हो । त्यसपछि क्रमश कविता, जीवनी, कथा, समालोचना र निबन्ध (संस्मरण) जस्ता विधामा तथा कला समीक्षामा कलम चलाएका खनाल उमेरले ६१ नाघ्दा पनि एक क्षण फुर्सद नलिई लगनशील भई साहित्य सिर्जना गर्न निरन्तर लाग्नु अति नै सराहनीय छ । उनको निम्न साहित्यिक व्यक्तित्वको तल चर्चा गरिएको छ ।

---

[९६] रमेश खनालसँगको कुराकानीबाट ।

[९७] उत्तम नेपालीसँग २०६५।१२।२२ मा भएको अन्तर्वार्ताबाट ।

[९८] रमेश खनाल, **दोभान पत्रिका,** (धरान : नर्मल स्कुल, वि.सं. २०२१), पृ. ६१ ।

[९९] रमेश खनाल, 'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता', (काठमाडौं : रघुनाथ खनाल, २०३८) ।

(क) कवि व्यक्तित्व

(ख) जीवनी लेखक व्यक्तित्व

(ग) कथाकार व्यक्तित्व

(घ) निबन्धकार व्यक्तित्व

(ङ) समालोचक व्यक्तित्व

(च) कला समीक्षक व्यक्तित्व

(छ) हाँस्य व्यङ्ग्यकार व्यक्तित्व

## ३.३.१ कवि व्यक्तित्व

रमेश खनालले आफ्नो जीवनमा साहित्य लेखन कार्य कविताबाट गरेका हुन् । उनको पहिलो कविता 'संसार' वि.सं. २०२१ सालमा १६ वर्षको उमेरमा लेखेका हुन् । कविता अलि निरस छ । उनको उमेरलाई मध्यनजर गर्दा कविता रसिक हुनुपर्ने थियो । यो कवितामा उनको उमेरसँग कविताको अर्थ मेल खाँदैन । त्यस पछि वि.सं. २०३८ मा उनले जापानी हाइकु जस्तै शैलीमा अर्को कविता सङ्ग्रह प्रकाशित गरे जुन विलकुलै नयाँ शैलीमा नयाँपन थप्दै आयो । उक्त कविता 'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता' शीर्षकमा छ । यो कवितामा नवीन कुरा भनेको चित्रभित्र तथा चित्रको वरिपरि कविता थोरै शब्दमा लेखिएको छ र कवितामा शब्दको साथै चित्रद्वारा पनि अभिव्यक्ति दिइएको छ । वि.सं. २०३९ मा उनको अर्को कविता सङ्ग्रह प्रकाशित भयो 'तेस्रो झर्को: घाम लाग्यो पानी पऱ्यो'[१००] । यो कविता पनि जापानी हाइकु शैली जस्तै गरी लेखिएको छोटा कविता हुन् । यो सङ्ग्रहमा अस्तित्ववाद विसङ्गतिवाद, अनास्थावाद, प्रतीकवाद, स्वच्छन्दतावाद तथा यथार्थवाद जस्ता आजका सबैजसो प्रचलित वादहरूको प्रभाव परेको छ ।[१०१] यसमा नेपाली सामाजिक धरातल र सांस्कृतिक पृष्ठभूमिलाई पनि राम्रोसँग समावेश गराइएको छ । त्यस्तै वि.सं. २०४३ मा अर्को कविता सङ्ग्रह 'म घाममा पानी पानी हुन्छु' गद्य शैलीको कविता लेखे जसमा कवि रमेश खनालले थोरै शब्दमा धेरै कुरा व्यक्त गरेका छन् । उनले यस कवितामा विद्रोही स्वरलाई उजागर गरेका छन् । साथै प्रायः सबै प्रचलित वादहरूको प्रयोग गरेका छन् । यी तीन कविता सङ्ग्रह पश्चात् थुप्रै फुटकर

---

[१००] रमेश खनाल, 'तेस्रो झर्को-घाम लाग्यो पानी पऱ्यो', (काठमाडौं : रघुनाथ खनाल, २०३९) ।

[१०१] गोविन्द भट्ट, 'तेस्रो झर्को-घाम लाग्यो पानी पऱ्यो', (काठमाडौं : रघुनाथ खनाल, २०३९), पृ. भूमिका ।

कविताहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित गरेका छन् । जस्तै - 'कठै ती बाजे कहाँ होलान !'[१०२] यस कवितामा पण्डित बाजेको कार्यलाई यथार्थ रूपमा मीठो गरी व्यङ्ग्य गरेका र बाजे कहाँ होलान भन्ने विस्मय र प्रश्नका साथ प्रस्तुत भएका छन् । त्यस्तै पण्डितहरूको बुद्धिप्रति गरिएको व्यङ्ग्यलाई पनि प्रस्तुत गरेका छन् । त्यस्तै अर्को कविता 'विश्वासबाट पलाउने : अनन्त चाहनासँगै'[१०३] उनको अर्को फुटकर कविता 'रिसाएको बुद्ध'[१०४] हो । यहाँ मन भित्रको बुद्ध रिसाएपछि शान्ति भङ्ग हुन्छ । यसबाट नल, दमयन्ती, सती साबित्रीको स्थान श्वेतभैरवी र चण्डाल्नीले लिन्छन् भन्ने कुरा व्यक्त गरेका छन् । यसरी अन्य थुप्रै कविताहरू रचना गरेर उनी कवि व्यक्तित्व बन्न पुगे ।

सङ्ख्यात्मक एवम् गुणात्मक दुवै दृष्टिले सफल रहेका उनका कविता नै हुन् । रमेश खनालका कवितामा मानवीय परिस्थिति र सम्झौताहरू भेटिन्छन्, सामाजिक विकृति तथा विसङ्गति प्रति व्यङ्ग्य पनि भेटिन्छन् । थोरै शब्द प्रयोग गरेर व्यङ्ग्यलाई तीव्र किसिमको बनाइएको छ । उनले जापानी हाइकु जस्तै शैलीको छोटा नेपाली कविताहरू लेखेका र त्यसमा प्रतीक र अलङ्कारको पनि प्रयोग गरेका छन् । उनले आफ्नो कविताहरूलाई अरूको भन्दा अलि छुट्टै किसिमको र नयाँ किसिमको प्रयोग गरेका छन् ।[१०५] उनका कवितामा भाषागत परिपक्वता, वक्रता, बौद्धिकता त्यस्तै अन्याय, अत्याचार विरुद्धको विद्रोहका स्वरहरू प्रशस्तै देखिन्छ ।

### ३.३.२ जीवनी लेखक व्यक्तित्व

रमेश खनालको व्यक्तित्वहरूमध्ये जीवनी लेखक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ । उनले जीवनी लेखन गर्दा कलाकारहरूको जीवनी जसले नेपाललाई कलाको देश बनाउन सफल तर छायाँमा परेका त्यस्ता महान् कलाकारहरूको तथा सफलतम् आधुनिक कलाकारहरूका जीवनी लेखेर एकातिर कलाकारहरूको इज्जत तथा सम्मान गरेकाछन् भने अर्कोतिर नेपाली भाषा साहित्यको सेवा गरेका छन् ।[१०६] उनले लेखेका पहिलो जीवनी वयोवृद्ध

---

[१०२] रमेश खनाल, **कविता** त्रैमासिक, पूर्णाङ्क ४१, (काठमाडौं : ने.रा.प्र.प्र., वैशाख, जेठ, असार २०४९), पृ. २३-२६ ।

[१०३] ऐजन, पूर्णाङ्क ४३, कार्तिक, मङ्सिर, पुस, पृ. ४०-४३ ।

[१०४] ऐजन, पूर्णाङ्क ४७, कार्तिक, मङ्सिर, पुस, २०५०, पृ. १६-१७ ।

[१०५] गोविन्द भट्टसँग मिति २०६६।६।२१ मा भएको अन्तर्वार्ताबाट ।

[१०६] गोविन्द भट्टसँग मिति २०६६।६।२१ मा भएको अन्तर्वार्ताबाट ।

कलाकार चन्द्रमानसिंह मास्के (२०४०) हो । जसमा चन्द्रमानसिंह मास्केको जन्म, बाल्यकाल शिक्षा, उनको चित्रकला तथा त्यसको प्रदर्शनी, उनले राणाकालमा भोगेका भोगाइहरू प्रमुख रहेका छन् । यो एउटा पुस्तकाकार कृति २४ पृष्ठ भएको, वि.सं. २०४० मा प्रकाशित जीवनी हो । उनले २०४१ मा विन्स्टन चर्चिलको जीवनी 'चर्चिल' लेखे । यसमा चर्चिलको जन्म, बाल्यावस्था र कलेजका दिनहरू, सैनिक र राजनीतिज्ञ, विवाह र जीवनवृत्ति, युद्ध अगाडिका कठिनाइहरू, प्रथम विश्वयुद्ध, दोस्रो विश्वयुद्ध, युद्धमा अमेरिकाको प्रवेश तथा चर्चिलका अन्तिम वर्ष र मृत्युसम्मका कुराहरू उल्लेख गरिएको छ । उनले वि.सं. २०६३ सालमा 'नेपालका प्रसिद्ध कलाकार' नामक पुस्तकमा १३ जना कलाकारहरूको जीवनी लेखेर नेपालका त्यस्ता कलाकारहरूको नाम र कलाको इज्जतका साथै कलाकारहरूको हराउन लागेको अस्तित्वको रक्षा गर्ने काम गर्दै इतिहास निर्माण गरेका छन् । अर्को जीवनी सङ्ग्रह 'कला स्रष्टा' वि.सं. २०६५ मा उनले २५ जना कलाकारहरूको जीवनी लेखेर उनीहरूलाई इतिहासको पानामा अमर गरिदिएका छन् । यी सङ्ग्रहहरूबाट कलाकारहरू अनन्तसम्म जीवित रहने कुरामा दुईमत हुन सक्दैन । 'कला स्रष्टा'मा सङ्गृहीत जीवनीहरू विभिन्न पत्रपत्रिकामा पहिले नै प्रकाशित भैसकेका थिए ।

### ३.३.३ कथाकार व्यक्तित्व

रमेश खनालको अर्को महत्त्वपूर्ण व्यक्तित्वमा कथाकार व्यक्तित्वलाई लिन सकिन्छ । उनको पहिलो कथा सङ्ग्रह 'एक मुठी माटो' वि.सं. २०५७ को २५४४ औं. बुद्ध जयन्तीको दिन प्रकाशित भैसकेको छ । उक्त सङ्ग्रह साझा प्रकाशनबाट प्रकाशित भएको हो । यसमा २३ ओटा कथाहरू सङ्गृहीत छन् । यो कथा सङ्ग्रहभित्र सङ्गृहीत कथाहरूमा समाजमा रहेका हरेक दुःख, सुख, आशा, निराशा, सहयोग, धोका तथा स्वार्थले सञ्चालित जीवन सबै कुरालाई हृदयस्पर्शी रूपमा प्रस्तुत गरेका छन् ।[१०७] यस सङ्ग्रहमा भएको कथा 'कथा डेभिडको व्यथा सबैको'मा मातृभूमि र आफन्तभन्दा टाढा रहनु पर्दाको चिन्तालाई प्रस्तुत गरेका छन् । 'भावनात्मक सम्बन्ध' भन्नेकथामा कानुनले जे निर्णय गरेपनि भावनात्मक प्रेम वा सम्बन्धको अगाडि कानुन पछाडि नै पर्छ । 'एक मुठी माटो' कथामा त एक त्यागी कविका पादस्पर्श भएको माटोलाई उनकै स्वार्थी ससुराले बोकेर अनन्त यात्राका लागि हिडेको कुरा निकै मार्मिक

---

[१०७] साझा प्रकासन, 'एक मुठी माटो', प्रकाशकीयबाट, (ललितपुर : साझा प्रकाशन २०५७) ।

तथा रोचक ढङ्गले प्रस्तुत गरेका छन् । यस सङ्ग्रहको अर्को कथा 'कम्प्युटर'मा आजभोलि कम्प्युटरको नाम सुनेका तर चलाउन नजानेका र यसका कार्यबारे अनभिज्ञ रहेका मानिसहरूको कथा व्यथा लुकेको छ ।[१०८] यस सङ्ग्रहभित्रका कथाहरू प्रायः सबैमा मनोविज्ञानको प्रभाव रहेको छ ।

रमेश खनालको अर्को कथा सङ्ग्रह 'इन्दिराको भ्यागुतो'जुन मदन पुरस्कारका छनौटका लागि पनि दिइएको सङ्ग्रह हो । यस कथा सङ्ग्रहमा २६ ओटा कथाहरू सङ्गृहीत छन् । पहिलो कथा 'इन्दिराको भ्यागुतो' र अन्तिम कथा 'आधुनिक व्यस्तता' हो । यस कथा सङ्ग्रहभित्रका प्रायःजसो सबै कथामा मनोवैज्ञानिकता पाइन्छ उनका केही कथाहरू असचेत रूपमा उत्तरससंरचनावादतिर अर्थात् उत्तर आधुनिकतातिर ढल्केको पाइन्छ । केही कथाहरू भने जीवन र जगतको ऐनाको रूपमा यथार्थवाद भएको पनि पाइन्छ । कथाहरूमा, अपहरण, आगजनी, घर निकाला, विस्थापन, कैद, अपाङ्गीकरण, शरणार्थी समस्या, चेलीको बिक्री, नारी शोषणजस्ता विषयहरूमा उनका कथा बिषयगत बन्न पुगेको छ ।[१०९] इन्दिराको भ्यागुतो कथा मनोवैज्ञानिक छ जसमा इन्दिराले सानोमा भ्यागुतो मारेकोले अहिले उनलाई भ्यागुतोले सताएको अनुभूति गर्छिन् । उनले घरमा, मन्दिरमा, पुरेत बाजेको शरीरमा जहाँ त्यहिँ भ्यागुतै भ्यागुता देख्छिन् । यो मनोविज्ञानले पूर्ण रहेको कथाको उत्कृष्ट नमुना पनि हो । यस सङ्ग्रहको अन्तिम कथा 'आधुनिक व्यस्तता'मा व्यस्तताका कारण मानवले भोग्नु परेको विवशता, एकल परिवार र सहयोगी भावना नहुनु, पैसाको पछाडि दौडनु, जीवन निर्वाहका लागि एउटाको कमाइ पर्याप्त नहुनु र यौन अतृप्त चाहाना र त्यसको विसङ्गतिपूर्ण परिणतिले जन्माएको अवस्थाप्रति व्यङ्ग्य गरेको पाइन्छ । व्यस्तताको कारण देखाई उनीहरूको यौन जीवन एक अर्कालाई समर्पित नभई अन्यका लागि समर्पित भएको छ ।[११०] यसरी विभिन्न विचार भएका कथा लेखेर उनी एक कुशल कथाकार बन्न पुगेका छन् । उनका साहित्य मध्ये कथा उनलाई मनपर्ने विधा हो ।

---

[१०८] कृष्ण गौतम, 'इन्दिराको भ्यागुतो' (काठमाडौँ : श्रीमती रीता खनाल, २०६३), पृ. (क-झ) सम्म ।

[१०९] ***ऐजन,*** पृ. ङ ।

[११०] मुरारी रेग्मी, **उन्नयन**, त्रैमासिक, माघ, फागुन, चैत, २०६५ पृ. ११४-११५ ।

## ३.३.४ निबन्धकार व्यक्तित्व

रमेश खनाल एक कलाकार हुन् । उनले थुप्रै कला निर्माण गरेका र त्यसको प्रदर्शन गरेका छन् । कलाकार भएका नाताले उनले थुप्रै कला ग्यालरीहरू घुमेका छन् । कला ग्यालरीभित्र देखेका कला तथा अन्य मुलुकका चित्रकला मूर्तिकला आदिका बारेमा अध्ययन पनि गरेका छन् । यसैक्रममा थुप्रै ठाउँको यात्रा पनि गरेका छन् । यिनै कला अवलोकन यात्रा तथा अध्ययनलाई आधार बनाएर उनले संस्मरणात्मक निबन्ध लेखेका छन् । कतिपय अध्ययनका कुराहरूलाई नाटकीय रूप पनि दिइएको छ भने कतिपय अवलोकनलाई जस्ताको त्यस्तै गरी निबन्ध (संस्मरणात्मक लेख) लेखेका छन् । उनको पहिलो निबन्ध संस्मरणात्मक लेख सङ्ग्रह 'विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दा' भित्र १८ ओटा निबन्धहरू छन् । ती निबन्धहरू कुनै यात्रा संस्मरण छन् त कुनै कला अवलोकन संस्मरण, कुनै अध्ययन संस्मरण छन् त कुनै कार्यशालाको संस्मरण छन् तर जे भएपनि ती सबै संस्मरणात्मक निबन्ध हुन् । उनका यी संस्मरणात्मक निबन्ध 'विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दा' भित्र होफको कला ग्यालरी जुन ड्रेसडन शहरमा छ । त्यहाँ अनेकौं कलाकारका ओरिजिनल चित्रहरू हेरेको संस्मरणात्मक निबन्ध हो । यात्रा संस्मरणमा काठमाडौंदेखि धरानसम्मको यात्रा, त्यस्तै अध्ययन चक्रको संस्मरण जसमा श्री सत्यसाइँबाबाबाट सूत्रपात गरिदिनुभएको अध्ययन चक्रलाई कलाकार आशा डंगोलको कलायात्रामाथि अध्ययन चक्र गरेको संस्मरणात्मक निबन्ध लेखेका छन् । उनले अर्को संस्मरणात्मक निबन्ध सङ्ग्रह 'विश्वप्रसिद्ध कलाकार माइकल एन्जेलासँग साक्षात्कार' पुस्तकमा १७ ओटा संस्मरणात्मक निबन्धहरू सङगृहीत छन् । जुन पहिलो सङ्ग्रह जस्तै कला यात्रा र अध्ययनलाई आधार बनाएर निर्माण गरिएको संस्मरणहरूको सङ्ग्रह हो । यसमा सङगृहीत संस्मरणात्मक निबन्धहरू विश्वका प्रख्यात कलाकार व्यक्तित्वहरूसँग भएका साक्षात्कार एक नाटकीय संस्मरण हो भने त्यहा कला ग्यालरीभित्र भएका चित्रहरू तथा मूर्तिहरू भने यथार्थ संस्मरण हो ।

त्यस्तै उनले यात्रा गरेको स्थान जुन नेपाल, दक्षिण भारतको अनन्तरपुर जिल्ला लगायत अन्य पश्चिमा मुलुकहरूको यात्रा संस्मरण छ । यस सङ्ग्रहमा उनले नवशास्त्रीयवाद र यथार्थवादको कलाको पनि संस्मरणात्मक निबन्ध लेखेका छन् ।

## ३.३.५ समालोचक व्यक्तित्व

रमेश खनाल एक समालोचक व्यक्तित्व पनि हुन् । उनले विभिन्न प्रसिद्ध लेखक तथा साहित्यकारका लेख, कथा जस्ता, साहित्यमाथि समालोचना लेखेका छन् । उनले वि.सं. २०६५ वैशाखमा 'अन्तरचेतनामूलक साहित्यिक अध्ययन' शीर्षकमा एक पुस्तक प्रकाशन गरे जसमा १९ ओटा समालोचनात्मक लेखहरू सङ्गृहीत छन् । उक्त सङ्ग्रहमा विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, कुमार ज्ञवाली, गोपालप्रसाद रिमाल, मायाँ ठकुरी, इन्द्रबहादुर राई, पोषण पाण्डे जस्ता प्रख्यात स्रष्टाका कथा, नाटक आदिको मनावैज्ञानिक समालोचनाहरू प्रस्तुत गरेका छन् ।

रमेश खनालले विश्वेश्वरप्रसाद कोइरालाका 'श्वेतभैरवी' मनोवैज्ञानिक कथाको समालोचना गर्दा संवेगात्मक पक्षको आधारबाट गरेका छन् । भाव र संवेग अलग कुरा हुन् । भावको क्षणमा मानिस होसमा नै हुन्छ तर संवेगको क्षणमा उ वेहोसमा कुनै कार्य गरिरहेको हुन्छ भन्ने कुरा प्रस्तुत गरेका छन् । यस कथामा फगुनीको उन्मादलाई श्वेतभैरवीको रूपमा जुन नदीको प्रवाह र उर्लदो भेलको रूपमा कोसीको भङ्गालो जस्तो बेनको कुरालाई संवेगको उग्ररूप भनेका छन् । संवेगात्मक पक्षलाई लिंदा सामान्य, उग्र र सामान्य गरी तीन रूपमा फगुनीको चर्चा गर्दै, रगत, यौन, उत्तेजना र फगुनीको संवेगात्मक स्वरूप जुन उग्र रूपमा पुग्दा अचेतनमा वेहोसीमा गरेका कार्यले यौनाकाङ्क्षाको चरम रूपमा प्रस्तुत भएको तर्क प्रस्तुत गरेका छन् । कहिले प्रकृतिको उग्र रूप त कहिले श्वेतभैरवीको रूपमा फगुनीको संवेगलाई तुलना गरी प्रस्तुत गरेका कुरा खनाल व्यक्त गर्दछन् ।

उनको अर्को समालोचना 'फ्रायडियन मनोविश्लेषणात्मक दृष्टिकोण र काव्यविचार' शीर्षकमा फ्रायडको मनोविश्लेषणको मुख्य आधार मूलप्रवृत्ति नै हो र मानिसको जीवनको मूलप्रवृत्ति र मृत्युको मूलप्रवृत्ति जस्ता परस्पर विरोधी मूलप्रवृत्ति हुन्छ भन्दै मानिसका जीवनका तीन अवस्था चेतन, पूर्वचेतन तथा अचेतनको व्याख्या मनोवैज्ञानिक आधारमा व्यक्त गरेका र फ्रायडको मनोवैज्ञानिक धारणाले काव्यमा पारेको प्रभावलाई यसरी प्रस्तुत गरेका छन् । कवितामा हुने कल्पना, भावना, बुद्धि, रचना आदि तत्त्वहरू इद, अहम् र उच्चअहम् आदि सबै मनोवैज्ञानिक प्रवृत्तिमा परिलक्षित छन् । कविहरूको कविता बुझ्नु छ भने कविलाई नबुझी हुँदैन भन्ने तर्कमा उनी आफ्नो धारणा व्यक्त गर्दछन् ।

### ३.३.६ कला समीक्षक व्यक्तित्व

कला समीक्षा पनि साहित्यको एउटा यस्तो पाटा हो जसमा कलाको बारेमा अध्ययन र अनुसन्धान गरेर त्यसको विश्लेषण गर्ने काम गरिन्छ । रमेश खनाल पनि एक कला समीक्षक हुन् । उनले विभिन्न कलाका बारेमा विस्तृत अध्ययन र अनुसन्धान पश्चात् समीक्षा लेख्ने कार्य गरेका छन् । जसरी कुनै साहित्यको विस्तृत अध्ययन पश्चात् त्यसको समालोचना लेखिन्छ त्यसरी नै कलाका विस्तृत अध्ययन अनुसन्धान पश्चात् त्यसको समीक्षा गरेका छन् खनालले । उनको 'कला मन्थन' नामक पुस्तक कलाको अध्ययन र अनुसन्धान पछि अनुसन्धानात्मक कला समीक्षा लेख्ने कार्यको प्रतिफल हो । यस पुस्तकमा उनले १९ ओटा विषयमा कला समीक्षा लेखेका छन् । यी कला समीक्षाहरूमा विभिन्नवाद, सिद्धान्त त्यस्तै मनोविज्ञानका पक्षहरू, भावनात्मक पक्षहरूको आधारमा कलाको अध्ययन गरेका र अनुसन्धानमूलक कार्य प्रस्तुत गर्दै कला समीक्षा प्रस्तुत गरेका छन् । यस पुस्तकभित्र रहेको पहिलो समीक्षा 'फ्रायडियन चिन्तनभित्र चित्रकला' हो । यसमा फ्रायडले प्रतिपादन गरेको सिद्धान्त अनुरूप मनको अवस्था चेतन, अर्धचेतन र अचेतनसँग कलाकारलाई राखेर चित्रको मूल्याङ्कन गर्न सकिने कुरा व्यक्त भएको छ । मन अर्मूत वस्तु हो । यथार्थवादी चित्रहरू पूर्ण चेतन मनको उपज हुन् भने अतियथार्थवादी र श्वैरकल्पनात्मक चित्रहरू अवचेतन मनको अभिव्यक्ति हो । अर्मूत कलाको सम्बन्ध भने अवचेतन, अर्धचेतन र चेतन क्रियासँग छ भन्ने कुरा व्यक्त गरेका छन् ।

जुनसुकै कलाकारले पनि मेरो चित्र फ्रायडियन चिन्तनभन्दा अलग छ भन्नु त्यस्तै चेतन, अर्धचेतन र अचेतन विमुख छ भन्नु वा सोच्नु सर्वथा गल्ती हुनेछ भन्ने कुरा उल्लेख गरेका छन् । यस पुस्तकमा अरू लेखहरूपनि कलाकै बारेमा अध्ययन र अनुसन्धानको समीक्षा छन् ।

### ३.३.७ हाँस्यव्यङ्ग्यकार व्यक्तित्व

रमेश खनाल एक हाँस्यव्यङ्ग्यकार हुन् । उनले वि.सं. २०४१ सालदेखि नै 'हाँसौ' भन्ने ठट्टा लेख्न थालेका र २०४९ सम्म पनि क्रमशः हाँसौ प्रकाशित गरी ज्यादै रोचक ठट्यौलो ( जोक्स) लेखेका छन् । सबैलाई हँसाउने खनालको 'हाँसौ' सङ्ग्रह खुबै धेरै बिक्रि भएकोले यसबाट उनको आर्थिक उन्नति पनि निकै भएको थाहा हुन्छ । यो क्रमशः १ देखि १० भागसम्म प्रकाशित भएको थियो । तर अहिले यस्तो ठट्टा उनले लेखेका पाइन्न ।

## ३.४ साहित्येतर व्यक्तित्व

रमेश खनाल बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनले साहित्यकासाथ साहित्येतर कार्यमा पनि महत्त्वपूर्ण योगदान दिएका छन् । उनको साहित्यिक व्यक्तित्वभित्र विभिन्न पक्षहरू भए जस्तै साहित्येतर व्यक्तित्वका पनि विभिन्न पाटाहरू छन् । ती यस प्रकारका छन् ।

(क) कलाकार व्यक्तित्व

(ख) प्रशिक्षक व्यक्तित्व

(ग) मनोविज्ञ व्यक्तित्व

(घ) सम्पादक व्यक्तित्व

(ङ) प्रशासक व्यक्तित्व

(च) रेडियोकर्मी व्यक्तित्व

(छ) गैर साहित्यिक लेखक व्यक्तित्व

(ज) बहुभाषी व्यक्तित्व

(झ) समाजसेवी व्यक्तित्व

(ञ) हाँस्य कलाकार व्यक्तित्व

(ट) स्तम्भकार व्यक्तित्व

### ३.४.१ कलाकार व्यक्तित्व

रमेश खनाल एक कलाकार हुन् । उनी अरूपण कलाका प्रवर्तक पनि हुन् । उनले हालसम्म २४ पटक कला प्रदर्शन गरिसकेका छन् । अमूर्त चित्रकला जस्तै अरूपण चित्रकला पनि कुनै यथार्थ रूप नभएको रूपविहीन अर्थात यथार्थ रूप नभएको कलाको रूपमा रहेको चित्र हो । अरूपण चित्रकार खनालले चित्रकला प्रदर्शनका क्रममा धेरै राष्ट्र घुमेर कला प्रदर्शन गरेका छन् । उनले अरूपण चित्रकला निर्माण गर्ने क्रममा 'शिरीषको फूल' (विष्णुदेवी वाइवा अर्थात् पारिजात) उपन्यासलाई चित्रकलामा प्रस्तुत गरिसकेका छन् । उनले 'दोषी चश्मा' ( विश्वेश्वरप्रसाद कोइरालाको) कथा, 'मुनामदन' (लक्ष्मीप्रसाद देवकोटको) गीति खण्डकाव्यमा पनि अरूपण चित्रकलाको प्रदर्शन गरिसकेका छन् । सर्वप्रथम चित्र कोर्दा आफ्नो मुहार चित्र जोन एफ केनेडी र अब्राहम लिंकनको मुहार चित्रसँग बनाएर सबैलाई चकित तुल्याएका थिए ।

त्यसपछि उनले मुहार चित्र तथा यथार्थ चित्रभन्दा अमूर्तताको आडमा निर्मित अरूपण कलालाई आफ्नो पहिचान बनाउन सफल बने ।

## ३.४.२ प्रशिक्षक व्यक्तित्व

रमेश खनाल खेलजगत्मा एक कुशल प्रशिक्षक व्यक्तित्वका रूपमा परिचित छन् । उनले धेरै पटक प्रशिक्षकका रूपमा काम गरिसकेका छन् । उनले सन् १९८० मा मस्को ओलम्पिकमा भारोत्तोलन खेलको प्रशिक्षक भएर कार्य गरेका थिए । उनले सन् १९८८ मा सियोल ओलम्पिकमा भारोत्तोलन महासङ्घको निर्णायक रहेका थिए । उनले साफ खेलमा पनि निर्णायक, प्रशिक्षक लगायत थुप्रै भूमिका निभाएका थिए । खेल क्षेत्र बाहेक चित्रकलाको क्षेत्रमा पनि उनी सेवा भावका साथ प्रशिक्षक भएर कार्य गर्ने गरेका छन् । पाँचौ राष्ट्रिय खेलकुदका विभिन्न खेलका खेलाडीको मनोविज्ञान विभाग अन्तिम वर्षका विद्यार्थीहरूले रमेश खनालकै निर्देशन र निरीक्षणमा मनोविज्ञान अध्ययन गर्ने कुराबाट उनी मनोविज्ञान प्रशिक्षकका रूपमा पनि संलग्न भएको कुरा नकार्न सकिन्न ।

## ३.४.३ मनोविज्ञ व्यक्तित्व

रमेश खनाल एक खेलकुद मनोविज्ञ हुन् । उनले खेल मनोविज्ञानमा स्नातकोत्तर गरेका छन् । उनले समय समयमा अन्तर्राष्ट्रिय खेलाडीहरूलाई मनोविज्ञानको प्रशिक्षण दिने गरेका छन् । त्यस्तै प्रशिक्षकहरूलाई मनोविज्ञान तालिम पनि दिने गरेका छन् । त्रिभुवन विश्वविद्यालय मनोविज्ञान विभागमा विद्यार्थीहरूलाई प्रेरणा दिने लगायत प्रशिक्षण गर्ने कार्य पनि गरेका छन् । उनले लेखेका कथाहरूमा मनोविज्ञानको प्रभाव रहेको छ । मनोवैज्ञानिक चित्रबाट उनले आफ्नो चित्रकारितालाई पनि अगाडि बढाएका छन् ।

## ३.४.४ सम्पादक व्यक्तित्व

रमेश खनाललाई एक सम्पादकका रूपमा पनि हेर्न सकिन्छ । उनले 'नेपाल श्री' एवम् 'कला र कलाकार' नामक मासिक र द्वैमासिक पत्रिकाको कार्यकारी सम्पादक भएर पनि केही समय काम गरेका थिए ।

### ३.४.५ प्रशासक व्यक्तित्व

रमेश खनाल एक कुशल र दक्ष प्रशासक हुन् । उनले वि.सं. २०३३ सालदेखि वि.सं. २०४५ सालसम्म नेसनल ट्रेडिङको व्यापार निगमको पैठारी अधिकृत (पैठारी तथा अनुसन्धान अधिकृत) भएर काम गरे । वि.सं. २०४५ देखि वि.सं. २०६५ सालसम्म राष्ट्रिय खेलकुद परिषद्मा खेलकुद विकास विभाग र भिजन २020 परियोजना प्रमुख भएर काम गरेका थिए । उनी वि.सं. २०६५ साल चैत २८ गतेदेखि सेवा निवृत्त भए ।

### ३.४.६ रेडियोकर्मी व्यक्तित्व

रमेश खनाल बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनी धेरै क्षेत्रमा हात हालेर सफल कार्य गर्ने व्यक्ति बन्न सफल छन् । यसै क्रममा उनले वि.सं. २०५३ सालदेखि वि.सं. २०५७ सालसम्म रेडियो सगरमाथामा कार्य गरे । त्यहाँ उनले 'क्यानभास' साप्ताहिक कार्यक्रम सञ्चालन रेडियो मार्फत ललितकलाको विकासमा योगदान पुऱ्याएर एक सफल रेडियो कर्मी पनि बन्न सफल भए ।

### ३.४.७ गैरसाहित्यिक लेख लेखक व्यक्तित्व

उनले साहित्य सम्बन्धी पुस्तकका साथै गैर साहित्यिक पुस्तक जुन 'सार्वजनिक संस्थान' नामले प्रकाशन गरे । त्यसले लोकसेवा आयोग दिने परीक्षार्थीहरूको लागि संस्थानसम्बन्धी जानकारी दिनुको साथै पुनर्ताजगी गर्न सहयोग पुऱ्याएको र यसको प्रकाशन २०३६ साउनमा भएकोले हाल केही संस्थानहरू परिवर्तन भैसकेका केही नाम परिवर्तन भएका र केहीको कार्यशैलीमा परिवर्तन भएकोले आजको परिस्थितिमा यसको औचित्यमा केही कमी महसुस भए पनि यो एक ज्ञानवर्द्धक पुस्तकको रूपमा रहेको छ ।

### ३.४.८ बहुभाषी व्यक्तित्व

रमेश खनाल जसरी धेरै कार्य गरेर बहुमुखी प्रतिभाका धनी बने त्यसैगरी उनी धेरै भाषाका ज्ञाता बनेर बहुभाषी व्यक्तित्व बन्न पनि सफल छन् । उनी नेपाली बाहेक अङ्ग्रेजी, हिन्दी, जर्मनी भाषा बोल्न र लेख्न सक्छन् । आफ्नो मातृभाषा सहित अरू तीन भाषाको ज्ञान भएकोले उनलाई बहुभाषी व्यक्तित्वभन्दा फरक पर्दैन ।

### ३.४.९ हाँस्य कलाकार व्यक्तित्व

रमेश खनाल एक कला अभिनेता पनि हुन् । उनले 'नमस्ते' नामक हाँस्य टेलिचलचित्रमा हाँस्य अभिनेताका रूपमा काम पनि गरिसकेका छन् ।[१११] 'नमस्ते' मा उनले लगभग आठ महिना काम गर्दा लगभग ३० भन्दा बढी भागमा काम गरिसकेका छन् । यो नमस्ते हाँस्य टेलिचलचित्र नेपाल टेलिभिजनबाट निर्माण गरिएको हो ।

### ३.४.१० स्तम्भकार व्यक्तित्व

रमेश खनालले साहित्य, कला र खेलसम्बन्धी विभिन्न कुराहरू स्तम्भको रूपमा विभिन्न पत्रिकामा लेखेर स्तम्भकारका रूपमा परिचित छन् । उनले पहिले रूपरेखा मासिक पत्रिकामा २ वर्ष, जनमञ्च साप्ताहिकमा, २ वर्ष, स्पेश टाइममा ३ वर्ष, साप्ताहिक प्रजातन्त्रमा २ वर्ष, कान्तिपुर दैनिकमा समय समयमा लगभग ३ वर्ष, हाल नागरिक दैनिकमा समय समयमा स्तम्भ प्रकाशित गरी एक स्तम्भकारका रूपमा परिचित व्यक्तित्व बन्न पुगेका छन् ।

### ३.४.११ समाजसेवक व्यक्तित्व

नेपाली साहित्य, नेपाली कला तथा खेल जगत्मा त उनको कार्यलाई ठूलो गनिनु नै पर्दछ । यो उनले गरेको ठूलो सेवा पनि हो । यी तीन क्षेत्रबाहेक उनले थुप्रै क्षेत्रमा सेवा पुऱ्याउँदै आएका छन् । उनले एक्सप्लोर साइकोलजी नेपाल (EPN) को अध्यक्ष भएर मनोविज्ञानसम्बन्धी विभिन्न कामहरु गरिरहेका छन् । त्यस्तै गरी सत्यसाइँ केन्द्र नक्साल ( नारायणचौर) मा नित्य १ घण्टा (विहान ५ : ५५ देखि ६ : ५५ सम्म) योगा सिकाउँछन् । उनले सिकाएको योगाले धेरैले स्वास्थ्य लाभ गरेका छन् । त्यही केन्द्रमा उनले शनिबार बालबालिकाहरूका लागि १ घण्टा (७ : १५ देखि ८:१५ सम्म) चित्रकला कक्षा पनि विगत तीन वर्षदेखि सञ्चालन गरिरहेका छन् । उनी खोलागाल युवाक्लवको विगत १० वर्षदेखि अध्यक्ष रहेका र त्यहाँ उनले टोलसुधार, ढल, बत्ती, बाटो र स्वास्थ्यसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरेर टोललाई राम्रो बनाउन हरदम तत्पर रहनुका साथै त्यहाँ दुध वितरण व्यवस्थापन गर्ने, चेतनामूलक विभिन्न कार्यक्रम सञ्चालन गर्ने गरेका छन् । यी सबै कार्य गरे बापत उनी कुनै शुल्क लिदैनन् । तसर्थ उनी एक समर्पित र महान् समाज सेवक हुन् ।

---

[१११] रमेश खनाल, **'हाँसौं' भाग ३,** काठमाडौं : रघुनाथ खनाल, २०४७, अन्तिम आवरण पृष्ठ ।

## ३.५ निष्कर्ष

रमेश खनालको झण्डै ६१ वर्षे लामो जीवनमा उनले साहित्य, कलाको सेवा गर्दै जागीरे जीवन पनि व्यतित गरे । खेल मनोविज्ञ, प्रशिक्षक, रेडियोकर्मी आदि थुप्रै कार्य गरेर राष्ट्र सेवकको रूपमा पनि खरो उत्रिएका छन् । यसरी थुप्रै भूमिका निर्वाह गर्दै जीवनलाई अगाडि बढाउने खनालले जीवनमा दुःख भोग्नु नपरे तापनि समाजमा घटने दुःखपूर्ण भोगाइलाई उनले राम्रोसँग बुझेका र अध्ययन गरेका छन् । त्यसैले उनको साहित्यमा सुख, दुःख, पीर, व्यथा, हाँसो, आँसु सबैकुरालाई राम्रोसँग देख्न सकिन्छ । उनको साहित्यमा उत्तर आधुनिकताको रङ्ग उत्तरसंरचनावादको प्रयोग तथा मनोविज्ञानको प्रभाव स्पष्ट रूपमा झल्किएको पाइन्छ । लोकतान्त्रिक विचारधारामा विश्वास राख्ने खनाल एक कुशल मनोविज्ञ भएकाले उनका साहित्यमा मनोविज्ञानको प्रभाव पनि राम्रोसँग देख्न सकिन्छ । साहित्यमा मात्र नभइ उनको अरूपण कलामा पनि मनोविज्ञानले ठूलो प्रभाव पारेको देखिन्छ । उनी चित्रमा रङ्गको माध्यमबाट मानवमनका भावनालाई व्यक्त गर्न साह्रै सिपालु देखिन्छन् ।

कार्यालयमा पनि एक कुशल प्रशासक, प्रशिक्षक र मनोविज्ञका रूपमा उनले निकै महत्त्वपूर्ण भमिका खेलेका छन् । जीन्दगीको एकसट्ठी वर्षे अवधिलाई निकै सहज, सरल र सफल बनाउँदै समयको गति अनुरूप चल्दै जीवनलाई सङ्घर्षपूर्ण बनाउँदै सधैँ सक्रियरूपमा नवीन कार्यमा लागिरहने उनको बानी छ । काम गर्न पछि नहट्ने, सबैलाई राम्रो व्यवहार गर्ने, सधैँ अरूलाई सहयोग गर्ने खनाल देश विदेशमा गरी २४ पटक एकल चित्रकला प्रदर्शन गरिसकेका र करिव १५ ओटा पुस्तकाकार कृतिहरू प्रकाशित गरिसकेका छन् भने केही पुस्तकहरू प्रकाशनका तयारीमा छन् ।

# अध्याय चार

# रमेश खनालको साहित्य यात्रा तथा सृजनात्मक साहित्यिक पुस्तकाकार कृतिहरूको अध्ययन र विश्लेषण

## ४.० पृष्ठभूमि

कुनै पनि कवि तथा साहित्यकारले आफ्नो रचना तयार गरेपछि त्यसलाई सधैं रहिरहोस् चिरकालसम्म रहोस् भन्ने चाहना राखेको हुन्छ । त्यसैकारण त्यस रचनाको पाण्डुलिपिलाई पुस्तकाकार रूप दिन चाहन्छ । यसरी तयार गरिएका पुस्तकाकार कृतिहरू विभिन्न प्रयोजनार्थ पनि तयार गरिएको हुन्छ । कसैले यो धेरै समयसम्म रहोस भन्ने चाहेको हुन्छ त कसैले व्यापारिक दृष्टिकोणले त्यसलाई, बिक्री गरी अर्थोपार्जन हुन्छ भन्ने उद्देश्यले, कसैले आफूलाई सबैले चिनुन भन्ने हुन्छ । त्यस्तै कसैले आफ्नो सौख पूरा गर्न पनि पुस्तकाकार कृति निर्माण गरेको हुन्छ । तर जे उद्देश्य भए तापनि त्यसले भाषा र साहित्यको विकासमा ठूलो भूमिका निभाएको हुन्छ ।

पहिले-पहिले नेपाली भाषालाई पण्डित वर्गहरू 'भाखा' भनेर होच्याउँथे । बरु अवधि र ब्रज भाषाको कदर थियो । भाषालाई उत्कृष्ट बनाउन साहित्यको ठूलो आवश्यकता पर्छ । वि.सं. १८०० देखिमात्र नेपाली भाषाको साहित्य रचना हुन थाल्यो । आदिकवि भानुभक्त, युवक कवि मोतीराम जस्ता कवि-लेखकको उदय पछि बिस्तारै नेपालमा सानो एक प्रेस वि.सं. १९०८ मा 'नेपाल मनोरञ्जन यन्त्रालय' (गिद्दे प्रेस) स्थापना भयो ।[११२] त्यसपछि नेपालमै पुस्तकहरू छापिन सुरु भयो । वि.सं. १९५९ मा गोरखापत्र छापाखान र वि.सं. १९७० मा गोरखा भाषा प्रकाशिनी समिति खुल्यो । यसपछि विविध प्रतिबन्ध हुँदा हुँदै पनि विभिन्न साहित्यकारहरूको पुस्तकाकार कृतिहरू प्रकाशित हुन थाले । अहिले त यसको भेल नै बगेको जस्तो लाग्छ ।[११३]

---

[११२] कृष्णप्रसाद पराजुली, **राम्रो रचना : मीठो नेपाली**, एक्काइसौं संस्करण, (काठमाडौं : सहयोगी प्रेस, २०५५), पृ. ३१६-३१७ ।

[११३] *ऐजन,* ३१७ ।

## ४.१ नेपाली साहित्यमा रमेश खनालको आगमन, लेखन यात्रा तथा प्रेरणा र प्रभाव

रमेश खनालका बुबा रघुनाथ खनाल तथा आमा स्वं नन्दादेवी खनाल दुवै शिक्षित र शिक्षित परिवारका थिए । उनका बुबा एक कवि पनि भएकाले सानैबाट विभिन्न पत्रिकामा बुबाको कविता प्रकाशित हुँदा उनी पुलकित हुन्थे । आमाले पनि रामायण, महाभारत स्वस्थानीका नीतिशिक्षा दिने खालका थुप्रै कथाहरू सुनाउँथिन । उनी आफैँ पनि केशवराज पिँडाली, सूर्यविक्रम ज्ञवाली, वैरागी काइँला, भवानी भिक्षु, बालकृष्ण सम, भैरव अर्याल जस्ता कवि तथा साहित्यकारका रचनाहरू पढ्थे र प्रभावित पनि हुन्थे साथै प्रेरणा पनि मिल्थ्यो । विश्वसाहित्यमा मोपासा, चेखव, टल्सटाय, बासो, पुस्किन जस्ता साहित्यकारबाट पनि उनी प्रभावित भएकाले[११४] उनलाई पनि साहित्य लेख्न जमर्को चल्यो । उनी १६ वर्षको हुँदा उनले 'दोभान' पत्रिकामा 'संसार'[११५] भन्ने कविता लेखेर औपचारिक रूपमा नेपाली साहित्यको लेखन यात्रामा प्रवेश गरेका हुन् । उनलाई लेखनकार्य गर्न प्रेरणा दिने थुप्रै व्यक्तित्वहरू जस्तै ईश्वर वल्लभ, गोविन्द भट्ट, रमेश विकल, ध्रुवचन्द्र गौतम लगायत रूपरेखा पत्रिकाका सम्पादकद्वय स्व.उत्तम कुँवर र स्व. बालमुकुन्ददेव पाण्डे हुन् । यसरी कसैको प्रभाव र कसैको प्रेरणाबाट नै उनी एक कलाकारका अतिरिक्त साहित्यकारको रूपमा नेपाली साहित्यमा प्रवेश गर्न सफल भए ।

### ४.१.१ लेखन आरम्भ र प्रकाशनको थालनी

रमेश खनालले धेरै नेपाली तथा विश्वसाहित्य क्षेत्रका साहित्यकारहरूका तथा आफ्नै आमा बुबाको प्रेरणा र प्रभावबाट साहित्य लेखन आरम्भ गरेका भए पनि उनको रचनाहरूको प्रकाशन थालनी वि.सं. २०२१ मा **दोभान** पत्रिकाबाट भयो । उनले विविध विधामा कलम चलाएर कविता, जीवनी, ठट्टा, कथा, संस्मरण, समालोचना तयार पारे त्यसको फुटकर लगायत पुस्तकाकार रूप पनि छन् । उनका फुटकर कृतिहरू **दोभान, कविता, समकालीन साहित्य, प्रज्ञा, मधुपर्क, गरिमा, गोरखापत्र**, **युवामञ्च**, **स्पेश टाइम**, **आकृति**, **साप्ताहिक विमर्श**, **कान्तिपुर** जस्ता पत्रपत्रिकामा प्रकाशित छन् भने उनका सृजनात्मक साहित्यिक पुस्तकाकार कृतिहरू पनि १२ ओटा छन् ती यस प्रकार छन् :

---

[११४] रमेश खनालसँग भएको कुराकानीबाट ।

[११५] रमेश खनाल, **दोभान** पत्रिका, (धरान : नर्मल स्कुल, २०२१), पृ. ६१ ।

| क्र.सं. | कृतिको नाम | विधा | पृष्ठ | वर्ष | महिना |
|---|---|---|---|---|---|
| १ | उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता | कविता | २६ | २०३८ | वैशाख |
| २ | तेस्रो झर्को: घाम लाग्यो पानी पऱ्यो | कविता | १०३ | २०३९ | पुस |
| ३ | वयोवृद्ध कलाकार चन्द्रमानसिंह मास्के | जीवनी | २४ | २०४० | असोज |
| ४ | चर्चिल | जीवनी | ३७ | २०४१ | |
| ५ | म घाममा पानी पानी हुन्छु | कविता | २८ | २०४३ | |
| ६ | हाँसौ | ठट्टा | | २०४७ | असार |
| ७ | एक मुठी माटो | कथा | ६८ | २०५७ | जेठ |
| ८ | इन्दिराको भ्यागुतो | कथा | १०८ | २०६३ | असोज |
| ९ | नेपालका प्रसिद्ध कलाकार | जीवनी | ८६ | २०६३ | कार्तिक |
| १० | विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दा | संस्मरण | ९० | २०६४ | मंसिर |
| ११ | विश्वप्रसिद्ध कलाकार माइकल एञ्जेलोसँग साक्षात्कार | संस्मरण | ९० | २०६४ | मंसिर |
| १२ | कला स्रष्टा | जीवनी | ९० | २०६५ | वैशाख |

त्यस्तै गरी उनको समीक्षात्मक तथा समालोचनात्मक कृतिहरूका दुई पुस्तकाकार कृति छन् ती यसप्रकार छन् ।

| क्र.सं. | कृतिको नाम | विधा | पृष्ठ | वर्ष | महिना |
|---|---|---|---|---|---|
| १ | कला मन्थन | कलासमीक्षा | ९० | २०६३ | मंसिर |
| २ | अन्तरचेतनामूलक साहित्यिक अध्ययन | समालोचना | ९० | २०६४ | वैशाख |

यसैगरी उनको गैर साहित्यिक रचना 'संस्थान परिचय' पनि प्रकाशित छ ।

### ४.१.२ रमेश खनालको लेखन यात्राको चरण विभाजन

रमेश खनाल साहित्यकार मात्र नभई एक कलाकार पनि हुन् त्यसैले उनको कलायात्रा र साहित्ययात्रा प्रायः सँगसँगै अगाडि बढेको पाइन्छ । दुवै क्षेत्रलाई समय थुप्रै चाहिन्छ । यी क्षेत्र बाहेक उनको जागीरे जीवन र पारिवारिक पृष्ठभूमि सबैहेर्दा उनले साहित्यमा पहिले त्यति धेरै निरन्तरता दिन सकेको पाइन्न उनको लेखन यात्रालाई लिँदा उनको लगभग साँढे चार दशक लामो यात्रा देखिन्छ । यसलाई मुख्यतः दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

(क) पूर्वार्द्ध चरणः अभ्यासकाल (वि.सं. २०२१ - २०५६)

(ख) उत्तरार्द्ध चरणः विकासकाल (वि.सं. २०५७ - २०६५)

#### ४.१.२.१ पूर्वार्द्ध चरणः अभ्यासकाल (वि.सं. २०२१–वि.सं. २०५६)

वि.सं. २०२१ सालमा **दोभान** पत्रिकामा संसार नामक कविता प्रकाशित गरेर नेपाली साहित्यमा उदाएका रमेश खनालको पूर्वार्द्ध चरणमा कविता साहित्य, ठट्टा र जीवनी साहित्यमा मात्र सीमित भएको पाइन्छ । उनले २०३७ सम्म त खासै फूटकर रूपमा मात्र कविता र जीवनी लेखे । त्यसवेला रचिएका उनका कविताहरू गद्यरूपमा पाइएका छन् ।

उनको पहिलो कविता → **दोभान** पत्रिकाबाट प्रकाशित थियो जुन यस प्रकार छ :

**'संसार'**

यो संसार हो साथी
यो संसार हो
यहाँ नआऊ साथी
यहाँ साँझमा कुकुर भुक्छ,
यो संसार हो ...
साथी यहाँ सानवले मानवको
अपमान गर्दछ ।
साथी यहाँ मानवका जीउँदो
लासलाई मरेतुल्य ठानिन्छ ।
साथी यो संसार हो
यो संसार हो ।[११६]

---

[११६] *ऐजन,* पृ. २ ।

यस समयमा उनले सम्पादन क्षेत्रमा पनि कार्य गरेको तथा स्तम्भ लेखनमा पनि उनले कलम चलाएका देखिन्छ । समग्रमा हेर्दा विभिन्न पत्रपत्रिकामा लेख रचना प्रकाशित भएको पाइन्छ । २०३८ सालमा उनको पहिलो कविता सङ्ग्रह 'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता'[११७] प्रकाशित भयो । त्यसमा उनले जापानी हाइकु शैलीमा छुट्टै किसिमको विशेषताका साथ प्रस्तुत भए । चित्रको वरिपरि कविता लेखिएको छ । ती कविताहरू जीवनले जस्तो उपेक्षित घडीमा पनि सम्झौता गर्नु परेको कुरा उनले प्रकट गरेका छन् । २०३९ सालमा उनले अर्को कवितासङ्ग्रह प्रकाशित गरे 'तेस्रो झर्कोः घाम लाग्यो पानी पऱ्यो'[११८] यो पनि हाइकुशैलीकै कविता जसमा जीवनप्रति व्यङ्ग्यहरू छन् । उनले २०४० मा 'वयोवृद्ध कलाकार चन्द्रमानसिंह मास्के'[११९] को संक्षिप्त जीवनी लेखेर प्रकाशित गरे जसमा चन्द्रमानसिंहको जन्मदेखि उनको शिक्षादीक्षा उनको चित्रकला, मूर्तिकला आदिका बारेमा लेखेर चन्द्रमानसिंह एक कलाकार भनेर नचिन्नेले पनि चिन्ने गरी उनको जीवनी लेखेका छन् । २०४१ सालमा उनले विन्स्टन चर्चिल एक रेखाङ्कन प्रकाशित गरे ।[१२०] त्यसमा बेलायतका एक संभ्रान्त परिवारका व्यक्ति चर्चिलले बेलायतमा गरेको राजनीति, उनको जन्म देखि मृत्यु पर्यन्तका कुराहरू लेखिएको छ । २०४३ मा अर्को एक कविता 'म घाममा पानी पानी हुन्छु'[१२१] नामक गद्य कविता लेखेर प्रकाशित गरे यस कवितामा विद्रोहीस्वर घन्केको पाइन्छ । २०४७ देखि २०४९ सम्म उनको हाँसौ[१२२] भन्ने ठट्टा अर्थात चुट्किला (जोक्सहरू)को सङ्ग्रह प्रकाशित भयो । यो क्रमशः १ भाग देखि १० भागसम्म प्रकाशित गरे । पछि उनको अरू पुस्तकाकार कृति भने यो कालमा देखिएन । उनको यो समयावधिका कविता तथा लेख रचनामा पाइने विशेषता यस प्रकार छन् ।

१. क्रान्तिचेत

२. मानवतावादी स्वर

---

११७ रमेश खनाल, 'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता', (काठमाडौं : रघुनाथ खनाल, २०३८) ।

११८ रमेश खनाल, 'तेस्रो झर्को धाम लाग्यो पानी पऱ्यो', (काठमाडौं : रघुनाथ खनाल, २०३९) ।

११९ रमेश खनाल, 'वयोवृद्ध कलाकार चन्द्रमान सिंह मास्के', (काठमाडौं : रघुनाथ खनाल, कला र कलाकार पत्रिका, २०४०) ।

१२० रमेश खनाल, चर्चिल, काठमाडौंः रघुनाथ खनाल २०४१

१२१ रमेश खनाल, 'म घाममा पानी पानी हुन्छ', (काठमाडौं : रघुनाथ खनाल, २०४३) ।

१२२ रमेश खनाल, **'हाँसौ' (ठट्टा)**, (काठमाडौं : रघुनाथ खनाल, नेपाल श्री, कला र कलाकार, २०४७-२०४९) ।

३. सामाजिक विकृतिप्रति विद्रोह

४. व्यङ्ग्य

५. हाँसो ठट्टा

६. उत्तरआधुनिकतावादी चेत

## ४.१.२.२ उत्तरार्द्ध चरण : विकासकाल (२०५७ देखि हालसम्म)

रमेश खनालको साहित्य सिर्जनाका क्रममा उनको उत्तरार्द्ध चरणमा उनले संख्यात्मक र गुणात्मक दुवै रूपमा उच्चता नै प्राप्त गरेका छन् । यस समयमा उनका पुस्तकाकार कृतिहरूमा कथा, जीवनी, कलासमीक्षा, संस्मरण, समालोचना पर्दछन् । आठओटा पुस्तकाकार कृति उनको विकास कालमा निर्माण भएको छ । उत्तरार्द्ध चरणको पहिलो पुस्तकाकार कृति 'एक मुठी माटो'[१२३] कथा सङ्ग्रहभित्र २३ ओटा कथा सङ्गृहीत छन् । त्यसपछि २०६३ असोजमा 'इन्दिराको भ्यागुतो[१२४] कथा सङ्ग्रह जसमा २६ ओटा कथा प्रकाशित गरेका छन् । त्यसपछि उनका २०६३ कार्तिकमा 'नेपालका प्रसिद्ध कलाकार'[१२५] नामक जीवनी सङ्ग्रह प्रकाशित भयो । यसमा १३ जना कलाकारको जीवनी र उनीहरूले कलामा गरेको योगदानका बारेमा लेखिएको छ । २०६३ मंसिरमा 'कला मन्थन'[१२६] नामक पुस्तक प्रकाशित गरे । २०६४ वैशाखमा अन्तरचेतनामूलक साहित्यिक अध्ययन[१२७] नामक समालोचना प्रकाशित गरे । त्यस्तै 'विश्वप्रसिद्ध कलाकार माइकल एन्जेलोसँग साक्षात्कार'[१२८] र 'विश्वप्रसिद्ध कलाग्यालरीमा फन्को मार्दा'[१२९] नामक संस्मरणात्मक निबन्ध/लेख गरी जम्मा २ ओटा पुस्तक एकै वर्ष अर्थात २०६४ मंसिर महिनामा प्रकाशित गरे । २०६५ वैशाखमा 'कला स्रष्टा'[१३०] नामक जीवनी सङ्ग्रह प्रकाशित गरे ।

---

१२३ रमेश खनाल, 'एक मुठी माटो', (काठमाडौं : रघुनाथ खनाल, २०५७) ।

१२४ रमेश खनाल, 'इन्दिराको भ्यागुतो' काठमाडौं : श्रीमती रीता खनाल २०६३ ।

१२५ रमेश खनाल, 'नेपालका प्रसिद्ध कलाकार', (काठमाडौं : रघुनाथ खनाल, २०६३) ।

१२६ रमेश खनाल, 'कला मन्थन', (काठमाडौं : रघुनाथ खनाल, २०६३) ।

१२७ रमेश खनाल, 'अन्तरचेतनामूलक साहित्यिक अध्ययन', (काठमाडौं : श्रीमती रीता खनाल, २०६४ वैशाख) ।

१२८ रमेश खनाल, 'विश्वप्रसिद्ध कलाकार माइकल एन्जेलोसँग साक्षात्कार, काठमाडौंः रघुनाथ खनाल, कला र कलाकार २०६४ ।

१२९ रमेश खनाल, 'विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दा, काठमाडौंः रघुनाथ खनाल २०६४ ।

१३० रमेश खनाल, 'कला स्रष्टा', (काठमाडौंः रघुनाथ खनाल कला र कलाकार, २०६४ मंसिर) ।

यसरी यो उत्तरार्द्धकालमा संख्यात्मक हिसाबले पनि धेरै पुस्तक प्रकाशित गरेको तथा ती पुस्तकमा लेखन स्तरीयतामा पनि बृद्धि भएको पाइन्छ । यस उत्तरार्द्ध चरणका विशेषताहरू निम्न छन् ।

(१) मनोवैज्ञानिक
(२) यथार्थ
(३) उत्तरआधुनिक
(४) नारीचेत
(५) क्रान्तिचेत
(६) सामाजिक विकृति र कुरीतिप्रति विद्रोह
(७ अध्यात्मचेत
(८) मानवतावादी स्वर
(९) व्यङ्ग्य
(१०) प्रकृति चित्रण
(११) प्रणय चित्रण
(१२) राजनीतिक विसङ्गतिको चित्रण
(१३) राष्ट्रियता
(१४) आत्मपीडा

## ४.१.२.३ निष्कर्ष

औपचारिक रूपमा २०२१ सालदेखि साहित्य लेखनमा लागेका साहित्यकार खनालको लगभग साँढे चार दशकको साहित्य यात्रा सुरु सुरुमा केही अपरिपक्क र नियमसङ्गत नदेखिए तापनि दिन प्रतिदिन उनको लेखन प्रौढ र परिपक्क बन्दै गएको छ । आफ्नो साहित्य यात्रामा लगभग डेढ दशकसम्म विभिन्न पत्रपत्रिका र साहित्यिक कार्यक्रमहरूमा फाट्ट फुट्ट देखिए तापनि २०३८ वैशाखमा भने उनले पहिलो कृति प्रकाशित गरे त्यसपछि हालसम्म पनि उनी लेखन तथा प्रकाशनकार्यमा पछाडि परेका छैनन् । उनले साहित्यिक यात्रामा सबैभन्दा धेरै त कलासम्बन्धी रचना नै प्रकाशन गरेका छन् । उनका कविताहरू प्रायःजसो जापानी हाइकुशैलीलाई नेपालीकरण गरी लेखिएका छन् भने कुनै गद्यात्मक शैलीमा पनि लेखिएका छन् । उनले कविता, कथा, जीवनी, संस्मरण, कलासमीक्षा र समालोचना तथा हाँस्य ठट्टा पनि लेखेका छन् । उनले आफ्नो साहित्य यात्राका पूर्वार्द्धसमयमा कविता, र जीवनीलेखनमा यथार्थता मानवतावादी स्वर र सामाजिक विकृतिप्रति विद्रोह गर्दै व्यङ्ग्यात्मक कविता लेखे भने उत्तरार्द्ध चरणमा कथा, जीवनी, संस्मरण र समालोचना लेख्दै त्यसमा मनोवैज्ञानिकता, यथार्थता, नारीचेतना, क्रान्ति चेतना, अध्यात्म चेतना, प्रणय चेतना, प्रकृति चित्रण, राष्ट्रियता, सामाजिक कुसंस्कार र विकृतिप्रति विद्रोह, आत्मपीडा जस्ता कुरालाई मनोवैज्ञानिक उत्तरआधुनिक र यथार्थवादी लेखनद्वारा आफ्नो साहित्यिक यात्रा तय गरेका छन् ।

## ४.२ रमेश खनालका पुस्तकाकार कृतिको अध्ययन

रमेश खनालले रचना गरेका १५ ओटा पुस्तकाकार कृतिहरूमध्ये १२ कृतिहरूको अध्ययन विश्लेषण गर्ने कार्य यहाँ गरिएको छ । ती कृतिहरू उनका सृजनात्मक साहित्यिक कृतिमात्र यहाँ अध्ययन गरिन्छ । समालोचनात्मक र समीक्षात्मक कृतिको अध्ययन यहाँ गरिने छैन् । तसर्थ उनको कविता विधाबाट प्रारम्भ गर्नु उचित ठहर्छ । उनले लेखेका कविता हाइकु शैली जस्ता छोटा कविता भएकाले यहाँ हाइकु चिनारी उचित हुने देखिन्छ ।

### ४.२.१ हाइकु कविताको चिनारी

हाइकु जापानी छोटो कविता हो । यो सोह्रौं शताब्दीमा रेङ्गाको ठाउँमा हाँस्य कविता हाइकाइको नामबाट चिनियो । रेङ्गा र हाइकाइको पहिलो पङ्क्तिलाई होक्कु भनिन्थ्यो । कविहरूले आफ्नो रचनालाई स्वतन्त्र रूपमा लैजान थालेपछि नै हाइकुको जन्म भएको हो ।[१३१] हाइकु कविता जापानी परम्परागत कविताको रूपमा निकै प्रसिद्ध छ । जापानी लघुत्तम कविताको यो परम्परामा तीन हरफ, पहिलो हरफ ५ अक्षर, दोस्रो हरफ ७ अक्षर र तेस्रो हरफ ५ अक्षर गरी जम्मा १७ अक्षरको हुनुपर्ने नियम रहेको छ । विषयवस्तु ऋतुगत अर्थात् प्राकृतिक बिम्ब भएको विषयवस्तु भएमा राम्रो हुन्छ । हाइकु रचनामा दुईभाग स्वतन्त्र देखिन्छ । पहिलो र दोस्रो हरफ सामान्यतः एक आपसलाई बल पुऱ्याउने ढङ्गमा चयन गरिन्छ । सन् १६७२ तिर बाशोको यात्रामा होक्कु नै दुईदशक पछि हाइकुमा परिणत भएको हो । हाइकुमा ऋतुबोधक शब्द (किगो) हुनै पर्छ ।[१३२] हाइकुशैलीको शयर नेपालमा धेरै लामो नभएपनि हालका दिनमा यस विधामा देखिएको युवा सक्रियताले ओज थपेको र सकारात्मक पक्ष हो ।[१३३]

### ४.२.२ शीर्षक र संरचना

शीर्षक एउटै तर हाइकु अनेक पनि हुनसक्छ र प्रत्येक हाइकुको भिन्नाभिन्नै शीर्षक पनि राख्न सकिन्छ । हाइकुको शीर्षक भने अपरिहार्य तत्व हो । शीर्षकविना यो पूर्ण भने हुन सक्दैन ।

---

[१३१] रामकुमार पाँडे, **मुस्कान**, महिला हाइकु विशेषाङ्क, वर्ष १४, अङ्क ५, पूर्णाङ्क, ७२, (काठमाडौँ : पेरोल साहित्य प्रतिष्ठान, ई. २००६) पृ. ११-१७ ।

[१३२] रामकुमार पाँडे, **धुनी तापेर**, हाइकु सङग्रह, (काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन, २०६१) पृ. ४, ७ ।

[१३३] अभि सुवेदी, **मुस्कान**, (काठमाडौँ : पेरोल साहित्य प्रतिष्ठान, इ. २००६), पृ. ४५ ।

हाइकुको संरचना भने यस्तो हुन्छ -

क) सत्र अक्षर - ५, ७, ५ अक्षरको हरफ

ख) ऋतुगत विषयवस्तु

ग) तीन हरफ[१३४]

हाइकु कविता जसमा वस्तु विन्यास र बिम्ब विधानको प्रकृति अनुरूप सुहाउँदो शीर्षकको चयनले सुन्दर र उत्कृष्ट बन्न पुग्छ । शीर्षक र कथ्यका बीचको सम्बन्धले नै हाइकु फूल झै फक्रन सक्छ । कहिलेकाँही शीर्षक विना पनि हाइकुले रस्वास्वादन गराएकै हुन्छ तर पनि त्यसमा उपयुक्त शीर्षक दिँदा सुनमा सुगन्ध पनि थपिन पुग्छ ।

## ४.२.३ वस्तु विन्यास

हाइकु कविताको विषयवस्तु स्वतन्त्र रूपले विन्यास गरिएको हुन्छ । पहिलो हरफको सम्बन्ध दोस्रोसँग राख्न सकिन्छ । तेस्रो हरफको विषयवस्तु भने प्राकृतिक बिम्ब अर्थात् ऋतुगत विषयवस्तु भयो भने त्यसबाट अमृत वा मोती वर्षन्छ । वस्तु विन्यासमा कविले ध्यान पुऱ्याएर वस्तु चयन गरेमा त्यो विषयवस्तुको हर कुरा व्यक्त गर्न सक्दछ । हाइकुमा ऋतुबोधक शब्द ( किगो) हुनैपर्छ । जस्तो कोइली वसन्त बोधक शब्द, तुषारोले हिउँद र धानले वर्षा ऋतु बुझाए जस्तो ऋतुबोधक शब्द जनाउँदै वस्तु विन्यास गरेर हाइकुलाई उत्कृष्ट बनाउन सकिन्छ ।[१३५]

## ४.२.४ बिम्ब विधान

हाइकु कविता जुन जापानमा लघु कविताको रूपमा ज्यादै प्रसिद्ध छ । हाइकु तीन हरफमा लेखिन्छ । पहिलो र दोस्रो हरफ स्वतन्त्र एकआपसमा बलपुऱ्याउने ढङ्गमा चयन गरिन्छ । तेस्रो हरफ भने फरक हुन सक्छ । हाइकुमा ऋतुवोधक शब्द (किगो) हुनैपर्छ । प्राकृतिक बिम्बका रूपमा ऋतुको चयन गर्दा र बिम्ब विधानको नियममा बाँधिएर लेखिएको हाइकु फूल जस्तै फक्रन्छ ।[१३६] हामीले बिम्बका रूपमा चिसोले हिउँद ऋतु, मकैका पातले र धानले वर्षा ऋतुलाई चयन गर्न सक्छौं । यसरी विभिन्न बिम्बद्वारा हाइकुलाई सुन्दर बनाउन सकिन्छ ।

---

१३४ ***पूर्ववत्,*** पा.टि.नं. २१, पृ. ४ ।

१३५ ***ऐजन,*** पृ. ६ ।

१३६ ***ऐजन,*** पृ. ५ ।

## ४.३ 'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता' कविता सङ्ग्रहको अध्ययन एवम् विश्लेषण

'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता' कवितासङ्ग्रह कवि, साहित्यकार तथा कलाकार रमेश खनालको पहिलो प्रकाशित पुस्तकाकार कृति हो । 'तेस्रो आयाम' अन्तर्गतका आयामिक कविताका कवि तथा प्रयोगवादी कविताधाराका कवि ईश्वर वल्लभले यस कविताको भूमिकामा 'अभिच्छिन्त वा अनभिच्छिन्त प्रयोगको आग्रह हो' शीर्षकबाट खनालको कविताका बारेमा केही शब्द लेखी कविता सङ्ग्रहको महत्त्व बढाउने कार्य भएको छ । खासगरेर यो कविता सङ्ग्रह नेपाली कविता शैलीमा नभइ जापानी हाइकु शैलीमा नेपालीकरण गरेर लेखिएको छ । हाइकु शैलीमा पनि विशेष किसिमको नयाँ शैलीलाई खनालले प्रयोग गर्ने जमर्को गर्दै चित्र बनाएर चित्रको वरिपरि वा तलमाथि कविता लेख्ने कार्य गरेका छन् । जापानी हाइकु शैलीमा ५, ७, ५ अक्षरको गरी १७ अक्षरको एक श्लोक हुने नियम रहेकोमा खनालले त्यो किसिमको नियमलाई भने पूर्णतः पालना गरेको भने पाइन्न । उनले थोरै पङ्क्ति स्वतःस्फूर्त तरिकाले धेरै कुरा भन्न खोजको छन् । उनको अभिव्यक्तिले मानिसको मन छुने प्रयास गरिएको छ । तीन पङ्क्तिमा लेख्ने नियमको पालना भएपनि अक्षरसङ्ख्याको नियममा भने उनी बाँधिन सकेनन् ।

### ४.३.१ संरचना

'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता' हाइकु जस्तै शैलीको कविता सङ्ग्रह जम्मा २६ पृष्ठमा संरचित छ । २२ कविता विभिन्न शीर्षकमा सङ्कलित छन् । प्रत्येक कवितासँग चित्र रहेको र चित्रले पनि केही कुरा भन्न खोजेको महसुस हुन्छ । थोरै शब्दहरूले पनि धेरै कुरालाई भन्न खोजिएको यी कविताहरू हाइकु शैलीलाई नेपालीकरण गरिएका कविता हुन् । ती कवितासङ्ग्रहमा सङ्कलित कविताको शीर्षक कविताको पङ्क्तिसङ्ख्या र कविताको अक्षर सङ्ख्या यस प्रकार छन् :

| क्र.सं. | शीर्षक | पङ्क्ति संख्या | अक्षर सङ्ख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | तार चुँडिएको भ्यायलीनमा माकुराको जालो | तीन | बीस (२०) | पाँच (५) |
| २ | पाउडर र क्रिमले शृङ्गारिएको - छ्याके अनुहार | तीन | सत्ताईस (२७) | छ (६) |

| | | | | |
|---|---|---|---|---|
| ३ | पेटको लागि दौडेका ती पाइलाहरू | तीन | चौबीस (२४) | सात (७) |
| ४ | लडेको करुवाको - भाँचिएको टुटी | तीन | एघार (११) | आठ (८) |
| ५ | सडकको बीचमा उत्तानो - फाटेको जुत्ता | तीन | सैँतीस (३७) | नौँ (९) |
| ६ | मुसाले काटेको बोराको धान | तीन | तेइस (२३) | दस (१०) |
| ७ | अगेनाको डिलमा धुवाँएको - एउटा ठूटो दाउरा | तीन | उनन्तीस (२९) | एघार (११) |
| ८ | लङ्गडो खाटले गिज्याएको मानवता | तीन | बीस (२०) | बाह्र (१२) |
| ९ | करंङ्ग देखिएको एउटा उल्टो छाता | तीन | अठार (१८) | तेह्र (१३४) |
| १० | चर्किएको ऐनामा देखिएको बाङ्गो नाक | तीन | पच्चीस (२५) | चौध (१४) |
| ११ | गुन्द्रीले थिचिएको उसको इतिहास | तीन | चौबीस (२४) | पन्ध्र (१५) |
| १२ | टहरामा कुहेको एउटा फर्सी | तीन | तेइस (२३) | सोह्र (१६) |
| १३ | कुच्चएको थालीमा केही सिता भातहरू | तीन | चौबीस (२४) | सत्र (१७) |
| १४ | पुरानो लङ्गकोट भित्र मुसाको दरवार | तीन | सोह्र (१६) | अठार (१८) |
| १५ | फुटेको टाँकमा आधुनिक कमेज | तीन | बाइस (२२) | उन्नाइस (१९) |
| १६ | गोठको कुँडेमा एउटा गोठालो | चार | छब्बीस (२६) | बीस (२०) |
| १७ | सुकेको रुखले बोकेका सम्पूर्ण इतिहास | तीन | चौबीस (२४) | एक्काइस (२१) |
| १८ | पन्ना च्यातिएको वर्णमालाको किताव | तीन | सत्र (१७) | बाइस (२२) |
| १९ | मध्यरातिरोएको बूढो कुकुर ताराहरूको बीचमा | तीन | सत्चालीस (४७) | तेइस (२३) |
| २० | उल्टो टाँगिएको चित्रको समीक्षक | तीन | बाइस (२२) | चौबीस (२४) |
| २१ | तुर्लङ्ग झुण्डाइएको एउटा धमिलो आकृति | तीन | एक्काइस (२१) | पच्चीस (२५) |
| २२ | फुटेको टायर भित्र रिक्शावाला | तीन | पैंतीस (३५) | छब्बीस (२६) |

### ४.३.२ शीर्षक

'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता' शीर्षकको हाइकु शैलीको कविता सङ्ग्रहभित्र विभिन्न कविताहरू रहेका छन् । ती शीर्षकमा सार्थक देखिन्छन् । जीवनमा उपेक्षित पक्षहरूसँग सम्झौता नगरी सुखै छैन भन्ने कुरा ती कविताहरूबाट झल्कन्छन् । मानवले गरिबी तथा अन्य कारणले गर्दा जीवनलाई उपेक्षित पक्षसँग सम्झौता गरेर बाँच्नु पर्ने

बाध्यतालाई धेरै राम्रोसँग प्रस्तुत गरेर शीर्षक र कथ्यका बीच सामञ्जस्य बनाएका छन् । शीर्षक अनुरूप हाइकु शैली कविता डोरिएकोले शीर्षक पूर्णतः सार्थक छ ।

### ४.३.३ विषयवस्तु

यस सङ्ग्रहभित्र सङ्गृहीत हाइकु कविताहरू हृदय स्पर्शी छन् । मानिसले उपेक्षा गरेर फालेको वस्तुहरूबाट जीवनको लक्ष्य खोजेको र उपेक्षित पक्षसँग पानि हाँसी हाँसी सम्झौता गरेर जीवन जीउन उत्साहित भएको, आधुनिक संसार प्रदर्शन गर्न लालायित भएको कुरा व्यङ्ग्य भनौ वा कटुसत्यलाई उजागर गर्ने विषयवस्तुलाई उनले अगाडि सारेका छन् । यस सङ्ग्रहभित्र कलाकार तथा साहित्यकार खनालले तार चुँडिएको भ्वायलीनमा माकुराको जालो, पाउडर र क्रिमले शृङ्गारिएको छ्याके अनुहार, पेटका लागि दौडेका ती पाइलाहरू, लडेको करुवाको-भाँचिएको टुटी जस्ता २२ ओटा, हाइकु शैलीमय कविताहरू प्रस्तुत गरेका छन् ।

### ४.३.४ केन्द्रीय कथ्य र प्राकृतिक बिम्ब

यो कविता हाइकु कविता सङ्ग्रहभित्र रहेका कविताहरू तीन हरफका भए तापनि अक्षर संख्या ५, ७, ५ को १७ अक्षर नभएको र प्राकृतिक बिम्बहरूको प्रयोग अलि अलि रहेता पनि स्पष्ट प्रयोग भएको छैन । यति हुँदा हुँदै पनि खनालले यी कवितालाई नयाँ ढङ्गबाट नयाँ किसिमको शैली जसमा चित्रले पनि बोलेको देखाउँन सफल छन् । प्रविधि हाइकुको भए तापनि यसमा पूरा नेपालीकरण भएको र छुट्टै किसिमको बनाउँन खोजिएको स्पष्ट देखिन्छ । उनको 'तार चुँडिएको भ्वायलीनमा माकुराको जालो' शीर्षकको कवितामा एउटा भ्वायलीनको चित्र जसका तारहरू चुँडिएको छ । भ्वायलीनको बीचमा एउटा आँखाको चित्र छ । यही आँखाले कतै नूतन सङ्गीत खोजे झैं लाग्दछ ।

नूतन संगीतको
खोजीमा
एउटा महान् कलाकार

यस हाइकुमा एक कलाकारले तार चुँडिएको भ्वायलीनबाट नयाँ किसिमको सङ्गीत खोज्न गरिएको प्रयत्न र निरीह भएर जीवनसँग सम्झौता गरेको सत्यतालाई खनालले थोरै शब्द र चित्रको सहायताले प्रस्तुत गर्न सफल भएका छन् ।

अर्को हाइकु 'मुसाले काटेको बोराको धान' शीर्षकमा

जति छोपे पनि

उसतै हुन् ती

उदांगिएको अनुहारहरू

यसमा पनि गरिबीलाई लुकाउन नसकिने, मुसाले, काटेको थोत्रो बोरा जस्तो देखिने, जीवनलाई बडो मार्मिक ढङ्गले पहाडको छेउको झुप्रो र अर्ध मानवचित्र जुन नग्न छ कि नग्नतालाई छोप्न नसके झैँ लाग्दछ । यो गरिबी माथि गरेको व्यङ्ग्य पनि हो ।

"संध्यामा

सकेथ्यौं

तर आज किन वाकि लाग्दछ ।"

यो कविता पन्ना च्यातिएको वर्णमालाको किताब शीर्षकको हो । यसमा किताबको चित्रमाथि अस्पष्ट रूपमा मानव मुहार र दिमागका साथै डाँडापारीबाट सूर्योदयको दृश्यले कवितालाई साँझमा कार्य सकिएको तर त्यो कार्यले नयाँ दिनको उदय भएको कुरा शब्द र चित्रले व्यक्त गर्दछ । नयाँ दिनले सकिएका पुराना कार्य पनि फेरि नयाँ रूपमा गर्नुपर्ने हुन्छ भन्ने कुरा कविताले बोलेको छ ।

यस सङ्ग्रहको अन्तिम हाइकु कविता 'फुटेको टायरभित्र रिक्शावाला' हो । यसको नमुना यस्तो छ :

पहाडको एउटा कुनाबाट

जीवनको गोरेटो निर्माण गर्न

समयाग्रस्तले पिधिएको रिक्शावाला

यस हाइकु कवितासँग एक चित्र निर्माण भएको छ । मानव आकृति जसको शरीरको भागमा माकुराको जालो, घाँटीको भागमा आँखा र खुट्टा भने लुगारहित छ । टायर वरिपरि माकुराको जालो छ । हाइकुका पङ्क्तिले पहाडबाट कामको खोजीमा सहर पस्ने व्यक्तिहरू सहर पुगेर झन धेरै पिँधिएर जीवनसँग सम्झौता गर्न पुगेका र उपेक्षित व्यक्तित्त्व समयग्रस्तता र

उनीहरूले शोषित बन्नु परेको चित्रलाई प्रस्तुत गरेर हेरेको आँखा यहाँ बिम्बको रूपमा प्रस्तुत भएको छ ।

'कुच्चिएको थालीमा केही सिता भातहरू' शीर्षकको हाइकुमा

फेरि त्यही

पस्किन पाउने होकि होइन

जीवनको मुख्य आधार

यहाँ प्राकृतिक बिम्ब नभएपनि जीवनको मुख्य आधार भनेर खाद्यान्नको बिम्ब बनेर आएको छ । भातको सिता कुच्चिएको थालीमा प्रस्तुत गरेर हत्केलामा थाली र सिता सहित निर्माण भएको चित्रले यस कविता शीर्षकलाई पनि सार्थक पारेको छ । कुच्चिएको थालीले उपेक्षालाई प्रस्तुत गरेको छ । पस्किन पाउने होकि होइन भन्ने सन्देहले उपेक्षालाई पनि जीवनले सम्झौता गर्नु परेको कटु सत्यतालाई कवि खनालले मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।

## ४.३.५ निष्कर्ष

रमेश खनाल कवि मात्र नभई अरूपण कलाका कलाकार र कला समीक्षक पनि हुन् । खेलमनोविज्ञ समेत रहेका खनालको यो 'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता' सङ्ग्रह भित्र सङ्गृहीत हाइकु शैलीका कविताहरू निराशाजनक छन् । हुन त यसको शीर्षक नै जीवनले उपेक्षासँग सम्झौता गर्नुपर्छ भन्ने रहेको छ । त्यसमाथि उनी जीवनको सत्यलाई यथार्थलाई प्रस्तुत गर्न ज्यादै सिपालु छन् । चुँडिएको, च्यातिएको, फाटेको, भाँचिएको, कुच्चिएको, चर्किएको, थिचिएको, कुल्चिएको, फुटेको, करङ्ग देखिएको जस्तो क्षत, विक्षत पक्षहरूसँग जीवनले सम्झौता गर्नुपरेको यथार्थतालाई निकै सफलता पूर्वक प्रस्तुत गरेर शीर्षकमा सार्थक बनाउनु, कवितालाई विभिन्न बिम्बहरूद्वारा सजाउनु उनले पाएको सफलता मान्न सकिन्छ । खनालले यस सङ्ग्रहभित्र रहेका कवितामा तीन हरफ नियमलाई लिएको, प्राकृतिक बिम्ब हुनुपर्नेमा नभएको र ५, ७, ५ को १७ अक्षरको व्यवस्थालाई पनि उनले उलङ्घन गरे तापनि हाइकुलाई नयाँ किसिमबाट, नयाँ प्रविधिको प्रयोग गरी नेपालीकरण गर्न सफल रहेका छन् । दुईहरफहरू स्वतन्त्र भए तापनि एकअर्कामा बल पुऱ्याउने हुनुपर्नेमा उनले तीनै हरफहरू प्रायः एक अर्कामा बल पुऱ्याउने नै गरी नेपाली शैलीको हाइकु कविता रचना गरेका छन् ।

## ४.४ 'तेस्रो झर्को घाम लाग्यो पानी पऱ्यो' हाइकु शैलीको कविता सङ्ग्रहको अध्ययन

'तेस्रो झर्को घाम लाग्यो पानी पऱ्यो' हाइकु शैलीको कविता सङ्ग्रह कवि, साहित्यकार, कलाकार तथा मनोविज्ञ रमेश खनालको दोस्रो पुस्तकाकार कृति हो । नेपाली कविताका क्षेत्रमा मार्क्सवादी साहित्यिक मान्यता अर्थात् प्रगतिवादी धाराका कवि गोविन्द भट्टद्वारा 'रोएर सिकेको कुरा हाँसेर सुनाउँदा' शीर्षकमा रमेश खनालको हाइकु कविता सङ्ग्रह 'तेस्रो झर्को घाम लाग्यो पानी पऱ्यो'को भूमिका लेखी यस सङ्ग्रहका महत्त्व बढाउने कार्य भएको छ । हाइकु शैलीमा सङ्ग्रह भए तापनि उनले यस सङ्ग्रहमा पनि यसका नियमहरूमा बाँधिन चाहेनन् । तीन हरफको नियम लागू भएको छ । थोरै शब्दले धेरै कुरा भन्ने नियम पनि पालना भएको छ । यति हुँदा हुँदै पनि उनले १७ अक्षर हुनुपर्ने र ५, ७, ५ अक्षरको तीन हरफ हुनुपर्ने, कुनै एउटा प्राकृतिक बिम्ब हुनुपर्ने नियमलाई पूर्णतः पालना गरेका छैनन् । यस हाइकुसङ्ग्रहलाई उनले नेपालीकरण गरेर लेखेका छन् । प्राकृतिक बिम्ब हुनुपर्ने नियममा उनले अन्य बिम्बलाई समावेश गरेर ऋतुगत बिम्बलाई टाढै राखेका छन् । नियम जे जस्तो भएपनि उनका कवितामा जीवनका भोगाइका स्वादहरूलाई राम्रोसँग लिन सकिन्छ । उनको अरूभन्दा छुट्टै हुनुपर्ने रहरले गर्दा स्वतन्त्र रूपले लेखिएको पङ्क्तिहरूले कवितालाई छुट्टै किसिमको बनाउने प्रयास गरेका छन् ।

### ४.४.१ संरचना

'तेस्रो झर्को घाम लाग्यो पानी पऱ्यो' हाइकु शैलीमय कविता सङ्ग्रह जम्मा १०३ पृष्ठमा संरचित छ । जम्मा १०३ ओटा नै हाइकु शैलीको छोटा कविता रहेको यो कविता सङ्ग्रह उनको पहिलो हाइकु शैलीको कविता सङ्ग्रह भन्दा भिन्दै किसिमको छ । प्रत्येक कविताको छुट्टै शीर्षक र चित्र यसमा छैन । एउटै शीर्षक 'तेस्रो झर्कोः घाम लाग्यो पानी पऱ्यो' बाट नै पूरै १०३ ओटै कविता लेखिएका छन् ।

### ४.४.२ शीर्षक

'तेस्रो झर्को : घाम लाग्यो पानी पऱ्यो' शीर्षकको हाइकुजस्ता छोटा कविता शीर्षकमा सार्थक देखिन्छन् । मानिसलाई घाम लागे पनि झर्को लागेको छ पानी परे पनि झर्को लागेकै छ । जे हुँदा पनि ठीक तरिकाले लिन नसक्ने मानिस स्थिर छैन भन्ने कुरालाई सङ्ग्रहभित्र कतै घाम कतै पानी प्रस्तुत गरेर तेस्रो झर्कोका रूपमा कवि स्वयम् उपस्थित भएको कुरा कवि

आफै स्विकार्दछन् । तसर्थ यस सङ्ग्रहको शीर्षक सार्थक छ । शीर्षक सार्थक भए तापनि १०३ ओटा नै कविताका छुट्टा छुट्टै शीर्षक भने छैनन् । अर्थात शीर्षक नभएर मुडुला अर्थात तालुखुइले छन् भन्ने कुरा कवि आफैँ स्विकार्दछन् । रमेश खनाल कवितालाई शिरबन्धनीले परिधियुक्त बन्धनमा नबाँधिकन बन्धन मुक्त गर्न चाहन्छन् । जसलाई जुन रूपमा हेर्न मनलाग्यो त्यही अनुरूप हेर्नका लागि अरूपण चित्र जस्तै ।[१३७]

## ४.४.३ विषयवस्तु

रमेश खनालको यो दोस्रो हाइकु शैलीको कविता सङ्ग्रह 'तेस्रो झर्को: घाम लाग्यो पानी पऱ्यो' भित्रका विषयवस्तु शीर्षक अनुरूप नै छन् । उनको पहिलो हाइकु शैलीको कविता सङ्ग्रह जस्तै नियममा बाँधिन नसकेको छ । उनले हाइकुको तीन हरफलाई मात्र अनुसरण गरेका तथा थोरै शब्दले धेरै भनाई भन्न खोजेका छन् । उनले हाइकुभित्र ५, ७, ५ अक्षर र तीन हरफमा १७ अक्षरको नियम तथा प्राकृतिक बिम्ब हुनुपर्ने[१३८] नियमलाई भने पालना गरेको पाइन्न ।

नियमलाई पूर्ण रूपमा पालना नगरे तापनि उनले यसभित्र रहेका भाव तथा बिम्बद्वारा कवितालाई लेख्न सफल भएका छन् । पहिलो दुई हरफ स्वतन्त्र हुँदाहुँदै पनि एक अर्कालाई बल पुऱ्याउने हुनुपर्ने तर उनले तीनै हरफले एक अर्कालाई सहयोग पुऱ्याउने छोटो शैलीका कविता नै बढी लेखेका छन् । उनको यस सङ्ग्रहमा

कति दुर्वल, कति कायर
भएछौ तिमी
कमिलाले खेद्दैमा डराउने ।

यी हरफहरूले डरछेरुवा मानिसहरूलाई, जीवनमा भाग्नेहरूलाई, कायरताको पगरी गुथाएर व्यङ्ग्य गरेका छन् । किन कमिलासँग पनि डराएको भनेर ।

यहाँ कमिला सानो प्राणी अर्थात् किरालाई कार्यको बिम्बको रूपमा प्रस्तुत गरिएको छ । मानिस यति दुर्वल छन्कि कमिला जत्रो सानो काम गर्न पनि तर्सन्छन् । डराउँने भनेर केही गर्न नसक्ने दुर्बलका रूपमा प्रस्तुत गरिएको छ ।

---

१३७ रमेश खनालसँगको कुराकानीबाट ।

१३८ *पूर्ववत्*, पा.टि.नं. २१, पृ. ५ ।

तिम्रो जागरुकताले
उकास्यो मलाई
फोरु पहाड !

यसमा खनालले पहाडलाई ठूलो कार्यको बिम्बका रूपमा प्रस्तुत गरेका छन् । अरूले उत्साह दिँदा, अरूले जागरूकता देखाउँदा आफैँलाई केही गर्न मनलागेको, ठूलै पहाड पनि फूटाउने आँट आएको कुरा प्रस्तुत गरेका छन् ।

नगर घमण्ड
रूपको
घाम-छाँया हो जीवन

यहाँ जीवनलाई छाँया र घामको रूपमा प्रस्तुत गरिएको छ । घाम छाँयालाई राम्रो र नराम्रो कुराको प्रतीकको रूपमा प्रस्तुत गरेर घमण्ड गर्नु बेकार छ । रूप राम्रो छ, भनेर रूप सधैँ राम्रो हुन्छ भन्ने छैन । त्यो कहिले राम्रो हुन्छ, कहिले नराम्रो हुन्छ । राम्रो भएमा घमण्ड गर्नु बेकार छ । त्यो अहिले राम्रो भएको रूप भरे कुरूप हुनसक्छ । घाम र छाँया जस्तो घाम र छाँयालाई रूप र कुरूपको बिम्बको रूपमा लिइएको छ ।

मेरो घडी कसले लगेछ
खाली छ नाडी
रात हो कि दिन हो ।

मानिसलाई समयमा हिड्नको लागि घडी चाहिन्छ । घडी विना रात परेको पनि पत्तो हुन्न् । आजकल मानिसहरू आफैँ समय अड्कल गर्न सक्दैनन् । यन्त्र भैसके मानव, रात र दिनको पहिचान पनि बिस्तारै हराउँदै जान लागेको शहरको कोलाहलमा नाडी खाली हुने बित्तिकै मानिस आफ्नो समयलाई समात्न नसक्ने हुन्छन् भन्ने कुरा व्यङ्ग्यात्मक रूपमा यहाँ आएको छ । तर कविको भनाइमा घडी बाँधेर पनि समयमा हिड्न नसक्दा यो हाइकु लेखेका कुरा स्वीकार गर्दछन् ।

यहाँ नाडीलाई समयको बिम्बको रूपमा प्रस्तुत गरेका छन् । तीन हरफे यो कवितालाई तीनै हरफले एक अर्कालाई बल पुऱ्याउने कार्य गरेको छ । घडी नभएर नाडी खाली भएका र खाली नाडीका कारण समयको ख्याल नभएको कुराले यस कुरालाई स्पष्ट पारेको छ ।

तिम्रो टाउको
मसँग छ
लोहरोले फिचेर अचार बनाउँ !

यी हरफहरूले अर्काको दिमागलाई प्रयोग गरेर फाइदा उठाउँन चाहनेहरूले अचार बनाएका छन् अरूको टाउका फोरेर, थिचेर अर्थात् प्रयोग गरेर । यहाँ केही गर्न नसक्नेलाई व्यङ्ग्य छ । आफूसँग भएको अनेकौं विचारलाई प्रयोग गरेर बढीभन्दा बढी फाइदा लिन नसक्नेलाई अभिजात वर्गले यसरी नै पिसेर अचार बनाएको यथार्थलाई यस हरफहरूले प्रस्तुत गरेका छन् ।

### ४.४.४ निष्कर्ष

साहित्यकार, अरूपण कलाका कलाकार तथा मनोविज्ञ रमेश खनालको यस कविता 'तेस्रो झर्को: घाम लाग्यो पानी पर्‍यो' लाई हाइकु शैलीको तीन हरफे कविताको संरचना दिएर त्यसमा नेपाली शैली भरेर प्रस्तुत गरेका छन् । हाइकुका अन्य नियमलाई पालना नगरे तापनि थोरै शब्दले धेरै कुरा व्यक्त गरेर नेपाली कविताभित्र हुने विभिन्न वाद तथा बिम्बहरूलाई कतै सरस तथा व्यङ्ग्यात्मक त कतै यथार्थतालाई प्रस्तुत गर्न यहाँ कवि सफल रहेका छन् । नेपालीपन भरेर उनले हाइकु प्रस्तुत गरेका छन् । तर जापानी हाइकुको भने नियमलाईं उनले पन्छाएका छन् । हाइकुको नियम हेर्दा ५, ७, ५ को १७ अक्षरको तीन हरफ हुनुपर्ने, प्राकृतिक बिम्ब हुनुपर्ने र दुई हरफ एक अर्कालाई सहयोग पुग्ने र एक हरफ स्वतन्त्र हुनुपर्ने नियमलाई उनले पूर्णरूपले पालना भने गरेका छैनन । हाइकुलाई पुरै नेपालीकरण गरेर भने उनले यसलाई फरकपन दिने कोसिस गरेका छन् ।

## ४.५ 'म घाममा पानी पानी हुन्छु' गद्य कविता सङ्ग्रहको अध्ययन

'म घाममा पानी पानी हुन्छु' गद्य कविता सङ्ग्रह जसको भूमिका तेस्रो आयामका आयामिक तथा प्रयोगवादी धाराका मूर्धन्य कवि ईश्वर वल्लभद्वारा 'संधैं छहारी भइरहोस' शीर्षकमा कविताको महत्त्व दर्शाएका छन् । कविता सङ्ग्रहको महिमा गान गरेर यसको महत्त्व बढाउने कार्य भएको छ । रमेश खनालको यो तेस्रो कविता सङ्ग्रह तथा चौँथो पुस्तकाकार कृति हो । यो कविता सङ्ग्रहभित्र १०० ओटा स-साना गद्य कविताहरू जम्मा २८ पृष्ठमा सङ्गृहीत भएका छन् । गद्य कविता प्रयोगवादी कविता धाराको एउटा प्रवाह हो । जसको सिङ्गो

संरचना प्रायः अस्तव्यस्त र खजमजपूर्ण रहे पनि अनेक सुन्दर बिम्ब प्रतीक र सङ्केतहरूको उपस्थिति चाहिँ फेला पर्दछ । भाषालाई अचेतन प्रवाहका रम्य वेगमा भाँचेर र कपेर गद्यकविता-सङ्गीतको नयाँ बान्की पनि यसले देखाउँदछ ।[१३९] गद्य कविता खास गरेर कुनै निश्चित नियमभित्र बाँधिएर लेख्नु नपर्ने, स्वतन्त्रता पूर्वक लेख्न सकिने र वस्तु विन्यास गर्दा पनि जुनसुकै विषयवस्तु चयन गर्न सकिने बिम्ब, प्रतीक, आफूखुसी प्रयोग गर्न सकिने र कुनै नियममा बाँधिन नपर्ने भएकोले यस्ता कविताहरू अस्तव्यस्त र खजमजपूर्ण पनि हुन्छन् तर रमेश खनालका कविताहरू त्यस्तो अस्तव्यस्त भएपनि विभिन्न बिम्ब र प्रतीक तथा सुन्दर अभिव्यक्तिका कारण हृदयस्पर्शी रहेका छन् । उनको कविताको भूमिकामा व्याख्या गर्दै ईश्वर वल्लभ उनका कविताका हरफहरूलाई अघि सार्छन् :

घरि घरि कुवाको भ्यागुता पनि
डिलमा निस्केर कराउने गर्दछ
म त्यसलाई
नगरिएको विद्रोह भन्दछु ।

कवि रमेश खनालको आजको सम्पूर्ण व्यक्तित्व नै उनको सफलतम् उत्कर्ष हुन खोजिरहेको छ । क्षणिका भन्ने हो कि, या कवित्व नै भन्ने हो । यस प्रकारको रचनाशिल्पमा कवि खनाललाई सम्भवतः सानो क्षमताले भ्याउन जो सुकैलाई पनि कठिन पर्छ, उनले अब त जितिसके ।[१४०]

पहिलेका दुवै हाइकु शैलीका कविताभन्दा यस कविता सङ्ग्रहमा उनी निकै खारिएको कुरा ईश्वर वल्लभका यी पंक्तिहरूले बताउँछन् ।

### ४.५.१ शीर्षक

शीर्षक विना सङ्ग्रह अधुरो हुन्छ । शीर्षकबाटै मानिसमा उत्साहको सुरु हुन्छ । रमेश खनालको तेस्रो कविता सङ्ग्रह 'म घाममा पानी पानी हुन्छु' शीर्षकमा सार्थक देखिन्छ । कविता सङ्ग्रहको शीर्षक अनुरूप नै वर्ण्य विषय रहेका छन् । उनको यस कविताको शीर्षक नै बिरोध अर्थात विपरीत जनाउने किसिमको छ । घाम तातो र पानी चिसो यी दुई विपरीत कुरामा म

---

[१३९] वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, केशव सुवेदी, **नेपाली कविता सङ्ग्रह**, भाग ४, चौथो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. १२८ ।

[१४०] ईश्वर वल्लभ, **म घाममा पानी पानी हुन्छु**, (काठमाडौं : रघुनाथ खनाल), पृ. भूमिका ।

पात्र अडेको छ । म घाममा पसिना पसिना हुन्छु भनेको भए बरु ठीक हुने थियो । तर पानी पानी हुन्छु भन्दा उग्र तापमा पनि शीतल हुने स्वभावले विरोधाभासपूर्ण हुन जान्छ । यसको उदाहरण त उनको कविताको पहिलो भावले नै स्पष्ट पार्छ :

भैरबलाई मेरो ढोग छ
एउटा मानिस
वली दिएर
पशुपतिलाई मेरो नमस्कार छ
एउटा राँगो
चढाएर
कालीलाई मेरो
डण्डवत् छ
पाल्चामा केही रक्सी चढाएर !

कविताको अन्त्यमा विस्मय सूचक राखेर कविले मंगलाचरण गर्दछन् तर मानिसको अधोगतिको लागि अर्थात् मानव कल्याणका लागि नभएर मानव बलि चढाएर, राँगो पशुपतिलाई चढाएर, जो पशुका पति छन् उनले के राँगो चढाउँदा खुसी होलान् त कालीमातालाई शान्तिका निम्ति प्रार्थना गर्नु पर्नेमा पाल्चामा रक्सी चढाएर झन के गर्न खोजेको हुन् विस्मय मै सकिन्छ । यो सबै शीर्षक अनुरूप विरोधाभास छन् । तसर्थ शीर्षक र कथ्य बीच उपयुक्त चयन गरे तापनि त्यसभित्र सङ्कलित अरू १०० ओटा साना साना कविताको छुट्टै शीर्षक भने दिएका छैनन् केवल नम्बरले मात्र छुट्याएका छन् । उनले ती कविताहरूलाई स्वतन्त्र छोडेका छन् । त्यहाँ पाठकले जस्तो देख्छ त्यही अनुरूप वर्णन गर्न पनि पाउँछन् - उनको अरूपण कला झैँ ।

### ४.५.२ विषयवस्तु

कविताको अत्यन्त महत्त्वपूर्ण अर्को कुरा विषयवस्तु हो । विषयवस्तु चयन गर्दा पनि राम्रो र सरल विषयवस्तुले सबैको मन जित्न सक्छ । विषयवस्तु त व्यापक छ । जस्तो जीवन भोगाइ, प्रकृति दर्शन, अतिरञ्जना, जादु तिलस्मी आदि आदि तर जे भएपनि कवि विषयवस्तु चयनमा स्वतन्त्र छन् । यसै अनुरूप रमेश खनालले पनि कविताका विषयवस्तु जीवन भोगाइ, आशा, निराशा विसङ्गति इत्यादीलाई चयन गरेर कवितालाई अगाडि बढाएका छन् ।

- भैरव र कालीलाई स्तुति गरिएको छ तर यो मंगलाचरणमा व्यङ्ग्य छ । जस्तै पशु बलि होइन मानव बलि चढाएर ।
- समयलाई दुस्कार्ने प्रयास गर्दै आखाँ फोर्न र आवाजहरूलाई बन्द गर्न भनिएको छ ।
- तरल बनेर आत्मसमर्पण गरेकोलाई अझै पानी वा भेल बनाउन नहुने नत्र समस्या बन्न सक्ने तर्क राखेका छन् ।
- सोचाइ परिवर्तन गर्नुपर्ने कुरा व्यङ्यात्मक रूपमा सारी चुरा लगाइदिन्छु तिमी र ममा केही फरक छैन भन्दछन् ।
- बारीको कान्ला, खेतको आली, देउरालीका पाखा, निगालाको बोटहरूमा साँझ र विहानको दोसाँधमा मरिसकेको हुनेछु भन्ने हीनताबोध कुरा पनि व्यक्त गरेका छन् ।
- एक युगमा एकपटक मात्र खुसी दिन्छु त्यसलाई सम्हालेर राख आँसु र हाँसोमा नमुछ भन्ने कुरा व्यक्त गरेका छन् ।
- भुँइचालाले घरहरू हल्लिरहे पनि लुसिपस (पाश्चात्य साहित्य भित्रका पात्र)को छोरीहरूलाई बलात्कार गर्ने कार्य भैरहेको कुरा व्यक्त गरेका छन् ।

### ४.५.३ भाव विधान

भाव कविताको शब्द शब्दमा अन्तर्निहित हुन्छ । कविता शब्द शब्दका शृङ्खलामा गुम्फित भाषिक संरचनाको नमूना पनि हो । कवितामा भाव संरचनाका, कथनपद्धतिका भाषाशैलीका माध्यमबाट अभिव्यक्त भएको हुन्छ । रमेश खनालको कवितामा पनि अनेकौं भावका अभिव्यक्ति ज्यादै उत्कृष्टताकासाथ प्रस्तुत भएको छ ।

उनको कवितामा अन्तर्निहित भावले कवितालाई रोचक बनाएको छ । कविताभित्र कतै पीडाको त कतै खुसीको भाव छ । कतै गीत र सङ्गीतको सङ्गमको भाव छ । कतै व्यङ्ग्यात्मक भाव त कतै समर्पणको र कतै द्वेषको भाव छ । यसरी विभिन्न भावलाई खनालले सरस तरिकाले व्यक्त गरेका छन् ।

### ४.५.४ लयविधान

लय कविताको मुटु हो । स्वर र व्यञ्जन वर्णहरूको उच्चारणबाट उत्पन्न हुने साङ्गीतिक ध्वनिलाई लय भनिन्छ । गद्य कविता मुक्तलयमा लेखिएको हुन्छ । मुक्तलय भनेको व्यक्तिलय हो । यो व्यक्तिपिच्छे फरक हुन्छ । एउटै कविको एउटा कविताको लय अर्को कवितासँग मिल्दैन ।[१४१] रमेश खनालबाट लेखिएको यस कविताको लयलाई हेर्दा यो गद्यलयमा संरचित छ । गद्यलयमा अन्य लयमा झैँ खण्ड खण्ड अभिव्यक्ति नभई सीमाहीन भएर प्रवाहित हुन्छ ।

### ४.५.५ अलङ्कारविधान

अलङ्कार कविताको गहना हो । यो कवितामा बिम्बको रूपमा प्रयोग गरिन्छ । आदि मध्य र अन्त्यानुप्रास, त्यस्तै यमक, श्लेष, छेकानुप्रास जस्ता शब्दालङ्कारलाई कविताले प्रयोग गर्दछ ।[१४२] यसरी शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगले कवितालाई सिँगारेको हुन्छ । रमेश खनालको गद्य कविता भएकाले खासै अलङ्कारको नियममा नबाँधिए पनि शब्द चयनले पनि विभिन्न अलङ्कार प्रयोग गरी कवितालाई उत्कृष्ट बनाएका छन् ।

### ४.५.६ भाषाशैली

मीठो भाषाशैलीका प्रयोगले कविताका उत्कृष्टता अझै चम्कन्छ । भाषाशैलीले गर्दा पनि कविता मन पराउने वा मन नपराउने हुन सक्छ । भाषा क्लिष्ट र दुर्बोध्य हुँदा कविता रोचक नभएर झन अल्छीलाग्दो बन्न जान्छ । रमेश खनालले लेखेको कविता पनि मीठो भाषाशैली, रसिला वाक्य गठन, राम्रो हुँदा कविता राम्रो र सुललित बन्न पुगेको छ ।

### ४.५.७ निष्कर्ष

रमेश खनालले 'म घाममा पानी पानी हुन्छु' भन्ने गद्य कवितालाई उत्कृष्ट शीर्षक राखेका छन् । साना साना १०० ओटा गद्य कविताहरू पढ्दा विरोधाभास रहेको छ । सुरु देखि अन्तिम सम्मका कवितामा एउटा हरफ अर्को हरफसँग विरोध किसिमको सिर्जना गरेर पाठकलाई बुझ्न सोच्नै पर्ने बनाइदिएका छन् । विभिन्न किसिमको शब्दालङ्कार र

---

१४१ नरेन्द्र चापागाई, दधिराज सुवेदी, **काव्य समालोचना**, (विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, २०५२), पृ. ४२० ।

१४२ त्रिपाठी अन्य, ***पूर्ववत्,*** पा.टि.नं. २८, पृ. २१ ।

अर्थालङ्कारको प्रयोगले गद्यलयमा मिठास भरेका छन् । मीठा भाषा शैली र व्यङ्ग्यात्मक प्रस्तुतिले कवितामा सुनमा सुगन्ध थपिएको आभास हुन्छ । भ्यागुताको ट्वार ट्वार ले विनाकाममा कराउने र पग्लेर तरल हुने कुराले समर्पणलाई बुझाउने जस्ता थुप्रै बिम्बहरूको प्रयोग गरेर कविता राम्रो बन्न पुगेको छ ।

## ४.६ रमेश खनालबाट लिखित जीवनी साहित्यको अध्ययन

रमेश खनाल एक कवि मात्र नभइ उनी जीवनी लेखक पनि हुन् । उनले कविता, कथा, संस्मरण, समालोचना तथा जीवनी लेखनमा आफ्नो कलमलाई अघि सारेका छन् । उनले जीवनी लेखन क्रममा कला क्षेत्रमा समर्पित चित्रकला मूर्तिकला जस्ता कलाकार पछि लागेर आफ्नो जीवनलाई नेपालीकलामा समर्पित गरेका कलाकारहरूको जीवनी लेखेर नेपाली कलाकारहरूको सम्झना एकातिर गरेका छन् भने अर्कोतिर नेपाली साहित्य भण्डारलाई ठूलो पार्ने काम पनि गर्दै नेपाली कलाकारको इतिहासलाई अमर पनि पार्ने काम गरेका छन् । उनले हालसम्म चारओटा जीवनीसम्बन्धी पुस्तकाकार कृति प्रकाशित गरिसकेका छन् । उनका यी पुस्तकाकार कृतिमा दुईओटा जीवनी सङ्ग्रह हुन् भने दुईओटा चाहिँ चन्द्रमानसिंह र चर्चिलको जीवनीका पुस्तक हुन् । उनले प्रकाशित गरेका जीवनीको अध्ययन पूर्व जीवनीबारे सामान्य जानकारी राख्नु उपयुक्त पनि देखिन्छ ।

### ४.६.१ जीवनीको सामान्य चिनारी

कुनै पनि व्यक्तिको जीवनलाई छर्लङ्ग पार्ने गरी लेखिएको क्रमबद्ध लेखाइ वा जीवनभरी गरेका कार्यको इतिहास नै जीवनी हो । साहित्यकै अङ्ग मानिने जीवनीलाई 'जीवन चरित्र' वा जीवनचरित पनि भनिन्छ ।[१४३] लेखकद्वारा कसैको जीवन वृत्तान्त लेखिएमा जीवनी हुन्छ । यस किसिमका रचना दुई रूपमा आउँछन् - (१) जीवनीका रूपमा, (२) आत्मकथाका रूपमा । अरूकसैको जीवन वृत्तान्त लेखिएमा जीवनी बन्छ भने आफ्नै वृत्तान्त लेखेमा त्यो 'आत्मकथा' बन्न पुग्छ । जीवनी कुनै विशिष्ट व्यक्तिको लेखिन्छ जो समाज र देशका निम्ति

[१४३] कृष्णहरि बराल र नेत्र एटम, **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति कला**, दोस्रो संस्करण, (काठमाडौं : तलेजु प्रकाशन, २०६५), पृ. ३०४ ।

राम्रा काम गर्छन ।[१४४] जीवनीको अंग्रेजी पर्याय लाइफ वा वायोग्राफी हो ।[१४५] जीवनी लेखन गर्दा व्यक्तिको अन्तर्बाह्य दुवै जीवनको विशेषतालाई लेख्ने गरिन्छ । जीवनीलाई कथात्मकताबाट जोगाउन तथ्यहरूको अन्वेषण गर्दै सत्य तथ्य प्रामाणिक कुराहरूलाई मीठो र रसिलो शैलीमा लेख्नु उपयुक्त हुन्छ । जीवनी साहित्यलाई इतिहासकै एक अंश मान्न सकिन्छ ।[१४६] व्यक्तिविशेषको सम्बन्ध, समाज, संस्कृति राजनीति आदिसँग हुने भएकोले जीवनीबाट तत्कालीन सामाजिक, साँस्कृतिक वा राजनैतिक परिवेश बुझ्न सकिन्छ ।[१४७]

## ४.६.२ शीर्षक र संरचनाबीच सङ्गति

अन्य साहित्यको शीर्षकले साहित्यको चिनारी दिए झैँ रमेश खनालको जीवनी सङ्ग्रहहरूको शीर्षकबाट उनले लेखेका जीवनीहरूबारे छर्लङ्ग चिनारी दिनेकाम गरेको छ । विभिन्न कलाकारहरू जो कलाका महान् व्यक्तित्व भए तापनि छाँयामा परेका तथा नाम थाहा हुन नसकेका साथै परिचित कलाकारहरूको जीवनी लेखेर उनीहरूको महानतालाई सबै सामु ल्याएका छन् । जीवनीलाई सत्यतथ्यको निकटता दिनको लागि जीवित भएका कलाकारसँगै भेटेर, उनीहरू सम्बन्धी विविध व्यक्तित्वहरूसँग सोधेर तथा जीवित नभएका कलाकारको आफन्त कहाँ, कलाकारको घरमै गएर, उनका बारेमा धेरैसँग सोधेर र केही पुराना पुस्तक तथा पत्रिकाहरूका सहायताबाट उनीहरूको बारेमा विस्तृत जानकारी लिएर जीवनी लेख्ने कार्य भएको छ । तसर्थ शीर्षक र संरचना दुवै कुरा सत्यको निकट छन् । जीवनी लेखन गर्दा व्यक्तिको जन्म, बाल्यकाल, पारिवारिक जीवन, प्रमुख कार्य, योगदानको वर्णन, पुरस्कार सम्मान र मूल्याङ्कन जस्ता घटनाक्रमलाई क्रमैसँग मिलाएर लेख्नेकार्य गरी यसको संरचनालाई कुनै किसिमबाट पनि नबिगारी लेख्नु पर्छ ।[१४८] त्यो कार्य भएको छ तर उनले संरचना अनुरूप नै शीर्षक दिएर जीवनीलाई जीवित पार्ने कार्य भएको छ । पहिलो जीवनीको शीर्षक 'वयोवृद्ध कलाकार चन्द्रमानसिंह मास्के', दोस्रो 'चर्चिल' तेस्रो जीवनी सङ्ग्रह 'नेपालका प्रसिद्ध कलाकार'

---

[१४४] कृष्णप्रसाद पराजुली, **राम्रो रचना : मीठो नेपाली**, एक्काइसौं संस्करण, (काठमाडौं : सहयोगी प्रेस, २०५५), पृ. ३०१ ।

[१४५] धीरेन्द्र वर्मा, व्रजेश्वर वर्मा, आदि, **'हिन्दी साहित्य कोष'**, भाग १, (वाराणसी : ज्ञान मण्डल लि. ई. १९८५), पृ. ३३५-३३६ ।

[१४६] ***ऐजन,*** पृ. ३३६ ।

[१४७] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, (काठमाडौं : ने.रा.प्र.प्र. २०६३), पृ. १७० ।

[१४८] ***पूर्ववत्,*** पा.टि.नं. ३४, पृ. ३३६ ।

र चौथो 'कलास्रष्टा' रहेका छन् । यी शीर्षकभित्र विभिन्न उपशीर्षकहरू पनि दिइएको छ । जुन व्यक्तिको नामबाट राखिएको छ । उनी शीर्षक, उपशीर्षक र संरचनाबीच समन्वय गरेर जीवनीलाई सार्थक बनाउन सफल रहेका छन् ।

### ४.६.३ वस्तु विन्यास

रमेश खनालद्वारा लेखिएका यी जीवनीहरू सबै कलासम्बन्धी विषयवस्तुमा नै आधारित छन् । कोही चित्रकलाका मुर्धन्य कलाकार छन् त कोही मूर्तिकलाका छन् । मूर्तिकलामा पनि धातु, पाषाण र मृतिका कला, काष्ठ कला लगायत अनेकौं कला जस्तै उर्मिला उपाध्याय (गर्गको म्याक्रामिक कला, एचिङ्ग प्रविधि जस्ता विविध विषयको कलासँग सम्बन्धित कलाकारहरूको जीवनी लेख्नु नै उनको विषय चयन हो । जीवनी लेखन गर्दा देशका लागि योगदान, सेवा भावबाट ओतप्रोत कलाकार व्यक्तित्वको जीवनी लेखन गर्नका लागि विषयवस्तु चयन गरेका छन् ।

रमेश खनालले लेखेका 'वयोवृद्ध कलाकार चन्द्रमानसिंह मास्के' को जीवनीमा चन्द्रमानसिंहको जन्म, बाल्यकाल, शिक्षा, आर्ट एण्ड क्राफ्ट कलेजमा मास्के, मास्के र जीवनी चित्रहरू, कलाप्रदर्शनी मास्केका चित्रहरू, मूर्तिकारका रूपमा मास्के जस्ता विषयमा लेखी एक मूर्धन्य कलाकारको जीवनी लेख्ने काम गरेका छन् । अर्को जीवनी विन्स्टन चर्चिलको जन्मदेखि मृत्युसम्मका कुराहरू समावेश गरी चर्चिलको जीवनी लेखिएको छ ।

अर्को जीवनीसङ्ग्रह 'नेपालका प्रसिद्ध कलाकार' नामक जीवनी सङ्ग्रह जसमा १३ जना कलाकार जसले आफ्नो जीवनभर कलाको सेवा गर्दै आफ्नो जीवनलाई समर्पित गरे तापनि उनीहरूको अस्तित्व जगेर्ना गर्नेकार्य कसैबाट हुन सकेको थिएन । यस्तो अवस्थामा त्यस्ता महान् कलाकारहरूको जीवनी लेखेर उनले ती कलाकारहरूको नाम इतिहासको पानामा लेखिदिए ।

उनको अर्को जीवनीसङ्ग्रह 'कलास्रष्टा' मा उनले २५ जना कलाकारका जीवनी लेखेर ती कलाकारहरूको सम्मान गर्ने कार्य भएको छ ।

### ४.६.४ भाषाशैली

रमेश खनालद्वारा लेखिएका जीवनीहरूमा सरल, सरस र मीठो बोलीचाली र लेख्य भाषाको प्रयोग भएको छ । उनले अप्ठ्यारा कठिन किसिमका शब्दहरूको चयन नगरी साधारण सबैले बुझ्ने सजिलो भाषाशैली जुन आम नेपालीले बुझ्ने गरी लेखेका छन् । नेपाली भाषाका क्लिष्ट शब्द प्रयोग गरेका छैनन् । जीवनी लेखन गर्दा गद्यात्मक शैलीमा चीरस्थायी रहने गरी लेखिएको जीवनी उत्कृष्ट तरिकाले लेखेका, सत्यतथ्यको निकट पुग्न हरसम्भव प्रयास गरेका छन् । एकै बसाइमा पढेर सकिने भएकोले जो कोहीले पढ्न सुरु गरेपछि कौतुहलताका साथ पढेर सकिने गरी यी जीवनीसङ्ग्रहमा जीवनी सङ्गृहीत गरिएका छन् । उनले लेखेका जीवनीहरू खासगरी कलाकारको जीवनसम्बन्धी कला जीवनलाई नै बढी महत्त्व दिएर लेखेका छन् ।

## ४.७ 'वयोवृद्ध कलाकार चन्द्रमानसिंह मास्के' को जीवनी अध्ययन

रमेश खनालको यो तेस्रो पुस्तकाकार कृति हो । यो जीवनी उनले पहिले 'कला र कलाकार' नामक पत्रिकामा क्रमश प्रकाशित गरेका मास्के सम्बन्धी लेखलाई लघु पुस्तकाकार रूप दिएर प्रकाशित गरेका हुन् ।[१४९] यो कृति जम्मा २४ पृष्ठमा लेखिएको छ । यो पुस्तकबाट एक उपल्लो दर्जाको नेपाली कलाकार जसले आफ्नो सम्पूर्ण जीवन कला क्षेत्र र देशको उन्नतिका लागि तथा प्रजातन्त्र स्थापनाको लागि समर्पण गरेका व्यक्तिको हो । त्यस्ता व्यक्तिको सम्झना सधैँ रहोस् भनेर पुस्तकाकार रूपमा प्रकाशित गरेका हुन् । यो जीवनी लेखेर रमेश खनालले नेपालको कला क्षेत्रमा काम गर्ने र स्वतन्त्रता सङ्ग्राममा भाग लिएर १८ वर्ष कठोर जेल सजाय भोगेका, नेपालमा प्रजातन्त्र भित्र्याउन भूमिका खेल्ने प्रतिभाको कदर गरेका छन् । यो पुस्तक पढ्ने जो कोहीले चन्द्रमानमा देशप्रेमको भावना ओतप्रोत पाउँछ । चन्द्रमान एक महान् कलाकार हुन् र उनको कलासम्बन्धी धारणा, कलामा रङ्गको संयोजन हर्ने हो भने उनी ज्यादै उत्कृष्ट व्यक्ति हुन् भन्ने स्पष्ट हुन्छ ।

रमेश खनालले कलाकार चन्द्रमानलाई सबैसँग परिचित गराउने र अमर बनाउने काम गरे । यस पुस्तकभित्र विभिन्न अनुक्रमअन्तर्गत रहेर चन्द्रमानसिंहको जन्मदेखि उनले भोगेका

---

[१४९] खनाल, ***पूर्ववत्,*** पा.टि.नं. ८ ।

सुख-दुःख तथा उनका विषयका सम्पूर्ण कुरा लेखेर उनको जीवनीलाई यथार्थता प्रदान गरेका छन् । यसमा प्रस्तुत गरिएका अनुक्रम यसप्रकार छ :

(१) जन्म र बाल्यकालमा कलाको प्रभाव
(२) शिक्षाको थालनी
(३) चन्द्र शम्शेरको पूर्जी
(४) गभर्नमेन्ट आर्ट एण्ड क्राफ्ट कलेजमा मास्के
(५) मास्के र जीवनी चित्रहरू
(६) कला प्रदर्शनी
(८) प्रजातन्त्रपछि मास्के र कला
(९) पुरस्कार र सम्मान
(१०) मास्केका चित्रहरू भित्र घोत्लिंदा
(११) मूर्तिकारको रूपमा मास्के

### ४.७.१ निष्कर्ष

रमेश खनालले लेखेको यो पहिलो जीवनी हो । यसमा चन्द्रमानसिंह मास्केको जन्म देखि उनका जीवनका विविध आयामहरूलाई समावेश गरिएको छ । चन्द्रमानजस्ता एक कलाप्रेमी, राष्ट्रप्रेमी व्यक्तित्वको जीवनको पूर्वार्द्ध र उत्तरार्द्ध समयको सम्पूर्ण कुरा उल्लेख गरिएको छ । खास गरेर यो जीवनीमा चन्द्रमानको कलाजीवनको मात्र नभई उनले भोगेका सम्पूर्ण कुराको विश्लेषणले जीवनी लेखनको व्याकरणलाई पूर्णता प्रदान गरेको छ । २०४० मा यो जीवनी प्रकाशित भयो र २०४१ मा उनको निधन भएकोले यसमा चन्द्रमानको मृत्युबाहेक सम्पूर्ण जीवनी समेटिएको छ ।।

## ४.८ 'चर्चिल' को जीवनीको अध्ययन

रमेश खनालद्वारा लिखित जीवनी चर्चिल एक बेलायती थिए । उनको जन्म इ. १८७४ मा बेहलमीन दरवारमा पिता लर्ड रनडोल्फ र माता जेनी जोरमका एक मात्र सन्तानका रूपमा भएको थियो ।

चर्चिल सानो छँदा पढ्न मन गर्दैनथे । बाबुआमा धेरै व्यस्त भएकाले उनलाई निजी बोर्डिङ्ग स्कुलमा भर्ना गरे, त्यस्तै बेलायतकै सबैभन्दा महँगो र पुरानो स्कुलमा भर्ना गर्दा पनि उनी निरास र झगडालु मात्र बने पढेनन् । उनले स्कुलबाट बाबुआमालाई भेट्न आउनु भनेर

पत्र लेख्थे तर बाबुआमा आउन नभ्याएर क्षोभ मात्र प्रकट गर्दथे । उनी सधैँ सिपाही सम्बन्धी खेल खेल्थे त्यस्तो जिज्ञासा देखेर उनलाई पछि सैनिक स्कुलमा भर्ना गरियो पछि उनको पढाइ त अप्रत्याशित रूपमा राम्रो भयो । रमाइला र साहसिला प्रशिक्षणले उनी प्रफुल्ल पनि बने । उनी बोल्न सधैँ पछाडी बस्थे । पढाइ सकेर उनी बेलायतको प्रसिद्ध सैनिक रेजिमेन्टमा अधिकृतमा नियुक्त भए । केही समय उनले भारतमा बसेर काम गरे । सैनिक बनेपछि उनले राजनीतितिर ध्यान दिए । बेलायतले विश्वका धेरै राष्ट्रमा शासन गरेको समय उनको नेतृत्व पनि बढेको र उनी भाषणका लागि ऐना हेरेर तयार हुन्थे ।

ठूला ठाउको, सोलोडोलो शरीर, नराम्रो जीउडाल भएका चर्चिलले विवाह एक साधारण र सुन्दरी युवती सिलिमन्टाइनसँग गरे । बोल्नै डराउने चर्चिल अत्याधिक बोल्ने बने । उनले बेलायतका विभिन्न पार्टीसँग आवद्ध भएर राजनीति गरे । प्रथम विश्वयुद्ध र दोस्रो विश्वयुद्धमा उनको ठूलो नेतृत्व थियो । उनले हिटलर जस्तासँग पनि कहिल्यै डराएनन् । ६५ वर्षे उमेरमा पनि उनको जोश र जागर थियो । चर्चिलकै कारण बेलायती सेनाले संसारमा नाम कमाएको थियो । बेलायतको एकता देखेर हिटलर पनि युद्धमा पछि हटेको थियो । कहिल्यै नथाक्ने मिहिनेती चर्चिल एक कलाकार पनि थिए । चर्चिल युरोपमा मात्र नभई विश्वमै प्रख्यात भएका थिए । उनको कार्यको प्रशंसा उनी ९० वर्षको हुँदा टेलिभिजनमा देखाइँदा चर्चिलले आँखाभरि आँसु पार्दे हरेका थिए । ९१ वर्षको उमेरमा इ. १९६५ मा उनको निधन भएको र ठूला ठूला व्यक्तिहरू सहित दसलाख मानिसले उनको अन्त्यष्टि गरेका थिए ।

### ४.८.१ निष्कर्ष

विन्सटन चर्चिल बेलायतको इतिहासका एक महान् नेता हुन् । उनले आफ्नो व्यक्तिगत जीवनलाई भन्दा बढी बेलायतका लागि कार्य गरे तापनि उनी विश्वकै लागि योगदान गर्ने व्यक्तित्व हुन् । उनले आफ्नो जीवनमा कहिल्यै फुर्सद नलिइ गरिब तथा साना राष्ट्रमाथि आक्रमण गर्ने ठूला राष्ट्रहरूसँग युद्ध गरेर बिताएका, पहिलो र दोस्रो विश्वयुद्धको नेतृत्व गर्ने, समयको माग बुझ्ने, भोलिका लागि आजै तयारी गर्नुपर्छ भन्ने, युद्ध गर्न पछि नहट्ने व्यक्ति थिए । फलस्वरूप जर्मनी, जापान, अमेरिका पनि चर्चिलको खुबीको प्रशंसा गर्दै उनीसँग डराउँथे । उनी ९० वर्ष सम्म पनि आफ्नो काममा पछि परेनन् र बेलायतको सान बढाउने यस्ता व्यक्तिको निधन ९१ वर्षमा भयो ।

## ४.९ 'नेपालका प्रसिद्ध कलाकार' जीवनी सङ्ग्रहको अध्ययन

'नेपालका प्रसिद्ध कलाकार' नामक जीवनी ग्रन्थभित्र रमेश खनालले १३ जना नेपाली कलाकार जो आ-आफ्नै शैली शिल्प र कलाकारितामा प्रसिद्ध थिए । ती कलाकारहरू जसले नेपालमा प्रख्यात रहेका मठ मन्दिरका मूर्ति तथा चित्रहरू बनाएर नेपालको एक महान् व्यक्तित्व भए पनि कसैको पनि सामु उनीहरूको नाम अगाडि नआउने जस्तो स्थितिमा त्यस्ता कलाकारहरूलाई पुस्तकको पानामा सजाएर, विविध खोजी अनुसन्धानबाट जीवित कलाकारसँग त साक्षात्कार गरेर नै सत्य तथ्यको नजिक रहेर जीवनी लेख्ने काम गरेका छन् । कला र कलाकारको सम्मान खातिर अग्रसर भएर साहित्यको भण्डारमा एक आयाम थप्ने काम खनालबाट भएको छ । कहिले पनि नदेखेका कलाकारहरूबारे उनले खोज र अनुसन्धानमूलक कार्यबाट उनीहरूको जीवनको अधिकांश कुराहरू खोतलेर खोजी सत्य तथ्य सामु पुगेपछि मात्र त्यसलाई लेख्ने काम गरेका छन् । रमेश खनालको लागि कला पूजा हो ।[१५०] यी जीवनीहरू मध्ये केही पहिले नै विभिन्न पत्रपत्रिकामा प्रकाशित भैसकेका छन् । यस सङ्ग्रहमा प्रकाशित जीवनीको संक्षिप्त जानकारी यसप्रकार छ :

### ४.९.१ भाजुमान चित्रकार

लगभग वि.सं. १८७४ मा जन्मेर लगभग १९३१ सम्म रहेका भाजुमान चित्रकार नेपालका एक प्रसिद्धचित्रकार हुन् । उनी जङ्गबहादुर बेलायत जाँदा साथै गएका र पेरिसको विश्वप्रसिद्ध लुभ्रकला सङ्ग्रहालय हेरेका थिए । उनले जङ्गबहादुरको मुहार चित्र बनाएका, विभिन्न पशुपक्षिको मनमोहक चित्र, नङ्को आकार जत्रो बाह्रहात भएकी भगवतीको चित्र बनाएको जसमा कौशलताको दक्षताको अत्यन्त राम्रो प्रभाव देख्न सकिने र शुक्ष्म चित्रमा पारङ्गत भन्ने कुरा स्पष्ट थियो । त्यस्ता चित्रहरूद्वारा जङ्गबहादुर प्रसन्न भएर नै उनलाई बेलायत लगेका हुन् भन्ने भनाई छ । बेलायतमा उनले माहारानी भिक्टोरियाको चित्र बनाएर चढाउँदा सुनको असर्फीहरू पुरस्कार दिइन् तर नेपालको इज्जतको खातिर उनले त्यो लिएनन् भन्ने भनाइ छ । उनका बारेमा रमेश खनालले नेपालका शिक्षाविद कलाका ८२ वर्षीय कालिदास श्रेष्ठसँग भएका कुराकानी, समीक्षक नारायणबहादुर सिंहको पुस्तक, 'समसामयिक नेपाली चित्रकलाको इतिहास', पेरिसको 'ला प्रेस' नाम गरेको पत्रिकाको २ अक्टोवर १८५० को

---

[१५०] रघुनाथ खनाल, **नेपालको प्रसिद्ध कलाकार**, प्रकाशकीयबाट, २०६३ ।

अंश, पद्यजङ्गको जङ्गवहादुरको जीवनीबाट र विभिन्न अनुसन्धानबाट यो कुरा पुष्टि गरेका छन् । भाजुमानको घर पहिले नरदेवीमा रहेको तर आगलागीबाट नष्ट भएपछि इन्द्रचोक सरेको र हाल उनका साखासन्तान टेंगल टोल नरदेवीमा रहको कुरा रमेश खनाल व्यक्त गर्दछन् ।

### ४.९.२ दीर्घमान चित्रकार

वि.सं. १९३३ मा जन्मेर २००७ साल भाद्र शुक्लपक्ष द्वादशीका दिन बितेका दीर्घमान फोटो ग्राफर किरण चित्रकारका बाजे थिए । दीर्घमान व्यक्तिचित्र दृश्यचित्र, पौभाचित्र र धार्मिक चित्रका साथै फाटोग्राफीमा पनि निपूण थिए । उनका प्राय चित्रहरू राष्ट्रिय सङ्ग्रहालयमा र उनको घरमा उनका नातिसँग सुरक्षित छन् । उनको घरमा उनका नाति किरण चित्रकारले थुप्रै सामग्रीहरू जस्तै हथौडा, ब्रस, ब्रसको लागि भुत्ला, ढुङ्गे रङ्ग, सुनको धुलो, पारो, पौभा चित्र, चिल्लो पार्ने ढुङ्गा आदिलाई सुरक्षित तरिकाले राखेका छन् । हात्तीको दातमा बनाएको चित्र मनमोहक छ जुन किरण चित्रकारले खुब जतन गरेर राखेका छन् । दीर्घमान चित्रकारलाई पनि चन्द्र शम्शेरले आफूसँगै बेलायत भ्रमणमा लगेका थिए । विदेश भ्रमणमा जाने दीर्घमान दोस्रो कलाकार हुन् । उनले त्यहाँ सम्राट एडवर्ड सप्तमको व्यक्ति चित्र बनाएर देखाउँदा १० हजार पाउण्ड पुरस्कार दिएका थिए तर उनले त्यो लिएनन् । चन्द्र शम्शेरले नलिनु भनेका थिए । पछि बेलायतबाट फर्केपछि उनलाई थुप्रै जग्गा बकसपत्र गरिदिएका थिए । आजपनि यस्ता मूर्धन्य कलाकार तस्वीरहरू बीच बाँचेका छन् ।

### ४.९.३ मास्टर चतुररत्न उदासी

वि.सं. १९४९ मा जन्मेर २००४ मा परलोक भएका चतुररत्न ब्राह्मण परिवारका थिए । बसन्तपुर काठमाडौँमा उनी मातापिताका झगडाका कारण दयनीय जीवन बिताउनु परेको, नाङ्ले पसल थापेर त्यसकै आयले आमाको र आफ्नो पेट पाल्थे । केही समय उनले पानी अड्डामा पनि काम गरे । नगरपालिकामा काम गर्न नपाएको झोकमा उनी भारत पसेका र एक नाटक मण्डलीमा पर्दामा चित्रकोर्ने काम गर्दा चन्द्र शम्शेरसँग भेट भएपछि उनीद्वारा नेपाल फर्किएका चतुररत्न केही समय यही नाचघरका पर्दामा चित्र बनाउने काम पाए त्यसै क्रममा विवाह पछि जीवन धान्न धौ-धौ परेपछि उनले चन्द्र शम्शेरलाई ठाडो बिन्ती चढाए 'कि सिधा पाउँ कि बिदा पाऊँ', यस्तो पत्र देखेर रिसाएका चन्द्र शम्शेरले डाँडो कटाइदेओ भन्ने आदेश दिए र फेरि भारतको उही नाटक मण्डलीमा पुगे । त्यहाँ उनको कामबाट खुसी भएर

त्यहाँको मालिकले उनलाई ४ वर्ष कला शिक्षा पढ्ने व्यवस्था मिलाएको र त्यसबापत १० वर्ष काम गर्नुपर्ने सर्त राखे । यही अनुरूप उनले अध्ययन पश्चात् त्यहा ६/७ वर्ष काम गरे । एकदिन जुद्ध शम्शेरले उनको कला देखेपछि नेपाल आउन फुकुवा गरी जुद्धकला स्कुल खोली मासिक रू. ६०/- दिने व्यवस्था मिलाए । हाल ललितकला कलेज नै त्यसबेलाको जुद्धकला स्कुल हो ।

## ४.९.४ तेजबहादुर चित्रकार

वि.सं. १९५७ मा जन्मेर वि.सं. २०२८ मा मृत्युवरण गरेका नेपालका एक मूर्धन्य कलाकार जो दृश्यचित्र, व्यक्तिचित्र, निष्प्राण चित्र, वस्तु चित्र, पानी रङ्ग, तेल रङ्ग आदि सबै विधामा निपूण थिए । जुद्ध शम्शेरले एक पटक आदेश दिएकै भरमा कठिन भन्दा कठिन चित्रलाई पार लगाई दिन्थे । उनका चित्र हेरेर जिब्रो नकाट्ने कोही छैन् । पाटनको ह्यूगल टोलमा जन्मेका उनी सानैदेखि मामाघर नै बसेका र त्यहीं कला सिकेका हुन् । उनको चित्रकलाबाट प्रभावित भएर चन्द्र शम्शेरले उनलाई कलकत्ता कला अध्ययनका लागि पठाएका हुन् । अध्ययन सकेर फर्केपछि उनले थुप्रै चित्रहरू बनाएका थिए । जसमध्ये हाल संसदभवनमा रहेको सिकार चित्र पनि एउटा हो । उनी दरवार हाइस्कुलका चित्रकला शिक्षक, जुद्धकला स्कुलका कला शिक्षक तथा प्रिन्सिपल, लैनसिंह वाङ्देलको अनुरोधमा उनले ने.रा.प्र.प्र.मा कला कक्षा संचालन गरे । यस्ता कलाकारले आफ्नो जीवन कालमा कला प्रदर्शन गर्न नपाए पनि उनका छोरा र छोरीले सिद्धार्थ आर्ट ग्यालरीमा उनको चित्रहरू प्रदर्शन गरिदिए ।

## ४.९.५ बालकृष्ण सम

कविवर तथा चित्रकार बालकृष्ण समको जन्म वि.सं. १९५९ मा काठमाडौं ज्ञानेश्वरमा माता श्रीमती कीर्तिराज्य लक्ष्मीको कोखबाट भएको हो र मृत्यु २०३८ सालमा भएको हो । उनको घरलाई सांस्कृतिक केन्द्र मानेपनि हुन्छ । कलाको कुरा गर्दा उनी हाम्रै देशको तेह्रौ शताब्दीका अरनिले कमाएको ख्याति सम्झन्छन् । बाहिरको शैली ल्याउनु नराम्रो होइन । युरोपको सुन्दर पक्षलाई अङ्गीकरण गरेको राम्रो तर आफ्नो नेपालीपनलाई बिर्सनु हुँदैन भन्छन् । उनी पिकासो, क्यान्ट तथा शिलर, सेक्सपियर आदिका चित्रको शैलीको पनि कुरा गर्छन् । उनले नेपालकै प्रस्तर कला, मृण्मय कला आदिको र चन्द्रमाको कला आदि ६४ कलाका कुरा पनि गर्छन् । उनको चित्रकला अत्यन्त मनमोहक छन् । उनले एउटा चित्र तयार

गर्न घटीमा ४ दिन र बढीमा ६ महिना लगाउँथे । उनले परम्परागत र आधुनिक दुवै शैलीमा चित्र निर्माण गरेका थिए । ७६ वर्षको उमेरमा ने.रा.प्र.प्र.मा युवा कलाकार र स्कीब परिवारले उनको कलाकृतिहरूको प्रदर्शनीको आयोजना गरेका थिए । त्यसमध्ये केही चित्रको वर्णन निबन्धकार रमेश खनालले यहाँ गरेका छन् । ती हुन् (१) प्रेमपिण्ड, (२) झरना, (३) मृत्यु, (नाटकमा आधारित) (शक्तिखोर चितवन), (४) कलाकारकी श्रीमतीको जीवनी चित्र, (५) त्रिशुली, (६) स्व.श्री ५ त्रिभूवन, (७) जङ्गबहादुर, (८) रविन्द्रनाथ टैगोर हुन् ।

बालकृष्ण सम (फिस्टेकाजी) थुप्रै पुरस्कारहरूबाट सम्मानित, नेपालका तीन तारा मध्येका एक तारा, कलाकार, कवि मात्र नभई, एक दार्शनिक, नाटककार र निबन्धकार पनि हुन् । उनी आफूलाई हेला गर्नेलाई पनि राम्रो दृष्टिकोण राख्ने, कसैलाई पक्षपात नगर्ने छु भन्थे । यी सबैकुरा निबन्धकार जीवनी लेखक रमेश खनाल र प्रेमजीले समसँग लिएको अन्तर्वार्तामा आधारित जीवनी हो ।

## ४.९.६ मनोहरमान पुँ (चित्रकार)

वि.सं. १९७१ मा काठमाडौँ मरूटोलमा जन्मेका मनोहरमान २०४७ सालमा दिवङ्गत भए । उनी वीरमान चित्रकारका सुपुत्र थिए । वीरमान चित्रकारले बखतमान चित्रकारसँग चित्रकलाको ज्ञान हासिल गरेका थिए । मनोहरमान खर्चालु, मोजमस्ती गर्ने रबाफिलो व्यक्ति भएकाले १६ वर्षकै उमेरमा घर छाडेर भारत घुम्न गएका र आफूलाई यायावर ठान्थे । उनका कला गुरु आफ्नै पिता तथा स्व. तेजबहादुर थिए । उनले इन्द्रशोभासँग विवाह गरे । भारतका विभिन्न ठाउँमा गएर उनले पोट्रेटहरू र दृश्यचित्रहरू बनाउँथे । केही समय राणा दरवारमा पनि काम गरे । दार्जिलिङ बसेर त्यहीँ खुद्रा व्यापारीको रूपमा चिया बिक्रि पनि गरे । थुप्रै मिसावट भयो भनेर उनीमाथि मुद्धा पनि चल्यो । त्यहीताका उनले थुप्रै मुहार चित्र, दृश्य चित्र बनाए । २०२२/०२३ सालतिर उनी फेरि काठमाडौँ फर्किए । प्रजातन्त्र भनेको गुण्डागर्दी होइन, छाडावाद होइन भन्थे । उनी प्रजातन्त्र भनेपछि हुरुक्क हुन्थे । उनले नेवारी रीतिरिवाज, बिहे, व्रतबन्ध आदिलाई जीवन्तता दिने चित्र कारेका छन् । उनका चित्रहरूमा आङ्गिक असन्तुलन भने देखिन्छ । खनालले उनीसँग पटक पटक साक्षात्कार गरेका थिए । एकपटक २०६२ मा उनको घर खोज्दै जाँदा ११ वर्ष अगाडि नै मृत भैसकेका र अरूले नै घर किनेको तर घरमा खिया लागेका ताल्चा, जिर्ण घर अनि खुल्ला झ्याल देखेर उनलाई दिक्क लाग्यो । निसन्तान मनोहरमानको कलाको संरक्षण कसले गऱ्यो होला भन्दै विस्मयमा पर्छन् खनाल । २०४७ मा

युवा कलाकारले सम्मान गर्दा यो मेरो मात्र सम्मान होइन यो त कला र सम्पूर्ण कलाकारको सम्मान हो भन्ने पुँको संस्मरणमा खनाल श्रद्धाको दुईथोपा आँसु झार्छन् ।

## ४.९.७ अमर चित्रकार (मूर्तिकार र चित्रकार)

जन्म वि.सं. १९७७ र मृत्यु २०५६, अमर चित्रकार स्वयम्भू डल्लु निवासी थिए । उनको घरमा भित्ताभरी उनका विभिन्न चित्रकलाले सजिएको छ । उनले चित्रकारी तेजबहादुरसँग ६, ७ वर्ष कला सिके । मनोहरमानसँग मुम्बई गए र सँगै काम गरे १३, १४ वर्ष बालकृष्ण समसँग बसेर काम गरे । पोट्रेट बनाउँदा, ३ महिना, ६ महिना, ३ वर्षसम्म पनि ... लागेको अनुभव सुनाउँछन् । उनले तेल चित्र, पानी रङ्ग चित्र र पोट्रेटहरू थुप्रै बनाएका थिए । उनले चित्रको अलावा मूर्तिहरू पनि बनाउथे । उनले डिजाइनहरू पनि गर्थे । कला मुडमा भरपर्ने कुरा हो, करले होइन । कलालाई लोकप्रिय बनाउन खर्पन बोक्ने नेपालीले पनि बुझ्ने हुनुपर्छ । प्रतियोगिता गाउँ, नगर, जिल्ला स्तरमा गर्नुपर्छ । कला चिट्ठा खोल्ने, कला कोषको व्यवस्था गर्ने, कलाको खरिद बिक्रि गरिदिने गरेमा कलाको विकास हुन्छ भन्छन् उनी । उनी प्रस्तरको तुलनामा मृण्मयकला विकास नहुनुमा यसको टिकाउ धेरै नहुनाले हो भन्छन् । राम्रो कलाको निर्माण गर्न समय लाग्छ । धैर्यविना कला निर्माण कठिन छ । अहिलेका मानिसमा धैर्यताको कमी छ त्यसैले कलामा लाग्नेहरू थोरै छन भन्ने भनाई छ उनको ।

## ४.९.८ चन्द्रमानसिंह मास्के

वि.सं. १९७८ मा जन्मेका मास्के चित्रकार तथा मूर्तिकार हुन् । उनी नेपालका वयोवृद्ध र प्रसिद्ध कलाकार हुन् । यो जीवनी रमेश खनाल र प्रेमजीले मास्के ज्यूसँग लिएको अन्तर्वार्तामा आधारित छ । मास्केज्यूका कोठाभरि उनले बनाएका चित्रकला र मूर्तिकलाका अनुपम कला हेर्दै उनको विचार सुनिन्छ । वि.सं. २००९ पछि मात्र कलाको ठूलो विकास भएको मान्ने तर जति विकास हुनुपर्ने त्यति नभएको मान्छन् । प्रस्तर कलाको विकासको तुलनामा मृण्मय कलाको विकास हुन सकेको छैन यो कुरा उनी स्वीकार गर्छन् । उनका समकालीन चित्रकारहरू तेजबहादुर, पूर्णमान, दीर्घमान, बखतमान, कृष्णबहादुर, लक्ष्मीबहादुर, चत्नबहादुर नै हुन् । यी कलाकारहरूले कलामा आफ्नो जीवन समर्पण गरेकोले उनीहरूको कलाको संरक्षण हुनुपर्छ भन्दछन् । उनको विचारमा कला विश्वभाषा हो । विदेशी कलाको प्रभाव पर्नुपर्छ । कलाको सुन्दर र असल पक्षलाई मनन गरेर आफ्नो धर्म, संस्कृति र आफ्नो

पनमा ढाल्नु पर्छ ।, कलाकारको मन साँघुरो होइन विशाल र फुक्का हुनुपर्ने धारणा राख्दै कला सृजनाको लागि मुड र प्रेरणा चाहिन्छ भन्छन् । तेल चित्र बनाउँदा घटीमा ५ मीनेट र बढीमा ३ महिना लागेको अनि प्रस्तरमूर्ति १ वर्ष र मृण्मय मूर्ति एकै क्षणमा पनि बनाउन सकिने कुरा व्यक्त गर्छन मास्के । उनी आफ्ना चित्र तथा मूर्तिलाई आफ्नो सन्तान जत्तिकै प्यारो मान्छन् । त्यसैले उत्कृष्टता छान्नेकाम जीवनी लेखकलाई नै जिम्मा दिन्छन् । उनको मृत्यु २०४१ मा भयो ।

## ४.९.९ केशव दुवाडी

वि.सं. १९७८ मा भारतको बनारसमा जन्मेका र २०५३ मा दिवङ्गत भएका एक कलाकार हुन् । उनले चित्रकार केदारनाथ शर्मासँग कला सिकेका हुन् । साहित्यमा मध्यमा र कलामा प्रवेशिका उत्तीर्ण गरेका थिए । उनले जे.जे. स्कुल अफ् आर्टस्को म्युरल डिकोरेसन अनुसन्धान समितिको सदस्यता प्राप्त गरेका र चित्रकलासम्बन्धी अनुसन्धान पनि गरेका थिए । उनले सन् १९४१ मा श्री ५ त्रिभूवनबाट उनको प्राचीन र आधुनिकशैलीका कलाकृतिलाई प्रथम पुरस्कार र १९४४ मा बम्बई आर्ट सोसाइटीबाट प्रथम पुरस्कार, १९४५ मा ‘रासलीला’ नामक चित्रकलामा नगद पुरस्कार, १९४६ मा बम्बई आर्टबाट ‘नरिवल पूर्णिमा’ नामक चित्रलाई रजत पुरस्कार प्राप्त गर्ने दुवाडीको आर्टलाई कदर गर्दै आर्टस्कुलमा प्रधानाध्यापक नियुक्त गरिदिए । उनले यहाँ मुम्बईमा सिकेका कुरा अध्यापन गराए । तर यहाँ जातीय खिचातानी, विरोध, असहयोगका कारण वाक्क भएर उनी फेरि वाराणसी फर्के तर उनलाई पुनः काठमाडौं फर्काउने काम भयो किनकी उनको खाँचो महसुस भयो । फर्केपछि बालसाहित्य पुस्तकहरूमा दृष्टान्त चित्र, जनक शिक्षा सामग्री केन्द्रमा ग्राफिक आर्टको कार्य गरे । उनकै प्रेरणाबाट दृष्टान्त चित्र फस्टाएको हो । उनी धेरैओटा कला संस्थाहरूमा विभिन्न पदमा रहेर कार्य गरेका र वस्तुवादी र यथार्थवादी चित्रकार आज हामीमाभ्र नभए पनि उनका चित्रहरूमाभ्र जीवन्त छन् ।

## ४.९.१० धर्मराज शाक्य

वि.सं. १९८० मा पाटन महाबौद्धमा घर भए पनि पूर्व दोलखामा जन्मेका, बाबु बाजेले सुनचाँदीमा बुट्टा कोटेको देखेर बुट्टा काट्न सिकेका, जुद्ध शम्शेर, पद्म शम्शेरको दरवार सिंहदरवार, विशालनगर, न्युरोडसम्म गएर कामगर्ने उनी क्षयरोगी बनेपछि वीरअस्पतालमा

उपचार गराए । कामको खोजीमा भक्तपुर कटुञ्जे, आरुघाट पुगे । आरुघाटभन्दा कटुञ्जे नै राम्रो लागेर सुनचाँदीको काम गर्दा आमा विरामी भएपछि पुनः पाटन फर्के ९ महिना पछि आमा परलोक भइन् र बा ५६ वर्ष हुँदा बितेपछि उनी एक्लो भए । उनको सुनचादिँका गहनामा बुट्टा हाल्ने कामबाट खान पनि धौ-धौ पर्थ्यो र चाँदीको मूर्ति बनाउन थाले । उनले बनाएका मूर्तिहरू देशदेशावर पुगे । उनले बनाएका बुद्धहरू, फूर्वा र कार्तिक पेरिसको फ्रान्स म्युजियममा पुग्यो । उनले देवदेवीको थुप्रै मूर्ति बनाए । उनको मूर्तिशिल्पकलामा योगदान गरे बापत उनलाई ने.रा.प्र.प्र. कलाकौशल विभागले २०६२ फागुन १९ मा सम्मान पनि गऱ्यो । मूर्तिकार धर्मराज शाक्यको २०६३ मा देहान्त भए तापनि उनी विभिन्न देवमूर्तिमा अझै जीवित छन् ।

## ४.९.११ लैनसिंह वाङ्देल

वि.सं. १९८० मा जन्मेका नेपालका एक वरिष्ठ कलाकारसँग रमेश खनाल र प्रेम खत्रीको अन्तर्वार्तामा आधारित जीवनी जुन रूपरेखा मासिकमा पहिले नै प्रकाशित भैसकेको थियो । आधुनिक परम्परागत शैली अपनाउने कलाकारबीचको दुरी कसरी हटाउने भन्ने प्रश्नमा उनी नेपाल र भारतमा कलाको पाश्चात्य शैलीको प्रभाव नआइपुगेको र कलाको परिधिलाई सीमित पार्नु तथा कुज्याएर राख्नु हो भन्ने ठान्दछन् । यसलाई हटाउन नेपाली कलाको इतिहास, विकास पक्षको अध्ययन गर्ने, अध्ययन पश्चात् क्रिएटिभ कलालाई आधुनिक शैलीमा ल्याउनु पर्ने, लगन, धैर्य र परिश्रमलाई बढावा दिनुपर्ने कुरा व्यक्त गर्छन् । उनी नेपालको आधुनिक कलाको विकासबाट सन्तुष्ट नुहने स्थिति रहेको बताउँछन् । पिकासोले निलो र गुलाफी रङ्गको प्रयोगबाट गरीब स्पेनको जनजीवनलाई उदाङ्ग पारेका थिए । यस प्रयोगले त्यहाँ कलाजगत्मा क्रान्ति ल्याएको थियो । फ्रान्समा त्यतिबेला थुप्रै ठूला साहित्यकार र कलाकारहरू उदाएका थिए । त्यसमध्ये ज्योला (साहित्यकार) र सेजान (कलाकार) बीच प्रतिद्वन्द्विता थियो । ज्योला लण्डन गएर मरे । त्यो थाहा पाएर सेजान तीनदिन सम्म ढोका थुनेर रोए । यसबाट कलाकारहरू कोमल हुन्छन् र हृदय माया र स्नेहले भरिएको हुन्छ भन्ने प्रमाणित हुन्छ भन्छन् वाङ्देल । सेजानले आफूले ख्याति कमाएको पनि पत्तो पाएका थिएनन् । मर्नुभन्दा केही दिन अगाडिमात्र यो कुरा उनले थाहा पाए । अमूर्त कला के हो ? यो शंकर लामिछानेको पनि प्रश्न हो भन्दा वाङ्देल भन्छन् - रुख यथार्थवादी हो । यसको प्रभाव मात्र लिइ क्यूविजममा खिच्दा अर्धअमूर्त र अन्त्यमा अमूर्तवाद आउँछ । अर्थात् पारङ्गत हातले

दुईचार रङ्ग प्रयोग मात्र हो तर कुन रङ्ग कहाँ, कति लगाउँदा कस्तो र कसरी प्रभाव पर्छ बुझ्नुपर्छ । यो अहिले नेपालमा फेसन भएको छ । कलाकारमा धैर्य, लगन र अध्ययन जरुरी छ । अज्ञानता र पठित समाजको कमीले गर्दा नेपाली कलाको उचित मूल्याङ्कन नभएको अवस्था छ । कलाकारले मुड आयो भने कुनै चित्र निर्माण गर्न घटीमा ४, ५ दिन र बढीमा १० वर्ष पनि लागाउन सक्छ । उनको विचारमा अमूर्त चित्र पूर्ण कहिल्यै हुदैन केही न केही थपौं झैँ लाग्ने हुन्छ भन्दछन् । त्यस्तै नेपाली समाजले यौनलाई प्रस्तुत गर्न सक्दैन र कुनै कलामा यौनमा ढाल्नुपर्छ भन्ने सिद्धान्त पनि छैन भन्छन् । तर पहिले पहिले यौनलाई कलाकारहरूले प्रस्तुत गरेका कुरा स्वीकार भने उनी गर्छन् ।

## ४.९.१२ सिद्धिमुनि शाक्य

वि.सं. १९८६ मा काठमाडौँको इटुम्बहाल नासिकामा भएको हो । उनी पौभा चित्रमा धुरन्धर प्रतिभा भएकाले अन्तर्राष्ट्रिय ख्याति कमाइसकेका छन् । कलामा आफ्ना पिताबाट प्रेरणा प्राप्त गर्ने शाक्यले ११ वर्षको उमेरदेखि नै कलाकार्य सुरु गरेका थिए । उनलाई जीवनधान्न विभिन्नठाउँमा नोकरी गर्नुपरेको थियो । उनले बनाएका पौभा चित्रहरू अमेरिका, जर्मनी जापान, इटाली, इङ्ल्याण्ड, भारत, चीन इत्यादि देशहरूको म्यूजियम र ग्यालरीहरूमा छन् । उनले १९६८, १९६९ र १९७० मा वीरेन्द्र राष्ट्रिय स्वर्ण पदक हासिल गरेका र यस्तै अरू पुरस्कार पनि प्राप्त गरको थिए । उनले बनाएको २०" × ४०" को बज्रदेवीमण्डल अद्वितीय कलाकौशलले ओतप्रोत भएको तथा प्रथम पुरस्कार प्राप्त पौभाचित्र घरबाट नै चोरीभएर चारदिनमै अमेरिका पुगेको थियो । 'चक्रसम्भर मण्डल' बनाउन उनले दिनको १२ घण्टाको दरले डेढवर्ष लगाएको थिए । यसमा लगाइएका मालामा दसखण्डभित्र काटिएको टाउकाको माला छ जसलाई आइग्लासद्वारा मात्र चिन्न सकिन्छ त्यसको 'कपी' गर्न सम्भव हुँदैन् । उनले बनाएको मण्डलहरूलाई तेजबहादुरले मेरो बुबाले बनाएको भनेर उनलाई लज्जित तुल्याएका भन्ने तितो अनुभव सुनाउँदै यहाँ सच्चा हृदयभएका राजा बाहेक कोही छैन् । एकपटक उनले राजामा बिन्ती चढाउन लाग्दा केही व्यक्तिहरूले इसाराले चुप भनेका र ती व्यक्तिहरूले देशलाई शोषण गरेका, शोषण गर्ने व्यक्तिहरू धेरै रहेका र देशलाई खत्तम पारेको कुरा दिक्क मानेर गर्छन । कलाको र कलाकारको कदर नगरेको दुःख व्यक्त गर्दै उनी आफ्ना छोरालाई कलाकारिता नसिकाउने, उसले सिक्यो भने हातै काटिदिन्छु भन्छन् । उनी जस्ता कलाकार कोही छैन । अर्थात् उनको तुलना गर्न मिल्ने र सकिने कलाकार जन्मेका छैनन् भन्दछन् रमेश

खनाल । यस्ता महान् कलाकारको निधन २०५८ सालमा भयो, जसबाट नेपालले एक होनहार कलाकार गुमायो ।

### ४.९.१३ रामानन्द जोशी

वि.सं. १९९५ मा पाटनको क्वाल्खुमा जन्मेर पाटन हाइस्कूल, पाटन कलेजबाट आइ.ए. पढ्दा पढ्दै स्वास्थ्यको कारण पूरा भएन । पछि मीनभवनमा कृषि स्कुलमा पनि केही समय बिताएपछि सांस्कृति छात्रवृत्ति पाएर बम्बईको सर जे.जे. स्कुल अफ आर्टस्मा ५ वर्ष अध्ययन पूरा गरेर कलेजको अध्ययन भ्रमणमा मैसुर, गोवा, नासिक, पुना आदि थुप्रै ठाउँ भ्रमण गरी सुन्दर दृश्य बनाएका थिए । उनले भारतमा मिस डोली खुरसेदजी द्वितीय पुरस्कार, कला दीप स्केच क्लबको प्रथम पुरस्कार, सर्वोत्तम कला आलोचक पुरस्कार, मेरिट पुरस्कार प्राप्त गरेका थिए । उनले वनस्थली विद्यापीठ राजस्थानमा तीन महिनासम्म भित्ते लेखन कला तालिम पनि लिएका, सोल्टी होटलको आन्तरिक सज्जा पनि उनले गरेका उनले एकल चित्रकला प्रदर्शन चौंथौसम्म गरेका थिए । सकारात्मक धारणा भएका कलालाई अन्तर्राष्ट्रिय स्तरसम्म बनाउनु पर्छ भन्ने, नेपालमा ललितकला एकेडेमी छुट्टै हुनुपर्छ भनेर आवाज उठाउने, ललितकला संस्था (नाफा) को कार्यकारिणी सदस्य, ललितकला माहाविद्यालयमा अध्यापन गर्नुको साथै ठाउँ ठाउँमा पार्क ग्यालरी खोल्ने उनी जस्ता व्यक्तिकै पहलमा नेपाल कलाकार समाज खोली त्यसको सल्लाहकार रहेका थिए । जापानमा गई जापानको देवताको प्रतीक रूपमा बनाएको चित्रले हिरोसिमामा सबैलाई मुग्ध पारेको यस्ता कलाकारको हृदयघातबाट २०४५ मा निधन भयो ।

रमेश खनालको यो जीवनी सङ्ग्रहले नेपालका वरिष्ठ एवम् कर्मठ ख्यातिप्राप्त कलाकारलाई इतिहासमा अमर बनाउने प्रयास गरेको छ ।

### ४.९.१४ निष्कर्ष

रमेश खनालले लेखेका 'नेपालका प्रसिद्ध कलाकार' नामक जीवनी सङ्ग्रहमा १३ जना मूर्धन्य कलाकारका जीवनी सङ्गृहीत छन् । ती कलाकारहरूले नेपालको कला विकास र उत्थानका लागि डटेर कार्य गरेका र उनीहरूको कला मठ, मन्दिर, चैत्य, भाँडा, गहना, मूर्ति र विभिन्न चित्रमा आज पनि जीवित छन् । आज त्यस्ता महान् र मूर्धन्य कलाकार हाम्रो सामु

नभए पनि उनीहरूको कला तथा नेपालका प्रसिद्ध कलाकार नामक पुस्तकमा कहिल्यै नमेटिने गरी रहेका छन् ।

## ४.१० 'कला स्रष्टा' जीवनी सङ्ग्रहको अध्ययन

रमेश खनालद्वारा लेखिएको 'कला स्रष्टा' नामक जीवनी सङ्ग्रभित्र नेपालका २५ जना कलाकारहरूका कला जीवनी सङ्गृहीत छन् । ती कलाकारहरूको नाम इतिहासको पानामा सुनौलो अक्षरले अङ्कित गर्ने काम भएको छ । ती कलाकारहरूले नेपालमा गरेको योगदान र अङ्कित उनीहरूको कार्यलाई जनसमक्ष ल्याउने काम खनालले गरेका छन् । तर यी सबै जीवनीहरू उनले पहिले मधुपर्क, युवामञ्च, गोरखापत्र जस्ता पत्रिकाहरूमा प्रकाशित गरिसकेका छन् । ती जीवनीहरू यसप्रकारका छन् ।

### ४.१०.१ कलाकार मास्टर जीवरत्न शाक्य

वि.सं. १९७८ साल माघमा लगन बहाल काठमाडौँमा जन्मेका कलाका शिक्षक जीवरत्न शाक्य दृश्यचित्र, व्यक्तिचित्र, सामाजिक र धार्मिक चित्र बनाउन निपूण छन् । नेपाल आर्ट स्कुलमा कला अध्ययन गर्दै जुद्धकला पाठशालामा कला प्रवीण परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे । उनको लगनशीलता देखेर व्यवस्थापकहरूले कार्यवाहक प्र.अ. पद्मा वढुवा गरेका, राणाहरूको जगजगीको समय भएकाले उनले मृगेन्द्र शम, सुरेन्द्र शम लगायत थुप्रै राणाहरूको दरबारमा दृश्य, व्यक्ति र शिकार चित्र बनाएका थिए । उनले वि.सं. १९९३ मा प्रथम १९९७ मा दोस्रो र २००० मा तेस्रो एकल चित्रकला प्रदर्शन गरेका, ललित कला कलेजबाट २०२६ मा जनक शिक्षामा चित्राङ्कन गर्न सरुवा भएको र आउन जान गाह्रो भएपछि २०२७ मा जागीर छोडेका थिए । २०५७ भाद्र २७ गते ललितकला समीक्षक समाजले उनको कलाको कदर गर्दै सम्मान गरेको, वाटर कलर सोसाईटीले 'मास्टर तेजबहादुर' पुरस्कारद्वारा सम्मान गरेको थियो ।

### ४.१०.२ कलाकार कालिदास श्रेष्ठ

वि.सं. १९७९ मा काठमाडौँ वसन्तपुर झोछेँमा जन्मेका २०६० देखि २०६३ सम्म नेपाल कलाकार समाजका सल्लाहकार, चित्रकलामा लाग्ने प्रेरणा आफ्नै दिदीबाट प्राप्त, दाजुले मास्टर चतुररत्नसँग चित्रकला सिक्न पठाउनु र पिताले १९९४ मा जुद्धकला पाठशालामा भर्ना गरिदिएका, २००० सालमा कला कुशल परीक्षा र २००१ मा कला प्रवीण परीक्षा प्रथम श्रेणीमा

उत्तीर्ण, २००८ मा मेट्रिक पास गरेका र शिक्षक पेशा गर्दा गर्दै कोलम्बो प्लानअन्तर्गत भारतको बम्बईको सर जे.जे. कलेजबाट २०१३ मा डिप्लोमा २००२ देखि २०१९ सम्म जुद्धकला पाठशालामा कला शिक्षक २०१९ देखि २०२४ सम्म इन्चार्ज २०३०-२०३६ सम्म क्याम्पस प्रमुख, २०३८ देखि २०४४ सम्म आंशिक शिक्षक र विशेष सल्लाहकार रहेका उनले व्यक्तिका पोट्रेर दृश्यचित्र, अर्ध अमूर्त, प्रभाववादी चित्र त्यस्तै गरेर तेल रङ्ग, जलमिस्रित रङ्ग पेस्टल, पेन्सील, कलम, मसी, चारकोल जस्ता माध्यमले चित्र निर्माण गर्ने श्रेष्ठको पछिल्लो एकल कला प्रदर्शनी ८१ वर्षको उमेरमा मिसोरीको रोला शहरमा त्यहाँको मेयरको निमन्त्रणामा भएको थियो । मिसोरीकोमा उनले ठूलो सम्मान पाए । उनले २०५२ सालमा नारायणबहादुर सिंह स्मृति पुरस्कार, महेन्द्र प्रज्ञा पुरस्कार, २०५५ मा ललितकला कलेजले सम्मान गरेर २०६० सम्म लगातार उनी धेरै ठाउँबाट सम्मानित भएका व्यक्तित्व हुन् । उनले आफ्नो अन्तिम इच्छा नेपालमा एम.एफ.ए.को पढाइ सुरु हुनुपर्छ भन्ने राखेका नेपालका शुभचिन्तक हुन् ।

### ४.१०.३ मूर्तिकार सिद्धिराज शाक्य

वि.सं. १९८० मा पाटन ओकोवहालमा जन्मेका अभयराज शाक्यका सन्तति सिद्धिराजका पाँचभाइ छोरा, एक छोरी र श्रीमती पूर्णमाया शाक्य छन् । उनी २०५८ मा नेकसबाट अभिनन्दित, २०५६ मा उद्योग वाणिज्य महासंघद्वारा अभिनन्दित भएका, उनले मानज्योतिसँग कला सिकेका, अर्का एक जना लामागुरुसँग पनि शान्त प्रकृतिका चित्र बनाउन सिकेका, उनले जीवनमा थुप्रै अनगिन्ती मूर्तिहरू बनाए । उनले बनाएका २८ ओटा भगवती हनुमान ढोकाको पुजाकोठामा छन् । श्री सदनका सिंह र मायादेवी पनि उनले नै बनाएको हुन् । उनलाई धर्मभिरुहरू र लामाहरू मूर्तिको अर्डर दिन आउँछन् । उनले लुम्बिनीमा तारा फाउण्डेसनमा थुप्रै भव्य मूर्ति बनाएका छन् । उनी ८३ वर्षको उमेरमा आफ्नै कोठामा बोधिसत्वको मूर्ति बनाउँदै त्यस मूर्तिलाई पूरा गर्ने सङ्कल्प गर्छन् । न्याबहालमा उनले बनाएको शाक्यमुनि बुद्ध लोकेश्वरको मूर्ति दर्शन गर्दै रमेश खनाल फर्कन्छन् ।

### ४.१०.४ कलाकार कुलमानसिंह भण्डारी

वि.सं. १९८२ माघ २१ गते काठमाडौँ तीनथाना नैकापमा भण्डारी खानदानमा जन्म भएको कुलमानसिंहको पुर्खौली घर लमजुङ हो । उनले जुद्धकला पाठशाला र भारतको मसुरी चित्रशालामा चित्रकला अध्ययन गरेका थिए । उनले पहिलो एक व्यक्ति चित्रकला प्रदर्शन

जनकपुरमा, दोस्रो १९६४ मा काभ्रेमा, तेस्रो १९६८ मा धनगढीमा, चौथो १९९० मा कीर्तिपुरमा र २०२० मा लगनखेलमा गरेका थिए । आफ्नै पितामाता एकवहादुर र देवकुमारीबाट प्रेरणा प्राप्त गरेका उनले २००३ सालमा केही महिना सेनामा र २०१३ सालदेखि घरेलु उद्योग विभागमा नोकरी गरी २०४४ मा दीर्घसेवी बने । सूक्ष्म चित्र बनाउन सिपालु उनले दृश्य चित्रहरू, व्यक्तिचित्रहरू, दृष्टान्त चित्रहरू बनाउथे । उनका बारेमा साहित्यकार गोविन्द भट्ट र मोहन दुवालले देशको व्यथा चित्रमा व्यक्त गर्ने भनेर प्रशंसा गरेका छन् । उनी जण्डिस बिग्रिएर २०५८ मा परलोक भए ।

### ४.१०.५ कलाकार पुण्यराज शाक्य

वि.सं. १९८२ मा पाटन नौदो वडा नं. १२ मा जन्मेका पुण्यराज इम्वोस्ड शैलीमा मूर्ति बनाउने मूर्तिकार हुन् । स्व. चन्द्रमान शाक्यका छोरा पुण्यराज, पुण्यराजका छोरा एकराज र एकराजका दुईछोरा दिनेशराज र दीपेन्द्रराज सबै मूर्तिकार । पुण्यराज कलाशिल्पी भएर कालिङपोङ, सिक्किम र तिब्बतमा चर्चित भए । त्यस समय यहाँ काम त्यति पाइदैन थियो । त्यसैले उनी कामकै लागि कालिङपोङमा नौ-दस वर्ष, तिब्बतमा दुईवर्ष जति बसेर त्यहाँ लडाइ भएपछि काठमाडौँ फर्केका हुन् । उनले बनाएका इम्बोस्ड मूर्तिहरू ताइवान र जापान पठाइएका छन् । उनले बनाएको ठूलो वेतालको ७ फिटको मूर्ति काठमाडौँको पचलीभैरवमा छ । बौद्धमा छ्वासकामुनी, पाटनको लगनखेलमा महालक्ष्मी, स्वयम्भूमा चैत्य, बुद्धको मूर्ति राजदरवारमा चाँदीको हात्ती, सिक्किममा चैत्य र भूटानमा मैत्रीबुद्ध र चैत्य छ । उनलाई उनको कार्यको कदर गर्दै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कलाकौशल विभागबाट २०६२ फागुन १९ मा सम्मान गऱ्यो । रोटरी इन्टरनेसनलले २०५८ कार्तिक २ गते सम्मान पत्र प्रदान गऱ्यो । केही वर्षअघिदेखि उनको यो काम उनका छोरा र नातिले स्थायित्व दिँदै अगाडि बढाएका छन् ।

### ४.१०.६ कलाकार कर्णनरसिंह राणा

वि.सं. १९८२ मा पिता नुरनरसिंह र माता तारादेवीबाट जन्मेका कर्णनरसिंह मालिगाउँ घरमा उनले बनाएका अनगिन्ती चित्रहरूको माझ रमेश खनालले लिएको अन्तर्वार्तामा आधारित कलाजीवनी हो । उनले कलाको शिक्षा मास्टर चतुररत्नसँग र दरवार स्कुलमा चन्द्रमानमास्केको निर्देशनमा चित्रकला सिक्दैगर्दा पितासँग भारत जाने अवसर पाए । त्यहाँ उनले ‘लखनऊ’ स्कुल अफ आर्टस्’ मा १९४५ देखि १९४९ सम्म पढे । बनारसको भारतकला

सङ्ग्रहालयमा १९५० मा कला अध्ययन गरे । त्यहाँ उनले कलासम्बन्धी धेरै ज्ञान हासिल गरे । उनी परावस्तुवादी शैली, बङ्गालको टैगोर शैली, वाश प्रविधि जस्ता प्रविधिबाट चित्र निर्माण गर्ने राणाको चित्रमा विशेषता उदात्त, सौम्य, अध्यात्मिक भावनाको, नैसर्गिक, सूक्ष्मता, कोमल, तरल र आत्मसन्तुलन हुन् । उनले सन् १९४८ मा भारतको ललितकला महाविद्यालय र संस्कृत वि.वि. बनारसमा, १९६० मा नेपाल भारत सांस्कृतिक केन्द्र काठमाडौँमा, १९६७ मा रोयल होटल, १९७३ मा नेपाल भारत सांस्कृतिक केन्द्र काठमाडौँ, १९८० मा नेपाल ललितकला संस्था (नाफा) मा, १९८९ मा सिद्धार्थ आर्ट ग्यालरीमा, १९९४ मा जे आर्ट ग्यालरीमा र १९९७ मा ढाका जस्ता ठाउँहरूमा चित्रकला प्रदर्शन गरिसकेका छन् । २०५५ मा भूपालमान सिंह कार्की पुरस्कार र पटकपटक राष्ट्रिय कला प्रदर्शनीमा पुरस्कार प्राप्त गरेका राणाका तीन छोरा एक छोरी मध्ये जेठो छोरा मोहननरसिंह पनि कलाकार हुन् ।

### ४.१०.७ मूर्तिकार प्रा. गोविन्दनारायण ज्यापू

वि.सं. १९८४ मा काठमाडौँ तबोटोल देवालयमा पिता तुलसीनारायण तथा माता देवमायाको जेठो छोराको रूपमा जन्मेका ज्यापू २००३ मा जुद्धकला पाठशालाबाट कला प्रवीण उत्तीर्ण गरेका, पटनाबाट कलाशिक्षासम्बन्धी तालिम लिएका, अमेरिका ओरिगन वि.वि.बाट ललितकलासम्बन्धी विशेष तालिम लिएका छन् । उनले कलेज अफ एजुकेसन कीर्तिपुर र नेपाल स्काउटमा उल्लेखनीय सेवा गरेका छन् । उनले २०२७ सालमा पाँच राष्ट्रिय कला प्रदर्शनीमा मूर्तिकला विधामा प्रथम पुरस्कार, २०६२ मा 'हाम्रो नेपाल' भन्ने संस्थाले उनलाई अभिनन्दन, फागुन २६ मा ने.प्र.प्र.कला कौशल विभागले मूर्तिकलामा योगदान गरेवापत सम्मान, २०६३ भदौ २७ मा 'लाइफ टाइम एचिभमेन्ट एवार्ड'बाट सम्मान प्राप्त गरेका ज्यापूले स्थिर गोलामूर्ति र उदभूत मूर्ति र स्वतन्त्र सबै प्रकारका मूर्ति बनाएका छन् । यथार्थवादी, संकेतात्मक, अर्धअमूर्त शैलीमा मूर्ति बनाएका मूर्तिकारको ८२ वर्षे उमेरमा पनि कार्य गरेर उत्साह देखाउँदा युवाका लागि प्रेरणा, अर्धवैंसेका लागि उत्साह र अल्छ्याहाहरूका लागि दरिलो झापट हो भन्दा फरक पर्दैन भन्ने कुरा जीवनी लेखक रमेश खनालको खुट्याई छ ।

### ४.१०.८ कलाकार दिलबहादुर चित्रकार

वरिष्ठ कलाकार दिलबहादुरको जन्म वि.सं. १९८५ मा ललितपुरमा भएको हो । उनले जुद्धकला पाठशालाबाट सन् १९५० मा कला प्रवीण उत्तम श्रेणीमा उत्तीर्ण गरे । युनेस्को

छात्रवृत्ति अन्तर्गत दुई महिनाका लागि पेरिस जाने अवसर प्राप्त भयो त्यसबेला स्वीटजरल्याण्ड, ज्यूरिख न्यूच्यार्टेर बेलायत, इटालीको मिलान, भेरोना जस्ता क्षेत्रमा भ्रमण गरेका र त्यहाँको आर्ट ग्यालरीहरूको अध्ययन गर्नुका साथै थुप्रै कलाकारहरूसँग भेटघाट पनि गरेका थिए । त्यसपछि उनले पहिलो देखि पाँचौ एकल चित्रकला प्रदर्शन गरे । प्रभाववादी, यथार्थवादी शैलीको बेजोड दृश्यचित्र, व्यक्तिचित्र बनाउने आधुनिक माध्यमलाई अपनाउने कलाकार हुन् । उनले बनाएको चित्रहरू धेरै मूलुकहरूमा छन् ।

## ४.१०.९ कलाकार कृष्णगोपाल रञ्जित

वि.सं. १९८९ मा पोखरामा जन्मेका कृष्णगोपाल रञ्जितको कर्मस्थलो भने काठमाडौँ हो । उनी चित्रमा छायाँ र प्रकाशको बेजोड मेल देखाउन सिपालु छन् । उनले आफ्नो चित्रभित्र युगबोधक सन्देश, शान्ति, सदभावनालाई राम्रोसँग व्यक्त गर्छन । उनको चित्रहरूमा रेब्रान्टको प्रकाश प्रविधिलाई विशेष महत्त्व दिएर निर्माण गरेको पाइन्छ । उनले जर्मनी, हङकङ, भारत, जापान, सिँगापुर, श्रीलङ्का भ्रमण गरेका छन् । उनले धेरै पटक राष्ट्रिय कला प्रदर्शनीमा पुरस्कार जितेका छन् । नेपाल सरकारले एक राष्ट्रिय प्रतिभा भनेर सम्मान, तथा नेपाल कमर्सियल आर्टिस्ट संघले पनि सम्मान गरेका छन् ।

## ४.१०.१० मूर्तिकार कालु कुमाले

वि.सं. १९९० जेठ २७ गते थपाट पाटन महाबुद्ध वडा नं. ६ मा जन्मेका कालु कुमाले पिता सानु कुमाले र माता ज्ञानी थकुँ र लक्ष्मी मायाका छोरा हुन् । उनका ६ भाइ छोरा दुईटी छोरीहरू छन् । कालु कुमाले क्रोधात्मक मूर्ति बनाउन निपूण छन् । उनले साँहिला गुरु कहाँ साधारण लेखपढ एवम् वर्णमाला पूरा गरेर त्यागलमा पढ्न गएको बेला किताब किन्न दस रूपैँया तिर्न नसक्दा पढाइ अधुरै रहेको थियो । उनले अनगिन्ती मूर्तिहरू बनाइसकेका छन् । उनले अढाइ इच्चदेखि ९ फिट सम्मका मूर्ति बनाइसकेका, मूर्ति तीन दिन र ठूला मूर्ति डेढ वर्षसम्म लाग्ने बताउने कालु सानो छँदा मूर्ति बनाउन जान्दैनथे । आफ्नो बाबुले बनाएको हेरेर बस्थे । एकपटक महामञ्जुश्रीलाई सपनामा देखेपछि उनले बिस्तारै मूर्ति बनाउन जानेका हुन् । उनले बनाएका मूर्तिहरू, कोरिया, रूस, ताइवान तथा स्वीट्जरल्याण्ड समेत पुगेका छन् । उनले नेपालको सतुङ्गलमा अष्टमातृका, पाटनमा बाराही, बालकुमारी मन्दिरमा भैरव, गणेश आदि थुप्रै मूर्तिहरू बनाएर राखेका छन् भने टुटेफुटेका मूर्तिहरूको पुनः निर्माण गरेका छन् ।

उनको यस्तो कार्यबाट २०४२ सालमा धातु मूर्तिकला प्रदर्शनमा प्रथम पुरस्कार, २०५२ सालमा उत्कृष्ट कलाकारिता पुरस्कार, सन् २००१ मा गाडेन जाङ्त्से गुम्बाबाट प्रशंसापत्र, विभिन्न कदर पत्रहरू, ज्यापू समाजका तर्फबाट प्रतिभाशाली कलाकार सम्मान, राष्ट्रिय नागरिक सम्मान २०६१, नेकसले लाइफ टाइम एचिभमेन्ट २०६१ द्वारा सम्मानित उनी कला निर्माण क्रममा थुप्रै मुलुक घुमिसकेका छन् ।

## ४.१०.११ मूर्तिकार ठाकुरप्रसाद मैनाली

वि.सं. १९९१ सालमा काभ्रे वालटिङमा जन्मेका ठाकुरप्रसाद मैनालीलाई सानैदेखि चित्रकला, साहित्य र खेलकुदमा रुचि थियो । उनले सन् १९५५ मा कोलम्वो प्लानअन्तर्गत भारत सरकारबाट प्राप्त छात्रवृत्तिमा पढ्न वरोदा एम.एस. युनिभर्सिटी पुगेका उनले स्नातक पूरा गरेका र नेपाल फर्केपछि (नाफा) स्थापना गर्न तत्कालीन युवराज वीरेन्द्रसँग बिन्ती चढाएको र २०२२ सालमा वीरेन्द्रकै अध्यक्षतामा कार्यसमिति गठन भएको त्यसमा उनी सदस्य-सचिव भए । उनी नाफामा १० वर्षसम्म रहे । नाफाको स्थापनाले कलाकारहरूको मौलिकता पहिचान प्राप्त भएको थियो । उनले नाफाको सदस्य सचिव, बालसङ्गठनको सदस्य सचिव, हिमालय विद्या मन्दिरको सञ्चालक समितिको अध्यक्ष, युनेस्को राष्ट्रिय आयोगको राष्ट्रिय समितिमा १२ वर्षसम्म सचिव, ललितकला एकेडेमी स्थापनार्थ समिति-अध्यक्ष, नेकसका सल्लाहकार, श्री ५ वीरेन्द्र गद्दी आरोहण समितिका अध्यक्ष, महिला तथा बालविकास सेवा केन्द्रका अध्यक्ष, नेपाल कल्चरल एकेडेमीका अध्यक्ष लगायत थुप्रै संस्थाहरूमा सदस्य पदमा रहेका उनी निकै सक्रिय व्यक्तित्व हुन् । उनले गरेका कार्यको मूल्याङ्कन गर्दै उनलाई गोरखा दक्षिणवाहु, वीरेन्द्र स्वर्णकला पदक, अन्तर्राष्ट्रिय कलाप्रदर्शनीमा मूर्ति विधामा ‘श्रेष्ठ’ पुरस्कार, वीरेन्द्र शुभराज्याभिषेक पदक लयागत अन्य अनगिन्ती पुरस्कारहरूद्वारा सम्मानित छन् । यस्ता व्यक्तिले बनाएका मूर्तिहरू हामी विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयहरूमा देख्न सक्छौं । जस्तै- ‘सञ्चारको गति’ नामको धातुको मूर्ति- दूरसञ्चार संस्थान, त्रिपुरेश्वरमा, ‘प्रकाशको मन्दिर’ कुलेखानी दोस्रो जलविद्युत् योजना भैंसे, ‘ज्ञान र सेवाको मन्दिर’ त्रि.वि.वि. शिक्षण अस्पतालमा, त्यस्ता ठूला मूर्तिहरू उनका २६ स्थानको कार्यालयहरूमा देख्न सक्छौं । सानातिना मूर्तिहरू त उनको अनगिन्ती नै छन् ।

### ४.१०.१२ कलाकार मनुजबाबु मिश्र

वि.सं. १९९३ मा जन्मेका मनोजबाबु मिश्र एक कलाकारमात्र नभएर एक साहित्यकार पनि हुन् । उनले थुप्रै चित्रकलाको साथै साहित्य लेखनको रूपमा केही निबन्ध र बालपुस्तकहरू लेखेका छन् । भगवान्ले उनलाई गहिऱ्याइमा पुगेर मोती खोज्न सक्ने क्षमता प्रदान गरेकाले नै उनको लेखाइमा सुक्ष्मता, गहनता र निखारता आएको हो भन्दछन् रमेश खनाल । मिश्रले नेसनल कलेजबाट आइ.ए. पास गरेर केही समय रुरल इन्टिच्युटमा काम गरेपछि वी.ए. पढ्दा पढ्दै उनलाई कला अध्ययनको छात्रवृत्ति प्राप्त भई ढाका गई सन् १९६३ देखि ६८ सम्ममा स्नातक पूरा गरेपछि फेरि छ महिनाको लागि ग्राफिक पढेर फर्के । उनले थुप्रै चित्र बनाए । उनलाई साल्भाडोर डालीको प्रभाव परेको छ । त्यसैले उनी पनि आफ्ना चित्र अतियथार्थवादी, श्वैर काल्पनिक ढङ्गबाट निर्माण गर्छन । उनको चित्रमा नीलो हरियो रङ्को बाहुल्यता बढी छ । मनोविज्ञ ती रङ्गहरू दु:ख, क्लेश र पीडाको द्योतक मान्दछन् । 'विश्वकला इतिहास' पुस्तक उनले लेखेको कलाजगत्को महत्त्वपूर्ण पुस्तक हो । उनले केही समय जनकशिक्षा सामग्री केन्द्रमा काम गरेर केही समय ललितकला क्याम्पसमा शिक्षण गरेर बिताएका भए पनि केही समयदेखि उनी गुप्तवास बसेझैं बसेकाले रमेश खनाल जीवनी मार्फत किन यसरी बसेको भन्ने प्रश्न पनि गर्दछन् । सायद बाल्यकालमै मातापिताको वियोगले त कतै यस्तो बनाएको होइन भन्ने उनको विचार छ ।

### ४.१०.१३ कलाकार गेहेन्द्रमान अमात्य

वि.सं. १९९३ मा जन्मनु भएको गेहेन्द्रमान अमात्य नेपालका एक आधुनिक कलाकार हुन् । उनको एकल चित्रकला प्रदर्शन उनलाई छक्क पार्दै फ्रान्सका आधुनिक कलाकार नेकोलाई मिचाट्युच्किनले नेपाल भारत सांस्कृतिक केन्द्रमा २०१२ साल माघ २१ गते आयोजना गरिदिए । यो देखेर अमात्यलाई कतिबेरसम्म त विश्वासै नलागेर दोऱ्याएर व्यानर पढेका थिए । त्यस प्रदर्शनमा उनले भारु ५००/- पुरस्कार प्राप्त गरेका थिए । दोस्रो चित्रकला प्रदर्शन २०१३ सालमा, त्यस्तै तेस्रो २०१४, चौथो २०१५ र पाँचौ २०१६ मा भएको थियो । २०१६ मा अमेरिकन लाइब्रेरीले आयोजना गरेको सामूहिक कलाप्रदर्शनमा पनि उनले आफ्ना ५ थान चित्र समावेश गरेका थिए । २०१६ मा उनले 'मेरो २०० दिने एकल प्रदर्शनी' पल्टनघर असनमा गरेका थिए । २०१७, २०२०, २०२१, २०२२ मा पनि उनले चित्रकला प्रदर्शन गरे । उनले

२०१२ देखि २०४० सम्म अनेकौं पटक चित्रकलाको एकल तथा सामूहिक प्रदर्शन गरे । उनी एक कलाकारका साथै लेखक पनि हुन् । उनले Modern Art नामक पुस्तक प्रकाशित गरे । भारतीय प्रेसको कभरेजबाट "In the field of Modern Art Amatya of Nepal is a self tought artist but he won may distinction than other Nepalese artists" भनेर लेखिएको प्रति अझै रमेश खनालसँग छ । अमात्य अमूर्त चित्रकला लगायत अन्य थुप्रै कलामा निपूण छन् ।

### ४.१०.१४ कलाकार उत्तम नेपाली

वि.सं. १९९४ मा काठमाडौँ किलागलमा जन्मेका, नेपाली भारत लखनउको 'गभरमेन्ट कलेज अफ आर्ट एण्ड क्राफ्ट' बाट कलामा डिप्लोमा गरेर २०१८ सालमा 'नृत्यमय गणेश' नामक एकल कलाप्रदर्शनी आयोजना गरेर चर्चित भए । उनले थुप्रै पटक कला प्रंदर्शन गरिसकेका, कार्यशालाहरूमा सरिक भएका, मनग्गे कला गोष्ठीहरूमा विचार प्रवाह गरिसकेका युवा कलाकारहरूलाई हौसला र प्रेरणा दिन कन्जुस्याइ नगर्ने उत्तम नेपाली एक कवि पनि हुन् । उनले कवितामा जीवनका अनुभूति पोखेका हुन्छन् । उनी कवितासँग धेरै निकटतम भएकै कारण रङ्ग र कविताको तादात्म्यता गर्न खोज्दछन् । चित्रभित्र कविता लेखेर दुवै विधालाई मूर्तता दिन्छन् । प्रजातन्त्र र लोकतन्त्रका अनुयायी उनको कलाकृति नेपाल बाहेक थुप्रै मुलुकमा सङ्कलन गरिएको छ ।

### ४.१०.१५ कलाकार हरिप्रसाद शर्मा

वि.सं. १९९४ मा जन्मेका हरिप्रसाद शर्मा नेवार नभएर पनि नेवारी समुदायको परम्परा संस्कृतिलाई क्यानभासमा जीवन्तता दिने कलाकार हुन् । यथार्थवादी कलाकार शर्माले दुईपटक एकल चित्रकला गरिसकेका छन् । उनले जुद्धकला पाठशालाबाट कला अध्ययन गरेका मास्के र कालीदाश श्रेष्ठसँग कलाका व्याकरण सिकेका उनी निकै सफल कलाकार हुन् ।

### ४.१०.१६ कलाकार बलराम थापा

वि.सं. १९९४ मा भारतको सिलाङ्मा जन्मेका बलराम थापा समाजका बेथिति, विसङ्गति, अन्याय-अत्याचार, राजनैतिक उथलपुथल, भ्रष्टाचार जस्ता विषयमा केन्द्रित भएर व्यङ्ग्य चित्र बनाउने एक सफल व्यङ्ग्य चित्रकार हुन् । उनी गोरखापत्र संस्थानमा जागिरे थिए । उनको व्यङ्ग्य चित्रमा उनले कहिले बराथा, कहिले बुढाथोकी, घनश्याम, वसु तथा कहिले तिखे जस्ता उपनाम राख्थे । उनको योगदानको कदर स्वरूप बासुदेव लुँइटेल

हाँस्यव्यङ्ग्य पुरस्कारबाट सम्मान गरिएको थियो । उनको अन्तिम व्यङ्ग्य चित्रकला प्रदर्शनी केही वर्ष अगाडि काठमाडौँमा आयोजना गरिएको थियो । उनी २०६० साल भाद्र २६ गते यस संसारबाट सदाकालागि बिदा भए केवल उनको स्मृतिलाई व्यङ्ग्य चित्रमा छोडेर । नेकसले उनको सम्झनामा असोज ५ गते शोकसभा गरको थियो ।

### ४.१०.१७ कलाकार लक्ष्मण श्रेष्ठ

वि.सं. १९९५ मा पूर्वाञ्चलको सिराहा जिल्लामा जन्मेका लक्ष्मणले बम्बईको सर जे.जे. स्कुल अफ आर्टस्बाट डिप्लोमा र पेरिसबाट उच्च अध्ययन गरेका, थप अध्ययन लण्डनबाट गरेका एक अमूर्तकला सिर्जनामा सङ्लग्न उनी भारतलाई कर्मभूमि र छातीमा नेपाली जोश जागर बोक्ने एक कलाकार देशदेशावर पुगेर कला प्रदर्शन गर्छन् । उनको पहिलो चित्रकला प्रदर्शनी इ.सं. १९६४ मा तत्कालीन राजा महेन्द्रबाट भएको थियो । उनी भारतका नामी कलाकारहरूको गणनामा पर्ने वरिष्ठ कलाकार हुन् । उनको आफ्नै शैली र वैशिष्ट्य छ । उनको शैली अमूर्त अभिव्यञ्जनावादी हो । रङ्गको सौन्दर्य, रङ्गको भाव, प्रधानता, संवेदना, माधुर्य आदि कुराको मोहकता उनको कलामा पाइन्छ । उनले गोरखा दक्षिणबाहु, भारत सरकारको मेरिट विद्वद्वृत्ति, फ्रान्स सरकारको विद्वद्वृत्ति, पेरिस वोसियर्स कला प्रदर्शनीमा प्रथम, न्युयोर्कमा प्रिक्स दि अनर, आई.भि.पि.ग्रान्ड यु.एस.ए लगायत थुप्रै पुरस्कारबाट सम्मानित भएका उनलाई नेकसले पनि सम्मान गरेको थियो ।

### ४.१०.१८ कलाकार उर्मिला उपाध्याय (गर्ग)

वि.सं. १९९६ मा जन्मिएकी उर्मिला गर्ग सर जे.जे. स्कुल अफ आर्टस्बाट चित्रकला र आन्तरिक सज्जामा डिप्लोमा गर्ने प्रथम नेपाली महिला हुन् । उनी आफ्नो कलामा १९७० देखि रातो रङ्ग बढ्ता मात्रामा प्रयोग गर्छिन् । वि.सं. २०१६ सालमा उनको पहिलो चित्रकला प्रदर्शनी, २०२६ मा दोस्रो प्रदर्शनी, २०३४ मा उनको अर्को चित्रकला प्रदर्शनी भयो । सन् १९६१ मा ग्राफिक कलाको अध्ययन गरेकी गर्ग युरोप, अमेरिका, युनेस्को, ग्रीस, इटालीमा यात्रा र फ्रान्स, क्यानडा, बम्बई, लखनउमा चित्र कला प्रदर्शन गरेसकेकी छिन् । उनी म्याक्रामिक बनाउन सिपालु छिन् । उनी आफ्नो कलामा रातो रङ्गको प्रयोग बढी गर्छिन् । एचिंग प्रविधि ( जुन रेब्रान्टले प्रयोग गरेको) बाट उनले कला निर्माण गर्छिन् । उनका चित्रहरूमा निलो, रातो रङ्को प्रयोग छ । रातो रङ्ग, हिन्दुहरूको लागि राम्रो, सौभाग्यको रङ्ग, सिन्दुरको रङ्ग,

देवतालाई पुज्ने अविरको रङ्ग, बेहुलीको पहिरन, चाडपर्व, दशैँमा रातै बढी प्रयोग हुने भएको र उर्मिला गर्ग पनि विवाह पछि रातो रङ्ग प्रयोग गर्ने गरेको बताउँछिन् ।

## ४.१०.१९ कलाकार विजय थापा

वि.सं. १९९८ मा लुम्बिनीको नवलपरासीमा जन्मेका विजय थापाले १४ वर्षको उमेरमा पिताजीसँग छाउनीमा हुँदा तत्कालीन राजा महेन्द्रबाट कला शिक्षा पढ्ने अवसर पाएका थिए । उनले इ.सं. १९५७ मा इलाहावाद वोर्डबाट मेट्रिक, त्यहीँबाट इन्टरमिडियट पूरा गरे । उनले १९५८ मा वनारस हिन्दु विश्वविद्यालय फाइन आर्टस्बाट डिप्लोमा, दुईवर्षे पोष्ट डिग्री प्रथम श्रेणीमा उत्तीर्ण गरेका हुन् । उनी दृश्यचित्र, पोट्रेट चित्र बनाउँछन् । उनले वीरेन्द्रलाई पनि कलाशिक्षा दिएका थिए । उनले यथार्थवादी शैली, प्रतीकात्मक शैली र प्रभाववादी शैलीमा चित्र बनाउँछन् । उनको चित्रहरूमा उनको आफ्नै पन भेटिन्छ । नगरकोटमा गुरुकुलले आयोजना गरेको कार्यशालामा उनले अभि सुवेदीको एक पोट्रेट बनाएर सबैलाई मुग्ध पारेका थिए । उनले केही समय ललितकला क्याम्पस भोटाहिटीमा पढाए । उनलाई नाफाको सबैभन्दा माथिल्लो तलाको कला स्टुडियोमा धेरै जसो भेट्न सकिन्छ ।

## ४.१०.२० दुर्गा बराल (वात्सायन)

कलाकार दुर्गा बराल (वात्सायन) चित्रकला र व्यङ्ग्य चित्रकलामा धेरैले सुनेको नाम हो । उनले व्यङ्ग्य चित्र बनाएर निकै ख्याति कमाइसकेका छन् । उनी हजार शब्दले अभिव्यक्त गर्न नसकेको भावहरू एउटा व्यङ्ग्य चित्रले गर्ने भएकाले आफूलाई व्यङ्ग्य चित्रमार्फत् अभिव्यक्त गराउँछन् । व्यङ्ग्य चित्रको चलन बेलायतको 'पञ्च' पत्रिका फ्रान्सको 'ला चारिभारी' र 'ला क्यारिकेचर' पत्रिकाहरूबाट भएको हो । नेपालमा जुद्धशम्शेरको कार्टुनचित्र बनाएकोले स्व.चन्द्रमानसिंह मास्के जेल परेको, **साप्ताहिक समीक्षा** पत्रिकामा 'गधालाई धोएर गाई बनाउँदैछु सरकार' भन्ने कार्टुनले पत्रिका नै प्रतिबन्धित भएको थियो । तर अहिले अवस्था त्यस्तो छैन् । धेरै कलाकारले व्यङ्ग्य चित्र निर्माण गर्छन् । दुर्गाबराल २०१५/१६ सालतिर भारतको डालडाले नेपालमा प्रवेश पाउने अनुमति पारित हुने पक्कापक्की भएपछि नेपालमा डा.के.आइ. सिंहको नेतृत्वमा विरोध भएको थियो । त्यसैबेला उनले "घाँसे घ्यू भनेको त अजिङ्गरको बोसो पनि रहेछ गनायो" भन्ने शीर्षकको कार्टुन दैनिक समाचार पत्रमा छापेको र

यो साहसी दुर्गा वराल हुन भन्ने कुरा शशी शाहले भनेपछि उनी ज्यादै प्रख्यात भएका छन् उनी अहिले कान्तिपुरमा वात्सायन नामबाट व्यङ्ग्य चित्र बनाउँछन् ।

## ४.१०.२१ कलाकार शशीविक्रम शाह

वि.सं. १९९९ मा जन्मेका शशीविक्रम शाह एक मूर्धन्य प्रतिभाशाली, शालीन र सिर्जनशील कलाकार हुन् । उनको चित्रकला प्रायः गरेर अतियथार्थवादी हुन्छन् । डालि र म्याक्स, अर्नेष्ट जस्ता कलाकारले प्रतिनिधित्व गरेका वादमा शाह प्रभावित छन् तर बहेको भने छैन भन्छन् उनी । उनले इ.सं. १९६७ मा बम्बईको सर जे.जे. स्कुल अफ आर्टस्बाट कलामा डिप्लोमा गरी ग्राफिक्स र भित्ते चित्रसमेत पढेका, १९६८ देखि सन् २००० सम्म स्वदेश तथा विदेशमा कलाप्रदर्शनी गरिसकेका व्यक्ति हुन् । उनले गोरखा दक्षिणबाहु र राष्ट्रिय कला प्रदर्शनीमा प्रथम पुरस्कार, इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार प्राप्त गर्ने, धेरै संस्थाहरूमा आवद्ध व्यक्ति हुन् । शशी शाहले बनाएको घोडाको चित्र निकै प्रख्यात छ ।

## ४.१०.२२ कलाकार इन्द्र प्रधान

वि.सं. २००१ मा पिता गंगाप्रसाद र माता दमयन्ती प्रधानका पुत्ररत्नका रूपमा इलाममा जन्मेका इन्द्रप्रधान मुकुण्डो बनाउने कलामा निपूण थिए । उनी अमूर्त आकारलाई जीवित पार्न खोज्ने, अमूर्त भावनालाई सर्वोपरि राखेर सङ्घर्षमा उत्रने, वस्तुवादी चित्रहरूमा मुहार र गहनालाई र संवेगलाई बढी ध्यान दिने, विभिन्न मुद्रामा देवी देवतालाई संयोजन गर्ने, आधुनिक कलालाई मलजल गर्ने, स्कीव - ७१ को संस्थापक हुन् । स्व. नारायणबहादुर सिंहले उनलाई परावस्तुवादी चित्रकार भन्थे । उनले बुढानिलकण्ठमा कला शिक्षक भएर काम गरेका, नाफा, नेकस र नेपाल कला परिषद्को सदस्य थिए । उनले २०३० सालमा राष्ट्रिय कलाप्रदर्शनीमा प्रथम पुरस्कार, दसौं महाराष्ट्र स्टेट आर्ट एक्जिविसनमा प्रथम पुरस्कार, इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार, स्वीट्जरल्याण्ड कला पुरस्कार प्राप्त गरेका थिए । उनको निधन २०५१ साल चैत महिनामा भयो । उनको निधनपछि नेपाल कला परिषद्ले स्मृति कला प्रदर्शनी गऱ्यो । उनी बाँचेका भए आधुनिक कलाका थुप्रै मोडहरू देख्न पाइन्थ्यो भन्ने कुरा रमेश खनाल व्यक्त गर्छन् ।

### ४.१०.२३ कलाकार कृष्ण मानन्धर

वि.सं. २००४ सालमा काठमाडौँको भोटाहिटीमा जन्मेका कृष्ण मानन्धरले बम्बईको सर जे.जे. स्कुल अफ आर्टस्बाट ग्राजुयसन गरेका छन् । उनी स्कीव ७१ का संस्थापक मध्येका एक हुन् । उनले स्कीवमा बसेर थुप्रै कला प्रदर्शन गरिसकेका छन् । उनी अमूर्त चित्रकार हुन् । सङ्गीतलाई आफ्नो अस्तित्वको जडमान्ने उनको कला जगत्मा ठूलो योगदान छ । कलायात्रामा आफ्नो अस्तित्व प्राप्त गर्न कति सफल हुनुहुन्छ भन्दा यो भार उनी कलापारखीकै हातमा सुम्पन्छन् ।

### ४.१०.२४ कलाकार सुरेन्द्रराज भट्टराई

वि.सं. २०११ साल असोज ६ गते काठमाडौँको डिल्लीबजारमा जन्मेका कलाकार तथा कलासमीक्षक सुरेन्द्रराजले सन् १९७९ मा हिन्दु वि.वि.बाट वि.एफ.ए. र १९८१ मा एम.एफ.ए. पूरा गरेका थिए । उनले ललितकला क्याम्पसमा शिक्षण गर्थे । सृजना कलेज अफ फाइन आर्टस्मा पनि पढाउँथे । प्राध्यापक संघमा महासचिव थिए । उनले महेन्द्र विद्याभूषण लगायत थुप्रै पदक, विभुषण प्राप्त गरेका थिए । उनका कलाभित्र हत्या, विध्वंश, नरसंहार आदिलाई प्रस्तुत गरिएको पाइन्छ । उनले कला र कला समीक्षा दुबैलाई सँगसँगै अगाडि बढाएका थिए । उनले कलाको व्याकरण राम्रोसँग जान्ने भएकाले उनलाई कलासमीक्षा चाहियो भनेर माग्ने बित्तिकै लेखेर दिइहाल्थे । रमेश खनालले एकपटक तीनओटा लेख भनेका थिए । उनले तुरुन्तै समयभित्रै यो काम पूरा गरी ‘कला समीक्षा र नेपाली समीक्षक’, ‘मिथिला लोककला’ र ‘नेपाली चित्रकलामा आजको प्रवृत्ति’ तीन लेख तयार पारे । उनी ज्यादै असल व्यक्ति थिए तर उनी यस संसारमा रहेनन् । २०६४ सालमा उनको निधन भयो । उनी केवल ५३ वर्ष बाँचे । उनको निधन पेटको क्यानसरको कारण भएको थियो ।

### ४.१०.२५ कलाकार किरण मानन्धर

वि.सं. २०१४ सालमा जन्मेका किरण मानन्धर आफ्ना एक छोरा एक छोरी र श्रीमतीको साथमा छाउनीस्थित घरमा बस्छन् । उनले कलाकार चन्द्रमानसिंह मास्के र रामानन्द जोशीसँग शिक्षा लिएका थिए । उनले बनारस हिन्दु विश्वविद्यालयबाट एम.एफ.ए. उत्तीर्ण गरेका, फ्रान्सलगायत अन्यमुलुकबाट कला सिर्जनाको लागि कामहरू प्राप्त भएको थियो । उनी गोरखा दक्षिणवाहु, राष्ट्रिय प्रतिभा पुरस्कार तथा विभिन्न अन्य पुरस्कारहरूबाट

सम्मानित भएका छन् । उनले नेकसलाई २०५७ सालदेखि २०६० साल भाद्र २७ सम्म कुशल नेतृत्व प्रदान गरेका थिए । उनी अहिले नेपालमा ललितकला प्रज्ञा प्रतिष्ठानको स्थापना गराएरै छोड्ने अभियानमा सम्पूर्ण कलाकारहरूको तर्फबाट जुटेका छन् । उनी ॐ, सत्यसँग शान्ति जोडेर चित्र निर्माण गर्दा भन्दछन् ॐ र सत्य त पाएँ तर शान्ति पाएको छैन् । देशमा अशान्ति छ, देश रोएको छ, पीडा, दुःख, हत्या, हिंसा छ । म आँखा दान गर्छु तर मैले शान्ति देख्न पाउनु पर्छ, हेर्न पाउनु पर्छ भन्दछन् ।

### ४.१०.२६ निष्कर्ष

रमेश खनालको 'कला स्रष्टा' नामक जीवनी सङ्ग्रहमा जम्मा २५ जना कलाकारहरूको जीवनी सङ्गृहीत गरेका छन् । उमेरको जेष्टताक्रम अनुसार क्रमैसँग जीवनी लेख्दा मास्टर जीवरत्नशाक्य देखि उमेरले कान्छा किरण मानन्धर जस्ता कलाकारहरूलाई यस पुस्तकको पानामा अमर बनाएका छन् । ती कलाकारहरूले कला र राष्ट्रप्रति दिएको योगदानका बारेमा उल्लेख गरेर जीवनी लेखिएको छ । खनालले यी जीवनीहरू विभिन्न पत्रिकाहरूमा पहिले नै प्रकाशित गरिसकेका भएपनि यी कलाकारको अस्तित्वलाई सधैं चिरस्थायी राख्न पुस्तकाकार कृतिमा समेटेका हुन् ।

## ४.११ रमेश खनालका कथा साहित्यको अध्ययन

नेपाली साहित्यको विविध विधामा कलम चलाउने रमेश खनालको साहित्य क्षेत्रमा सबैभन्दा मनपर्ने साहितियक विधा कथा हो । उनी कथा लेखनमा रमाउने व्यक्ति हुन् । उनले कविता, जीवनी, ठट्टा, कथा, कला समीक्षा, संस्मरणात्मक लेख/निबन्ध तथा समालोचना लेखेर साहित्यको सेवा गरेका छन् । अतः यहाँ उनको कथाको अध्ययन गर्नु पूर्व कथाको सामान्य चिनारी र परम्परा केलाउने प्रयास गरिएको छ ।

### ४.११.१ कथाको सामान्य चिनारी र परम्परा

कथा साहित्यलाई नेपाली साहित्यको लोकप्रिय विधाको रूपमा लिन सकिन्छ । कथा बाल, बृद्ध, युवा सबैको अत्यन्तै प्रिय साहित्य हो । कथा शब्दको व्युत्पतिलाई हेर्दा कथ धातुमा

'अच' प्रत्यय लागेर स्वीत्व विपक्षमा "टाप" प्रत्यय भई कथा शब्दको निर्माण हुन्छ ।[१५१] कथा शब्दले कथन गर्नु वा केही कुरा भन्नु अर्थ बुझाउँछ तर साहित्यमा यसले विशिष्ट अर्थलाई बहन गरेको हुन्छ । समयसँगै यसका अर्थहरू पनि विकसित र परिवर्तित हुँदै आएको छन् । यसको अर्थ पूर्वीय र पाश्चात्य साहित्यमा विभिन्न विद्वान्हरूले विभिन्न परिभाषाद्वारा उद्धृत गरी कथाको स्वरूपलाई निर्धारण गर्ने कार्य गरेका छन् ।

### ४.११.२ कथासम्बन्धी पूर्वीय मान्यता

कथासम्बन्धी संस्कृत साहित्यको इतिहास हेर्दा ऋग्वेदबाट नै कथाको प्रारम्भ भएको देखिन्छ । ऋग्वेदको आख्यानहरू, ब्राह्मण ग्रन्थहरू, उपनिषद, पुराण, रामायण, महाभारत जस्ता ग्रन्थहरूमा विकसित हुँदै आएका तथा रामायण र महाभारत लेखिएपछि नै लोकप्रिय घटनालाई लिएर कथा लेख्ने परम्पराको विकास भएको हो ।[१५२] यसै गरी दण्डीको 'दशकुमार चरित', सुबन्धुको 'वासवदत्ता', वाण भट्टको 'कादम्बरी' र 'हर्ष चरित' संस्कृत साहित्यको उत्कृष्ट कथात्मक कृतिहरू हुन् ।[१५३] यसरी आख्यानका रूपमा कथा साहित्यको विकास धेरै अगाडिबाट सुरु भए तापनि कथा शब्दको प्रयोग धेरै पछि मात्र भएको पाइन्छ ।

### ४.११.३ कथासम्बन्धी पाश्चात्य मान्यता

कथासम्बन्धी पाश्चात्य मान्यता पूर्वीय साहित्यमा कथा भनेर चिनिने साहित्यिक, विधालाई पाश्चात्य साहित्यमा 'सर्ट स्टोरी' भनेर चिनिन्छ । वाइवलभन्दा पनि पुरानो भनिएका हेरोडोट्सका कथाहरू पाश्चात्य साहित्यमा पाइन्छन् जसमा चाखलाग्दा कुरा लगायत आश्चर्यजनक तिलस्मी घटनालाई समावेश गरी लेखिएका छन् । त्यस्ता कथाका साथमा यहुदीहरूको आचार ग्रन्थ ओल्ड टेस्टामेन्ट र क्रिस्तानहरूको धार्मिक ग्रन्थ न्यू टेस्टामेन्ट (बाइबल) आख्यानको दृष्टिले प्रारम्भिक चरणका कथा हुन् । इसाको हजार वर्षपूर्वतिर होमरका ईलियड र ओडेसी लगायत सुकरात, प्लेटो तथा अरस्तुका परिसंवाद सूक्ति र सूत्रहरू विचार

---

[१५१] भट्टोजी दीक्षित, **व्याकरण सिद्धान्त कैमुदी**, प. गोपालदास शास्त्री ने. (सम्पा.), वाराणसी : चौखम्बा संस्कृत सिरिज ई. १९५९), पृ. १९२ ।

[१५२] चूडामणि खनाल, **संस्कृत साहित्यको परम्परा**, (ललितपुर : साझा प्रकाशन २०६३), पृ. ६८ ।

[१५३] ***ऐजन*** ।

टिप्पणीका आख्यान पनि कथा साहित्यको प्रारम्भिक दिशाका उदाहरण हुन् ।[१५४] यसरी पूर्वीय साहित्यमा झैँ पाश्चात्य साहित्यमा पनि कथा साहित्यको सुदीर्घ परम्परा रहेको छ ।

### ४.११.४ कथाको परिभाषा

कथा साहित्यलाई चिनाउनका लागि विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वानहरूले आ-आफ्नो दृष्टिकोण राखेका छन् । तिनै पूर्वीय एवम् पाश्चात्य दृष्टिकोणलाई यहाँ हेर्ने कार्य गरिएको छ ।

### ४.११.४.१ पूर्वीय साहित्यकारहरूको मत अनुसार

**(१) 'भामह'**

आख्यान आख्यायिका र कथा दुई भागमा विभाजित हुन्छ । कथाकारले कल्पनाको आधारमा तयार गरेको नायक नै आख्यानको कथयिता हुन्छ । अनि यो विशुद्ध संस्कृत भाषामा लेखिएको हुनुपर्छ । कथा चाहिँ सत्यघटना हुन्छ र जुनसुकै भाषामा पनि लेखिएको हुन सक्छ । आख्यायिका र कथा दुवैको आख्यान शृङ्खलालाई अध्याय वा परिच्छेदमा विभाजित गरिनुपर्छ ।[१५५]

**(२) दण्डी**

भामहका दुई भेदको खण्डन गर्दै दण्डी कथाका पाँचप्रभेद छन् भन्दछन् । छन्द, अध्याय सर्गबन्ध जस्ता संरचना शिल्पभित्र पर्ने प्रसंगहरू कथाको बाह्य आकृति हुन् । भाषा र पात्रको कथनमा कुनै त्यस्तो अनिवार्य प्रावधान हुनु हुँदैन । समष्टिमा सबैलाई कथा भनिदिए आपत्ति पर्दैन भन्दछन् ।[१५६]

**(३) रुद्रट**

कथामा ग्रन्थकार स्वयम्को परिचय मङ्गल-प्रार्थना र पूर्वक विकुल परम्पराको प्रशंसा सकेपछि मूल कथ्यलाई गद्यात्मक प्रस्तुतिमा उतारिनु पर्छ । ठाउँ ठाउँमा प्रसङ्गको परिपोषण गर्न पद्यहरूको पनि समावेश गरिनु कथाको धर्म हो ।[१५७]

---

[१५४] राजेन्द्र सुवेदी, **प्रज्ञा,** चौमासिक, पूर्णाङ्क, ८०, वर्ष, २३, (काठमाडौँ : ने.रा.प्र.प्र., फागुन-जेठ २०५१), पृ. ६०-८१ ।

[१५५] *ऐजन* ।

[१५६] *ऐजन* ।

[१५७] *ऐजन* ।

(४) **वाणभट्ट**

संस्कृत साहित्यमा कथाकार वाणभट्टले कथालाई सुन्दर, ज्योतिर्मय, आकर्षक, आभूषण, शृङ्गारले पूर्ण नववधू जस्तै चम्पक फूलको मालासँग तुलना गरेका छन् ।[१५८]

## ४.११.४.२ पाश्चात्य साहित्यकारहरूको मत अनुसार

(१) **एडगर एलेन पो**

"कथ भनेको एउटा यस्तो कथात्मक कृति हो जुन छोटो हुनाले एक बसाइमै पढेर सिद्धयाउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैमा पूर्ण हुन्छ ।"[१५९]

(२) **ब्रेन्डर म्याथ्युज**

"कथाको अन्तत : एकै मात्र चरित्र वा एउटै परिस्थितिबाट उद्भूत विभिन्न संवेगहरूको शृङ्खलासँग मात्र सरोकार राख्दछ । यस विधामा अङ्गगत समन्विति हुन्छ ।"[१६०]

(३) **आर.के.लगू**

"आधुनिक कथा एक चेतनशील साहितियक प्रयास हो । यो एउटा चलाखीपूर्वक योजना गरिएको कल्पनात्मक उपलब्धि हो ।"[१६१]

## ४.११.४.३ भारतीय साहित्यकारको मत अनुसार

भारतीय साहित्यकार प्रेमचन्द्रले कथालाई थरी थरी फूलहरूले सजिएको बँगैचा नभई गमलाको एक सुन्दर फूलसँग दाजेर सङ्क्षिप्तता र प्रभावकारिता माथि विशेष जोड दिएका छन् ।[१६२]

## ४.११.४.४ नेपाली साहित्यकारहरूको मत अनुसार

(१) **लक्ष्मीप्रसाद देवकोटा**

"कथा एउटा सानो झ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ । थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो । यो पनि एउटा संसार हो र महान् संसार हो ।"[१६३]

---

[१५८] *ऐजन* ।

[१५९] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग ४, (ललितपुर : साझा प्रकाशन, पृ. ७ ।

[१६०] *ऐजन,* पृ. ७ ।

[१६१] *ऐजन,* पृ. ७ ।

[१६२] *ऐजन,* पृ. ७ ।

[१६३] राजेन्द्र, सुवेदी, **प्रज्ञा,** चौमासिक, वर्ष २३, पूर्णाङ्क, ८०, (काठमाडौँ : ने.रा.प्र.प्र., फागुन-जेठ २०५१), पृ. ८१ ।

### (२) ईश्वर बराल

"कथा कलात्मक इतिवृत्त र अन्ततः आभास दिएर पाठकमा चाख जगाइरहने घटनाको विवृत्ति समेत गर्ने कृति हो ।"[१६४]

### (३) गोविन्दबहादुर मल्ल गोठालेका शब्दमा

"जीवनमा आइपरेका घटनाको स्मृति नै कथा हो ।"[१६५]

## ४.१२ एक मुठी माटो कथा सङ्ग्रहको अध्ययन

'एक मुठी माटो' कथा सङ्ग्रह वि.सं. २०५७ साल जेठ २५४४ औँ बुद्धजयन्तीको दिन साझा प्रकाशनबाट प्रकाशित भएको हो । यस कथासङ्ग्रहभित्र जम्मा २३ ओटा कथा सङ्गृहीत छन् । यस सङ्ग्रहभित्र कथाहरूमा मान्छे स्वार्थले सञ्चालित भइरहन्छ । कानुनले जे निर्णय गरे पनि सम्बन्ध-विच्छेद नै गरे पनि प्रेम मर्दैन भन्दै उनका कथाहरूमा मानवीय सम्बन्धभित्र मानिसको सम्बन्धको सुत्र छ भन्ने सन्देश दिन्छन् । मानिसको चेतन, अर्धचेनत र अचेतनलाई गोप्य नराखी स्वतन्त्र रूपमा प्रस्तुत गर्दै धर्तीको माटो मुठीमा जसरी लिएपनि भावनाको हस्तक्षेप नगर्ने कथाकारका रूपमा खनाल कथाहरूमा प्रस्तुत भएका छन् ।[१६६] उनका कथामा मनोवैज्ञानिकताले स्थान बनाएको छ । उनका कथाहरूमा मनोवैज्ञानिकता यथार्थता, रञ्जनात्मकता र उत्तरआधुनिकताले स्पष्ट रूपमा प्रस्तुत हुने मौका प्राप्त गरेका छन् ।

रमेश खनालका कथाहरूमा भूमण्डलीकरणले थिच्दै ल्याएको वर्तमान प्रणालीमा राष्ट्रियता देशप्रेम तथा स्थानीयताको सजगता बढ्न थालेको छ । अर्थतन्त्रले कला, संस्कृति र साहित्यलाई पनि प्रभाव पारेको अनि उत्तरआधुनिकताले कथाकारलाई नै डोऱ्याएको सत्यताको झलक उनका दुवै कथासङ्ग्रहहरूमा प्रष्ट रूपमा देख्न सकिन्छ ।[१६७]

उनका कथामा नारीहरू धार्मिक, सामाजिक तथा सांस्कृतिक परिवेशमा शोषित छन् भनेर नारीको पक्षमा कथालाई प्रस्तुत गर्न उनी निकै सफल छन् । उनका कथाहरूमा माओवादी जनयुद्ध, आतङ्कवाद, हत्या, क्रूरता, लुटपाट अपहरण, घरनिकाला, विस्थापन, कैद

---

[१६४] *ऐजन,* पृ. ८१ ।

[१६५] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, पा.सं., (काठमाडौँ : साझा प्रकाशन, २०४९), पृ. १३७ ।

[१६६] रमेश खनाल, 'एक मुठी माटो', **भूमिका** (प्रकाशकीय), (ललितपुर : साझा प्रकाशन, २०५७) ।

[१६७] कृष्ण गौतम, इन्दिराको भ्यागुतो, (काठमाडौं : श्रीमती रीता खनाल, २०६३ असोज), भूमिका लेखन ।

अपाङ्गीकरण[१६८] आदि थुप्रै समस्यालाई ज्यादै रोचक र हृदयविदारक रूपमा प्रस्तुत गरेर कथालाई स्तरीय बनाएका छन् ।

रमेश खनालको यो कथासङ्ग्रह उनको पाँचौ कृति हो । यो कृतिमा उनले समसामयिक विषयदेखि रञ्जनात्मक विषयलाई पनि समावेश गरेर कथाको स्तरलाई उच्च बनाउन पनि सफल भएका छन् ।

आधुनिक कथाको विकासमा यस कथासङ्ग्रह नवीनतम विचार र धारणाहरू प्रस्तुत गर्न सफल रहेको छ जसलाई निम्न बुदाहरूमा समेट्न सकिन्छ :

(क) कथा एक बसाइमा पढ्न सकिने छ ।
(ख) कथामा जीवनको आंशिक पक्षविशेषको चित्रण छ ।
(ग) कथामा विषय विस्तार, उद्देश्य र प्रभाव एउटै रहेको छ ।
(घ) कथामा चरित्रको झलक पाइन्छ ।
(ङ) कथाले डोरिडाबाद तथा उत्तरआधुनिकतालाई पछ्याएको छ ।
(च) कथा मनोवैज्ञानिक छ ।

### ४.१२.१ **'कथा डेभिडको–व्यथा सबैको'**

यो कथा 'एक मुठी माटो' कथासङ्ग्रहको पहिलो कथा हो । आफ्नो मातृभूमिबाट उच्चशिक्षा अध्ययनका लागि जर्मनी पुगेका पश्चिम अफ्रिकाका डेभिड र नेपालका म पात्र लगायत थुप्रै विद्यार्थीहरू आफ्ना चिठीको प्रतीक्षा गर्नु र पत्र पाए पछि खुसी हुने तथा अध्ययन र भाषा लगायत नेपालको आकर्षक बनाउने एभरेस्टको पोस्टर र सानो नेपालको विशाल छविको कुरा बाटै कथा बनेको छ । पत्रको प्रतीक्षाबाट दिनहरू चिप्लदै बितेका यथार्थताको चित्रणले विदेश पुगेका व्यक्तिहरूको घरको सम्झनाको यथार्थ तस्वीर खिच्ने काम भएको छ ।

कथाको सुरु तृतीय पुरुष शैलीमा भए तापनि कथाको सबैजसो भाग प्रथम पुरुष शैलीमा लेखिएको छ । आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग भएको यसकथाको मीठो भाषाशैलीबाट सुललित र कोमल बन्न पुगेको छ ।

---

१६८ ***ऐजन,*** पृ. भूमिका लेखन ।

## ४.१२.२ 'मोह'

'एक मुठी माटो' कथासङ्ग्रहको दोस्रो कथा 'मोह' जसमा मोहित नामको केटोलाई फूपूले राम्रो भनेपछि ऐना हेरेर मख्ख पर्नु र आफ्नो चिटिक्क परेको, मिलेको र धपधपी बलेको अनुहार हेरेर दङ्ग पर्नु नै मोह हो । उफ्रने, कुदने र धेरै चन्चल हुने उमेरमा ऊ धेरै बोल्दैन चन्चल छैन र आफ्नो राम्रो आँखा, नाक, मुख ऐना सामु हेरेर मोहित मोहमा पर्नु नै यस कथाको मुख्य उद्देश्य रहेको छ । कतै कतै संवाद पनि छ ।

यो कथा तृतीय पुरुष शैलीमा लेखिएको बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ । उमेर अनुसारको शारीरिक मोहलाई ज्यादै राम्रोसँग प्रस्तुत गरी यथार्थवादी कथा बन्न पुगेको यस कथामा मोहका कारण अर्धचेतन अवस्थामा लिपिस्टिक लगाइ ऐनामा म्वाइ खाएको मनोवैज्ञानिक प्रसंगलाई पनि कथाकारले ज्यादै राम्रोसँग प्रस्तुत गरेका छन् ।

## ४.१२.३ 'इच्छा'

मोहन आफ्नी सौतेनी आमासँग अरूपण कला हेर्न जान्छ । २२ वर्षे मोहन आमाले लुगा लगाइदिंदा नुहाइदिंदा ढाड मिचिदिंदा लजाउँछ र म आफै गर्न सक्छु, मलाई लाज लाग्छ भन्दै आमाको हात पन्छाउँछ । एक दिन मोहितालाई घरमा ल्याई आमासँग आफ्नो 'इच्छा' प्रकट गर्छ । ऊ मोहितासँग प्रेम गर्छ उसको विवाह गर्ने 'इच्छा' सुन्ने बित्तिकै आमा रिसाउँछे र विवाह गर्ने समय नभएको, केटी मोहनले खोज्न नपर्ने, आमा आफैले केटी खोजीदिने आमाको 'इच्छा' सुनेर मोहन र मोहिता बिस्मात् मन लिएर हेर्छन् ।

यो कथा तृतीय पुरुष शैलीमा लेखिएको बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको जम्मा तीन जना पात्रको मात्र उपस्थिती र कतै कतै आमा छोरा बीचको संवाद छ भने सरल सरस भाषा शैलीको प्रयोगले कथालाई राम्रो बनाएको छ । आमा र छोरा दुवैको छुट्टै किसिमको अर्थात् विपरीत किसिमको इच्छाले छोरा विस्मित र आमा दुःखित बन्न पुगेकी छ । यथार्थवादी यस कथामा मनोविज्ञानको प्रभाव पनि रहेको छ ।

## ४.१२.४ आत्माग्लानी

चन्द्रिका सासूमाथि हात उठाएको आत्मग्लानी गर्दै निरन्तर चिन्तित हुँदै हात दुःखेको अनुभव गर्छे । नन्दलाई हेपेको भन्दै चन्द्रिकालाई उसकी सासूले भुत्ल्याउँदै लछार पछार

पार्छिन । त्यो अत्याचार सहन नसकेर चन्द्रिकाले सासूमाथि हात उठाएकी थिई । उसलाई यही मनोरोगले समात्छ । ऊ मनोवैज्ञानिक रूपमा ग्रसित हुन पुग्छे कति उपचार गर्दा पनि उसको हात ठीक हुँदैन । हात दुख्नु उसको निहुमात्र थियो उसको मनै बिग्रेको थियो । त्यसैले उसको उपचार सम्मोहन र काउन्सेलिङ विधिद्वारा गरियो । अहिले ऊ सासूकी प्रिय बुहारी बन्न पुगेकी छ ।

यो कथा यथार्थवादी मनोवैज्ञानिक कथा हो । यहाँ एक आदर्श बुहारी सासूमाथि हात उठाएको आत्मग्लानिद्वारा पिडित भई उपचार पछि सासूको प्रिय बुहारी बन्न पुगेकी छ । सरल सरस तथा मीठो भाषाशैलीले गर्दा कथा रोचक बन्न पुगेको छ । कथाभित्र चन्द्रिका र चन्द्रेश्वरको संवाद पनि छ । तृतीय पुरुष शैलीमा लेखिएको यो कथा बाह्य सीमित दृष्टिविन्दु रहेको छ ।

## ४.१२.५ कम्प्युटर

भरतकृष्ण क्यालिफोर्नियाबाट पढाइ सकेर नेपाल फर्केको, उसले कम्प्युटर किनेको कुरा उसकी आमाले टोलभरि हल्लीखल्ली गरेकी थिइन् । उनीहरूले आ-आफ्नो गोप्यकुरा त्यसमा हेर्छन् । सबैको गलत सूचना पाउँछन् । उनीहरूले कम्प्युटर विज्ञलाई देखाउँछन् तर कम्प्युटर केही नभएको तथ्य विज्ञले दिन्छ । उनीहरूले कम्प्युटर कम्पनीमा सबै कुरा उल्लेख गरेर टेलेक्स, फ्याक्स गर्छन् । कम्पनीले सबै अनुसन्धान गर्दा कर्मचारीहरू असन्तुष्ट फेला पार्छ र पार्टपुर्जा जोड्ने तथा सम्पूर्ण कर्मचारीलाई सन्तुष्ट राख्ने प्रयत्न गर्दै भरतकृष्णलाई नयाँ कम्प्युटर पठाउँछ ।

यो कथामा व्यक्ति जति सन्तुष्ट रहन्छ उसले त्यति नै राम्रो काम गर्छ । असन्तुष्ट व्यक्ति आफ्नो असन्तोषलाई आफ्नो काममा मिसाउँछ भन्ने मनोवैज्ञानिक सत्यतथ्य अर्थात् यथार्थवादी छ । कथाको सुरुमा गलत सूचनाबाट क्षतविक्षत भएको घर ठीक सूचना प्राप्त गर्ने बित्तिकै एकै ठाउँमा जम्मा भएर कम्प्युटर हेर्न तछाड-मछाड गर्छन् । यो कथा तृतीयपुरुष शैलीमा लेखिएको बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ । सरल, सरस भाषाशैलीले कथालाई उत्कृष्ट बनाएको छ ।

### ४.१२.६ **'कमलकान्त'**

कमलकान्त चन्द्रकान्तको जेठो छोरो बी.ए. पास गरेपछि उच्चशिक्षाका लागि काठमाडौँ गई निकै उन्नति गर्ला भन्ने आशाकासाथ श्रीमान् श्रीमती चन्द्रकान्तले बिदाइ गरेर पढाउँछन् । कमलकान्त अर्थशास्त्रमा एम.ए. गरेर नोकरी गर्छ । विवाह गरी केही दिन घर गएर आमाबाबु छेउ बस्छन् । आमाबाबु पनि ज्यादै खुसी हुन्छन् । उनीहरू केही दिनपछि काठमाडौँ फर्केपछि कमलकान्त एम.एस. गर्न सिकागो जान्छ । ऊ सिकागोबाट फर्केपछि उसले काठमाडौँमै घर बनाउँछ । उसलाई छोरा-छोरी प्रतिका कर्तव्य पनि आइपुग्छ । ऊ स्वार्थी हुँदै जान्छ । धेरै वर्ष घर नआएको छोराको आशामा चन्द्रकान्तका श्रीमान्, श्रीमतीका बिस्कुन सुकाएका आँखा थाक्छन् । नारदले यो कस्तो चरित्र हो ज्ञान दिनुहोस् भनेपछि ब्रह्माजीले चन्द्रकान्त मात्र होइन त्यस्ता थुप्रै बूढाबूढी गाउँमा छोराछोरीको बाटो हेरेर बस्ने छन् । त्यो सबै भएको छोराछोरीलाई ठूलो बनाउने उन्नति र प्रगतिपथमा हिडाउने आशाले गर्दा नै हो । यदि सरकारले, सुविधालाई विकेन्द्रीकरण गर्ने हो भने यस्तो हुने नै छैन भन्ने उत्तर दिएपछि नारद धन्य छ हजुरको जय् होस् भन्दछन् ।

यो कथा तृतीयपुरुष शैली बाह्य सीमित दृष्टिविन्दु रहेको उत्तरआधुनिकतावादी तथा मनोवैज्ञानिक कथा हो । यसको सरल सरस र मीठो भाषाशैलीले कथालाई सुललित बनाएको छ ।

### ४.१२.७ **'मानिसको किनबेच'**

सर्वप्रथम देव शम्शेरले दासत्व मोचनको प्रयास गरेपनि सफल नभएका चन्द्र शम्शेरले दासत्व मोचन गर्न सरकारी विभाग खोली धेरै रकम खर्च गरी, सर्वसाधारणलाई सहयोगका लागि प्रार्थना गरेर, पशुपति गुठीबाट रकम जुटाई अमलेख गरी जीविको पार्जनको निमित्त जङ्गली इलाकामा खेतीपाती गरी आवाद हुने आवश्यक सुविधा दिएर मध्ययुगी कलङ्क पखालेको धेरैपछि साप्ताहिक पुनर्जागरण पत्रिकामा मानिसको किनबेचको खवर प्राप्त हुने बित्तिकै म पात्रको पिता म पात्रलाई मान्छे किन्न पठाउँछन् । म पात्र मान्छे किन्न बजार पुग्दा टाढा नेपत्थ्यबाट 'इन्कलाव जिन्दावाद' 'प्रजातन्त्र संस्थागत पार्छौ पार्छौं' । जस्ता नारा घन्केको सुन्छ भने बस्तीको बजारमा बाँधा-बँधुवाको मोल हुँदैछ । म पात्रले हरिनन्दनलाई किन्छ । हरिनन्दनकी प्रेमीका शिविकालाई अर्कैले किन्छ तर एउटा मोटे जुँगे खरिदारले पान चपाउँदै उर्लदो बैंसले पूर्ण शिविकालाई किन्ने व्यक्तिको खल्तीमा रूपैया कोचीदिँदै आफ्नो माल भन्दै गालामा सुम्सुसम्याउँदा हरिनन्दनको मुख हेरेर आँखाभरि आँसु पार्दै उसको पुरुषार्थ माथि प्रश्न

चिन्ह लगाई । भने हरिनन्दनले नछो उनलाई भनेर मुठी कस्तै मुखमा थुक्छ । पान चपाउँनेका चम्चाहरूले हरिनन्दनलाई धेरै कुट्छन् । हरिनन्दनको व्यथा देखेर म पात्रले उसलाई मुक्त गर्छन् र केही रूपैँया हातमा दिएर तिमी स्वतन्त्र छौ भन्छन् । हरिनन्दनले आँखाभरि आँसु पारेर फेरि सोध्छ । म पात्रले हो भन्ने निर्णय सुनाएपछि आकाशतिर हेरेर उसले मधेशको एक मुठी माटो उठाएर फुरुरु हावामा उडायो ।

यो कथा प्रथमपुरुष शैलीमा लेखिएको आन्तरिक परिधिय दृष्टिविन्दुको प्रयोग भएको कथा जस्मा दासत्व मुक्त देशमा अझै दास दासीको पीडा र उनीहरूको किनबेच चलेकै छ भन्ने कुरा ज्यादै मार्मिक र हृदय विदारक तरिकाबाट प्रस्तुत गरेर कथालाई तराइमा चलेका 'क्या माल', तिम्ले कति दिया जस्ता शब्द त्यस्तै पहाडको थुइया, प्रभुको स्वतन्त्र भयो जस्ता स्थानिय भाषा प्रयोग गरी यथार्थताको नजिक पुऱ्याउन कोशिश गरिएको छ । मीठो भाषाशैलीको प्रयोगले कथा उत्कृष्ट पनि बन्न पुगेको छ ।

### ४.१२.८ 'सलबलाउने मनको अतृप्त इच्छा'

रमला र रमणको भरखरै विवाह भएको छ । रमला घुम्न, डुल्न र मनका इच्छा पूरा गर्न चाहन्छे तर रमणले विद्वद्वृत्ति पाएको केही दिनमात्र भएकोले त्यसको पाण्डुलिपि तयार गर्न हरदम कापी, कलम, किताबमै मस्त हुन्छ । रमलाको हजार बिन्तीलाई ऊ एकै अँगालोमा सिध्याइदिन्छ । उसले रमलालाई पर्याप्त समय दिन सक्दैन । एक दिन रमणको साथी पवन श्रेष्ठ छुट्टी बिताउन रमणको घरमा आइपुग्छ । रमण पवनसँग रमलालाई यहाँ बसुन्जेल घुमाइदेऊ भन्छ । पवन पनि भाउजुले जहाँ जहाँ भन्नु हुन्छ त्यही त्यही घुमाइदिन्छु भन्छ । पहिले त ऊ पवनसँग घुम्न जान्न भनेर रमणसँग भन्छे तर पछि बिस्तारै ऊ पवनसँग घुम्न जान्छे । पवनले रमलाको धेरै तारिफ गर्छ । अकस्मात् रमणलाई विराटनगर जानुपर्ने भएकोले जान्छ । त्यसैले रमला र पवन मात्र घरमा हुन्छन् । पवनले भाउजुका आँखाले मोहनी लगाउँछ, राम्री आदि भन्दा रमलाभित्र नुतन् उमङ्ग सलबलाउँछ । ऊ आफैँमा हराउँछे पवनले खाना तयारभयो भनेपछि व्युझिन्छे । खाना खाएर दुवै आ-आफ्ना कोठा तर्फ सुत्न जान्छन् । रमला सुत्न सक्दिन उभित्रको अतृप्त इच्छा ज्वारभाटा झैँ भएका थिए । उसले पवनको ढोका ढकढक्याई पवनले के भयो भनेर ढोका खोल्ने बित्तिकै उसले पवनलाई अँगालोले कस्छे पवन फुत्कन खोज्छ तर सक्दैन रिसले रमलालाई एक झापड गालामा हान्छ बल्ल रमलाको हातबाट ऊ फुत्कन्छ । रमला रुदै सन्नाटालाई चिर्दै आफ्नो कोठामा प्रवेश गर्छे । पवन नसोधी घर

जान्छ । रमण पनि फर्कन्छ र पवनले मलाई नभेटी गयो भन्दा रमला खिस्स हाँस्छे मात्र बोल्दिन् ।

तृतीय पुरुष शैली बाह्य सीमित दृष्टिविन्दु रहेको यो कथा मनोवैज्ञानिक यथार्थवादी छ । यहाँ रमलाभित्र सलबलाएर बसेको अतृप्त इच्छालाई पवनको प्रशंसाले ज्वारभाटा बनाएको मनोवैज्ञानिक तथ्यलाई कथाकार खनालले ज्यादै रोचक ढंगबाट प्रस्तुत गरेका छन् । सरल र मीठो भाषाको प्रयोगले कथालाई सरस बनाएको छ ।

### ४.१२.९ सृष्टिको सन्तुलन

वटुकृष्ण उपाध्यायकी श्रीमतीको गर्भमा छोरो रहेको एक्सरेबाट थाहा पाएपछि उनीहरूको भूइँमा खुट्टा हुँदैन पुरुषार्थी सम्भन थाल्छन् आफूलाई । हर्षले नाम के राख्ने संवादबाट चन्द्रकृष्ण राख्ने निधो गर्छन् । यस्तो देखेर नारदले स्वर्गमा ब्रह्माकोअगाडि वटुकृष्णको घरमा कस्तो व्यक्ति जन्म लिने हो भनि प्रश्न गर्छन् । नारद वटुकृष्ण जस्तो नामर्दको घरमा पुरुष जन्मन लागेको गूढ रहस्य जान्न चाहन्छन् । ब्रह्माले सृष्टिको नियम सन्तुलन राख्न भन्छन् त्यही अनुरूप वटुकृष्णको भोलिका दिनहरू अचाक्ली बढ्ने, सम्पत्ति रन्डीमा लागेर सक्ने र उनलाई दुनियाले थुक्ने र मति बिग्रिनेभन्दा नारद हजुर किन उसको मति सधार्नु हुन्न त सुमार्गमा हिड्न ज्ञान किन दिइबक्सिन्न भन्दै प्रश्न गर्छन् । ब्रह्मा भाग्य बदल्न नसकिने, व्यक्तिले आफ्नो कर्मको फल भोग्छ । पूर्व जन्ममा धेरै राम्रो गरे तापनि केही नराम्रो कामको फल हो यो, तर उसको अर्को जन्म भने राम्रो भई ठूलो मान्छे हुने कुरा बताउँछन् । फेरि नारद वटुकृष्णको छोराबारे जानकारी चाहन्छन् । उसको छोरा एक प्रखर विद्वान हुन्छ । उसलाई सबैले मान्छन् र उसको विशाल गुणका साथ विद्वान् भएका कारण उसले आफ्नो पिताको आदर गर्नेछ भनेर ब्रह्माले भनेको सुनेपछि नारद जयहोस हजुरको भन्दै अन्तरध्यान हुन्छन् । यो कथा बाह्य वस्तुगत दृष्टिविन्दु रहेको र उत्तरआधुनिकतावादी कथा हो । यो कथा संवादात्मक रहेको र वटुकृष्ण र उनकी श्रीमतीको त्यस्तै नारद र ब्रह्माजी बीचको संवाद छ । भाषा शैली मीठो छ ।

### ४.१२.१० चाहना

उनीहरूको पाँचओटी छोरीपछि एक छोरा जन्मिएर खुसीको सीमा थिएन । उनलाई त छोरा चाहिएको थिएन । हिजो आज छोरीले पनि छोरा सरह सबै काम गर्न थालेका अझ

क्रियापुत्री समेत् बस्न थालेको छन् भन्थे तर उनको श्रीमतीलाई छोरा नभइ भएन । उनी कसरी पाल्ने यी सन्तान भनेर अत्तिन्थ्ये तर उनको श्रीमती यसलाई इश्वरको वरदान ठान्थिन् । उनकी श्रीमती उद्योग नगरी केही हुन्न भन्थिन् तर संचयकोष पनि बहिनीको विवाहमा खर्च भैसकेको र कहीं कतै पैसा छैन भन्थे । उनीहरू घर घितो राख्नेकी, अंशको जग्गा बेच्नेकी, छलफल गर्दा ती दुवै नगर्ने निर्णयमा पुगे । श्रीमतीले १५ तोला सुन छ बेचेर उद्योग गर्ने त्यो घरखर्चमा नलगाउँने र म पनि किचकिच गर्दिन भन्ने छलफलबाट निर्णय भएकै दिन उनीहरूको छोरो जन्मिएको खवर नर्सले दिएकी थिई । यसले गर्दा ऊ फुरुङ्ग थियो । भोज ख्वाउ भन्दै आफन्तले उसलाई मुडेका पनि थिए । एकै छिनमा सिस्टर अत्तिदै आई र भर्खरै जन्मेको बच्चा आमाको छेउ बसेर के के गर्न थाल्यो भनेको सुनेर सबै छक्क पर्दै हेर्न गए । नभन्दै बच्चा आमाको छेउ टुक्रुक्क बसेको अनुहार देख्ने बित्तिकै बा हिड्नोस् उद्योग गर्न जाऊँ भन्दा आमा पनि बेहोस हुन्छे बाबु पनि बेहोस् ।

यो कथा तृतीय पुरुष शैली बाह्य सीमित दृष्टिविन्दु रहेको कथामा संवाद छ । बाबुआमाको पूरा हुन नसकेको चाहनालाई जन्मने बित्तिकै पूरा गर्ने चाहना गर्ने छोरो देखाएर आमाबाबुको चाहना छोराछोरीले पूरा गर्छन् भन्ने कुरा देखाउन खोजीएको छ तर जन्मिना साथ बसेर बोलेको कुरा अतिरञ्जनात्मक छ । कथा उत्तरआधुनिकतावादतिर उन्मुख छ । रसिलो मीठो भाषा शैलीको प्रयोगले कथा रोचक र सुललित बेनेको छ ।

## ४.१२.११ भावनात्मक सम्बन्ध

म पात्रलाई अदालतमा काम गर्ने भान्दाइले दुई युगल जोडीको पारपाचुकेका बारेमा भन्दछन् - भागेर विवाह गरेका जोडीलाई छुटाउन केटाका बाबु लागेका भए पनि उनीहरू राजीखुसी पारपाचुके गर्न आएका थिए । उनीहरूलाई करकाप थिएन । दुवै बालिक सम्बन्ध विच्छेद गर्न राजी भएर आएकाले हामीले धेरै सम्झायौं, तारेख टाढा गऱ्यौं, धर्म नारी पुरुषको स्थान र महत्त्वका बारेमा सम्झायौं, पुस्तकहरू पढ्न दियौं तर उनीहरूको मानसिकता परिवर्तन भएन । उनीहरूको कतै अर्कै केटाकेटीसँग सम्बन्ध छ कि बुझ्यौ त्यस्तो पनि पाइएन । युवतीलाई एक केटाले मनपराए तापनि युवती त्यसको मतलब गर्दिन । केटोको सडयन्त्र हो कि हेऱ्यौ त्यो पनि नपाए पछि सम्बन्ध विच्छेद भयो । दुवै अदालतबाट बाहिर निस्केर युवकले भावुक भएर सरिता अब हामी छुट्टियौ । हाम्रा सारा प्रेम कथा यहीं समाप्त भयो । लौ यस्तै रहेछ बिदा छ तिमीलाई । युवकका यी शब्दले युवती डाँको छाड्दै युवकको

अँगालोमा पुगी र दुवै एकै ट्याक्सीमा बसेर गए । यसबाट प्रमाणित हुन्छ भावनात्मक सम्बन्धको अगाडि कसैको केही लाग्दैन कानुनको पनि केही लाग्दैन ।

यो कथा प्रथमपुरुष शैलीमा लेखिएको आन्तरिक परिधीय दृष्टिविन्दु रहेको कथा भावनात्मक सम्बन्ध भावनामा नै आधारित हुन्छ न कि कानुनसँग वा अन्य आदर्शसँग भन्ने कुरालाई प्रस्तुत गरिएको छ । केही संवाद रहेको कथाको भाषाशैली मीठो छ । कथा यथार्थ र मनोवैज्ञानिक छ । सम्बन्ध विच्छेद भएको एउटा फिल्म हेरेपछि भएको मन परिवर्तनलाई अरू कसैले छेक्न सकेन जब सम्बन्ध विच्छेद भयो त्यसपछिका केही शब्दहरूले मनभित्रको भावना उजागर भएकोले यो एक मनोवैज्ञानिक कथाको रूपमा लिन सकिन्छ ।

### ४.१२.१२ रमाको निर्णय

रमा छोरीलाई क, ख, ग सिकाउने, खाजा दिने, छोरीलाई हकार्दा डराइ भने फकाउने आदि गरेर खाना ख्वाएर छोरी सुतेपछि रमाले मोहनलाई सम्झी प्रेम विवाह गरेका थिए उनीहरूले, दुवै एक अर्कालाई धेरै माया गर्थे तर उनीहरूको जीवनमा एक्कासी भुइँचालो आयो । मोहनका बारेमा धेरै कुरा सुने पनि रमाले पत्याएकी थिइन । एक दिन ऊ फूपुको घर गएर फर्कदा उसले आफ्नै आँखाले मोहन र एक युवतीलाई आफ्नो कोठामा ढोका बन्द गरेर बसेको भेटेपछि उसले मोहनको मुखमा थुकेर निक्ली भनिन भने केटीलाई पनि धेरै कुटिन । त्यस दिनदेखि उनीहरूको मुख रमाले देखिनन् तर मोहनको अझै नराम्रो खबर सुनिन् । एक दिन त उनले मोहनको मृत्युको खबर पाइन । त्यसबाट उनलाई ठूलो आघात् पुग्यो र डाँको छोडेर रोइन् । उनका माइती आएर सम्झाए उनले मेरो पति हृदयभित्र नै छन् जसलाई उनले प्रेम गरेकी थिइन् । ऊ नमरेकोले सिउँदो र चुरा नमेटाउने र सेतो सारी नलगाउँने निर्णय गर्छिन् ।

प्रस्तुत कथा तृतीय पुरुष शैलीमा लेखिएको बाह्य सीमित दृष्टिविन्दु रहेको छ । मानिस मरेर जाँदा पनि प्रेम मर्दैन भन्ने कुरा रमाको निर्णयले देखाएको छ । प्रमुख पात्र रमाको वरिपरि घुमेको यस मनोवैज्ञानिक कथामा रमाको मनभित्रको अर्न्तद्वन्द्वलाई ज्यादै प्रष्टसँग प्रस्तुत गरेका छन् कथाकार रमेश खनालले ।

### ४.१२.१३ 'नियति'

चन्द्रकान्त म पात्र टोकियोबाट सात महिनापछि काठमाडौँ फर्कदैं छन् । प्लेन यात्रामा दिलबहादुर खड्का साथै भेटिन्छन् र धेरै कुराकानी हुन्छ । म पात्र केहीबेर निदाउँछन् । छुट्टिने बेला परिचय गर्दै भेट्ने बाचा गर्दै ओर्लेर जाँच पास गरी बाहिर निस्कदा खड्का पहिले नै निस्कन्छ । म पात्रको सामान जाँचेर सेतो चक लगाइ बाहिर निस्कनै लाग्दा ह्याण्ड व्याग जाच्नै बिर्सेछ खै हेरुँभन्दा खास केही छैन भन्दै जाँचकीलाई दिँदा जाचकीले त्यहाँबाट २० टुक्रा सुन निकाल्दा म पात्रको हात मुख सुक्यो । उनी सुन देखेर छक्क परे । म पात्र भ्यानमा बसेर बाहिर निस्कदा दिलबहादुर टवाल्ल परेर हेरी बसेको देखे । म पात्र आठ महिनासम्म जेलमै रहदा पनि सफाइ पाउन नसकेको र कहिले सफाइ पाउने हो भन्ने तर्कबाट कथा समाप्त हुन्छ ।

प्रस्तुत नियति कथा शीर्षकमा सार्थक छ । मानिसलाई नियतिले जे गराउँछ त्यहि गर्नु पर्ने हुन्छ । खराब नियत भएकाले अरूको भागमा दु:ख हालिदिन्छन् भन्ने सन्देश बोकेको प्रस्तुत कथा प्रथमपुरुष शैलीमा लेखिएको आन्तरिक केन्द्रीय दृष्टिविन्दु रहेको यो कथा यथार्थवादी छ । म पात्रभित्र अनेकौं घटनाको स्मरण छ र म पात्रको वरपर कथा रहेको छ म पात्रभित्र सामान्य किसिमको द्वन्द्व छ । सरल, सरस र मीठो भाषाशैलीमा यथार्थ कुरा लाग्ने तथ्यलाई कथाकारले रोचक ढङ्गमा प्रस्तुत गरेका छन् ।

### ४.१२.१४ विस्मित मन

कृष्णनन्दन कार्यकर्ताले नटेरेकोले रिसाउँदै केन्द्रमा सबैलाई चिनेको भन्दै खड्गेलाई काठमाडौँ जाऊँ लुगा ठिकपार भन्दछन् । म तेरा काम गराइ छाड्छु भन्दै उनले प्रजातन्त्रको निम्ति गरेका त्याग सम्झेर तरक्क आँसु झार्छन् । काठमाडौं पुगेर कृष्णनन्दनले खड्गेलाई धरहरा, सहिदगेट, घण्टाघर, रानीपोखरी, टुँडीखेल देखाउँदै पार्टी अध्यक्षको घर पुऱ्याउँछन् । घरको नोकर मार्फत उनी आएको खबर पढाउँदा अध्यक्षले फुर्सद छैन पार्टीकार्यालयमा कुर्नु भन्दछन् । उनीहरू छक्क पर्छन् निस्कने बेला भेटौला भन्दै बगैचाको बेन्चमा बस्दा उनीहरूलाई त्यहाँबाट पनि पालेले निकालिदिन्छ । उनीहरू गेट बाहिर कुरेर बस्छन् तर गेट खुल्ने बित्तिकै अध्यक्ष मोटरबाट बाहिर हुइकिन्छन् कृष्ण नन्दन र खड्गे भने विस्मित मन लिएर फर्कन्छन् ।

यो कथा शीर्षकमा सार्थक छ। त्याग र बलिदान गर्नेको कुनै कदर हुँदैन। उनीहरू सधैँ विस्मित मन लिएर बस्नुपर्ने अवस्था छ। कुर्सी पाउने सत्ताधारीहरू त्याग र बलिदान गर्नेको कदर गर्दैनन् भन्ने सत्य तथ्य कुराको खुलासा गरेर कथा यथार्थवादी बन्न सफल छ। यहाँ काका भतिजाको कुराकानी रहेको र कृष्णनन्दन र नोकर रामेबीचको संवाद पनि छ। कृष्णनन्दनको मनमा अन्तर्द्वन्द्व छ।

तृतीय पुरुष शैलीमा लेखिएको यो कथा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ। कथामा सुललित भाषाशैली छ।

## ४.१२.१५ बुद्धिको भाँडोमा बिर्को लागेपछि ... !

खडानन्दन पार्टीका साथीहरूबाट सम्झाउँदा पनि उत्तेजित थिए। उनी अत्याधिक मत पाएका जनप्रतिनिधि, बोलक्कड थिए। प्रजातन्त्र पुनर्स्थापना हुनु पहिले धेरै काण्ड मच्चाएका विद्रोही स्वभावका र जेलबाट भाग्ने सुरुङसम्म खनेकाले कुटाइ पनि थुप्रै खाएका, जेलमै बसेर दुई कथासङ्ग्रह पनि प्रकाशित गरेका, पार्टी संगठनमा महत्त्वपूर्ण भूमिका निभाएका, पार्टीको मनोवल विपरीत आफ्नो एकल निर्णय गर्ने, आफ्नो सालोलाई पार्टीको टिकट दिने, त्यागी र समर्पित नेताहरूको वास्तै नगरी नातावाद र कृपावाद गर्दै पार्टीको बदनाम गरेको निहुमा उनी पार्टीबाटै निष्कासित भए तापनि उनी सालोसँग मिलेर अर्को पार्टी सङ्गठन गर्ने तरखरमा लागेका छन्।

यो कथा शीर्षकमा सार्थक छ। एक नेताले नै पार्टी तथा देशको नाम राम्रो पार्न सक्छ। तर राम्रो काम गर्दा गर्दै थुप्रै नेताहरू नातावाद र कृपावादको जालोमा फसेर आफ्नै बुद्धिमा बिर्को लगाउँदै देश र पार्टीको विपरीत कार्य गर्छन् भन्ने सत्य उजागर गर्ने यथार्थवादी कथा हो। यहाँ खडानन्दले पार्टीविपरीत कार्य गरेर नेता, नेता र पार्टी र नेता बीचको बाह्य द्वन्द्वको आयोजना गरेको छ। तृतीयपुरुष शैली बाह्य सीमिति दृष्टिविन्दुको प्रयोग भएको यस कथाको भाषाशैली सरल र सरस छ।

## ४.१२.१६ जनता

तीन वर्षअगाडि लोकप्रिय नेता भाषण गर्दा जनताको तालीबाट, नाराबाट स्वागत प्राप्त गर्छन्। नेता बिस्तारै १ वर्षपछि मन्त्री बन्छन्। २ वर्ष मन्त्री पदमा बस्दा उनले जनतालाई दिएका वचन सबै भुले त्यसपछि चुनाव लड्न उनी गाउँमा पुग्छन्। जनताले उनलाई सहदैनन्

कसैले उनको मुखमा कालो दलेर, गधामाथि चढाएर भोट माग्न पठाउँ भन्छ । कसैले ठोक यसलाई भन्छन् । कोही लाटा जनता छन् भन्ने ठान्छौं तिमी जस्ता नेताले प्रजातन्त्र मास्छौ भनेर गाली गर्छन् । नेताले जनता समक्ष माफी माग्छन् तर उनीहरू कालो मोसो हातमा लिएर सेनानीको मुखमा दल्न तम्सन्छन् । उनी रोइरहेका हुन्छन् ।

शीर्षकमा सार्थक रहेको यो कथामा जनता अब सचेत भैसकेका छन् । ललाइ, फकाइ र चाप्लुसीमा झुक्किदैनन भन्ने कुरा जनता कथाले बुझाएको छ । जनताले जे पनि गर्न सक्छन् भन्ने कुरा प्रस्तुत गरिएको छ । तृतीयपुरुष शैली बाह्य सीमित दृष्टिविन्दु रहेको यस कथामा सरल तथा सरस भाषाशैली छ । जनता र नेताबीचको बाह्यद्वन्द्व छ ।

### ४.१२.१७ काठमाडौंले गर्नुसम्म गऱ्यो

रमेशका कान्छा काकाको काठमाडौं घुम्न जाँदा दाह्री जुँगा उम्रिन छाडेछन् । काकीले दाह्री-जुँगा नहुँदा नामर्द भन्छिन् भन्ने पीर छ उनलाई । नातिनी दाह्री नभएको देखेर दङ्ग पर्छे, बुहारी छक्क पर्छे । समाचार सुनेर काकी हुर्रिएर काठमाडौं पुगिन् । सबै डाक्टरलाई जचाउँदा पनि दाह्री पलाएन । त्यसपछि काकालाई मनोविज्ञ कहाँ पुऱ्याए । सम्मोहनद्वारा मनको कुरा खोतल्दा उनले राम्रा राम्रा ठिटीहरूको चिल्ला गाला देखेर मेरो पनि यस्तै भए दाह्री काट्ने झर्को हुँदैनथ्यो भन्ने ठानेका र अहिले पनि दाह्री नआओस नै भन्ने चाहँदा रहेछन् । यसबाट उनको दाह्री नपलाउने समाचार बन्यो । त्यसैले काठमाडौंले गर्नु गऱ्यो भन्दै नक्कली दाह्री जुँगा किन्न हिँडे ।

यो कथाको शीर्षकमा सार्थक रहेको छ । जब उनी काठमाडौं पुगे र एक खेलबाट उनको दाह्री जुँगा पलाउन छाड्यो । यो कुरा उनको मनको एक कुनामा धेरै अगाडि रहेको रहेछ जुन काठमाडौंमा चरितार्थ भयो । यो कथा मनोवैज्ञानिक भैकन पनि अतिरञ्जनात्मक छ । तृतीय पुरुषशैली बाह्य सीमित दृष्टिविन्दु रहेको यो कथामा रमेशका काकाको वरिपरि कथा रहेको छ ।

### ४.१२.१८ समाजको नासो

म पात्रको काठमाडौंको सम्पन्न परिवारकी छोरीसँग विवाह हुन्छ । म पात्रले दाइजो लिन नमानेकोले ससुराले घमण्डी पनि भनेका थिए । डेरामा बस्दा घोचपेच र ठास्सठुस्समा बितेको र ५ वर्ष बित्दा पनि बच्चा नभएको बेला म पात्रको सरुवा चन्द्रगढीमा भयो तर

श्रीमती जान चाहिनन् । उनी एक्लै त्यहाँ गए । टाइफाइड भएर बोलाउँदा, ट्रङ्कल, पत्र, आ.वा. पठाए तर कुनै प्रतिउत्तर आएन । उनी केही समय पश्चात् काठमाडौँ फर्किए र ससुरा र श्रीमतीको व्यवहार ठीक लागेन र चन्द्रगढी फर्केर घरपेटीको जेठी छोरीसँग विवाह गरे । त्यसै दिन म पात्रको जेठी श्रीमतीको पत्र आयो जसमा बच्चा हुने भएको तर त्यो म पात्रको नभई हरिश भन्ने व्यक्तिको हुन्छ । उनले म पात्रलाई तिमीबाट हुन नसकेको पुरुषार्थ अर्केले देखायो तर तिमी यो बच्चाको बाबुको नामले चिनिन्छौ । अब तिमी अर्कै विवाह गरेर सुखसँग बस तर पुरुषार्थ देखाऊ र तिम्रो समाजको नासो मसँगै रहनेछ । यो पत्र पढ्दा म पात्र किंकर्तव्यविमूढ भएका र कान्छी श्रीमती झोक्राएर उनलाई पर्खेर बसिरहेकी थिइ ।

प्रथमपुरुष शैलीमा आन्तरिक केन्द्रीय दृष्टिविन्दु रहेको कथाको म पात्रभित्रको अन्तर्द्वन्द्व तथा बाह्यद्वन्द्व दुवै रहेको छ । काठमाडौँमा जन्मेकाको घमण्ड र करतुतलाई समाजको नासोका रूपमा प्रस्तुत गरेर शीर्षकलाई सार्थक बनाई सरल, सरस भाषा शैलीको प्रयोगबाट कथालाई राम्रो बनाएको छ । अर्कोतर्फ समाजका धनी भनाउँदाहरूको कालो करतुतको यथार्थतालाई प्रस्तुत गरेको छ ।

## ४.१२.१९ 'जय जन्मभूमि–जय मातृभूमि'

भुटानी शरणार्थी लक्ष्मीप्रसाद दाहाल लगायत थुप्रैलाई रातो टीका, अबिर र माला लगाइदिएर भान्दाइले भुटान टेक्नु आफ्नो मातृभूमि, जन्मभूमि प्राप्त गर्नु भनेको दृश्य सान्नानीले बाँसको राढीबाट गर्दन लम्काई हेर्दै थिइ । उसका बाबु आमाले उसको विवाह लक्ष्मीप्रसादसँग गरिदिने निधो गरेका थिए । यो भन्दाअगाडि धेरै समूह भूटान जान भान्दाइको हातको अबिर-माला लगाई निस्के तापनि उनीहरू कहाँ छन् थाहा थिएन । कोही जेलमा यातना दिएर राखेको छ जस्ता विभिन्न अड्कल गर्छन् तर ती कुनै फर्केका छैनन् भन्ने सम्झन्छे । सबै त्यहाँबाट हिड्न आटेपछि सान्नानीले माटो उठाएर जय जन्मभूमि जयमातृभूमि भनेर लक्ष्मीप्रसादलाई दिन खोज्छे तर कुन संस्कृतिले उसको पाइला छेक्यो । ऊ मर्मान्त हुन्छे । पटक पटक जय जन्म भूमि जय मातृभूमिको नारा घन्किरहेकै थियो । यतिकैमा सान्नानीको मुठीको माटो सारा योद्धामाथि त्यही नाराका साथ छर्किदिइ । सबैले ताली बजाए । लक्ष्मीप्रसादले मलाई कुर सान्नानी हाम्रो भेट भुटानमा हुन्छ भन्दै जाँदा सान्नानी घरभित्र भक्कानिएर रून्छे । उसलाई भित्रभित्रै मेरो आँसुले लक्ष्मीप्रसादको बाटो त छेकिन भनेर विस्मात लागेको थियो ।

यो कथा शीर्षकमा सार्थक छ जन्मभूमि मातृभूमि प्राप्तिका लागि तत्पर रहेर अदम्य जोश जागर र उत्साह बोकेका शरणार्थीका भिड भुटान प्रवेशका लागि हिडेका योद्धाको भिडको कथा छ । यहा मातृभूमिका अगाडि प्रेम विवाह केही होइन भनी समर्पण गर्ने नारी पात्रको त्यागको कथा छ । प्रस्तुत कथा तृतीय पुरुष शैली बाह्य सीमित दृष्टिविन्दु रहेको छ । यस कथामा जन्मभूमि प्रतिको अगाध मायालाई सरल सरस भाषामा प्रस्तुत गरेका छन् । सान्नानी नारी पात्रभित्र राष्ट्रप्रतिको अगाध मायाको अगाडि अन्य माया त केही होइन भन्ने कुराको अन्तर्द्वन्द्वलाई ज्यादै मार्मिक ढंगबाट प्रस्तुत गर्न कथाकार रमेश खनाल सफल रहेका छन् ।

### ४.१२.२० मुम्बईको पत्र

म पात्रले मुम्बईको गल्लीमा एक कागजको टुक्रा आफूमाथि खस्दा टिपेर खल्तीमा हाली यएरपोर्टबाट काठमाडौं उड्छ पछि हेर्दा बेचिएकी एक चेलीको हृदय विदारक अनुरोध छोरी बेच्ने पितालाई यो पत्र रहेछ । आमाको मृत्यु पछि छोरीको मुखहेरेर अर्को विवाह नगरेका बाबु गरिबीको समस्या हलगर्न तथा पेटको भोक मेटाउन प्यारी छोरीलाई एकै दिन पछि आउँछु भनेर बम्बैमा बेचेर एक्लै फर्कने कठोर बाबुलाई तथा यस्ता थुप्रै छोरीहरूको बाबुहरूलाई काइँला, साइँला, कान्छा बाहरूलाई अनुरोध छ । उसलाई जस्तै अरू छोरीहरूलाई नबेच्नु भनेर । यस्ता बाबुहरूलाई कुनै छोरी नहुन् र नदेऊ भनेर ईश्वरसँग प्रार्थना गरेको पत्र रहेछ । यो हरेर एक चेली नजिक पुगेर पत्र पाउँदा पनि उदार गर्न नसकेकोमा म पात्र विस्मित हुन्छन् ।

यो कथा शीर्षकमा सार्थक छ । बेचिएकी चेलीले लेखेकी दुःखै दुखले भरिएको पत्र जसमा बेच्ने बाबुको प्रतिक्षामा बिस्कुन सुकाएका आँखाहरूको कथा तथा यसरी नबेच्नु भन्ने अनुरोध साथै अरू चेलीले फेरि यस्ता पत्र लेख्न नपरोस भनेर अनुरोध छ । प्रथम पुरुष शैली आन्तरिक परिधिय दृष्टिविन्दुमा लेखिएको यो कथा म पात्रले पाएको पत्र जुन मुम्बईको गल्लीमा हातमा उडेर आएको थियो । यो सरल, सरस र मीठो भाषाशैली र यथार्थवादी घटनासँग सम्बन्धित कथा हो । यहाँ आम नेपाली गरिब र अशिक्षाको चपेटामा परेका चेलीबेटीलाई यथार्थ घट्ने कथा हो ।

## ४.१२.२१ सत्य अझै मरेको छैन

अबुझ शर्मा नामका पात्रले 'दैनिक हालखवर' पत्रिकामा 'सत्य अझै मरेको छैन' कथा छाप्न दर्ता गराएपछि कहिले प्रकाशित हुन्छ भन्ने बुझ्न दिनहुँ धाए पनि कर्मचारीको रूखो व्यवहार र दर्ता गराएको कर्मचारी धेरै दिन नआउँदा उसको घर खोज्नु, बल्ल भेटेको घर बेचेको खवर, फेरि खोज्दा किनेको नयाँ घर भेटेपनि कर्मचारी १५ दिनका लागि बेङ्लोर गएको घटनाले होस गुमाएका तर मन्दिरको घण्टीले होस फिरेको र छेवैमा पत्रिका पढ्नेले उनको नाम र कथाको शीर्षक भनेर खुप राम्रो कथा लेखेछन् भनेपछि फेरि एक पटक पेटीमा थुचुक्कै बस्छन् ।

कथा शीर्षकमा सार्थक छ । साहित्यकारहरूले आफ्नो साहित्य छपाउँनको निम्ति धेरै कष्ट सहन्छन्, दौडन्छन् । छापिदिँदैनन् कि भन्ने चिन्ता लिन्छन् तर राम्रो साहित्यले जहिले पनि स्थान पाउने सत्य भने मरेको हुन्न । उत्तरआधुनिक यस कथामा तृतीय पुरुष शैली, बाह्य सीमित दृष्टिविन्दु रहेको भाषा सरल, सरस छ तथा सुरुदेखि लगभग अन्त्यसम्मै संवाद रहेको कथामा अन्तर्द्वन्द्व छ । उनको कथा प्रकाशित गरिदिन्छन् कि दिँदैनन् भन्ने रहेको छ भने बाह्य द्वन्द्वमा कर्मचारीहरू र अबुझ शर्माबीचको भनाभन छ ।

## ४.१२.२२ एक मुठी माटो

अमृताकेशरी कविता लेखेर खान पुग्दैन व्यवहार चल्दैन ज्वाइँसाहेवलाई सम्झा भन्दै छोरीलाई भन्दछन् । म त सम्झाउँदा सम्झाउँदा हैरान भैसके बरू बाले नै सम्झाइ दिनोस भन्छे । त्यसो भए पर्सि पठाइदे भन्छन् । छोरी हवस भनेर घर जान्छे । पर्सिपल्ट उनले ज्वाइँलाई सम्झाउँछन् । केही हप्तापछि ज्वाइँ बेपत्ता हुन्छन् । १५ दिन बितिसक्दा पनि केही पत्तो लाग्दैन । केही गरिसकि ज्वाइँलाई भनेर छोरीलाई सोध्छन् । छोरी बाले सिकाए झैँ कलम, कापी, मसी सबै लुकाइदिएँ भन्छे । मैले त त्यस्तासँग बिहे नगर भनेको थिएँ तै होस् हत्ते गर्ने भन्छन् छोरीलाई । मैले रामबाबु जस्ता इन्जिनियरसँग कुरा चलाएको मानिनस । ऊ अझै विवाह नगरी बसेको छ । अझ अमेरिका जाने कुरा छ भनेको सुन्ने बित्तिकै छोरी लाडिदै ओ अमेरिका भन्छे । तर केही दिनपछि ऊ पनि विवाह गरेर अमेरिका गैसकेको खवरले छोरीको कर्मलाई दोष दिन्छन् । छोरी दिनप्रतिदिन बाबुको कमाइमा मोजमस्ती गरेर बिग्रिन थाल्छे । एक दिन अमृताकेशरीले रेडियोबाट कविज्यूको सम्मानको कुरा सुन्छन् र त्यहाँ पुग्छन् ।

कविज्यूको धुमधाम सम्मान गरिन्छ । कविज्यूले बोल्ने पालो आउँछ उनले यी मेरा सम्पूर्ण कविता मेरी श्रीमतीलाई समर्पित गर्छु भन्छन् । यो कुरा सुनेर अमृताकेशरी डाँको छोडेर रून्छन् । हलमा डिस्टर्व भयो भनेर उनलाई बाहिर निकालिदिन्छन् । उनले कविको चरणको एक मुठी माटो उठाएर अनन्त यात्रामा हिड्छन् ।

यो कथा शीर्षकमा सार्थक छ । तृतीय पुरुषशैली तथा संवादात्मक शैली रहेको यस कथाको भाषाशैली सरल, सरस छ । यस कथाबाट बाबुआमाले जस्तो संस्कार छोराछोरीलाई सिकायो त्यस्तै बानी बेहोरा हुन्छ तसर्थ राम्रो बाटोमा हिडाउन राम्रै संस्कार दिनुपर्छ भन्ने कुरा यस कथाको शिक्षा हो ।

## ४.१२.२३ सर्वनाश

वन्दनाकी दिदी मध्यरातमा हजुरले के गरेको छोडनोस् भन्दै बहिनीको कपालबाट ज्वाइँको हात छुटाउन खोज्छिन तर सक्दिनन् । सबै गाउँलेसँग गुहार माग्छिन् । सबै यसो हेर्दै ओ कवि ज्यू के गरेको भन्छन् तर हरि शर्माको हात वन्दनाको कपालबाट हट्दैन । उनले भुत्ल्याउनु बाहेक बराबर लात पनि बर्साउछन् । सबै छिमेकी हेर्दै बत्ति निभाउँदै सुत्छन् । १२ वजे के को हल्ला यो भनेर कराउँछन् तर केही लाग्दैन हरि शर्माले वन्दनामाथि अत्याचार झन झन बढाउँदै लान्छन् । वन्दनाकी दिदी चन्द्रकलाको करुणामय पुकार कसैले पर्वाह गर्दैन । गुहार गुहार मार्नलागे भनी वन्दना कराई । उसको करुणामय चित्कार सुनेर मस्त निन्द्रामा परेका भिनाजु व्यूँझिए र आत्तिँदै बरण्डामा पुगे । के गर्नु भाको यस्तो उहाँ भने नामचलेको कवि रे समाजमा प्रतिष्ठा छ रे आदि भनेर हरि शर्माको हात छुटाउन खोजे तर सकेनन् । उनीहरू काठमाडौँ आएका ज्वाइँ भद्र, भलादमी भनेको परिभाषा बुझ्न गाह्रो भयो । वन्दनाकी दिदीले खुकुरी उजाइन छाड्छस कि बजारुँ भन्छिन् । यो देखेर उनी रुदै भन्न लागे “यसले मेरो सर्वनाश गरिदिइ” के भनी सोध्दा यसले मेरो लेख्ने कलम बेचिदिइ भन्दै रुन्छन् । वन्दनाका दिदी भिनाजु मुखामुख गर्छन् ।

यो कथाको शीर्षक सार्थक छ । एक कविको निम्ति कलम नै सर्वश्व हो । कलम नभए कविता जन्मदैन भन्ने सन्देश दिँदै अगाडि बढेको कथामा काठमाडौँवासी जति नै भद्र गनिए पनि रक्सीवाज भई आफ्नो भलादमी पनमा प्रश्न चिन्ह लगाएका कुरा प्रस्तुत गरेको छ ।

संवादका साथ तृतीयपुरुष शैली, सरल, सरस र मीठो भाषाको प्रयोगले यथार्थवादी घटनालाई उत्तरआधुनिक परिवेशमा लेखिएको यो कथा रोचक छ ।

### ४.१२.२४ निष्कर्ष

रमेश खनालको पाँचौ कृति 'एक मुठी माटो' कथा सङ्ग्रहभित्र २३ ओटा कथाहरू रहेका छन् । ती कथाहरूमा सामाजिक यथार्थवाद, उत्तरआधुनिकतावाद, उत्तरसंरचनावाद जस्ता वादहरू प्रयोग भएका छन् । प्रायः सबैजसो कथामा मनोवैज्ञानिक प्रभाव देख्न सकिन्छ । कुनै कथामा मनोविज्ञानको बढी प्रभाव देख्न सकिन्छ भने कुनै कथामा कम प्रभाव रहेको पाइन्छ । खनालले जनयुद्ध, मानव बेचबिखन, हत्या, हिंसा, आतङ्क, स्वार्थ घर निकाला, अपाङ्गीकरण, विस्थापन, कैद जस्ता विषयलाई कथामा ज्यादै रोचक तरिकाले प्रस्तुत गरेका छन् । उनका कथामा नारीका विविध विषयपनि समावेश भएका छन् । कथामा पग्लनु, हात दुख्नु जस्ता मनोविज्ञानको प्रयोगबाट कथा उत्कृष्ट बनेका छन् । कथामा कतिपय कुराहरू अतिरञ्जना लाग्दछ । उनका कथाहरू विभिन्न विषय परिवेशमा लेखिएकाले उनी सफल कथाकार बन्न पुगेका छन् । एकै बसाइमा पढेर सकिने उनका कथा रोचक छन् ।

## ४.१३ इन्दिराको भ्यागुतो कथा सङ्ग्रहको अध्ययन

'इन्दिरा को भ्यागुतो' कथा सङ्ग्रह वि.सं. २०६३ असोजमा प्रकाशित भएको हो । यस सङ्ग्रहभित्र जम्मा २६ ओटा कथा सङ्गृहीत छन् । कथाहरूमा प्रायः जीवनको अनुकरण पाउन सकिन्छ । उनका केही कथाहरू यथार्थतातिर अग्रसर छन् । जसमा कथाले जीवनको निकटतालाई र जीवनको सादृश्यतालाई जीवन र जगत्को ऐनाको रूपमा रूपान्तरित गरेको पाइन्छ । अर्कोतिर उनका कथाहरूमा उत्तरसंरचनावाद र उत्तरआधुनिकतावाद पाइन्छ । अर्थात् रोलावार्थीय लेखकको मृत्युको अवधारणा पाइन्छ ।[१६९] उनले कथालाई नडोऱ्याएर कथाले उनलाई डोऱ्याएको पाइन्छ । कथा जीवन जगत्भन्दा निकै टाढा गएको पनि पाइन्छ । कथामा अनुकरणको अभाव भई नयाँ कुराहरू आएका हुन्छन् । त्यहाँ कथाकार भन्दा कथा नै प्रधान भएर आउँछ ।

रमेश खनालबाट लेखिएका कथाहरूमा राष्ट्रियता र देशप्रेमको भावना पनि पाउन सकिन्छ । उनले कथाहरूद्वारा अर्थतन्त्रका, यौनतन्त्रका कुरालाई पनि देखाउने कोशिश गरेका

---

[१६९] गौतम, ***पूर्ववत्,*** पा.टि.नं. ५६, भूमिका ङ ।

छन् । आजको युगमा कला, संस्कृति र साहित्य पनि अर्थतन्त्रकै कारण नियन्त्रित हुने गरेका कुरा उनका कथाहरूले बोलेको पाइन्छ ।[१७०] उनका कथाहरू मनोवैज्ञानिक छन् । कथामा पात्रहरूद्वारा मनोवैज्ञानिक धारणा प्रस्तुत हुन पुगेका छन् । उनका अधिकांश कथाहरू मनोवैज्ञानिक प्रभावबाट अगाडि बढेका छन् ।

आधुनिक कथाको विकासमा यस 'इन्दिराको भ्यागुतो' कथासङ्ग्रहले नवीनतम विचार र धारणाहरू प्रस्तुत गर्न सफल रहेको छ । यस कथा सङ्ग्रहभित्रका कुराहरूलाई निम्न बुँदामा समेट्न सकिन्छ ।

(१) प्रत्येक कथा एकै बसाइमा पढ्न सकिन्छ ।
(२) कथामा जीवनको आंशिक पक्ष विशेषको चित्रण गरिएको छ ।
(३) कथामा विषय विस्तार, उद्देश्य र प्रभाव प्रायः एउटै रहेको छ ।
(४) कथामा मनोविज्ञानको प्रभाव देख्न सकिन्छ ।
(५) कथामा उत्तरआधुनिक अर्थात् विसंरचनावादको प्रभाव छ ।

### ४.१३.१ 'इन्दिराको भ्यागुतो'

इन्दिराको भ्यागुतो कथासङ्ग्रहको पहिलो कथा इन्दिराको भ्यागुतो एक मनोवैज्ञानिक कथा हो । यस कथामा खनालले एक नारी जो सानोबेलामा भ्यागुतो मारेको पश्चातापले गर्दा ठूली भएपछि एक्कासि मनोरोगी हुन पुग्छे । आफ्नो हातबाट निस्केको भ्यागुतो साधुको जटामा पुगी हराएको देख्छे, चिनाबाट निस्केको भ्यागुतो ज्योतिषको गर्दन हुँदै टाउकोमा गई बिलाएको र ग्रह शान्ति गर्दा पण्डितको शरीरभरि र जनैभरि भ्यागुतो देख्छे । कहिले त इन्द्रजितलाई नै भ्यागुतो देख्छे । एक दिन मनोचिकित्सकले जाँचेपछि यो कुरा थाहा पाई उपचार गर्दै गर्दा उसको लोग्ने इन्द्रजित वेपत्ता हुन्छ । उसले इन्द्रजितलाई सबैतिर खोज्छे तर भेट्दिन् । उसलाई कमलले इन्द्रजितलाई खोज्न सघाउँछ । कमल निकै भलादमी देखिन्छ । ऊ पि.एच.डी. गर्दै छ । एक दिन कमलले बच्चालाई बलात्कार गरेको अभियोगमा चारवर्ष जेल परेको छ भन्ने इन्दिराले सुनेपछि उसको विश्वासको पर्खाल ढल्छ । ऊ कसलाई विश्वास गर्ने भन्ने निर्क्यौल गर्न सक्दिन् । ऊ विस्तारै इन्द्रजितलाई पनि भुल्छे र कथा पनि अन्त हुन्छ ।

---

१७० *ऐजन,* पृ. भूमिका ढ ।

यो कथा समस्यामूलक मात्र नभई निराकरणमूलक पनि छ । यस कथामा अरूपण कलाको पनि प्रसंग आएको छ । माओवादी र सेना, प्रहरीबीच युद्ध, द्वन्द्व जस्ता राजनीतिक कुरा पनि छन् उत्तरआधुनिकतावादतिर उन्मुख रहेको यो कथा तृतीय पुरुष शैलीमा लिखित, बाह्य सीमित दृष्टिविन्दु छ । यस कथा कतै संवादात्मक शैलीमा लेखिएको छ । यो मनोवैज्ञानिक कथाको भाषाशैली मीठो छ । शहरिया भाषाको बढी प्रयोग पाइन्छ । यो कथा सरल, बोधगम्य भैकन पनि सरस पनि छ । यसको रूपविन्यास भने विवृत्त छ । परम्परा विरोधी विसंरचनावादी कथाको रूपमा यस कथालाई लिन सकिन्छ ।

## ४.१३.२ 'ॐ शान्ति शान्ति'

इन्दिराको भ्यागुतो कथा सङ्ग्रहको दोस्रो कथा 'ॐ शान्ति शान्ति' यस कथामा रमण शर्मा नाम गरेको व्यक्ति पग्लिएको कुरालाई बढो रोचक ढङ्गबाट प्रस्तुत गरेका छन् । रमण कलाकार पनि हुन् । उनी लाजिम्पाट खोलागालका व्यक्ति जो घडीले बताएको समयसँगै पग्लिन सुरु गर्छन् दिन दिनै उनी पातलिन्छन् । फिल्ममा त पग्लेको बनाउन सकिन्थ्यो र देखिसकेको तर साच्चै पग्लेको खबरले विश्व नै स्तब्ध थियो ।

यस कथामा देशको समसामयिक घटना दरवार हत्याकाण्ड, ढुवानी विष्फोट जस्ता घटनासँग मानिस पग्लेको घटना जोडिन्छ । मानिस पग्लनु पातलिनु, सेतो रङ्गमा परिवर्तन हुनु जस्ता कुरालाई प्रस्तुत गरेर, बीचबीचमा ब्रेकिङ न्यूज राखेर निर्माण गरिएको कथा उत्तरआधुनिकवाद तिर उन्मुख रहेको छ । यसमा समाजको कुनै घटनालाई अर्कै मोड र परिस्थितिसँग प्रस्तुत गर्नु यथार्थता नहुनु अतिरञ्जनालाई प्रश्रय दिनु उत्तरसंरचनावादमा अर्थात् रोलाँ वार्थीय लेखकको मृत्युको अवधारणाले प्रमुख भूमिका खेलेको छ । तृतीय पुरुषशैली बाह्य सीमित दृष्टिविन्दुमा लेखिएको यो कथा रमाइलो छ । भाषाशैली मीठो छ । यस कथामा जीवन जति जटिल र असुरक्षित बन्दै गयो मानिस त्यतिनै पग्लदै, पातलिंदै गरेको मनोवैज्ञानिक रूपले महसुस गरिएको छ । मनोवैज्ञानिक रूपमा पग्लने कुरालाई प्रस्तुत गरिएको छ ।

## ४.१३.३ 'एक भयावह आतङ्क'

यो कथा पनि विसंरचना वादी कथा हो । दुईहल गोरु मरेको, मिल्टन (कलाकार) ले क्षितिजमा हेरेर आँसु झारेको जुन रङ्गको प्लेटमा खसेको, जोनलाई स्वासप्रश्वासमा कठिनाइ भइ अस्पताल लगी डाक्टरले परीक्षण गरेको, जोनलाई बचाउन कठिन भएको, जोन व्याक्टेरिया

सङ्क्रमण, एन्थ्रेक्सबाट मृत्यु भएको जस्ता ब्रेकिङ न्यूज राखेर उत्तरआधुनिक अर्थात्. विसंरचनावादको सफलतम प्रस्तुति गरेका छन् खनालले ।

यस कथामा जोन र मिल्टनको कथा छ जुन कथामा विश्वयुद्ध र प्रथम विश्वयुद्धमा जर्मनहरू र जापानीहरूले प्रयोग गरेको आमविनाश जैविक हतियारको रूपमा प्रयोग गरिएको एन्थ्रेक्स अर्थात् ब्याक्टेरिया सङ्क्रमणलाई र बमलाई प्रयोग गर्दै रातो रङ्गको सङ्केतलाई मनोवैज्ञानिक ढङ्गबाट शुभ र अशुभ दुवै रूपमा प्रस्तुत हुनसक्ने कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा एन्थ्रेक्सको एक भयावह आतङ्कबाट विश्व त्रसित छ भन्ने कुरा व्यक्त भएको छ । यो कथा तृतीय पुरुषशैलीमा लेखिएको बाह्य सीमित दृष्टिविन्दु रहेको यो कथामा भाषाशैली सरल र सरस छ । हाम्रो जीवनमा भयावह आतङ्कको सनसनी बेला बेलामा फैलने गरेको कुरालाई बढो रोचकता पूर्वक विश्वयुद्धको परिवेशमा प्रस्तुत गरिएको छ ।

### ४.१३.४ 'सूर्य अस्ताएको पनि देखियो'

यस कथामा चन्द्रकान्त नामको पात्र जो आफ्नो बालसखा आउँदा पनि आफ्ना छोराछोरीलाई आफू घरमा छैन भन्दे भनेर ढाट्छन् । जेठो छोराले अमेरिकाबाट फोन गर्दा तछाड मछाड गर्दै चन्द्रकान्त चन्द्रिका, छोरासँग नेपालमा भएको द्वन्द्व असुरक्षा लगायत विश्वभरिकै अशान्तिको कुरा गर्छन् । सी.एन.एन. को समाचार सुन्न लग्गु चन्द्रकान्तलाई चन्द्रिकाले यस्तो समाचार सुन्नुभन्दा बनकालीमा खडानन्द स्वामीको प्रवचन सुन्न जाऊँ भनेर लान्छे । प्रवचनमा कृष्ण र सुदामा जो बालसखाको प्रेम कहानी सुन्छन् । खडानन्द भन्दछन् - यस्तो प्रेम आज कहाँ छ ? आजभोलि मानिसभित्र संवेदना शून्य भएको, समाजले शिष्टता र अनुशासन गुमाएको, देशले ओरालोबाट हिडेको कुरा सुनाउँदा चन्द्रकान्तको मनभित्र सूर्य उदाउँछ र शिर झुक्दछ अर्कोतर्फ बनकालीको अर्को कुनाबाट सूर्य अस्त भएको दृश्य देखिन्छ भनेर यो कथाको अन्त हुन्छ । यो कथा पनि तृतीय पुरुष शैलीमा लेखिएको बाह्य वस्तुगत दृष्टिविन्दु प्रयोग, भाषाशैली सरल, सम्प्रेष्य भएकोले कथा राम्रो हुन पुगेको छ । मनोवैज्ञानिक ढङ्गबाट मानिसले आफूभित्रको संवेदनालाई बिर्सेको र त्यसको अनुभूति प्रवचन सुनेर भएको कुरा प्रस्तुत गरिएको छ ।

### ४.१३.५ 'तर अदिती . . . ?'

यो कथामा अदितीको विचार के हो भनी प्रश्न गरेका छन् कथाकारले । अदिती उमेरदार छे । उ निकै राम्री छे । उसको विवाह गर्ने उमेर भएको छ । उनकी भाउजू अदितीको बिहे गरिदिन निकै उत्सुक छे । आफ्नो पतिसँग नन्दको विवाह गर्न केटा खोज्नु पर्ने सल्लाह गर्छे । अदितीको विचार सोध्न लगाउँछन् उनका दाजु तर अदिती विवाहको विरोधमा छे । अदितीलाई आजको परिस्थिति, विसङ्गति, अशिष्टता र अनुशासनहीनता देखेर अदितीलाई विवाह गर्न तथा केही गर्न मन छैन् । ऊ विवाह गर्ने र बच्चा जन्माउने पक्षमा छैन । उनको दाजु उनको निर्णय सुनेर असन्तुष्ट छन् । कथाकार पनि अदितीको घर अगाडि पुग्दा प्रकृतिले आफ्नो कुनै नियमलाई नछोडी पालना गरेको देख्छन् तर अदिती भने ... अदितीलाई लाग्छ प्रकृतिको विपरीत गएकी छे । ऊ प्रकृतिलाई चुनौति गर्छे वा अरू जुनसुकै तर्क राख्न सकिन्छ तर त्यो प्रश्नमै सीमित छ यस कथामा ।

यो कथा तृतीय पुरुष शैलीमा लेखिएको बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ । सरल, सुललित र कोमल भाषाको प्रयोगले कथामा मिठास फैलिएको छ । नारी स्वतन्त्रताको विपक्ष र पितृसत्तालाई नारीले स्वीकार गर्नुलाई अदितीले केही विरोधाभास रूपमा प्रस्तुत गरे तापनि खुलेर विरोध गर्न नसकेका कुरालाई प्रस्तुत गरिएको छ ।

### ४.१३.६ 'पश्चाताप कसरी गर्ने'

शम्भुकृष्ण श्रेष्ठ नाम गरेको पात्र जो एन्थ्राक्स आतङ्कबाट भयभीत छ । ऊ पत्र खोलेर पढ्दा पढ्दै बेहोस हुन्छ । हस्पिटल गएर ऊ जाती हुन्छ । होसमा आउँछ । रगत परीक्षण गर्दा कुनै खराबी देखिन्न ऊ घर फर्कन्छ । शनिबार उसको कलाकार साथी उसलाई भेट्न आउँछ । रूपविहीन कला अरूपण कलाबारे कुरा गर्दा अरूपण कला र अर्मूत कलाको तुलना गर्छन् । कलाकारले रुख, घर, मानिसलाई अर्मूत ढङ्गबाट प्रस्तुत गर्नु अर्मूत चित्र हो भने अरूपण चित्र कलाकारले रङ्ग भर्दै जाँदा अकस्मात् जस्तो पनि आकृति बन्न सक्छ त्यो कलापारखीले यो यसको चित्र भनी अनुमान लगाउन सक्छ भन्ने कुरा गर्छन् । कलाकार फर्केपछि ऊ आफ्नो कोठामा पस्छ । टेवलमा भेटेको एन्थ्राक्स सङ्क्रमणबारे गोरखापत्रमा पढ्छ । श्वासप्रश्वास, जनावरको मासु र छालाबाट प्रवेश गर्ने कुराका साथै त्यसका लक्षण पढ्छ । त्यसै रात फेरि उसलाई ज्वोरो आउँछ । एन्थ्राक्सको लक्षण हो कि भन्नैँ हुन्छ । सिटामोलले ज्वरो कम हुन्छ । ऊ

फेरि एन्थ्राक्स सम्बन्धी लेख पढ्न थाल्छ । एन्थ्राक्स के हो ? एन्थ्राक्सको परीक्षणबारे पढ्छ । उसको ज्वरो डाक्टरलाई देखाउँदा डाक्टरले फ्लु भनी औषधी दिन्छ । कलाकारले नयाँ कलाको (अरूपण) सिर्जना तयार गरी शम्भु कृष्णलाई देखाउन लाग्दा एकाएक त्यहाँ रूवावासी भयो त्यहाँ शम्भुकृष्णको मृत्यु भएछ । हरेराम महर्जनले दुःखी हुँदै भने मैले कसरी पश्चाताप गरू ऊ मर्छ भन्ने थाहा पाएको भए म त्यो टिपेक्स लगाएको पत्र पठाउने नै थिइन । मैले एन्थ्राक्स सम्बन्धी ठूलो खेलाची गरेँ भन्दै पश्चातापको आँसु बगाउँछ । यो कथामा ठाउँ-ठाउँमा ब्रेकिङ न्यूज दिएर उत्तरआधुनिक बनाइएको छ । तृतीय पुरुष शैलीमा लेखिएको यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथामा सरल, सरस किसिमको भाषाशैली प्रयोग भएको र ब्रेकिङ् न्यूजमा विविध समाचार समावेश गरिएको छ । अरूलाई खेलाची गर्दा ज्यानै पनि जान सक्छ तसर्थ अनाहकमा खेलाची गर्नु ठीक होइन भन्ने सन्देश पनि दिएको छ । यो मनोवैज्ञानिक कथामा शङ्का नै शङ्काले ज्यान गएको मनोवैज्ञानिक ढङ्गबाट प्रस्तुत गरिएको छ ।

## ४.१३.७ 'सपना'

दुर्घटनामा मरेकी श्रीमतीको रगत अञ्जुलीमा उठाएर उसकी श्रीमतीको सपनाको कुरा गर्दैछ एक व्यक्ति जो पागल झैँ भएको छ । उसलाई श्रीमतीको मृत्युमा न त ग्लानि छ न त पीडा छ न त चिन्ता केवल ऊ बौलाहा झैँ कराइ रहेछ । उसको श्रीमतीको सपना वकिल पेशा छोडेर राजनीतिमा लाग्ने र प्रजातन्त्रको संस्थागत विकास गर्ने थियो रे त्यस्तै उसका दुई छोरालाई उनी एउटालाई विस्मार्क र अर्कोलाई हिटलर बनाउन चाहन्थिन रे । हिटलर बन्नेले नेपाललाई आत्मनिर्भर बनाउन, राष्ट्रप्रेमी बनोस रे । ऊ कराउँछ उनले विस्मार्क बनाउँछु भनेर सपना देखेको छोरा त स्कुलको नाटकमा जङ्गबहादुरको भूमिका निभाएछ यो देशलाई जङ्गबहादुरको खाँचो छ जसले बुद्धिजीवीहरूलाई कोर्रा हानी दिमाग खियाउन लगाई देश विकास गराउँछ रे भन्दै कराउँदै गर्दा प्रहरी अधिकृतले उसलाई ठानातिर लैजान्छ भ्यानमा राखेर ऊ खसीको रगत कतिचोटी काँचै खाएको छु यो त आफ्नै हो यसमा सपना र विश्वास छ उमङ्ग र आस्था छ भन्दै त्यो हातको रगत चाट्छ । उसले संसारै रातो देख्छ टाढा क्षितिजमा चट्याङ्ग पर्छ ऊ ह्वाँ ... ह्वाँ गर्दै रोइरहन्छ । यो कथा मनोवैज्ञानिक र यथार्थवादी कथा हो जुन सडक दुर्घटनामा मृत व्यक्तिको पति पागल झैँ भएको छ र ऊ देशको भयावह स्थितिबाट व्याकुल र त्रासित भएको छ । तृतीय पुरुष शैलीमा लेखिएको बाह्य सीमित

दृष्टिविन्दुको प्रयोग भएको कथा मीठो भाषाशैली र 'हुनेहार दैव नटार' जस्तो उखानको प्रयोग भएर नेपाली झर्रोपनलाई प्रकट गर्न सफल भएको छ । गम्भीर पीडालाई ज्यादै मार्मिक रूपमा भावुक रूपमा प्रस्तुत गरिएको छ ।

### ४.१३.८ 'गुन्टेको सन्देश'

मानवेत्तर पात्र गुन्टे नाम गरेको कुकुरको रुवाई जुन मध्यरातमा हूँ हूँ गरेर रुन्छ त्यसको केही दिनमा हट्टाकट्टा मोहन कृष्णको मृत्यु हुन्छ । फेरि केही समय रूदैन त्यो कुकुर । त्यो कुकुर टोलभरिको रखवाली गर्छ । चोर धपाउँछ धेरै गुण छ त्यसको कार्त्तिक महिनामा प्रेमलीला सुरु गर्छ । टोलभरीका केटाकेटी खेलेको ठाउँमा जिस्कन्छ त्यो । फेरि उसलाई के भयो कुन्नी रातमा रुन थाल्यो । माइलादाई हातमा लौरो लिएर लखेट्छन् त्यसलाई केही क्षण चुप लागेर फेरि रुन्छ गुन्टे । गुन्टेको रुवाइलाई अलच्छिना भन्छन् टोलबासी आखिर गुन्टे मऱ्यो केही युवाहरूले गुन्टेको लासलाई खोलाको छेउमा फालेर आए । गुन्टे मरेकोमा कोही दुःखी छैन । कोहीलाई केही मतलब छैन । गुन्टेको आन्द्राभुँडी गिद्धले लुछेर विभत्स छ । गुन्टे मरेको एक महिनापछि माइलादाइकी श्रीमती खसिन् । माइलादाईलाई आफ्नो श्रीमतीको मृत्युपछि ठूलो बिस्मात् भयो गुन्टेको सन्देश साँचो रहेछ ऊ बफादार र आज्ञाकारी थियो भन्ने कुरा र उसको अनुपस्थितिमा खड्कियो । यो कथा नेपाली संस्कार जुन अन्धविश्वासको रूपमा रहे तापनि त्यो संस्कारलाई कसैले हटाउन सकेको छैन । कुकुर रातमा एकोहोरो रुनु अशुभ मानिनु र कहिले काहीँ त्यसैअनुसार दुखद घटना घट्नुले यो अन्धविश्वासलाई हटाउन सकिएको छैन भनी देखाउनु कथाकारको मुख्य उद्देश्य हो । यहाँ मानवीय लगायत मानवेत्तर पात्रको प्रयोग गरी निर्माण गरिएको कथा तृतीय पुरुष, बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको सरल, सरस भाषाको प्रयोगले कथालाई मिठास प्रदान गरेको छ । मनोवैज्ञानिक रूपमा गुन्टेको रुवाइलाई प्रस्तुत गरेर त्यो अशुभको संकेत हो भनि देखाइएको छ ।

### ४.१३.९ 'उनी कसरी खिइए ?'

चन्द्रवल्लभको पेन्ट, सर्ट, जुत्ता सबै ठूलो भयो श्रीमती चन्द्रवल्लभले पेन्ट घटाइन, बाक्लो मोजा लगाएर जुत्ता कसेर अफिस जान्छन् । टेवल अग्लो, मेच ठूलो अनुभव हुन्छ उसलाई अफिसबाट फर्कनेबेला जुलुस, प्रजातन्त्रलाई संस्थागत गर्ने नारा सुन्छ, हेर्छ । घर गएपछि श्रीमान् श्रीमती टेपले नाप्छन् उनी त खिइएछन् । डाक्टर कहाँ जान्छन् । डाक्टरले

परीक्षण तथा अनुसन्धान गर्न अस्पतालमै राख्छन सञ्चारले जनता समक्ष खबर दिन्छ । उनलाई हेर्न भिडलाग्छ उनी दिनप्रतिदिन खिइँदै छन् । नेपाली डाक्टरले केही जान्न सकेनन् विदेशी डाक्टर आए । डाक्टरले उनको मनोशारीरिक स्थिति लगायत उनका कृतिहरू अध्ययन गरेर उनी खिइन सक्ने कारण इङ्गित गरे । मनोविज्ञहरूले मानसिक आधार बताए तर कसैले पनि किटान गरेर यही कारण हो भनेर भन्न सकेनन् । उनी एक फुटका भएका छन् । खिइदा खिइदै उनको टुपीमात्र बाँकी रहने त होकी भन्ने बिस्मय र प्रश्न छ, कथाकारको । यो कथा उनी कसरी खिइए ? प्रश्न खडा भएर प्रश्नमै सकिन्छ । बीचबीचमा बिस्मय पनि प्रकट भएको छ । सिधा हिसाबले हेर्दा मानिस खिइएर टुपीमात्र रहनु भनेको अतिरञ्जना जस्तो लाग्छ भने अर्थसापेक्ष खोज्दा कतै मानिसभित्रको मानवीयपन र संवेदना आदि विविध गुण घटेर मानिस कतै तुच्छ, छोटो र सानो बनेको हो कि झैँ लाग्छ । तृतीय पुरुषशैलीमा लेखिएको बाह्य वस्तुगत दृष्टिविन्दु रहेको यो कथा सरल र सरस भाषाको प्रयोगले राम्रो बन्न पुगको छ । मनोवैज्ञानिक रूपबाट मानिस खिइने कुरालाई रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ । बढी रुपमा संवाद रहेको यो कथा उत्तरआधुनिकतावादको निकट रहेको छ ।

### ४.१३.१० 'रोबोटको मानवीय अस्तित्व'

होटल डेला अन्नपूर्णको लबीमा रोबोटले दिएको पार्टीमा निम्तारूहरू आइरहेका छन् । मूल गेटमा स्वागत गर्न, हात मिलाउन बसेको छ । रोबोट लबीमा कुद्छ, उफ्रन्छ र रमाइलो गर्छ । पार्टीमा रोबोट ठूल्दाइको भाषण, रोबोटबाटै थरीथरीका रक्सी बोकेर बाडिन्छ, कँराते खेल्ने, कविता पढ्ने, चित्र बनाउने, सँस्कृत पढ्ने, नाच्ने काम रोबोटबाट हुन्छ । भद्र व्यक्तिहरूका श्रीमतीसँग नृत्य गर्न रोबोटले अनुरोध गरे तर उनीहरू डराए र मानेनन त्यो देखेर रोबोट रिसाए र धिक्कारे पुरातनवादी बुद्धि नभएको आदि आदि भने । एउटा रक्सीले मातेको मान्छेले रोबोटको मुखमा रक्सी छ्याप्छ । त्यसपछि केही भनाभन हुन्छ र पिटापिट पनि त्यो दृश्य देखेपछि एक जना केन्ट्रोल रुमभित्र पसेर रिमोट कन्ट्रोल बन्द गरिदिन्छ र रोबोटको मानवीय अस्तित्व सकिन्छ । यो कथा आजको विकसित समाजमा रोबोटले मानिसले गर्ने सबैकार्य गर्न सक्छन् । यदि मानिसको हातमा रिमोट भएन भने उनीहरू मानवभन्दा मजबुत हुन्छन् भन्ने कुरा व्यक्त भएको छ । तृतीय पुरुषशैली बाह्य सिमित दृष्टिविन्दु प्रयोग भएको यस कथा सरस र सरल भाषामा रोबोटको मानवीय अस्तित्व उजागर गर्न सफल रहेको छ ।

### ४.१३.११ 'एक कथा'

यो कथा तिलस्मी, जादुले भरिएको झैँ अतिरञ्जनात्मक छ तर यो कथा उत्तरआधुनिकतावादको लीला लेखनको नमुना पनि हो । यहाँ आफ्ना आँखा हत्केलामा लिएर यो ठाउँको दृश्य हेर्ने व्यक्ति हत्या हिंसा आतङ्क मानिसले सृजना गरेको आतङ्क देख्छ । अर्कोतर्फ प्रकृतिले उस्तै आतङ्क मच्चाएको छ । रातभर परेको पानी र भेलले घरै बगाएको र पूरै परिवार वेपत्ता छन् । ओडारजत्रा नाक भएको व्यक्तिको नाकको पोरो भित्र केही पुरातत्व विद्हरू पस्दछन् र मृत व्यक्तिका टाउका हातगोडा आदि फेला पार्छन् । एकचोटी छ्यु गर्दा ओडार नै हराउँछ । वनमा गाईंचराएको कान्छीसँग जीवनका रमाइला कुरा गर्दै सपना गुथेका र उनीहरू एम्बुसमा परेर दिवङ्गत भएको चर्चा र लास केही दिनपछि भेटेको कुरा देख्छ । आँखा हत्केलाबाट फेरि टेबुलमा राखिन्छ । फेरि हत्या, आतङ्क, देश रोएको, नेपाल हेर्न आउने पर्यटकको गुनासो सुन्यो र ॐ शान्ति शान्ति भन्दै आँसु झार्‍यो । दुवै हातले आफ्नो टाउँको झिक्यो र गिद्धीमा के कैफियत छ हेर भनेर आँखालाई अह्रायो । आँखाले खोपडीमा शान्ति देखेन । विसङ्गति, विकृति देख्यो । आँखाको कुरा सुनेर आफ्नो दिमागलाई निर्जीव पुतलीभित्र राख्छ । व्याट्रीले चल्ने पुतली दिमाग पाएर प्रश्न गर्न थाली । किन मलाई सोच्न लगाएको ? भन्दै तिम्रो दिमाग चाहिन्न भन्न थाली फेरि पुतलीबाट आफ्नो दिमाग झिकेर भकुण्डोमा राख्छ । भकुण्डो आफैँ उफ्रेर आकाशमा पुग्छ र भन्छ अब म आफैँ उड्न सक्छु अब सगरमाथाभन्दा माथि पुग्छु भन्छ उसलाई स्वास फेर्न गाह्रो पर्छ र भन्न थाल्छ तिम्रो दिमाग चाहिन्न झिक । उसले आफ्नो दिमाग भकुण्डोबाट पनि झिक्छ । दिमाग झिकेपछि भकुण्डो तल झरेर उफ्रन्छ । उसले कसेर एक लात हानेपछि भकुण्डो टाढा गुडेर पुग्छ । उसले आफ्ना दिमाग र आँखा ठीक ठाउँमा लगाउँछ ।

यो कथाको शीर्षक एक कथा राखेर कथाभित्र देशभित्रको हत्या, हिंसा, आतङ्क जस्ता कुरा जुन मानव र प्रकृति दुवैबाट भएको छ भनेर देखाउन खोजिएको छ । मानिसको दिमाग निर्जीव वस्तुमा राखेमा कस्तो हुन्छ भन्ने कुरा देखाइ पुतली र भकुण्डोमा दिमाग राखेर प्रस्तुत गरिएको छ । उत्तरआधुनिक र विसंरचनावादी यस कथाभित्र अतिरञ्जनालाई प्रस्तुत गरिएको छ ।

## ४.१३.१२ 'निसाफ'

इराकमा सद्धाम शासन ढाल्न गरिएको भिषण युद्ध समाप्त हुने तरखर कैयौं देशमा युद्ध विरोधी जुलुसको समाचार टिभिमा प्रसारण भइरहेको बेला एक न्यायाधीसले सम्भेको घटनाको कथा हो यो । १० वर्ष अगाडि वाग्लुङ्ग गलकोटका एक न्यायाधीस मधेशको जिल्ला अदालतमा पाँच-सात सयको भिडले एक व्यक्तिलाई यो अपराधी हो डाँका हो भन्दै आक्रोशित हुँदै रगत पच्छे भएको लुगा च्यातिएको मानिसलाई थुनामा राख भन्दै न्यायाधीस खोज्दै गर्छन् । यसको कसुर के हो ? के प्रमाण छ भन्दा सजाय दिने भए देऊ नत्र हामी जे पनि गर्न सक्छौं भन्छन् । कानुनलाई प्रमाण चाहिन्छ भनेर अनेकौं भन्दा पनि भिडले प्रमाण दिँदैन तर उनीहरूले त्यस व्यक्तिलाई घिसार्दै लान खोज्छन् र न्यायधीशले ठूलो स्वर गरेर सबैलाई सोधे, सम्भाए तर केही लागेन । न्यायाधीशले सोचे नथुने यसलाई यही भिडले मार्छ । बरु थुन्दा जाती भनेर पुर्पक्षमा राखेर कारबाही चलाउन स्वीकृति दिन्छन् । उसको आफन्त बोलाएर माथिल्लो अदालतमा अपील गर्न सिकाए । उसले हवस भनेर हरायो न्यायाधीशले विवश भएर त्यसलाई १० वर्षको जेल सजाय सुनाए । एक दिन उनी पत्रिका पढ्दै गर्दा एक व्यक्ति आयो र हजुरले १० वर्षको जेलसजाय सुनाएर त्यस अपराधीलाई ठीक गर्नुभयो भन्छ । किन भनि सोध्दा उसले इज्जत बचाउन आफूले मुख फोडन नसकेको हो । त्यस अपराधीले उसको सबै सम्पत्ति लुटेर उसको स्वास्नी र छोरीको बलात्कार गरेको खुलासा दियो । त्यो कुरा सुनेपछि न्यायाधीशले लामो सुस्केरा हाले । यो कथा नेपाली समाजको यथार्थतालाई प्रकट गर्न सफल यथार्थवादी कथा हो । नेपाली समाजमा आफूलाई जत्रोसुकै संकट आएपनि इज्जत जान्छ भनेर चुप लाग्ने प्रवृत्ति छ । शिक्षित समाजले केही प्रतिकार गरे पनि अधिकांशले चुप लाग्छन् । यसले गर्दा न्यायाधीश जस्तालाई पनि ठीक बेठीक छुट्याउन गाह्रो परेको छ । आफूले गलत निर्णय गर्दा एक व्यक्तिले पीडा पाएकोमा दुखी हुने न्यायाधीशले सत्य थाहा पाएपछि गरेको सुस्केराले ठूलो संकट पार लागेको महसुस हुन्छ । तृतीय पुरुषशैली, बाह्य सीमित दृष्टिविन्दु प्रयोग भएको सरल र सरस भाषशैलीले कथालाई मीठो बनाएको छ ।

## ४.१३.१३ ईर्ष्या

म पात्रको श्रीमतीले सुक्क सुक्क रुदै आफ्ना हात देखाउँदै भनिन हातका धर्साहरू मेटिइसके, औँलाहरू यस्ता भए भन्दा उनको हात अरकट्ट देखेर दुःखी भएर काम गर्ने मानिस

खोज्दा म पात्र धरान, पिण्डेश्वर पुगे, दूधवालालाई भने एउटा ब्राह्मण ठिटो त आयो सन्काहा रहेछ भाग्यो । बहिनी ज्वाइँलाई भन्दा पाए मै राख्थें भने, ससुरालीमा भन्दा प्रयास गर्छु भन्ने जवाफ आयो । म पात्रकी श्रीमतीले एक दिन फेरि गन्थन गरेर कमण्डलु मागिन् जोगिनी बन्न । त्यसपछि एकहप्ता भित्र काम गर्ने ल्याउँछु भने म पात्रले श्रीमतीसँग र प्रेम पनि देखाए । नभन्दै कार्यालयकी पिउनकी दिदीकी छोरी त्रिशुलीबाट ११-१२ वर्षे किशोरी घरमा आई श्रीमती खुशी भइन । मुना भए पछि श्रीमतीको हात कोमल हुन पुगे उनी फुर्सदिली भइन राम्री पनि भइन । म पात्र कचकचबाट मुक्त भए । एक दिन अफिसबाट फर्कदा म पात्रको टाउँको धेरै दुखेकोले मुनालाई मिच्न लगाए त्यसैबेला श्रीमती बाहिरबाट घर आइन् तर भोली पल्ट नै उनले मुनालाई निकालिदिइन् र सारा काम आफैं गर्छु भनिन त्यो देखेर म पात्र ट्वाल्ल परे ।

यो कथामा घरको काम गर्दा वाक्क दिक्क भएकी म पात्रको श्रीमतीको मनभित्र जागृत ईर्श्या भावका कारण घरमा सबै काम गर्ने घरको कार्यमा सहयोगीको रूपमा रहेकी मुनालाई निकालेर घरको सबै काम दुःख आफैँले लिन चाहिन यो केवल ईर्श्याका कारण भएको हो । कतै यो केटीले मेरा स्थान त लिन्न भन्ने भावले उनलाई यो कार्य गर्न विवश तुल्यायो भन्ने कुरा यहाँ प्रस्तुत गर्न खोजेका छन् । प्रथम पुरुष शैली आन्तरिक परिधिय दृष्टिविन्दुको प्रयोग भएको यो यथार्थवादी कथा हो सरल र सरस भाषाशैलीको प्रयोग गरी लेखिएको यो कथा मीठो छ ।

### ४.१३.१४ सुमनको निर्णय

सुमन एक कलाकार ऊ प्रायः दृश्य चित्र बनाउने, उनको दृश्यचित्र कहिले यथार्थवादी, कहिले घनवादी त कहिले अमूर्त चित्र हुन्थे । उनलाई कसैले पिकासोको नक्कल त कसैले लैनसिंह वाङ्देल आदिको नक्कल भने । उनलाई खुसी लागेन । उनी ब्रस रङ्ग छोडेर देशदर्शन गर्न मेची माहाकाली भ्रमणमा निस्के । कलाजगत्मा नवकलाकारलाई रक्सी पिउन बाध्य गराउने केही त्यस्ता कलाकारको नाकाममा फसे उनी र महिनौं सम्म रङ्ग र ब्रस समातेनन् । यसै बीच उनी लोकसेवामा नाम निकालेर झापाको चन्द्रगढी अन्तशुल्क कार्यालयमा पुगे । झापा हुँदा उनले इलाम पशुपतिनगर, दार्जलिङ्ग घुमे, भुटानी शरणार्थी शिविर घुमे त्यहाका हिमाल बगैचा चोक बजार र शरणार्थी शिविरको मानवीय कार्य र संवेदनालाई पनि उनले चित्रमा उतारे । चित्रकला प्रदर्शनीको आयोजना भयो सबैले उनको खुलेर प्रशंसा गरे । उनका यस्ता यथार्थवादी र प्रभाववादी चित्रहरूले धेरैको मन छोयो । दुई वर्षको झापा बसाइपछि उनी सरुवाभई काठमाडौं फर्किए । काठमाडौंमा थुप्रै एक से एक कलाकार थिए । ज्योती दवाडी

नामका कलाकारले त डिजिटल आर्टमा तहल्का नै मच्चाएका थिए । कलाकार सुमनले निकैदिन गम्भीर भएर हेरे तर उनले किन हो रङ्ग र ब्रस समाएनन । एक दिन आफ्ना सबै चित्र जलाउने अठोट गरी चित्रलाई वरण्डामा थुपारे मट्टितेल ल्याए । त्यो थाहापाएर सबै पत्रकारहरू र कलाकार र अन्य कलापारखी जम्मा भए । सुमन बौलाएछ भन्न थाले । उनको चित्रहरू एकाएक बोल्न थाले हामी तिम्रा कुचीका योगदान । कतिले किन्न खोज्दा तिमिले बेचेनौँ । तिमी कलासम्बन्धी गहन अध्ययन गर, विश्व इतिहास पढ । अध्ययन र निरन्तरताविना आफ्नो पन प्राप्त हुँदैन । सबैले गहिरो अध्ययनपछि मात्र सफलता प्राप्त गर्छ भने । चित्रका यस्ता कुरा सुनेर सुमनले आफ्नो भूल स्वीकारे सबैले तालीद्वारा सुमनको निर्णयको स्वागत गरे ।

तृतीय पुरुष शैली बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरी लेखिएको यस कथाको भाषा सरल र मीठो छ । ब्रेकिङ्ग न्युज राखेर, चित्रलाई बोल्न लगाएर कथा उत्तरआधुनिकतावादको नजिक पुगेको छ ।

## ४.१३.१५ 'अंश'

अरुणा नामकी पात्र जो ३५ वर्ष नाघेकी बिहे नगरी बसेकी जो ल क्याम्पसमा पढाउँदथी उसको श्रीमान इम्पोर्ट एक्सपोर्ट सम्बन्धी व्यवसाय गर्दथ्यो । उसका दुई छोरा पहिलो एस.एल.सी. को तयारी गर्दै थियो । कान्छो आठ कक्षा पढ्दथ्यो । अरुणाले सौतेनी आमा सौतेनी भाइ र बुहारीसँग अंश मागी । सौतेनी आमाले नाकको पोरो फुलाउँदै लाज नभएकी रावण जस्ता छोराहरू कहाँबाट आए बिहे भएको छैन अरे, भन्दै कराउँछे । भाइचाहिं गजब छोराहरू जन्मिसके बिहे भएको छैन अरे, अंश चाहियो अरे । ग्रेड इम्पोसिबल भन्छ । बुहारी एक इञ्ची पनि अंश दिनु हुँदैन भन्छे । राम्रो मुखले अंश दिनुपर्छ तपाइँहरूले भन्छे अरुणा । एक दिन अरुणाले अदालतमा मुद्दा हाल्छे । जिल्ला अदालतले अरुणाको योनी पाठेघर जाच्ने आदेश दिन्छ । अरुणा आफ्नो स्वतन्त्रता र गोप्यताको संरक्षण गर्ने कुरा लिएर पुनरावेदन जान्छे । पुनरावेदनले जिल्ला अदालतकै निर्णयलाई अगाडि बढाउँछ । त्यसदिन उसको सौतनी आमा, भाइ-बुहारीले ठूलो पार्टी गर्छन् । हेर त अब कसरी बिहे नभएको प्रमाणित गर्दिरहिछे भन्छे उसकी सौतनी आमा । अरुणाले सर्वोच्च अदालतको ढोका घच्घच्याई । सर्वोच्चले अरुणाकै पक्षमा निर्णय गऱ्यो । अरुणाले अंश पाउने भई । तीनै जना अर्धपागल झैँ भए । अरुणाले सौतेनी आमा भाइ र बुहारी छेऊ गएर अदालतमा खेल देखाउँछु भनेकी थिएँ, आज पूरा भयो भनी । उनीहरू निहुरिएर सुनेनसुनेझैँ गरे । अरुणा निस्की र अरूपनि निस्के ।

यो कथा यथार्थवादी कथा हो । नेपालको कानुनमा ३५ वर्ष नाघेकी अविवाहित नारीले अंश पाउने अंशवण्डा '१६' नं. को कानुन छ त्यस अनुरूप विवाह भनेको हिन्दु धर्म र संस्कृति अनुसार अग्निमा सात फेरो लगाएर, देवता साक्षी राखेर वर वधुले माला लगाएर वा अदालतमा विवाह दर्ता गरेर तीन किसिमको विवाह नभएको नारी जो कसैसँग बसेर छोराछोरी पाउँदैमा विवाहित ठहर्दैन भन्ने कुरा किटान गरेको छ । यसै कुरालाई आधार बनाएर तयार पारिएको कथा हो यो । कथाकारले २०५५ । ७/२ गते एन.टी.भी. को 'बहस' कार्यक्रमबाट प्रभावित भएर लेखेका हुन् ।

यस कथा तृतीय पुरुष शैली, बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरेर लेखिएको यथार्थवादी कथा जसमा सरल र सरस भाषाशैली छ ।

## ४.१३.१६ 'गोप्लेको भाग्य'

गोप्ले नाम गरेको केटो जसको आमाबाबु सानैमा मरेका छन् । भानु चोक र वी.पी. मेमोरीयल जहाँ काम पाउँछ त्यही काम गर्छ ऊ । एक दिन बाबुसाहेब र उनको निजी सचिवका कुरा सुनेर सुख पाउन र बिहे गरी घरजम गर्न ऊ बाबुसाहेबसँग काठमाडौं आउँछ । उसलाई सबैकुरा राम्रो लाग्छ । बाबुसाहेबलाई रिझाउन धेरै प्रयास गर्छ । एकदिन गोप्लेको बिहे गरिदिने भए बाबुसाहेबले निजी सचिवलाई अह्राए कुनै कुराको कमी नहोस भनेर । गोप्ले निकै राम्रो देखिन्छ । पण्डितले विधिपूर्वक बिहे गरिदिए । गोप्लेले दुलही भित्र्यायो । दुलही हेर्न सबै झुम्मिए । आहा ! क्या राम्री, कसैले बाबुसाहेवको दर्शन गर्न बिर्सन भएन भने, गोप्लेको दुलहीलाई बाबुसाहेवको दर्शन गर्न लगियो गोप्ले निदायो बिउँझदा दुलही देखेन । भोलीपल्ट उसको कोठामा अर्को नोकर आयो । यस्तै हो हाम्रो पनि दुलही दर्शन गर्न गएकी अहिलेसम्म फर्केका छैनन् भन्छ गोप्ले छाँगाबाट खसेझैँ हुन्छ । त्यसपछि वर्षौं बित्छ न उसले बाबुसाहेबलाई देख्यो न निजी सचिवलाई । आफ्नी दुलही को त उसले अनुहारसम्म पनि हेर्न पाएन । यो कथा तृतीय पुरुषशैली बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको कथामा भाषा शैली सरल र सरस छ । गाउँको सोझो व्यक्तिलाई लोभ लालच देखाई काठमाडौं ल्याउनु र उसले चाहेको कुरा दिएझैँ गरी नदिनु र गरिबको अस्तित्वलाई पशुबराबर गरेर व्यवहार गर्नु जस्ता कुरालाई बाबुसाहेब र उनको कार्यद्वारा प्रस्तुत गरेर यथार्थवादी धरातललाई स्पष्ट पार्न खोजिएको छ भने उत्तरआधुनिकको निकट छ ।

### ४.१३.१७ 'बिलाएको अस्तित्वको खोजी'

वन्दना नाम गरेकी पात्र जो दूध लिन जाँदा दूध नआएको, धारोमा पानी नआएको र सबैकाम आफैँ गर्नुपर्ने, समयमा गर्न नसके गाह्रो पर्ने भन्दै फतफताउँछिन् । छोरालाई उठाउँछिन जाडोमा सिरक छोड्नै मान्दैन छोरा । उनले गाली गरेपछि पैसा खोइ त ? भन्छ सारीको फेरमा हेर्छिन् तर भेट्दिनन् । बाटैमा झारेछु अब के गर्ने भन्दा सतिश आज दूध र तरकारी नखाने गिलो भात खाने भन्छ । बन्दना छोरालाई खोज्न जाऊँ भन्छिन् । खोज्न जाँदा गल्ली हिलोमा आमाछोरा हिलाम्मे भएर पछारिन्छन् । देवर पर्नेले जिस्काउने पारामा जावो पैसा के खोजेको भन्छन् । १ हजार भनेपछि उनी पनि कमिसनको कुरा गर्दै खोज्न थाल्छन् । टोल भरिकै थुप्रैले पैसा खोज्छन् । प्रोफेसर पनि पहिला के गरिरहेको जावो पैसा हराउँदै सबै टोल नै उल्टने गरी भन्छन् । पछि आफैँ पनि खोज्न थाल्छन् । धेरै ढिलो भएपछि वन्दना घरफर्केर भात पकाएर खाई विद्यालय जान लाग्दा १७ वर्षे छोरो स्कुल जान्छु, भन्छ । पढ्न पर्दैन तलाई, नपढी बुद्धि पलाएको छ भन्छिन् । सतिश पनि हो त नि हाम्रो बाजे बज्यै नपढे पनि त्यत्रो कमाउनु भो हाम्रा बाले पढे पनि रक्सी र रण्डी तथा जुवामा उडाउनु भो भनेर सन्तोष गर्छ । वन्दना स्कुल गएर दिनभरि पढाएर फर्कदा पनि देवर पर्ने हिले रोपाई गर्दै पैसा खोजिरहेको भेट्छिन् र भन्छिन् राम्ररी खोज्नोस रूपैँया हो रूपैँया भनेर घरभित्र पस्छिन् ।

यो कथा तृतीय पुरुष शैली बाह्य सीमित दृष्टिविन्दु प्रयोग भएको कथा हराएको वस्तु मूल्यवान छ भन्ने जानेपछि त्यसको खोजी गरिएको, पढाइमाथि व्यङ्ग्य छ । सरल र सरस भाषाशैलीको प्रयोग भएर कथा रोचक बन्न पुगेको छ ।

### ४.१३.१८ कहाँ खुसी होइन्छ ?

विदेशबाट फर्केको म पात्र साइँलाले बा आमाको गोडामा ढोग्छ । बा आमा अधिक खुसी हुन्छन् । तीनवर्ष बसेर फर्केको ऊ बाले विदेशमा त सुखै सुख हुन्छ रे त्यसैले नेपालीहरू विदेश जान तम्सिरहेछन् अब त हामी पनि तँसँग विदेश जान्छौं भन्दा म पात्रले विदेशमा खाएको सास्ती, दुःख, पीडा, तल्लो स्तरको कामका बारेमा बा आमासँग बोल्नै सक्दैन । कैयौं पटक छातीमा मुड्की हान्दै आफूलाई धिक्कारेको र आफ्नो देशको तरेली परेका खेत, हिमालको चिसो स्याँठ, आफ्नो जन्मभूमि सम्झेर रातहरू काटेको छ साइँलाले । म पात्रका बा यहाँ भएका दुख, हत्या, हिंसा, बलात्कार, शोषण, स्वार्थीपन जस्ता कुराहरू बढेका छन् । यस्तो असन्तुलित

अवस्थामा राष्ट्रको माया गरेर मात्र के गर्नु भन्दछन् । यहाँको यथार्थता काउसो झैँ बन्न पुगेको छ भन्दछन् । म पात्र बाका कुरामा सत्यता भएको प्रतिबद्धता गर्दछ । ऊ भन्छ उसले विदेश चिनेको र छामेको छ । विदेश गएर विचलित हुनुभन्दा स्वदेशमा भोकभोकै मर्नु पूण्य हुने, अर्काको जुठो विदेशमा गएर माज्नु भन्दा स्वदेशमै दुःख गर्नु, हण्डर खानु बेस हुने कुरा बा समक्ष राख्दछ र अब विदेश जान्न भन्छ । त्यसैबेला काका आइपुग्छन् म पात्रले काकालाई पनि ढोग गर्छ र उनका आँखामा पनि विदेशी सुख खोजिरहेको पढ्छ ।

प्रथम पुरुष शैली आन्तरिक परिधिय दृष्टिविन्दु सरल र सरस भाषाशैली भएको यस कथामा विदेश जानु भनेको सुखको यात्रामा हिड्नु हो भन्ने कुरालाई विदेश गईसकेका र विदेश भोगीसकेकाले सुखी त आफ्नै देशमा होइन्छ भन्ने सन्देश दिन खोजिएको यथार्थवादी कथा हो ।

## ४.१३.१९ 'ममत्व'

कमलकान्त नामको पात्र आफ्नी आमा छेउमा टुक्रुक्क बसेर सानो छँदा पढ्दिन भनेकै थिएँ । तपाईंले गर्दा त हो नि पढ् बाबु पढ् भनेर फकाउनु भयो । माइला बाका छोराहरूले धेरै पढेनन् । घर समालेर बसेका छन् । कति खुसी देखिन्छन् । म भने पढ्न काठमाडौँ गए, उच्च शिक्षा हासिल गरी जागीर पनि राम्रै ठाउँमा खाएँ । बिहे पनि काठमाडौँमै गरेँ बच्चाबच्ची भए उनीहरूको रेखदेख आदि माखे साङ्लामा परेँ । यता तपाइँहरू आफ्नो मनको इच्छालाई बाँधेर, दुःख गरेर बस्नु भएको छ । फोटो हेरेर ठूले भन्दै चित्त बुझाउनु भएको छ । आफ्नै घर आगन गाउँमा बस्न पाउनु कति भाग्यमानी । टाढा पुग्दा मैले नपढेको भए तपाइँहरूकै छेउमा हुन्थेँ । काठमाडौँको भिडमा एकचोटी नियालेर हेर्‍यो भने सबैको अनुहार कागती निचोरेको झैँ लाग्दछ । कहाँ गयो खुसी, मुस्कान र हाँसो ? ऊ भन्दछ तपाइँको न्यानो काखदेखि टाढा भयौँ । तपाइँको हेरचाह पुर्‍याउन सकेनौँ । त्यही ठूलो दुःख छ । यो सुन्ने बित्तिकै आमा रिसाएर भनिन् तैले शिक्षा पाएकै छैनस् । तँ अब यहाँ फर्केर पनि नआउनु । जब तेरो आँखा ज्ञानका ज्योतिले खुल्छ त्यसदिन मात्र आउनु, यस्तो सुन्ने बित्तिकै कमलकान्त घोसे मुन्टो लगाएर धेरै बेर बस्यो । भान्सेले भान्सा तयार भयो भनेपछि ऊ जुरुक्क उठेर बाहिर हिड्यो । निकै बेरपछि ऊ फर्कियो बाहुन भान्सा कुरेर बसिरहेको बेला दाजु फर्किएन भनेर सोधिन आमाले । उसले भर्खर आउनु भयो दाजु भन्यो । कमलकान्तले दुःखि भएर म भात खान्न, तिमी खाना खाएर सुत भनेको सुनेर उसकी आमा सकिनसकी तल आएर छोरालाई फकाएर भात ख्वाइन । कमलले पनि आमाको न्यानो काखमा घुर्की लाउँदै लाडिँदै भात खाएको बालसुलभ क्रिया ठान्यो ।

आमाले सुत्नजा भनेपछि सुत्न गयो सपनामा पनि उसले आफू सानो भएको र आमालाई दङ्ग्याएको देख्यो । आमासँग यस्तो झगडा गरेको देखेर आफूलाई खुप भाग्यशाली पनि ठान्यो ।

यो कथामा आमाको मन छोराछोरीकै सुख र सम्पन्नतामा खुसी हुने छोराछोरी दुःखी नहुन भन्ने चाहाना आफू असक्त भैसक्दा पनि हुने र छोराछोरी जति नै बुढा भएपनि आमाबाबुको अगिल्तिर आफू सानै छु भन्ने भान हुने एक किसिमको भावनालाई खुप राम्रो र मनोवैज्ञानिक तरिकाले मीठो भाषाशैलीको प्रयोग गरी प्रस्तुत गरिएको छ । तृतीय पुरुषशैली बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको यो कथा यथार्थवादी छ ।

## ४.१३.२० गुलावको फूल

ऊ खाना खाएर सुत्ने विचार गर्छ र टी.भी. हेर्दा हेर्दै निदाउँछ । उसकी स्वास्नी खुट्टा थिच्दा थिच्दै निदाउँछे । ऊ घुर्न थाल्छ । उसको घुराईले उसकी स्वास्नीलाई डिस्टर्ब हुन्छ । निदाउन नसकेर आफूलाई भुलाउने प्रयासमा बज्रवीरलाई सम्झन्छे । बज्रवीर कहाँ होला, के गर्दै होला । उसलाई बज्रवीरले प्रथम भेटमा दिएको फूल जसलाई उसले कैयौं पटक चुमेको सम्झन्छे । त्यो फूललाई उसले अझैपनि जतनसँग राखेकी छे । फूल सुकेपनि त्यसको बास्ना अझसम्म जीवन्त नै छ भन्ने ठान्दछे । बज्रवीरले बिहे नगरेर उसैलाई कुरेको ठान्छे । यो कुरा ठीक होइन भन्ने लाग्छ उसलाई । यसमा बज्रवीरको के दोष म पनि उसलाई सम्झीरहेछु तर यो कुरा ठीक होइन । उसले आफ्नो देवताजस्तो पतिलाई धोका दिएको ठान्छे । त्यो फूललाई टुक्रा टुक्रा पारेर फ्याक्ने विचार गर्छे । त्यो फूलले नै उसलाई बज्रवीरको नजिक पुऱ्याइरहेको, फूल फ्यालेपछि हामी छुट्टिने छौं । फूललाई धुजा पारेर फ्याक्दैमा मेरो मनबाट बज्रवीर जाला त भन्छे । यसैबेला उसको लोग्ने चल्मलाउँछ र हात चलाउँदा चलाउँदै श्रीमतीको छातीमा मुड्की बजारिन्छ । उसको सातो जान्छ र पसिना आउँछ । उसले लोग्नेलाई धोका दिएबापत छातीमा मुड्की परेको ठान्छे । उसको लोग्ने केही बेरपछि फेरि चल्मलाउँछ लात्ती चलाउन थाल्छ र त्यो लात्ती उसको तिघ्रामा लाग्छ उसको झन सातो जान्छ । ऊ आघात् हुन्छे । यो सबै बज्रवीरको कारण हो भन्ने ठानेर जुरुक्क उठ्छे फूल झिक्छे अनि चुम्छे र मरक्क माडेर धुजा बनाई फाल्छे ।

### ४.१३.२१ 'म भने भित्रभित्रै हर्षित भइरहेको थिएँ'

शर्मिला म पात्रकी पत्नी साहित्य लेखेर केही पाइन्न भोकभोकै मर्नु बाहेक भन्दै म पात्रलाई बिन्ती गर्छे । अरू केही नभएका मानिस घर मोटर नोकर चाकर भएका भैसके हामीसँग थोत्रा किताब कलम बाहेक केही छैन भन्छे । इमान्दारको केही हुँदैन अहिले जतातत्तै बेइमानी मात्र छ भन्छ । बाले ज्वाइँलाई म पाल्छु भनेर कति भन्नु हुन्छ । उतै मौजामा जाँऊ । त्यहाँ ठूलो सान सौकतसँग बस्न सकिन्छ भन्छे । म पात्र मनमनै श्रीमतीलाई त साहित्यको महत्त्व बुझाउन सकेको रहेनछु भन्ने ठान्छ । म पात्रसँग भागेकी शर्मिलाले पटक पकट मौजा जान अनुरोध गरे तापनि म पात्र मान्दैन । अभावै अभावमा शर्मिलाले रमलालाई जन्माइ, ससुरालीलेनै सुत्केरी उतारे । म पात्रलाई शर्मिला माया गर्थी । कृष्णवीर नामक व्यक्ति उनीहरूको छिमेकी बन्न आयो । उ पशिमनाको उद्योग गर्थ्यो । म पात्र पनि उसको सहयोगमा पशिमना पसलमा काम गर्न थाल्यो । कृष्णवीरलाई शर्मिलाले दाजु बनाएकी थिई । म पात्र पशिमना पसलमा बस्ने फुर्सदमा साहित्य लेख्ने गर्न थाले । उनीहरूको जीवन अलिसजिलो भयो घर भाडा तिर्न, खान धौधौ हुन छाड्यो तर एक दिन विभिन्न कर नतिरे बापत कृष्णवीर जेल पऱ्यो । उसको उद्योगमा तालालाग्यो । फेरि म पात्रको पुरानै दिन फर्कियो । फेरि शर्मिलाले मौजा जान ढिपी गर्न थाली म पात्र यस पटक मौजा जान तयार भए र गए पनि । त्यहाँ राम्रो व्यवस्था थियो सान सौकत थियो ।

ससुराले जेठी छोरी अष्ट्रेलिया, माइली अमेरिकामा छ । कान्छी छोरी यहासँग छे । छोरा छैनन् । मैले त ज्वाइँलाई नै छोरा सम्झेको छु । यदि हुन सक्छ भने घर व्यवहार चलाउन मलाई सहयोग गरिदिनोस । त्यो कथा, कविता लेखेर मेरो छोरी पाल्न सक्नु हुन्न् भने । यस्तैमा बीस पच्चीस जनाको हुल म पात्र बसेको नजिक आउन लागे त्यो देखेर माओवादी हुन् कि भनेर ससुरा डराए । नजिक आइपुग्दा पत्रकार कलाकार आदि रहेछन् । म पात्रलाई सम्मान गर्न आएका, त्यही एउटा कार्यक्रम सुरुभयो । म पात्रका ससुरा प्रमुख अतिथि भए । म पात्रलाई फूलमाला र सम्मान-पत्र प्रदान गरे । प्रमुख अतिथिको आसनबाट ससुरा बाले आजसम्म सबैभन्दा ठूलो धनसम्पत्ति ठानेको थिए । त्यो भन्दा ठूलो साहित्य रहेछ भन्दै १ लाखको साहित्यिक ट्रष्ट आमाको नाममा खोल्छु भने शर्मीला गहभरि आँसु पार्दै म पात्रको नजीक पुगेर म पात्रको हातका औलाहरू चुम्दै अब मौजा नबसौं । दुःख सुख जे भए पनि आफ्नै घर जाऊँ भन्छे । यस्तो क्षणमा म पात्र भने भित्रभित्रै हर्ष विभोर भएका थिए ।

यो कथा प्रथम पुरुष शैली आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग भएको एक मीठो कथा जसको भाषाशैली सरल र सरस छ ।

## ४.१३.२२ के भान्दाइले सिद्धि प्राप्त गरे ?

राजनीतिमा लागेर सबै सम्पत्ति सिध्याएका भान्दाइले लगौँटी र भोटो लगाएर आँपको रुखमुनि ध्यान गर्न बसे भान्दाइकी श्रीमतीले आखिर यही राजनीतिले यो अवस्था पुऱ्यायो अब के का लागि तपाइँ सिद्धि प्राप्त गर्न खोज्नु हुन्छ भन्दै च्याट्टिइन् । भान्दाइ नेपाली राजनीतिक आदर्श काउसो भएको, नेपाली संसदीय चरित्र छेपारो जस्तो भएको अवस्थामा यो चरित्रलाई रोक्ने प्रयास कसैले नगरेको र भान्दाइले पनि नसेकको व्यक्त गर्दछन् । राजनीति गर्नेहरू पाटी बदल्दै हिडेको, पार्टीको मर्यादा आदर्शलाई त्यागेकाहरू एक दिन नाङ्गिने छन् । तपाइँ पार्टीको आदर्शलाई नधमिल्याउनुस् भन्छिन् भान्दाइकी श्रीमती धर्मपत्नीका कुरा सुनेर उनी सुस्केरा हाल्दै यहाँ आदर्श मर्यादा र निष्ठालाई थन्काएर औसरवादी राजनीति गर्नुपर्छ त्यो गर्न म सक्दिन । त्यसैले मलाई ध्यान गर्न नरोक भन्दा धर्मपत्नी झर्किंदै घर हिड्नुस बौलट्ठीपन् छाड्नोस भन्छिन् । भान्दाइको ध्यानको कुरा सबैतिर फैलियो । उनलाई औसरवादी उत्कृष्ट नमुना भनियो । चार दिनसम्म नखाई ध्यान गर्दा भान्दाइ कमजोर भएका थिए । आफन्तले सम्झाए खाना ख्वाउने प्रयास गरे तर केही लागेन । उनलाई कसैले बौलाए भने त कसैले सिल्लड भने । उनी ज्यादै कमजोर भए डा. आए तर भान्दाइले छुन पनि दिएनन् । एकाएक उनी डङ्ग लडे र बेहोस भए अस्पतालमा केही घण्टा स्लाइन चढाएपछि होस खुल्यो । होसमा आउने बित्तिकै त्यही बसेर ध्यान गर्न लागे । उनी पूर्ण चेतन अवस्थामा पार्टीको आदर्श बिथोल्न चाहदैन थिए । तर हुर्कदै गएको पार्टी विसङ्गतिको संस्कारले उनलाई पार्टी बदल्ने दबाब दिन्थ्यो । कलियुगमा सिद्धि प्राप्त हुँदैन भन्ने पनि थाहा थियो । उनको मन एकाग्र पनि थिएन । भान्दाइको मानसिक समस्या यो राष्ट्रको निष्ठावान् र आदर्शवान् पार्टी कार्यकर्ताको समस्या हो ।

यो कथा तृतीय पुरुषशैली बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको सरल सरस भाषाशैलीले कथालाई मीठो बनाएको छ । कथाकारले एक निष्ठावान् व्यक्तिले शाश्वत सत्यलाई पनि त्याग्न सक्दैन र मानिसले बनाएको नियमलाई पनि । बरू उसले आफ्नो स्वाभिमान बेच्नु भन्दा मर्नु वेश ठान्छ भन्ने कुरा यस कथामा देखाउन खोजेका छन् ।

## ४.१३.२३ हामी नेपाली

हरिकृष्णले **हामी नेपाली** भन्ने विषयमा पी.एच.डी. गरेको जो अमेरिकनसँग बोस्टन गई त्यही पढेको थियो । २०५० मा ऊ काठमाडौँ आफ्नो घर फर्कदै थियो । २९ वर्षपछि ऊ घर फर्कन लागेकोले आमा, बाबु, भाइ, बहिनी सबै दङ्ग पर्दै उसकै कुरा गरिरहेका थिए । कस्तो भयो होला, कोही मिजासिलो त कोही पङ्क्स जस्तो आदि इत्यादि भन्दै धेरै घण्टा कुर्दै त्रिभुवन विमानस्थल पुग्छन् । फेरि प्लेन दुई घण्टा ढिलो भन्दा उनीहरूको मन ढक्क फुलेको, कतै डाँडामा त ठोक्काएन ? कोही भन्दैन् भनेर त्रसित हुन्छन् र ढिलो भएको खबरले ढुक्क भएर कुर्छन् । प्लेन आयो सबै ओर्लिए तर ऊ देखिएन आगमन कक्षबाट एक एकलाई नियाल्छन् तर ऊ देखिएन । कतै नचिनेको त होइन भन्दछन् । त्यसै बेला फाटेको भोटो, एउटा लंगुटी र टोपी लगाएको व्यक्तिले बा, आमाले मलाई चिन्नु भएन म हरिकृष्ण भन्दा सबै सदश्यको कल्पना भताभुङ्ग भयो । आमा झण्डै बेहोस, भाइ त लाजले अगाडि आउनै सकेन, बहिनी वाल्ल । गोपीकृष्णले चिने तर तेरो यो हाल भन्दा बा मेरो यो अवस्थाले “हामी नेपाली” भन्ने कुरा प्रतिनिधित्व गर्दैन र ? सबैले लाजले टाउको निहुराउँछन् ।

यो कथा तृतीय पुरुषशैली, बाह्य वस्तुगत दृष्टिविन्दु रहेको छ । भाषाशैली सामान्य खालको छ । नेपाली कस्ता छन्, हामी कस्तो छौं भन्ने देखाउन खोजिएको कथा रोचक छ ।

## ४.१३.२४ ‘मेरो कथा’

कवि गोष्ठीमा कविता पाठ भइरहेको थियो । अन्दाजी एक सयपचास जना थिए म पात्र बसेको छेवैमा समालोचक थिए । उनले म पात्रलाई तपाईको मधुपर्कमा प्रकाशित कथा राम्रो लाग्यो भने कुन भन्ने प्रश्नमा मधुपर्कमा प्रकाशित ‘कथा डेभिडको व्यथा सबैको’ भनेर म पात्रले सोध्दा हो भने । बेलुकी त्यो कुरा श्रीमतीलाई सुनाउँदा उनीहरू अगाडि ठिक्क पार्छन् पछाडि ढाड भाच्नेगरी लेख्छन् भनिन् । भोलीपल्ट म पात्र समालोचकको घर खोज्दै पुगे समालोचकले अरू कथाकार, निबन्धकार, कविसँग कथाकार म पात्रको त्यही कथा भन्दै चिनाए । उनी दङ्ग पर्दै घर फर्के र श्रीमतीलाई सुनाए । श्रीमतीले समालोचक दुईजिब्रे हुन्छन् । तपाइँ हिड्ने बित्तिकै कति कुरा काटे होलान् भनिन् । फेरि भोलीपल्ट समालोचकको अफिस पुगे त्यहा पनि समालोचकले म पात्रको कथा भन्दै तारिफ गरे । कथा मजाले भनेपछि तारिफ गरेपछि सोध्नु पर्ने आवश्यकतै नठानी फर्के श्रीमतीलाई हकारे । फेरि श्रीमतीले मख्ख पर्नु पर्ने

कुरै छैन भनिन् । दस दिनपछि फेरि एउटा कवि गोष्ठीमा समालोचक भेटिए । त्यसबेला म पात्रले तपाईंले साच्चै मेरो कथा पढकै हो त ? भनी प्रश्न गरे यो सुन्ने बित्तिकै समालोचक रिसाए । अर्को तिर मेचमा गइबसे म पात्रले कति माफी मागे पनि उनी मलाई डिस्टर्व नगर्नु भनेर अर्को तिर फर्केर बसे त्यहाँबाट बाहिरिने बेला म पात्रले माफ माग्ने प्रयास गरे तर समालोचक हिँडीहाले म पात्र भने कतै मेरो कथाका बारेमा नराम्रो लेखिदिने पो होकी भन्ने सोचेर ठिङ्ग उभिरहे ।

यो कथा प्रथम पुरुष शैलीमा लेखिएको आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग गरी लेखिएको कथा सरल र सरस भाषाको प्रयोग छ । यो कथा कथाकारको जीवनको एउटा सम्झना वा संस्मरण झैँ लाग्छ । कथा भन्ने भान हुँदैन । सत्य घटना नै हो कि जस्तो लाग्छ । कथाको शीर्षक शंका राखेको भए उचित र रोचक हुन सक्ने पनि देखिन्छ । तर आफ्नै कथाबारे चर्चा भएकोले मेरो कथा भन्नु पनि उचित ठहर्छ ।

## ४.१३.२५ 'नबोल्ने छोरो'

धनकुटा तल्लो कोप्चेका कृष्णप्रसाद श्रेष्ठ त्रि.वि.बाट विद्वद्वृत्ति पाएर क्यालिफोर्निया ग्राजुयट स्कुलबाट एम्.एस्.सकेर उनले त्यहीबाट पी.एच्.डी. गरेका थिए । अमेरिका बस्दा विभिन्न संघसंस्थाका अध्यक्ष पनि भएका उनी कम बोल्थे । उनी कहिले घण्टौसम्म चुपलागेर बस्न सक्थे । उनी अमेरिकाबाट फर्केपछि त बिस्तारै बोल्दै नबोल्ने भए । हाम्रो गरिब मुलुकको विकास गर्ला भनेको त छोरा धुमधुम्ती कोठामा मात्र बस्ने भएर आएछ भनेर बाबु आमा अनेक गर्छन् तर केही लाग्दैन र मनोविज्ञकहाँ लान्छन् तर मनोविज्ञको केही लाग्दैन । उनले फारम भर्न लगाउन भन्छन् । कृष्णप्रसाद श्रेष्ठकी आमाले फारम भरेर एकै दिनमा रोग पत्ता लाग्छ र निको पार्न सकिन्छ ? भनेर सोध्छिन् । मुरारी शर्माले वर्षौ लाग्छ । फारम भरेको फ्रिक्वेन्सी हेर्नु पर्छ कहाँ एकै दिनमा हुन्छ र भन्दा एक्कासी कृष्णप्रसाद श्रेष्ठ बोल्छ । त्यत्रो समय त्यति लामो परीक्षण मलाई केही भएको छैन भन्छन् । किन यस्तो नबोलेको त भन्दा मेरो बुबाको नाम र मेरो नामको बीचको नाम मिलेन किन मिलेन भनेर सोचेको भन्छन् । अमेरिकाका प्रोफेसरले बाबु फरक परेको हुनसक्ने अनुमान गरेका थिए । त्यसै बेलादेखि सोच्ने बानी लागेको पनि बताउँछन् । आमा रिसले जलन हुँदै तैले पढेको त बेकार भन्दै गाली गरेर हरिकृष्ण श्रेष्ठलाई जाऊँ भन्छिन् । हरिकृष्ण ए यो त हाम्रो वंशाणु गुण हो । कहिले काहीं म पनि यस्तै सोच्छु,

मेरो बुबा र बाजे पनि यस्तै सोच्थे भन्छन् । त्यसो भए कृष्णप्रसादलाई गाली गर्ने ठाउँ छैन भन्दै सबै हाँस्छन् ।

यो कथा तृतीय पुरुष शैलीमा लेखिएको बाह्य सीमित दृष्टिविन्दु प्रयोग भएको सरल र सरस भाषाशैली प्रयोग भएको यथार्थवादी मनोवैज्ञानिक कथा हो ।

### ४.१३.२६ आधुनिक व्यस्तता

रमेशलाई ठेस पुऱ्याउने गरी रमाले तिमीलाई बच्चाको रहर छैन ? भन्छिन् । रमेश सबै परिस्थिति मिलाउनुपर्छ भन्छ । रमाको इच्छा एउटा बच्चा जन्माउने हुन्छ । बिहान आठ बजेदेखि राती सात बजेसम्म अफिसमा कामगरी समय बिताउनु, साह्रै व्यस्त हुनु रमाको दिनचर्या छ भने रमेश रमाभन्दा अलि कम व्यस्त छ तर उ पनि फुर्सदिलो भने छैन । १२ कक्षा पास गरेर रमेशसँग बिहे गरी एकजनाको कमाइले घर चलाउन गाह्रो भएकोले भनसुन गरी एक प्रोजेक्टमा काम गर्छे रमा । घरको सम्पूर्ण काम कान्छी नामकी काम गर्ने केटीले पूरा गर्छे । रमेश आफ्नो बच्चा काम गर्ने केटीले होइन आमाले नै स्याहार गर्नु राम्रो भन्छ । रमाको आमा बन्ने अतृप्त चाहनाले धेरै पटक रमेशलाई नचिमोटेको छैन । तर पनि व्यस्तताको कारण बच्चा नजन्माउने निर्णय गर्छ । रमा एक महिनाको लागि पोखरा जान्छे । रमेश पनि साथै जान्छ फेवातालमा नाउँ चलाउनु, घुम्नु महेन्द्र गुफा, सेती नदीमा गल्छी आदि हेर्छन् । खुप रमाइलो गर्छन् । चारदिनपछि रमेश काठमाडौं फर्कन्छ । एक महिनापछि रमा पनि काठमाडौं फर्कन्छे । उसको त्यस्तै व्यस्तता सुरु हुन्छ । एक दिन रमाले अमिलो खाँदै गरेको देखि रमेश मनमनै सुखी हुन्छ । के यो सत्य हो भनि सोध्छ रमाले हुन त हो तर त्यो तिम्रो होइन, हाकिमको हो भन्छे । रमाको कुरा सुनेर रमेश पनि मनमनै भन्छ कान्छीको पनि तीन महिनाको गर्भ भयो । रमाको मातृत्व पूरा भएको र आफ्नो पुरुषत्व सल्बलाएको ठान्छ र आधुनिक व्यस्तता भन्दा केही बाँकी नभएको ठान्छ ।

यो कथा प्रथम पुरुष शैलीमा लेखिएको आन्तरिक परिधीय दृष्टिविन्दु रहेको यस कथाको भाषाशैली सामान्य रहेको छ । आधुनिक समयमा भएको व्यस्तता र त्यो व्यस्तताले निम्त्याएको विकृतिलाई मनोवैज्ञानिक ढङ्गबाट प्रस्तुत गरिएको कथा ज्यादै मीठो ढङ्गले यथार्थतालाई प्रकट गर्न सफल रहेको छ ।

## ४.१३.२७ निष्कर्ष

यस 'इन्दिराको भ्यागुतो' कथा सङ्ग्रहभित्र २६ ओटा कथा रहेका छन् । यी कथाहरू पनि 'एक मुठी माटो' कथा सङ्ग्रहभित्र सङ्गृहीत कथाहरू जस्तै रहेका छन् । इन्दिराको भ्यागुतो सङ्ग्रहमा खनालले यथार्थबाट, उत्तरसंरचनावाद उत्तरआधुनिकतावाद अर्थात् रोलावार्थको लेखकको मृत्युको अवधारणाबाट प्रेरित कथा लेखेका छन् । सबै कथाहरूमा मनोविज्ञानको प्रभाव रहेको प्रायः समस्या निराकरणमूलक कथाहरू छन् । उनका कथाहरूमा राष्ट्रप्रेम, अर्थतन्त्र यौन जस्ता कुराहरू र समाजमा विद्यमान् विभिन्न समस्याहरूलाई पनि उनले निकै उत्कृष्टताका साथ प्रस्तुत गरेका छन् । एकै बसाइमा पढेर सकिने, जीवनको आंशिक पक्षको चित्रणले पाठकलाई दिक्क बनाउने ठाउँ छैन । रोचक प्रस्तुतिबाट कथाले उच्चता प्राप्त गरेका छन् ।

## ४.१४ रमेश खनालको निबन्ध तथा लेखको अध्ययन

रमेश खनाल कवि, कथाकार जीवनी लेखक मात्र नभई उनी एक निबन्धकार पनि हुन् । उनी नेपाली साहित्यका कवि, कथाकार, जीवनीलेखक, समालोचक, निबन्धकार र कला समीक्षक पनि हुन् । उनका दुई ओटा निबन्ध तथा लेख सङ्ग्रह प्रकाशित छन् । अत : उनको निबन्धको अध्ययन गर्नुपूर्व निबन्धको सामान्य चिनारी दिनु उपयुक्त हुन्छ ।

## ४.१४.१ निबन्धको सामान्य चिनारी

कुनै विषयमा केन्द्रित रहेर त्यससम्बन्धी विषयवस्तुलाई तथ्य तथा अनुभवका आधारमा गरिने क्रमबद्ध अभिव्यक्ति नै निबन्ध हो ।[१७१] यसको मौलिक अर्थ नि+बन्ध (बाँध्नु) + धय (सङ्ग्रह) रोक्नु वा बाध्नु नै निबन्ध हो ।[१७२] 'निबन्ध' संस्कृत व्याकरणको शब्द निर्माण प्रकृयामा नि उपसर्ग लागेको बन्ध् धातुमा धञ प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द हो । यसको अर्थ हुन्छ- निःशेष हिसाबले बाध्ने काम गर्नु ।[१७३] कुनै विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत

---

[१७१] कृष्णहरि बराल, नेत्र एटम्, **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास**, (काठमाडौँ : तलेजु प्रकाशन, २०६५) पृ. ३१० ।

[१७२] धीरेन्द्र वर्मा, वज्रेश्वर वर्मा आदि, **हिन्दी साहित्य कोश**, भाग १, (वाराणसी : ज्ञान मण्डल लि.इ. १९८५), पृ. ४४४ ।

[१७३] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध, नेपाली निबन्ध, भाग ३**, चौथो संस्करण, (काठमाडौँ : पाठ्य सामग्री पसल, २०६३), पृ. १ ।

पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना वा साहित्यको एक गद्य विधा नै निबन्ध हो ।[१७४] अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभएपनि निश्चित प्रकारको सिलसिला तथा क्रम मिलेको विषयमा बहेको गद्यरचनालाई निबन्ध भनिन्छ । जसले काल्पनिकदेखि बौद्धिक अभिव्यक्तिसम्मको क्षेत्रलाई ढाक्दछ ।[१७५]

निबन्धमा वैयक्तिकताको पनि समावेश हुने हुँदा निबन्धकार जस्तो स्वभावको छ त्यो निबन्धमा प्रकट हुन्छ । निबन्धकार गम्भीर भए गाम्भीर्य, गम्भीर अध्येता भए गहन अध्ययनशीलताको र परिहासप्रिय भए हाँस्यव्यङ्ग्यको चास्नीको छाप रहन्छ ।[१७६] सङ्क्षिप्तता, एकता र स्पष्टता निबन्धको विशेषता नै हो ।

## ४.१४.२ शीर्षक र भावनात्मक सङ्गति

रमेश खनालको सङ्गृहीत निबन्धहरूमा शीर्षक अनुरूपको भावगत सङ्गति पाइन्छ । उनले शीर्षक वरिपरि रहेर आफ्ना भावना र विचारद्वारा निबन्ध लेखेका छन् । उनी शीर्षकभन्दा बाहिर गएर बहकिएका छैनन् । उनका निबन्धहरूमा उनले गरेका गहन अध्ययनहरूको छापलाई देख्न सकिन्छ । उनको निबन्धहरू प्रायः सबै संस्मरणात्मक निबन्ध छन् । ती पनि धेरै यात्रा संस्मरण र केही कला र कलासँग सम्बन्धित गोष्ठी सेमिनार, कार्यशाला आदिका संस्मरणहरू छन् । त्यसैले उनी शीर्षक अनुसार भावना व्यक्त गर्न सफल छन् । उनका निबन्धहरू कुनै कथात्मक कुनै जीवनी जस्तो र कुनैमा अगाडि आउने प्रसङ्गलाई बीचमा र अन्त्यमा ल्याएका पनि छन् तर पनि यसले निबन्धलाई बिरूप भने बनाएको छैन ।

## ४.१४.३ विषयवस्तु

रमेश खनालका निबन्ध तथा संस्मरणात्मक लेखहरू विभिन्न विषयवस्तुमा आधारित छन् । ती निम्न छन् :

---

[१७४] बालकृष्ण पोखरेल, वासुदेव त्रिपाठी आदि, **नेपाली बृहत् शब्दकोश**, (काठमाडौँ : ने.रा.प्र.प्र. पुनः मुद्रण, २०५०), पृ. ७३१ ।

[१७५] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** (काठमाडौँ : ने.रा.प्र.प्र. २०४८), पृ. १२० ।

[१७६] भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य**, (काठमाडौं : साझा प्रकाशन), पृ. २१० ।

### ४.१४.३.१ विवरणात्मक निबन्ध

उनका निबन्धहरूमा उनले यात्रामा भोगेका कुराहरू तथा कला ग्यालरीभित्र देखेका चित्रकलाहरूको अध्ययन र अनुसन्धान पश्चात् विवरणद्वारा त्यसको वर्णन गरेका छन् । चित्रका अलावा मूर्ति तथा अन्य थुप्रै विषयको विवरणात्मक निबन्ध लेखेका छन् । विवरण दिने क्रममा चित्रको नाप, मूर्तिको नाप, लम्बाई चौडाई, उचाई तथा तौल जस्ता कुरा र समय पनि तोकेका छन् । जस्तैः विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दाभित्र कलाग्यालरीमा राखिएका चित्रको नाम तथा नाप दिएका छन् ।

### ४.१४.३.२ संस्मरणात्मक निबन्ध

उनको दुईओटा निबन्ध सङ्ग्रहमा भएका सबैजसो नै निबन्धहरू संस्मरणात्मक निबन्धहरू हुन् । कुनै निबन्धमा यात्रा संस्मरण छ भने कुनै निबन्धमा कलासम्बन्धी गोष्ठी, कार्यशाला अनि कला ग्यालरीको अध्ययन आदिको संस्मरण छ । निबन्धमा चित्रकला मूर्तिकला दुवैको गहिरो अध्ययन पश्चात् निबन्ध लेखिएको छ ।

### ४.१४.३.३ ऐतिहासिक, धार्मिक, सामाजिक, साँस्कृतिक निबन्ध

रमेश खनालका निबन्धका विषयलाई केलाउँदा उनका निबन्धहरूले कहिले इतिहासलाई त कहिले धर्मलाई, कहिले समाजलाई र कहिले संस्कृतिलाई समेटेको पाइन्छ । ऐतिहासिक विषयको निबन्ध 'इतिहास खोतल्ने क्रममा' नाटकीय र संवादात्मक शैलीले गर्दा कता-कता कथा जस्तो लाग्ने भए तापनि यो निबन्धले इतिहास कोट्याएर कला उद्घाटन गर्ने पहिलो व्यक्ति जङ्गबहादुरलाई लिएको छ । धार्मिक विषयको निबन्ध - 'अठार दिन बितेको पत्तै भएन' मा सत्यसाइँको दर्शन गरेको, 'अर्धकुम्भ मेला हुट माथि चढेर यात्रा' निबन्धमा वराह क्षेत्र दर्शन र अर्धकुम्भ मेलामा सामेल भएर हिन्दु संस्कार अनुरूप नुहाएको कुरा छ । यो निबन्धले सांस्कृतिक झलक पनि देखाएको छ । 'भाग्यले बाँचियो' निबन्धमा सामाजिकता प्रशस्त भेटिन्छ । त्यस्तै सबै निबन्धहरूमा कला विषयका कुरा भने छुटेकै छैन, बिर्सेका छैनन् ।

### ४.१४.३.४ भाषाशैली

उनका निबन्धहरूमा आफू तथा आफ्ना परिवार अनि साथीभाइसित गरेको यात्रा अनुभूति र कला ग्यालरीका चित्र तथा मूर्तिको आत्मपरक शैलीमा सरल सरस भाषाशैलीको

प्रयोगले निबन्धहरू सुललित बन्न पुगेको छ । कतै कतै अङ्ग्रेजी शब्द, वाक्य र कुनै कलाकारको भनाईलाई अङ्ग्रेजीमै लेखिदिंदा नेपालीमात्र जान्नेहरूका लागि भने निबन्ध अवश्य पनि कठीन पर्ने पनि देखिन्छ । यसका अलावा कतै कतै लेखाइमा सिलसिला र क्रमबद्धताको अभाव झल्केर पाठक अलि जटिलता परेको महसुस हुन्छ ।

## ४.१५ विश्वप्रसिद्ध कलाकार माइकल एञ्जेलोसँग साक्षात्कार संस्मरणात्मक निबन्ध सङ्ग्रहको अध्ययन

'विश्वप्रसिद्ध कलाकार माइकलएञ्जेलोसँग साक्षात्कार' भन्ने संस्मरणात्मक लेख निबन्धमा रमेश खनालले जम्मा १७ ओटा लेखहरू प्रकाशित गरेका छन् । यी निबन्ध/लेखहरूमा यात्रा संस्मरण, कलासम्बन्धी गोष्ठी, सेमिनारहरूको संस्मरण, विभिन्न कार्यक्रममा सहभागी भएको संस्मरण त्यस्तै माइकल ऐञ्जेलो लगायत अरू कलाकारहरूसँग भेटघाट भएको नाटकीय संस्मरण जस्ता संस्मरणात्मक निबन्धहरू रहेका छन् । यस पुस्तकमा दिइएको विवरणहरू लेखकले आफैले देखेको, अनुभव गरेका विभिन्न चित्र, मूर्ति तथा यात्राको बारेमा दिइएको छ ।[१७७] नाटकीय संस्मरणमा प्रस्तुत गरिएको विवरण सबै लेखकका अध्ययन अनुसन्धानमा आधारित छन् भने कलाकार मात्र जीवित भेटेको होइन केवल कल्पनात्मक प्रसङ्ग हो ।

### ४.१५.१ विश्वप्रसिद्ध कलाकार माइकल एञ्जेलोसँग साक्षात्कार

यस पुस्तकमा पहिलो लेख/निबन्धमा माइकल एञ्जेलोले राती मुर्दा चिरेर अध्ययन गरेको पुलिसले पक्डेर थुनेको, सोधपुछ गरेको, माइकल एञ्जेलो हो भन्ने पत्ता लागेपछि उनको प्रशंसा गरेको प्रसङ्ग छ । उनले बनाएको जुलियत पोपको चौध फिट अग्लो मूर्ति, १८ फिटको डायमिड मूर्ति रोमको सेन्ट पित्रो, पेरिसको लुभ्रुमा भएको द डाइङ स्लेभ तथा द रिभोलियस स्लेभ, सिस्टाइन च्यापेलको छतमा उनले बनाएको मानवीय कथा व्यथाको चित्र जसमा इशामशिहको आगमनको यहुदीहरूलाई सूचना दिनलागेको चित्र, शारीरिक सुगठन भएको स्वास्नी मानिस तथा लोग्ने मानिसको सोचेको, पढेको जस्ता अलौकिक चित्र रहेको छ । २२५ ओटा चित्रहरू दसदेखि अठार फिटसम्मका अग्ला रहेको विवरणात्मक निबन्धमा भान्दाइ भनेर सपनाबाट व्युझाएको प्रसङ्गले यो निबन्ध कथात्मक हुन पुगेको छ ।

---

१७७ रमेश खनालसँगको कुराकानीबाट ।

## ४.१५.२ सानी जलपरी मूर्ति र उनको पीडाजन्य कथा

यस निबन्धमा चारसयभन्दा धेरै द्वीपहरू मिलेर बनेको ४३,०९४ वर्ग कि.मी क्षेत्रफल र ५४ लाख जनसंख्या भएको राष्ट्र डेनमार्कलाई केही समय हिटलरले जर्मनीमा मिलाएका थिए । लगभग ६ वर्ष पछि १९४५ मे ५ मा डेनमार्क स्वतन्त्र भएको हो । डेनमार्कको समुद्रतट लाङ्गेनिन ग्रेनाइट ढुङ्गामाथि दुखित भएर आशलाग्दो मुहार लिएर घुँडा खुम्च्याएर बसेकी जलपरीका बारेमा कैयौं कविहरू, कला समीक्षक, साहित्यकारहरू तथा विभिन्न व्यक्तिहरूले आफ्ना विचार पोखेका छन् । उनको उचाई १६५ से.मी. तौल १७५ कि.ग्रा छ । मूर्ति हेर्नेहरू दङ्ग परेर फोटो खिच्छन् । उनले धेरै हण्डर खानु परेको पीडा जन्य व्यथा छ । सन् १९६१ सेप्टेम्वर १ मा उनको शरीरमा ब्रा र पेन्टी पेन्ट गरेर कपाल रातो पारे, सन् १९६३ मा शरीर रातो पारे । सन् १९६४ अप्रिल २४ मा करौतीले टाउँको काटे । सन् १९८४ जुलाईमा दाहिने हात काटे, १९९० र १९९८ मा टाउको काटे, २००३ मा मूर्ति ढुङ्गाबाट झिकेर पानीमा फ्याके तर जे जति पटक उनीमाथि दुर्व्यवहार भए तापनि मूर्तिको साँचो सुरक्षित भएकोले उनको मूर्ति पूनः बनाएर राखियो । मूर्ति विरोधी तत्वहरूले गरेको अत्याचारले पीडा पाए पनि उनको ख्याति भने कम भएको छैन । सानी जलपरीको मूर्ति र उनको कथा कालजयी बनेर बसेको छ । भन्ने कुरा सत्य तथ्य प्रामाणिक विवरणसाथ प्रस्तुत गरेर आफूले भ्रमण गरेको डेनमार्क र सानी जलपरीको व्याख्या रमेश खनालले प्रस्तुत गरेका छन् ।

## ४.१५.३ इतिहास खोतल्ने क्रममा

यस निबन्धभित्र प्रधानमन्त्री जङ्गबहादुरले बेलायतकी माहारानी भिक्टोरियासँग मागेको चित्र जुन उनले प्रतिलिपि बनाएर पठाएकी र त्यसको उद्घाटन टुडिखेलमा बाजागाजा सहित धुमधामका साथ जङ्गबहादुरले गरेका र यो नै नेपालमा भएको चित्रकलाको पहिलो उद्घाटन हो भन्ने कुरा यहाँ स्पष्ट भएको छ । पेरिस हुँदै लुभ्रमा कला निरीक्षण गर्ने कलाकार भाजुमान पनि जङ्गबहादुरसँगै थिए । ती भाजुमानले उक्त उपहार चित्रलाई जस्ताको त्यस्तै बनाएर देखाएका थिए । त्यो चित्रलाई जङ्गबहादुरको गोल बैठकमा राखेको र पछि सेतो दरवार ल्याएका थिए । पछि त्यो सेतो दरवारमा आगलागीमा जलेर भाजुमानले बनाएको चित्र खरानी भएको प्रसङ्ग बालकृष्ण समको कथन छ र भिक्टोरीया र अल्वर्टको चित्र चन्द्र शमशेरले गेहेन्द्र शमशेरसँग मागेर गद्दी बैठकमा राखेकाले ती अहिले राष्ट्रिय सङ्ग्रहालय (छाउनी) मा सुरक्षित

राखिएको कुरा बालकृष्ण समले आफ्नो पुस्तकहरूमा उल्लेख गरेका पाइन्छ । जङ्गबहादुरले एकातिर अंग्रेजहरूलाई खुसी पार्न अर्कातिर चित्रकलाको इज्जत गर्न नै यी चित्रहरूको भव्यताकासाथ उद्घाटन गरेका हुन् भन्नेकुरा समका पुस्तकहरूको अध्ययन पश्चात् लेखक खनालले प्रस्तुत गरेका छन् ।

### ४.१५.४ जे गर्नु छ गर

यस निबन्धमा विश्वप्रसिद्ध मूर्तिकार 'एण्टिनियो कानोवा' को कथा छ । एक दिन एक दम्पतिका घरमा काम खोज्दै आएको केटो सोधपुछ पछि काम गर्न राखिन्छ । एक दिन उसले आफ्नी हजुरआमालाई धेरै पैसा कमाए पछि रोम शहर र त्यहाँको ठूला ठूला मूर्ति देखाउँछु भनेर ५० लिरा सहित चिठी पठाउँछ । एक दिन ठूला ठूला व्यापारी घरमा आउने हुनाले सत्कारका लागि तयारीमा केक टेवलको बीच राखेर सबै भाँडाकुँडा सजाइन्छ र टेवलको कपडा तन्काउने क्रममा केकको एक टुक्रा खुँडे हुन्छ । यो देखेर सब्रिना विस्मित हुन्छिन् । केक कसरी मिलाउने फेरि किन्न जाने, समय छैन भन्ने कुरा हुँदा हुँदै विस्मित मनलिएर मालिक गेष्ट रिसिभ गर्न जान्छन् । केटोले सब्रिनासँग केक मिलाउने अनुमति माग्छ । त्यसै समय सबै पाहुना आएपछि सबैको आँखा केकमा पर्छ । केकमा यति राम्रो बाघको मूर्ति कसले बनायो महान् मूर्तिकारले होला भनिन्छ । सब्रिनालाई सोध्दा नोकरले भन्ने जवाफ पाएपछि सबैले उसलाई हेर्छन् र एक जना व्यापारीले उसलाई काम गर्न नपर्ने उनले नै त्यसलाई पढाइदिने र कलाशिक्षा दिने कुरा हुन्छ । त्यही व्यक्ति पछि महान् मूर्तिकार एण्टिनियो बनेका हुन् भन्ने कुरा लेखक रमेश खनाल व्यक्त गर्छन् । प्रतिभाशाली व्यक्तिको प्रतिभालाई सबैले कदर गर्छन् भन्ने कुरा व्यापारीले देखाएको र उसले कलाको इज्जत गरेको प्रसंग खनालले गरेको अध्ययनको संस्मरण हो । यो निबन्ध पनि कथात्मक छ ।

### ४.१५.५ सृजना सधैं अधुरो रहन्छ

रमेश खनालले नेपाली प्रतिष्ठित कलाकार लैनसिंह वाङ्देलसँग कला सृजनाका बारेमा गरेका कुराकानीको संस्मरण हो । यहाँ कला सृजना सजिलो छैन । सृजनाका लागि मन प्रफुल्ल हुनुपर्ने र सृजनाको बिजारोपण हुनुपर्ने त्यै पनि चित्र तयार पार्न धेरै समय लाग्ने कुरा व्यक्त गरेका छन् । रमेश खनाल भने एकै दिनमा ८,१० ओटा पेन्टिङ तयार पार्छु भन्दछन् । वाङ्देल भने वर्षौ पछि पनि पेन्टिङ्मा केही अभाव खड्केर थप्न सकिने भएकोले पेन्टिङ कहिल्यै पूरा

हुँदैन भन्दछन् । रमेश वाङ्देलसँग रङ्गबिहीन कला हुनसक्दछ ? भन्दा रङ्गै, रङ्गको परिवेशमा मानिस हुर्कन्छ । मानिसलाई बाच्न त रङ्ग चाहिन्छ भने रङ्ग विना त चित्र कल्पना पनि गर्न सक्दिन भन्छन् । खनाल पनि हिजोआज अरूपण कलामा रङ्ग सजीव बनेको देख्छन् । उनी बाङ्देलको कुरामा सहमत छन् । चित्र अधुरा हुन्छन् । अधुरा चित्र पनि जीवन्त नै लाग्छन् ।

## ४.१५.६ अधुरै रह्यो चित्रकला पढ्ने रहर

लेखक खनालले हिटलरको जीवनी र इच्छासँग सम्बन्धित निबन्ध लेखेका छन् । एडोल्फ हिटलर सानो छँदा चित्रकला पढ्न चाहेको उनका पिता भने चित्रकलाको सट्टा पढेर सरकारी जागीर खानु भन्छन् उनको आमा पनि त्यही चाहन्छिन् । तर हिटलरको बाबु, आमा दुबैको मृत्यु पछि उनको इच्छा अनुरूप 'हफ' म्युजियमको कला ग्यालरीमा घण्टौ अध्ययन गरेर बिताए र जाँच दिए तर उनी फेल भए । उनी छाँगाबाट खसे झैँ भए । उनीमाथि चट्याङ परे झैँ भयो । रेक्टरसँग सोध्दा उनीभित्र चित्रकारमा हुनुपर्ने गुण नभएर बास्तुकार बन्न सक्ने गुण छ भन्ने सुनाए । त्यो सुने पछि उनले आफू भ्रममा रहेको थाहा पाए र आफ्ना सपनालाई अधुरै छोडे भन्ने कुरा हिटलरकै शब्दमा प्रस्तुत गरेका छन् । यो निबन्ध पनि कथात्मक रूपमा अघिबढेको पाइन्छ ।

## ४.१५.७ नेपोलियन बोनापार्टले इटालीबाट जब पेन्टिङ्हरू लुटे ...

फ्रान्सले जिनोआसँग कोर्सिका द्वीप किनेको, त्यही द्वीपको आजाशियोमा १५ अगष्टका दिन नेपोलियन जन्मेका र १७ वर्षमा उनले एक तोपखानामा सैनिक पदमा नोकरी गरेका, उनी २० वर्षको हुँदा फ्रान्समा क्रान्ति भएको, उनलाई चित्रकलामा ठूलो सौख भएकोले मूर्ति चित्रहरूलाई उनी निकै ध्यानपूर्वक हेर्थे । उनलाई हतारमा काम गरेर पछि पछुताउन मूर्खता लाग्थ्यो । यसैका कारण उनी बिग्रेडियर जनरल, सेनाको सेनापति हुँदै सम्राट बने । उनले इटलीसँग युद्ध जिति त्यहाँको विश्वप्रसिद्ध १५० ओटा चित्रहरू लुटेर फ्रान्स लगेका थिए । त्यसमा रैफेलको, रेम्ब्रान्टको, टिसियनको, पिटर पल रुवेन्सको प्रसिद्ध चित्रहरू थिए । उनले फ्रान्समा ती चित्रहरूलाई संरक्षण गर्दै सजाएर राखेएका थिए । सन् १८१५ मा वाटरलुको युद्धमा र १८१४ मा लेपजिससँग लडाइमा हारेपछि उनले सम्राट पद त्यागे । उनलाई देश निकाला गरियो र सन् १८२२ मा उनको मृत्यु भयो । सबै कुरा ध्वस्त पारेर युद्ध मच्चाए पनि

उनले कलाको भने कदर गरेको कुरा यस निबन्धबाट प्रष्ट हुन्छ । यो निबन्ध पनि ऐतिहासिक जीवनी जस्तो बन्न पुगेको छ ।

### ४.१५.८ कला प्रेरणाको स्रोत हुन सक्छ ?

यस निबन्धमा उनले विश्वप्रसिद्ध कलाकार जोन भरभरिको चित्रको व्याख्या गर्दै छायाँ र प्रकाशको मिलनको बेजोड सङ्गम पाउन सकिने उनको चित्रकला बेजोडको छ लेखक रमेश खनाल उनका चित्रबाट धेरै प्रभावित छन् । मन विचलित हुँदा चित्रले आनन्द दिने उल्लेख गर्दै उनी ल्यापजिस हुँदा विरामी परेर हस्पिटल बस्नु पर्दा त्यहाँको हस्पिटलमा चित्रै चित्र देखेर दङ्ग परेका, चित्रद्वारा विरामीमाथि सकारात्मक प्रभाव पर्ने दुःख पीडा बिर्सने र रोग छिट्टै बिसेक हुन्छ भन्ने डाक्टरको धारणाले चित्र तथा साहित्यले व्यक्तिलाई प्रभाव पार्ने कुरा खनाल व्यक्त गर्छन् । हुन पनि रमेश खनाललाई टर्नर, ज्याकसन, भ्यानगग तथा थुप्रै विदेशी र चन्द्रमानसिंह मास्के, अमर चित्रकार, रामानन्द जोशी, शशी विक्रम आदि प्रख्यात स्वदेशी चित्रकारका चित्रहरूले प्रेरणा दिने काम गरेका छन् । त्यस्ता चित्र तथा साहित्यले सकारात्मक प्रभाव पार्दै सृजना गर्ने प्रेरणा प्राप्त हुन सक्छ भन्ने कुरा यस निबन्धमा व्यक्त भएको छ ।

### ४.१५.९ 'इडिपस ग्रन्थिभित्र कला सृजनाको महत्त्व'

मनोवैज्ञानिक कारणले पुरुष कलाकारले अधिकांश स्त्रीको र महिला कलाकारले अधिकांश पुरुषको चित्र कोर्दछन् भने उनीहरूभित्र दबेर बसेका इडिपस ग्रन्थिकै प्रभाव मान्न सकिन्छ । फ्रायडका अनुसार लिङ्गीय तहमा विकसित हुने महत्त्वपूर्ण तत्व इडिपस ग्रन्थि हो । यसमा छोराले बाबुप्रति घृणा र आमाप्राप्त गर्ने तिब्र इच्छा तथा छोरीले आमाको स्थान लिन खोज्ने भावना तर छोरा छोरी दुवैले त्यसबाट मुक्ति पाउन यो भावनालाई दबाउँछन् र त्यो द्वैध भाव मनोग्रन्थि बनेर बस्छ । यसैलाई फ्रायड इडिपस ग्रन्थि भन्दछन् । इडिपस ग्रन्थि दमनले गर्दा असामाजिक, अनैतिक, दुःख र कष्टकर भाव वा इच्छाहरू अचेतन तहमा घचेटिन्छ । जब कलाकारले थाहै नपाई अचेतन मनभित्रका कुरालाई क्यानभासमा जीवन्तता दिन्छ तब ऊ केही समयको लागि दमनमुक्त हुन्छ । पुरुषले महिलालाई विक्षिप्त पारेर देखाउन वा धेरै महिला विषयका चित्र कोर्नु नै इडिपस ग्रन्थिको शिकार भई नकारात्मक अवयवमा बाँचिरहेको छ भन्ने थाहा हुन्छ । तर सौखका लागि दुई-चार चित्र बनाउँदछ भने त्यहाँ इडिपस ग्रन्थिको कुरा गर्नु बेकार छ भन्ने कुरा यस निबन्धमा व्यक्त गरिएको छ ।

### ४.१५.१० 'कलात्मक विचारको स्वतन्त्रता र प्लेटो'

कलाकार स्वतन्त्र भएपछि मात्र त्यहाँ उसको आफ्नो पनको विकास हुनसक्छ । उसको आदर्श कलाकारको विषयतिर लाग्दा आफ्नो पन हराउँदछ । त्यस्ता कलाकार सिर्फ केही मात्र जीवन्त हुन्छन् कलाकार आफ्नो पन प्रस्तुत गर्दै वर्तमान र भविष्यको लागि बाच्दछन् । ती कलाकारले कलाका बारे अद्योपान्त अध्ययन गरेका हुन्छन् । नत्र कलाकार रङ्ग उठाउन पनि हिच्किचाउँदछ । यही कुरालाई अर्थात् हिच्किचाहटलाई, कला सृजना गर्नबाट टाढा जानलाई नै रमेश खनाल विचारको प्लेटो मान्दछन् । जसरी प्लेटोले आदर्श गणराज्यमा कलाकारलाई स्थान दिँदैनन् त्यसैगरी कलाकारिताबाट भाग्नुलाई रमेश खनाल विचारको प्लेटो वा विचारको समथर भन्दछन् । खनाल भन्दछन् कलाकारले विचारको प्लेटो वा विचारको समथरबाट छिट्टै उम्कनु पर्छ । नत्र कलाकारको मनबाट कलाको स्थान हटेर जान्छ ।

### ४.१५.११ 'म कसरी कलाकार भएँ'

कलाकार तथा साहित्यकार रमेश खनाल यसको श्रेय गुरु देवलाल श्रेष्ठलाई दिन्छन् । जसले उनको मनमा कलाकार बन्ने गुणको विजारोपण गरेका थिए । धरानका हाइस्कुलहरूमा ऐच्छिक विषय कला सामान्य जानकार शिक्षकबाट पढाइ हुन्थ्यो । त्यो पनि उनलाई कलाकार बनाउने माध्यम हो । त्यस्तै उनी ९ कक्षा पढ्दा चित्रकला प्रतियोगितामा केनेडी, लिंकन र उनको मुहारचित्र पठाएर सहभागिता जनाउनु, दस कक्षा पढ्दा नेपालका ठूला कलाकारहरूको कला प्रदर्शन हेर्न पाउनु, त्यसमध्येका रामानन्द जोशीसँग अलिबढी घुलमिल भएर उनलाई धरानको धेरै जसो प्रख्यात ठाउँ घुमाइदिनु, ठूला बाका छोराको क्रान्तिकारी चित्र देख्नु नै रमेशका लागि कलाकार बन्ने बाटो बनेको हो । नत्र उनका आमा, बा तथा अन्य केही कलाकार थिएनन् । उनले इ.सं. १९७३ मा त्रिचन्द्र कलेजको सरस्वती सदनमा पहिलो चित्रकला प्रदर्शन र हालसम्म २४ औँ पटक एकल चित्रकला प्रदर्शन गरिसकेका र अब चाँडै अर्को प्रदर्शनीको तयारीमा जुटेका छन् । यो निबन्ध नभै आत्मकथा हो भन्दा फरक पर्दैन ।

### ४.१५.१२ 'कलाकार लक्ष्मण श्रेष्ठ र उनका प्रिन्टहरू'

उनको चित्रको अवलोकन गर्दा अमूर्त भावना जिन्दगीको अवयवहरू बुझ्नै नसिकने, चित्रभित्र जीवन छ, सङ्गीत, दर्शन तथा थुप्रै कुराहरू तर यस्तै यस्तैमा अमूर्तता छ भन्छन् लक्ष्मण श्रेष्ठ । उनले कलाशिक्षा - भारत, पेरिस, लण्डन आदि देशमा झण्डै १५ बर्षसम्म

अध्ययन गरेका छन् । इ.सं. १९३९ मा सिराहामा जन्मेका उनले १६ वर्षको उमेरदेखि नै सङ्घर्ष गर्दै आएका, नाम, दाम दुवै कमाएका उनी वर्षमा एक पटक नेपाल आउने र पहाड घुम्ने गर्छन् । १९६३ देखि २००७ सम्ममा उनले १९ ओटा एकल चित्रकला प्रदर्शन गरिसकेका भारतका पनि सम्मानित आधुनिक कलाकार हुन् । उनका चित्रमा प्रकाशलाई ठाउँठाउँमा निकास दिने र प्रकाशलाई महत्त्वपूर्ण मान्ने र कालो, सेतो, खैरो, रङ्को मिश्रणले चित्रमा सन्तुलन ल्याई जीवन्तता ल्याउने, पारदर्शिताको धरातल टेकेर उनका चित्रहरू प्रदर्शित हुन्छन् । यो निबन्ध जीवनी जस्तो छ ।

## ४.१५.१३ नवशास्त्रीयवाददेखि यथार्थवादसम्म कला अभियान

कलाको व्याख्या गर्दा चन्द्रमाका १६ कला, १४ विधाका ६४ कला, शुक्रनीति अनुसार ६४ कलामध्ये ललितकलालाई २७, २८, २९ र ३० अन्तर्गत काष्ठकला, पाषाणकला, धातुकला र चित्रलेखन कला भनेर उल्लेख गरिएको छ । कला आजमात्र होइन पाषाणयुगमा समेत जीवनसँग आवद्ध थियो । कला नै जीवन हो तसर्थ मानिसको हरेक कुरामा कलाको प्रभाव रहेको छ । फ्रेन्च चित्रकारहरूले ग्रीक पुराण र रोमन कथाहरूमा आधारित चित्रहरू बनाएर नवशास्त्रीय कलालाई मूर्त रूप दिए । जर्मन विद्वानले आफ्नो लेखमा नवशास्त्रीय कलाको व्याख्या गरेका छन् । त्यसपछि स्वच्छन्दवादी कलाको विकास भयो । यसको विशेषता चम्किलो रङ्गको प्रयोग, लयपूर्ण रेखाङकन, संयोजन सन्तुलन, दुर दृश्यलघुता आदि हो । यसरी स्वच्छन्दवाद अर्थात् अतिशयोक्ति रूप हो । यसले यथार्थवादलाई निम्त्यायो । यसरी १९ औं शताब्दीको पूर्वार्द्धमा फ्रेन्च नागरिकहरूले स्वच्छन्दवादलाई अङ्गीकरण गरेपनि उत्तरार्धमा यथार्थवादी विचार प्रकट गर्न थाले । यथार्थवादपछि प्रभाववादको जन्म भएको पाइन्छ । तर जे जस्तो भए पनि प्रसन्न चित्त एवम् आत्मसन्तुष्ट भएर निष्काम भावले कलासाधना गरेमा सफल कला निर्माण गर्न सकिन्छ भनेका छन् । यस निबन्धमा रमेश खनाल नेपाली कलामा दत्त चित्त भएर लाग्दा र अध्ययन गर्दा नेपाली साहित्यमा जस्तै विभिन्न वाद र विभिन्न परिवेशलाई चित्रित गर्न सकिने कुरा व्यक्त गर्दछन् ।

## ४.१५.१४ 'अबको कला कस्तो हुनुपर्ला ?'

यस निबन्ध अबको कला कस्तो हुनुपर्ला भन्ने प्रश्नमा आधारित छ । यसमा प्रश्नसँगै धेरै मानिसको धेरै मत छ । कलालाई समयले, धर्मले, सामाजिक परिवेशले, उमेरले, विषयले,

शैलीले यसमा प्रभाव पार्दछ र विविध विचारपनि आउँछ । कलाभित्र हर्ष, पीडा दुःख, सुख उमङ्ग, उत्साह, त्रासदी अमूर्त अर्धमूर्त, मूर्त, अर्थपूर्ण, बेअर्थपूर्ण आदि थुप्रै अभिव्यक्ति हामी पाउँछौ । तर यहाँ जे जसो भए तापनि एकको कलामा अर्कोले नवीनता थप्छ । आफ्नो छुट्टै पहिचान बनाउन कोशिश गर्छ ।

## ४.१५.१५ 'कला पारखीहरू कलासँग तादात्म्यता कसरी हुने ?'

कलाकारहरू कलापारखीहरूसँग लटरपटर गरेर कला व्याख्या गरेर टाढा हुने प्रयास गर्छन् । त्यसो गर्दा कलाको सम्प्रेषण हुन गाह्रो भई विकासमा बाधा पर्छ भन्ने कुरा यहाँ व्यक्त भएको छ । कलापारखीमा कलाको राम्रो सम्प्रेषण हुन सकेमा उनीहरूले आफन्त चिनेजानेकाहरूलाई सो कलाको व्याख्या गर्छन् र उत्सुकता जगाइदिन्छन् । यस निबन्धमा नेपालमा राणाकालमा राणाहरूको पोर्ट्रेट बनाउने परम्परा थियो । राणाकाल पछि यो परम्परा हराउँदै गयो । देश विदेशमा पनि पोर्ट्रेट बनाउने र यसबाट थुप्रै कमाउथे भन्ने कुरा पनि उल्लेख छ । निबन्धकार खनालले एक पटक विश्वेश्वरप्रसाद कोइरालाको कथामा आधारित अरूपण चित्र बनाए र कलापारखीसँग नजिक हुनुपर्छ भन्ने लागेर हरेक चित्रको तल त्यसको वर्णन गरे । त्यो वर्णन हेरेपछि एकजना पत्रकारलाई त्यो चित्त नबुझेर पत्रिकामा तथानाम लेखे । यो कुराले खनाल झनै जटिल बने । पछि ताना शर्माले रमेशको चित्रमा रूप छैन भन्नुहुन्छ तर म त्यहाँ जङ्गल, बादल, झरना आदि देख्छु भने त्यस पछि उनी झनै जटिल बने तर जटिल बन्नु ठीक होइन ।

कलापारखीहरूले जसरी कलाको व्याख्या गर्छन् त्यो उनीहरूको अधिकार हो । यसरी नै कलामा तादात्म्य हुन्छ भन्ने कुरा यस निबन्धमा उल्लेख भएको छ ।

## ४.१५.१६ 'अठार दिन बितेको पत्तै भएन'

यो संस्मरणात्मक निबन्धमा निबन्धकार रमेश खनालले काठमाडौँबाट दक्षिण भारत गएर भगवान सत्यसाइँको दर्शनार्थ १८ दिन बस्दा आफूले त्यहाँ बिहान उठेदेखि नसुतेसम्मका क्रियाकलाप तथा भगवान बाबा सत्यसाइँको जन्मस्थल दक्षिण भारतको अनन्तपुर जिल्लामा पर्ने पुट्टपर्ती गाउँको वर्णन तथा बाबाले त्यहाँ गर्नुभएको अलौकिक कार्य जस्तै पानी नभएको गाउँमा पानीको विशाल योजना, हस्पिटल नभएको बिकट गाउँमा विशाल हस्पिटल बाटो घाटो, टेलिफोन, बत्ती, सारा व्यवस्था मिलाइएको एक अनुपम सहर बनाएर सबैलाई चकित

पार्नुभएको पुटपर्तीको प्रशान्ति निलयमको कायदा कानुनको व्याख्या गरिएको संस्मरणात्मक निबन्ध हो ।

### ४.१५.१७ 'भित्री कथा यस्तो थियो'

निबन्धमा रमेश खनालले नेकस (नेपाल कलाकार समाज) को सातौं वार्षिक साधारण सभा कसरी सफल भयो भन्ने कुरा उल्लेख गरेको वार्षिक साधारण सभा र निर्वाचन कार्यमा निमन्त्रणा कार्ड, खाजाको व्यावस्था, नाफा ग्यालरीमा कार्यक्रम आयोजना, १०० जना पाहुनाको तयारी गरेको लगभग २०० जनाको उपस्थितिले निर्वाचन कमिटीको सत्कार पुऱ्याउन नसकेको जस्ता विविध कुरा हुँदा हुँदै पनि साथीभाइ तथा सम्पूर्ण कलाकारहरूको सहयोगले त्यो साधारण सभा सम्पन्न भएको, रमेश खनाल र कृष्णजी मिलेर नयाँ कार्य समितिलाई सबैकुरा बुझाईदिएको र प्यानमा कर तिरी जि.वि.स.को सिफारिस लिएर नेकसको नवीकरण सीडीओमा गरेर आफ्नो दायित्व पूरा गरेको संस्मरण हो यो ।

### ४.१५.१८ निष्कर्ष

'विश्वप्रसिद्ध कलाकार माइकल एन्जेलोसँग साक्षात्कार' संस्मरणात्मक निबन्ध सङ्ग्रहमा १७ ओटा लेखहरू प्रकाशित छन् । यी निबन्धहरू प्रायः सबै यात्रा र कलासँग सम्बन्धित छन् । कतिपय निबन्धहरूमा अध्ययनलाई आधार बनाएर कथात्मक ढङ्गबाट निबन्ध लेखिएको छ भने कति निबन्धमा जीवनी जस्तो बन्न पुगेको छ । उनका निबन्ध नाटकीय रूपमा संस्मरणबनाइ प्रस्तुत गरिएको पनि छ तर पनि उनको अध्ययन र प्रत्यक्ष अवलोकनद्वारा सत्य तथ्य विवरणको प्रयोगले निबन्धलाई उत्कृष्टता प्रदान गरेको छ ।

## ४.१६ विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दा (नियात्रा–संस्मरण) निबन्ध सङ्ग्रहको केही निबन्धहरूको अध्ययन

विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दा नियात्रा संस्मरण निबन्धमा साहित्यकार रमेश खनालले १८ ओटा निबन्धहरू समावेश गरेका छन् । यी संस्मरणात्मक लेख तथा निबन्धमा कलाकार तथा साहित्यकार रमेश खनालले आफूले यात्रा गरेका विभिन्न ठाउँ तथा विभिन्न कलाग्यालरीहरूमा रहेका विश्वकै प्रसिद्ध चित्रहरूको बारेमा विभिन्न विवरण दिने र त्यहाँको संस्मरण लेखी त्यसलाई सधैं ताजा बनाउने कार्य गरेका छन् । यात्रामा भोगेका सुख, दुःख तथा रमाइला नरमाइला अनुभवहरू, मेला, पर्व आदिमा घटेका घटना आदिलाई राम्रो तथा मार्मिक

ढङ्गले प्रस्तुत गरेका छन् । विभिन्न कार्यशाला तथा चोरिएको चित्रकलाको पनि संस्मरण लेखेका छन् । यो नियात्रा संस्मरणमा धेरै कलाकै प्रसङ्गलाई समावेश गरेर लेखिएको छ । यो सङ्ग्रहभित्र रहेका केही निबन्ध तथा लेखहरू यसप्रकार छन् ।

## ४.१६.१ विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दा

ड्रेसडनको विश्वप्रसिद्ध आर्ट ग्यालरी (जुन Elector Augustus I ले १५६० मा स्थापना) हेर्न कलाकार रमेश खनाल रोमाञ्चित हुँदै प्रवेश गरे । त्यो ग्यालरी विश्वप्रसिद्ध कलाकारहरूको ओरिजिनल चित्रहरू भएको ग्यालरी हो । त्यहाँ गाइड लिएर प्रत्येक कोठामा टाँगिएको र राखिएको चित्र हेर्छन् । सबभन्दा पहिले इटालियन कलाकारहरू टिसियन, ऱ्याफेल, सान्द्रो बोटिसिली, विलोटो तथा अरू थुप्रै कलाकारहरूको कला जसमा उनीहरूले आफ्नो सीपलाई पोख्नसम्म पोखेका देखे । त्यसपछि निदरल्याण्डको रेम्ब्रान्ट, जान भान आइक, जन मस्या मार्टिन, पिटर पउल रुबिन्स, भ्यान डायक तथा थुप्रै निदरल्याण्डका कलाकारहरूको चित्रहरू पछि स्पेनका फ्रेन्चका, हलेण्डका थुप्रै कलाकारहरूको चित्रहरू हेर्ने कार्य सकियो । यो ग्यालरीभित्र उनले यथार्थवादीदेखि परावस्तुवादीसम्मका चित्र एकै ग्यालरीमा अवलोकन गरे । त्यहाँभित्र रहेका असङ्ख्य चित्रकला मध्ये नौओटा चित्रको वर्णन खनालले यस निबन्धमा गरेका छन् ।

ती प्रसिद्ध नौ ओटा चित्रकला बाहेक थुप्रै अरू चित्रकला रहेको उक्त ग्यालरीमा ग्राउण्ड फ्लोर, मेन फ्लोर (फस्ट फ्लोर) र सेकेण्ड फ्लोर गरी तीन तहमा निर्माण गरिएको छ । खनालका रुम पार्टनर बुखारी र खनाल बीच कलाकार तथा कलाग्यालरीको अवस्था जस्ता कुराहरू आफ्नो आफ्नो देशमा कस्तो छ भन्ने विषयमा कुराकानी, त्यसपछि ड्रेसडनमा फेरि फुर्सदमा ग्यालरी हेर्ने चाहना राख्दै ट्रेनबाट ल्यापजिसको लागि रमाना हुन्छन् । यो ग्यालरी अवलोकन गरेको संस्मरणात्मक निबन्ध हो ।

## ४.१६.२ गाइनेमा समर्पित त्यो साँझ

९ औं बुढासुब्बा गोल्डकपको लागि धरान पुगेका लेखक जन्मस्थान तर्फ लाग्छन् । घर पुग्दा स्व. आमाको याद र बुढोबाले कतिखेर आइस बाबु भन्दै आराम गर एकछिन भनेको र ओछ्यानमा ढल्कने बित्तिकै निदाउँछन् । भोलिपल्ट १ बजे सिटी हल पुग्छन् । प्रिजजङ्ग गर्नु

नपर्ने भएकोले रमेश खनाल साथीहरू सहित भेडेटार घुम्न जान्छन् । चार्लिटावर, भेडेटार घुमेर टावर चढेर धरान, धनकुटा लगायत आसपासका ठाउँको दृश्यावलोकन, गुराँसका झुप्पा हेरेर सारा पीर व्यथा बिर्सने जस्तो अलौकिक दुनियाँमा पुग्छन् ती सबै एउटा तोङ्गवा खाने रेष्टुँरा तर्फ लाग्छन् । खाजा र तोङ्गवा खादै रमाइरहेका साथीहरू हेरेर खनाल पनि प्रफुल्लित थिए त्यसै बेला एउटा गाइने गीत सुनाउँछ । भोजपुरे त्यस गाइनेले सबैको मन जित्यो । उसको गीतले सबैलाई स्तब्ध बनायो । बादलको सूर्यसँग लुकामारी, बैंसले उन्मुक्त भएको कुहिरो हेर्दा उनीहरूको मन कहिले तमोर नदीको सुसाइसँग त कहिले धनकुटे सल्लाधारीको हावासँग उड्यो । त्यस्तै कहिले गाइनेको गीतसँग त कहिले मारुनीको नाचसँग उनीहरूको मन उड्यो भन्ने भावनात्मक कुराहरूसँगै यो निबन्धमा गाइनेलाई २०, ३०, ५० रुपैयाँ दिएर फर्किएको संस्मरण हो ।

## ४.१७ निष्कर्ष

विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दा नियात्रा संस्मरण निबन्ध सङ्ग्रह भित्र जम्मा १८ ओटा निबन्ध छन् । निबन्धहरू यात्रा र कला विषयक छन् । विश्वका केही कलाग्यालरी तथा नेपालका विभिन्न धार्मिक स्थानको यात्रालाई संस्मरण बनाएर लेखिएको यी निबन्धहरूमा यात्रामा भोगेका सुख दुःख, रमाइला र नरमाइला विभिन्न कुरा प्रस्तुत गरेर निबन्धलाई रोचक बनाइएको छ । एकै बसाइमा पढेर सकिने यी निबन्धहरू पढौं, पढौं लाग्ने छन् ।

रमेश खनालको साहित्य यात्रामा पूर्वार्द्ध चरण र उत्तरार्द्ध चरणका कृतिहरूमध्ये उनको १२ कृतिको यस अध्यायमा अध्ययन गरिएको छ । उनका कविता सङ्ग्रहहरू 'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता' र 'तेस्रो झर्को घाम लाग्यो पानी पऱ्यो' छोटा तीन हरफ भएका कविता नेपाली कविता परम्पराका जस्ता नभई जापानी हाइकु जस्ता छन् । ती कविताका छोटा पंक्तिहरूले गहन अर्थका साथ धेरै कुराहरू व्यक्त गर्दछन् । तेस्रो कविता सङ्ग्रह भने गद्य कविता हो । खनालले लेखेका चार जीवनीपरक कृतिहरू तीन कृति नेपाली कलाकारहरूका जीवनी र एक कृति युरोपकै प्रख्यात नेता विन्स्टन चर्चिलको जीवनी छ । उनले 'हाँसौ' भन्ने ठट्टा पनि लेखेका छन् । दुई कथा सङ्ग्रह 'एकमुठी माटो' र 'इन्दिराको भ्यागुतो' मा उनले रोचककथाहरू यथार्थवाददेखि उत्तरआधुनिकवादलाई प्रस्तुत गर्दै मनोविज्ञानलाई रोचक ढङ्गमा प्रस्तुत गरेका छन् । उनले लेखेका दुई संस्मरणात्मक निबन्ध 'विश्वप्रसिद्ध

कलाग्यालरीभित्र फन्को मार्दा’ र ‘विश्वप्रसिद्ध कलाकार माइकल एञ्जेलोसँग साक्षात्कार’ मा उनले यात्रा गरेका विभिन्न ठाउँहरूको संस्मरण लेखेर नेपाल र विश्वका विविध कुराको विवरण दिने काम भएको छ । उनका यी सबै १२ कृति भित्र मनोविज्ञान, उत्तरआधुनिक तथा यथार्थवादी चिन्तनलाई राम्रोसँग पढन सकिन्छ ।

# अध्याय पाँच
# रमेश खनालका समालोचनात्मक, समीक्षात्मक कृतिहरूको अध्ययन र विश्लेषण

## ५.० पृष्ठभूमि

रमेश खनालको लेखन यात्रालाई दुई खण्डमा विभाजन गर्दा उनको समालोचनात्मक कृतिहरूको अध्ययन यस अध्यायमा गरिएको छ । उनको समीक्षात्मक तथा समालोचनात्मक कृतिहरूमा उनले गरेको गहन अध्ययन विश्लेषण मनोवैज्ञानिक तरिकाबाट भएको पाइन्छ । खास गरेर उनका दुई पुस्तकाकार कृतिको व्याख्या विश्लेषण यहाँ गरिएको छ ।

कुनै विषयवस्तु वा कुराका राम्रा नराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम नै समालोचना वा समीक्षा हो ।[१७८] व्यक्तिले कुनै कृतिको राम्रोसँग अध्ययन अनुसन्धान पश्चात् गरिने विश्लेषण जुन समान भावना राखेर गरिएको हुन्छ । राम्रो नराम्रो पक्षलाई कुनै सन्देह नरहने गरी व्यक्त गर्न सक्नु नै समालोचना हो । समालोचनाको लक्ष बाटो देखाउनु हो । यसलाई कुशल डाक्टरको छुरा पनि भनिएको छ ।[१७९] कसैको डर तथा इनाम कुनै कुराको परवाह नगरी निष्पक्ष भएर गरिएको लेखन नै समालोचना वा समीक्षा हो ।

रमेश खनाल एक बहुमुखी प्रतिभाका धनी व्यक्ति हुन् । उनी कविता, कथा, जीवनी, निबन्ध आदिका साथै समालोचना ग्रन्थका लेखक तथा साहित्यकार हुन् । समालोचना र साहित्यबाहेक उनी अरूपण कलाका कलाकार पनि हुन् । उनले यी बाहेक थुप्रै क्षेत्रमा आफ्नो जीवनलाई समर्पित गरेर राष्ट्रको सेवा गरेका छन् । उनले रचना गरेका साहित्यहरू निकै राम्रा र ज्ञानवर्द्धक हुनुका साथै स्तरीय पनि छन् । साहित्य र समालोचना पनि भिन्ना-भिन्नै पाटो हो । साहित्यमा सृजनात्मकता हुन्छ भने समालोचना गर्न विविध साहित्यको गहन अध्ययन र त्यसलाई मूल्याङ्कनको कसीमा घोटेर राम्रो, नराम्रो, असल, कमसल, खुट्याउन सक्ने क्षमता हुनु पर्दछ । तर रमेश खनालमा साहित्य सिर्जना गर्ने सृजनात्मकता पनि छ र समालोचना

---

[१७८] बालकृष्ण पोखरेल, **वासुदेव त्रिपाठी, नेपाली बृहत् शब्दकोश**, (काठमाडौँ : ने.रा.प्र.प्र. २०५७), पृ. १३०७ ।

[१७९] कृष्णप्रसाद पराजुली, '**राम्रो रचना मीठो नेपाली**', २१ औँ संस्करण, (काठमाडौँ : सहयोगी प्रेस, २०५५), पृ. ३०१, ३०२ ।

लेख्ने क्षमता पनि छ । उनी समालोचना गर्न सफल भएको कुरा त उनको अन्तरचेतनामूलक साहित्यिक अध्ययन र कला मन्थन भन्ने पुस्तक भित्रका समालोचनाहरूबाट स्पष्ट पार्न सकिन्छ ।[१८०] उनले मनोवैज्ञानिक विश्लेषण गर्दै समालोचना गर्ने गरेको पाइन्छ । पात्रभित्र लुकेर बसेको मनोभावलाई ज्यादै रोचक पारामा चित्तबुभ्दो वर्णन र विश्लेषण गरेर प्रस्तुत गर्न उनी सिपालु छन् । रमेश खनालद्वारा विश्लेषण गरिएका समालोचनाको चिनारी पूर्व समालोचना सम्बन्धी छोटो जानकारी गराउन उपयुक्त ठहर्ने भएकोले समालोचना सम्बन्धी सामान्य जानकारी तल प्रस्तुत गरिएको छ ।

## ५.१ समालोचना एक चिनारी

समालोचना भनेको कुनै पनि कृतिलाई राम्ररी चारैतिरबाट मूल्याङ्कन गर्नु भन्ने बुझिन्छ । यसको व्युत्पत्तिमूलक अर्थलाई हेर्दा समालोचना शब्दको वीज लुच् वा लोच् धातुमा रहेको छ । संस्कृत व्याकरणमा लुच् वा लोच् धातुको शाब्दिक अर्थ हेर्नु हो । यी दुवै धातुमा कृदन्त वोधक ल्युट् (अन) प्रत्यय लगाउँदा लोचन शब्द बन्दछ । यही लोचन शब्दमा आङ् (आ) उपसर्ग र टाप (आ) परसर्ग लगाउँदा आलोचना बन्दछ ।[१८१] जस्तै (आ + लोचन + आ) आलोचना बन्दछ । यही आलोचनामा सम उपसर्ग लगाउँदा समालोचना शब्द बन्दछ । पाश्चात्य साहित्यमा समालोचना शब्दको प्रयोग अङ्ग्रेजीको क्रिटिसिजमका अर्थमा गरिएको छ । अङ्ग्रेजी क्रिटिक ग्रीसको क्रिटिकोस भन्ने शब्दबाट विकसित भएको मानिन्छ । यी दुवै शब्दको अर्थ मूल्य खुट्ट्याउनु हो । यिनै शब्दबाट निर्मित क्रिटिसिजमको अर्थ साहित्यिक कृतिको विशिष्ट पक्षलाई केलाउनु त्यसबारे निर्णय दिनु र त्रुटि पत्ता लगाउनु भन्ने हुन्छ ।[१८२] समालोचनाको प्रयोगमूलक अर्थलाई हेर्दा आलोचना, समालोचना र समीक्षा शब्दमा अर्थगत भिन्नता देखिए पनि नेपाली समालोचना क्षेत्रमा यी तीनै शब्दको प्रयोग एउटै कुरामा अर्थात् आलोच्य र कृतिको सबलता र दुर्बलता देखाउने, राम्रा, नराम्रा पक्षको मूल्याङ्कन गर्ने, गुण, दोष केलाउने र समानरूपमा परीक्षण गर्ने सन्दर्भमा नै प्रयोग भएको पाइन्छ ।[१८३] त्यसैले

---

[१८०] गोविन्द भट्ट, २०६६।६।२१ को अन्तर्वार्ताबाट ।

[१८१] धीरेन्द्र बर्मा व्रजेश्वर वर्मा आदि, **हिन्दी साहित्यकोष**, भाग १ (वाराणसी : ज्ञानमण्डल लि., ईस्वी १९८५), पृ. ९४ ।

[१८२] केशवराज पोखरेल, **नेपाली समालोचना र प्रतिनिधि समालोचक**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५८), पृ. ३ ।

[१८३] *ऐजन* ।

समालोचना, आलोचना र समीक्षा शब्दको व्युत्पत्तिमूलक अर्थमा सामान्य भिन्नता रहे तापनि प्रयोगमूलक अर्थमा यी तीनै शब्दले कृतिको सबल, दुर्बल, गुण, दोष, राम्रा नराम्रा पक्षलाई केलाएर प्रस्तुत गर्नु नै हो भन्ने जनाउँछ । आचार्य राजशेखरको भनाइमा *"प्रत्येक क्षणमा नव-सौन्दर्यको साक्षात्कार गर्ने र काव्योपकरणको पूरा ज्ञान भएको एवम् ठीक-बेठीक पूरापूरा छुट्ट्याउन सक्ने सचेत व्यक्ति कवि हो । अनि त्यस कविका कृतिको आत्मा र कविले साक्षात्कार गरेको सम्पूर्ण कलाको विवेचना गर्ने शक्ति भएको व्यक्ति समालोचक हो ।"* राजशेखरका मतमा समालोचना नगरिएसम्म कविको कृति निरर्थक हुन्छ ।[१८४] समालोचनाले कुनै साहित्यिक कृतिमा के कति स्वायत्तता र स्वनिष्ठता छ, केकति सङ्गति र विसङ्गति छ, अनि के कति प्रायोजनको प्रतिफल भएको छ भन्ने बताउँछ ।[१८५]

## ५.१.१ नेपाली साहित्यमा समालोचनाको पृष्ठभूमि

समालोचना पाश्चात्य देन मानिन्छ । यसको थालनी नेपालमा उन्नाइसौँ शताब्दीको प्रथम प्रहरको अन्तिमतिर भएको मानिए तापनि प्रामाणिक रूपमा भने मोतीराम भट्टले १९४८ मा भानुभक्त आचार्यको जीवन चरित्र प्रकाशित गरेपछि मात्र थालनी भएको हो । त्यसैले मोतीराम भट्ट नै नेपालका प्रथम समालोचक हुन् ।[१८६] त्यसपछि हालसम्म अनगिन्ती समालोचक र उत्कृष्ट समालोचना प्रकृया पनि सुरु भएर वैज्ञानिक ढङ्गको समालोचना लेख्ने प्रक्रिया पनि सुरु भैसकेको छ । यसै क्रममा समालोचक रमेश खनालले पनि समालोचना गर्ने क्रममा पात्रको मनोविज्ञान पक्षको चौतर्फी अध्ययन विश्लेषण गरेर गुण दोष केलाउने कार्य गरेका छन् ।

## ५.१.२ समालोचनाको परिभाषा

समालोचना शब्दको परिभाषा विभिन्न विद्वान्हरूले विभिन्न किसिमबाट गरेको पाइन्छ । पूर्वीय काव्यशास्त्रमा साहित्यसिद्धान्तको परिभाषा पाइन्छ तर समालोचनाको भने साहित्यको जस्तो छुट्टै परिभाषा पाइन्न । काव्यहेतुकै क्रममा आचार्य राजखेशरले कारयित्री र भावयित्री प्रतिभाको चर्चा गरेका छन् । कारयित्री साहित्यिक प्रतिभा अर्थात् कविको श्रम कविता हो भने

---

[१८४] शिवप्रसाद सत्याल 'पीठ', **समालोचनाहरू**, (काठमाडौँ : ने.रा.प्र.प्र., २०४५), पृ. ७८ ।

[१८५] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, आठौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६३), पृ. १५७ ।

[१८६] *ऐजन,* पृ. १५९ ।

कविको श्रम र अभिप्रायलाई प्रकाशमा ल्याउने तत्त्व भावयित्री प्रतिभा हो । त्यसैको माध्यमबाट उनले ब्रह्माजीले पनि देख्न नसकेको कुरा समालोचकले देख्न सक्छ भन्ने खालको अर्थ वा अभिप्रायः प्रकट गरेका छन् ।[१८७]

पाश्चात्य विद्वान्का मतमा

"पुस्तक वा कृति पढ्दा पर्ने प्रभावलाई समालोचना भनिन्छ ।" कार्लाइल

"कुनै साहित्यिक कृतिको मूल्याङकन गर्ने कसीलाई समालोचना भनिन्छ ।" ड्राइडन

नेपाली विद्वान्हरूको मतमा

"योग्यताको आदर गर्नु भनेको दोषपट्टि आँखा चिम्लिदिनु होइन ।" सूर्यविक्रम ज्ञवाली

"पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा अरू विशेष कुरा जान्नु उसको मूल खोज्नु समालोचना हो ।" यदुनाथ खनाल

### ५.१.३ समालोचनाको प्रकार

पूर्वीय तथा पाश्चात्य साहित्य परम्परामा समालोचनाका विभिन्न विधि वा प्रणाली विकसित हुँदै आएका छन् । ती मध्ये प्रचलित रूपलाई लिँदा समालोचना विशेषतः निम्न प्रकारका हुन्छन् ।

सैद्धान्तिक - शास्त्रीय आधारमा यथार्थ वा आदर्शपक्षले गुणदोषको विवेचना गर्नु
व्याख्यात्मक - कृतिको मर्म पहिल्याई विश्लेषण र व्याख्या गर्नु
ऐतिहासिक - मूल स्रोत ऐतिहासिक र सामाजिक परिस्थितिलाई खोज्नु
मनोवैज्ञानिक - पात्रको मनोविश्लेषणलाई प्रमुखता दिई कृतिको मूल्याङ्कन गर्नु ।[१८८]

समालोचनालाई हालको विषय परिवेश अनुसार विभिन्न प्रकारहरूमा विभाजन गरेको पनि पाइन्छ । जस्तैः सैद्धान्तिक, शास्त्रीय, परिष्कारवादी, प्रभाववादी, निर्णयात्मक, ऐतिहासिक, तुलनात्मक, जीवनीमूलक, परिचयमूलक, व्याख्यापरक, प्रगतिवादी, मनोवैज्ञानिक,

---

[१८७] केशवराज पोखरेल, **नेपाली समालोचना र प्रतिनिधि समालोचक**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८), पृ. ५ ।

[१८८] कृष्णप्रसाद पराजुली, **राम्रो रचना मीठो नेपाली,** २१ औँ संस्करण, (काठमाडौँ : सहयोगी प्रेस, २०५५), पृ. ३०२ ।

अनुसन्धानात्मक तथा वस्तुपरक गरी विभाजन गर्न सकिन्छ ।[१८९] यी विभिन्न भेद भए पनि रमेश खनालको समालोचना तथा समीक्षालाई हेर्दा उनी मनोवैज्ञानिक र अनुसन्धानात्मक समालोचनालाई बढी प्रयोगमा ल्याउने व्यक्ति हुन् ।

## ५.२ रमेश खनालको समालोचना 'अन्तरचेतनामूलक साहित्यिक अध्ययन' कृतिको अध्ययन

रमेश खनालको समालोचना 'अन्तरचेतनामूलक साहित्यिक अध्ययन' एक समालोचना ग्रन्थ हो । यो ग्रन्थभित्र १९ ओटा विभिन्न रचना जस्तै कथा, कविता, नाटक आदिको समालोचना लेखिएको छ । समालोचना गर्दा अध्ययन र अनुसन्धान गरेर गरिएको स्पष्ट देखिन्छ । रचनाहरूलाई मनोवैज्ञानिक कसौटीमा राखेर तुलना गरिएको छ । समालोचकले गरेको समालोचना चित्त बुझ्दो गरेर प्रमाणहरू पनि समावेश गरिएको छ । फ्रायड, युङ्गजस्ता मनोविज्ञहरूले राखेका विचारभित्र कथाको पात्रलाई तुलना गरेर लेखिएको छ । यहाँ समालोचकले ग्रन्थको नाम नै अन्तरचेतनामूलक साहित्यिक अध्ययन भन्ने राखेका छन् । अन्तरचेतना भनेको भित्रको चेतना हो । मानिसभित्र रहेको चेतनालाई प्रस्तुत गर्नु हो । त्यसैले यो ग्रन्थको शीर्षकबाट नै यसका रहस्य खुल्दछ ।

### ५.२.१ संवेगात्मक प्रवृत्तिमा श्वेतभैरवीको अध्ययन

विश्वेश्वरप्रसाद कोइरालाको यौन मनोवैज्ञानिक कथा श्वेतभैरवीको रमेश खनालले मनोवैज्ञानिक तथ्यहरू प्रस्तुत गर्दै समालोचना गर्दा यसमा रहेको संवेगात्मक पक्षलाई केलाउने काम गरेका छन् । हरेक व्यक्तिमा संवेग हुन्छ ।[१९०] प्रसिद्ध मनोविज्ञ युङ्ग भन्छन् संवेग सम्पूर्ण व्यक्तिको त्यस्तो तीब्र उदवेग हो, जसको उत्पत्ति मानसिक कारणबाट हुन्छ जसका चेतना अनुभूतिजन्य व्यवहार सम्बन्धी तथा जाठरिक क्रियाहरू सन्निहित हुन्छन् । अर्थात संवेगले शारीरिक परिवर्तन हुन्छ ।[१९१] युङ्गको भनाइअनुसार फगुनी पनि चुमौन र रगतको महत्तालाई स्विकार्दै श्वेतभैरवी बन्न पुग्दछे । फगुनीको शारीरिक परिवर्तनले पनि उनको संवेग बढाउन सहयोग गरेको छ । विश्वेश्वरप्रसाद कोइराला कथामा संवेगलाई यसरी प्रस्तुत गर्न सफल छन् कि जुन क्षणले जस्तो स्वभाव माग्दछ त्यहाँ त्यस्तै ढङ्गबाट वर्णन गरेका छन् । कुनै

---

[१८९] ***ऐजन,*** पृ. ९ ।

[१९०] चिरञ्जीवी शर्मा, निर्मला शर्मा, **शिक्षा मनोविज्ञान**, (काठमाडौं : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स, २०६६), पृ. ५३ ।

[१९१] ***ऐजन,*** पृ. ५४ ।

कथाकारहरू त कथामा संवेग पक्षलाई राख्दै राख्दैनन् भने, कुनै कथाकारले संवेग पक्षलाई राखे पनि त्यसलाई प्रस्तुत गर्न व्याकरण मिलाउदैनन् । कोइराला भने जुन ठाउँमा जुन किसिमको संवेगको आवश्यकता छ त्यही अनुरूप संवेगलाई प्रस्तुत गरेर रोचकता थप्छन् भनेर रमेश खनाल कोइरालाको श्वेतभैरवी कथाको व्याख्या र विश्लेषण गर्दछन् । खनालले कोइरालाको कथामा प्रस्तुत भएको संवेगको स्वरूपको व्याख्या गर्ने क्रममा संवेग सामान्य, उग्र र सामान्य गरी तीन अवस्थामा रहेको कुरा उल्लेख गर्छन् । संवेगको सामान्य रूपमा फगुनी आफ्नो चुमौन भएको तर गौना नभएको कुरा गर्छे । चुमौन ओष्ठयुगलको सङ्गमतीर्थ भनेर रगतको महत्तालाई स्विकार्दै यौनको दमित रहस्य खोल्छे । उसलाई मानसिक प्रभाव पार्ने रगतकै सम्बन्धमा फगुनी दुवैको कान्छी औँलामा सानो प्वाल पारेर रगत निकाली औँला आपसमा दलिदिन्छन् । पछि ठूलो भएर दुलाहाले गौना गरेर केटीलाई लैजान्छ भनेर उसले रगतको कुरा गर्दा उभित्रको दमित इच्छा जाहेर हुँदासम्म संवेग सामान्य हुन्छ । यसवेला उभित्रको मानसिक दीपशिखा भर्खर उद्दीप्त भएको छ । त्यसपछि ऊ बिस्तारै उग्र संवेगको अवस्थामा प्रवेश गर्छे । संवेगको उग्ररूप हुँदा मानिसले केही त गर्छ तर होशमा होइन बेहोशीमा, फगुनी पनि अब त्यस्तै हुन्छे । उसमा श्वेतभैरवी जागृत भएको छ । केशराशी हावामा फैलिका छन्, आँखा निभेको, चरणमा ताण्डव, नीलो, कालो रूप, वक्षमा श्रृङ्गाङ्कुर खुलेको मुखबाट तप्त उच्छ्वासको बाफ आएको छ । अब फगुनी फगुनी थिइन । उसमा उन्मत्त यौनको शिखर उर्लेको छ । गोबर, माटो, हिलो, रगत कुनै कुराको होस छैन् । काँटीले गोडा चिरेर रगत निस्केको थाहा छैन । घरिघरि हातमाथि उठाएर कालीको खडबाहु उचालेकी जस्ती देखिन्थी । रगतको प्यासले काली उग्रस्वरूप धारणा गरेर उन्माद पनि पोख्न झम्टिरहेकी थिई । तर ऊ सफल भइरहेकी थिइन । ऊ जति जति उन्मत्त हुन्थी त्यति त्यति यौनको ज्वारमाटा झैँ उर्लेर आउँथी । यो नै उभित्र रहेको संवेगको उग्र रूप हो । उसका क्रियाकलापले उसको यौनइच्छालाई पूरा गरेकी छे । फ्रायडको विचारमा कामशक्ति दमन भएमा व्यक्ति मानसिक रोगी हुने सम्भावना देखिन्छ । कामशक्तिको उन्नयन भएपछि कला, साहित्य र भक्तिपरक भावनाको जागरण हुन्छ । यसै अनुरूप जब फगुनीको उग्र संवेगबाट क्रमशः गति घटदै जान्छ तब ऊ सामान्य संवेगको रूपमा आउँछे भन्ने तथ्य प्रस्तुत गरेका छन् ।

फगुनीको उन्मत्त यौनवेग र कोसी नदीको बाढी, जसरी फगुनी सामान्य वार्तालापबाट उग्र रूप धारण गर्दछे ठीक त्यसरी नै कोसीको बिरानो बालुवाको तटमा उठने हावाको भुमरीले

बाढीको पूर्वसङ्केत दिन्थ्यो । हावाको भुमरी तातो निःश्वास हृदय कमाउने हुन्थ्यो र बाढीको प्रलयङ्कर वेग लिएर बौलाउँदै हिड्थ्यो । बाढी त्यतिखेरसम्म आउँथ्यो, जबसम्म त्यस भित्र रन्थनिने ज्वारभाटा उन्मुक्त हुन्थ्यो । कोसी नदीको त्यो सबैलाई निल्दै हिडने उन्मुक्त बाढी भङ्गालोसँग फगुनीको संवेगलाई तुलना गरेर कथाकारले मानिस प्रकृतिकै चक्रमा घुमेका कुरा व्यक्त गरेका छन् भन्ने कुरा समालोचक खनाल व्यक्त गर्छन् । रमेश खनाल कोइरालाको यो कथामा रगत नै चुमौनको प्रतीक हो भन्ने विषयमा कुरा गर्दा फगुनी उसको मनोभाव यौनबाट उन्मुख छ भन्ने कुरा देखाउँछे ।

यसरी यस कथामा समयमा नै फगुनी जस्तै तरुनीलाई लोग्नेको घर पठाइदैन भने त्यसले पटक-पटक श्वेतभैरवीको रूप धारण गर्नमात्र होइन विध्वंस र विस्मितता पनि बल्भाउन सक्दछ ।

समालोचक रमेश खनाल लेख्छन् संवेग र भाव फरक कुरा हुन् । व्यक्तिले भोग्ने दुःख सुख भाव हो । उत्तेजना, क्रोध, आश्चर्य, भ्ञम्टाइ, खेदाइ आदि चाहिँ संवेग हो । यस कथामा फगुनीको संवेगमा स्थायी भाव पनि मिस्रित छ । यसरी फगुनीभित्र रहेको संवेग र त्यसको तुलना प्रकृतिसँग गेरर हामी प्रकृतिको विमुख हुन सक्दैनौं भन्ने तथ्य पनि अघिसार्दै कथामा रोचकता भरेका कुरा खनाल व्यक्त गर्दछन् ।

### ५.२.२ मनोवैज्ञानिक सम्मिश्रणात्मक परिवेशमा "त्यो फेरि फर्कला ?" समालोचनाको अध्ययन

साहित्यकार तथा कथाकार भवानी भिक्षुको चर्चित मनोवैज्ञानिक कथा "त्यो फेरि फर्कला ?" लाई रमेश खनालले मनोवैज्ञानिक परिवेशमा मनोसम्मिश्रणिक रूपबाट विश्लेषण गरेका छन् । रमेश खनालले चेतनाको कुरा लेखेका छन् । फ्रायडले भनेभ्ञैं हाम्रा सम्पूर्ण क्रियाहरू चेतनाकै माध्यमबाट सम्प्रेषित हुन्छन् । यस कथाकी पात्रा सानी पनि चेतन अर्धः चेतन र अचेतन मस्तिष्कबाटै कार्य गर्दछे । सानीका स्वप्नमयी विचारहरू अचेतन मस्तिष्कमा रहेका छन् । तिनै विचारहरू अर्द्धचेतन परिवेशमा रन्थनिदै चेतन मनमा प्रस्फुटन हुन्छन् । उक्त कुराहरूको मनोवैज्ञानिक रूपमा विश्लेषण गर्ने कार्य खनालले गरेका छन् । यस कथामा अभिप्रेरणाको रूपमा सानीलाई परिवर्तन गर्ने यात्री छ । यात्री फेरि फर्कला भन्ने आशाको त्यान्द्रोमा उभित्रको आँसु, वेदना, भन्कानु आर्द्र, रोदनलाई रोकेर यात्रीको प्रतीक्षामा बसेकी

सानीको अभिप्रेरणा नै यात्री फेरि फर्कला भन्ने आशा हो भन्ने कुरा खनालले यहाँ व्यक्त गरेका छन् ।

रमेश खनालले यस कथामा सानीभित्र मडारिएको नकारात्मक र सकारात्मक संवेगलाई विश्लेषण गरेका छन् । सानीलाई कहिले नकारात्मक संवेगले यातना दिएको छ त कहिले सकारात्मक संवेगले उत्तेजित पनि पारेको छ । जब कुनै कथाले चरम सीमा छुन्छ तब संवेगात्मक भूमिका बढी रहन्छ । यहाँ पनि दुःखदायी परिवेशले संवेगलाई स्थान दिएको छ । यात्रीले "तिमी त ... बूढी नै भइसकिछ्यौ" भनेको सुनेपछि सानी शिथिल, क्लान्त भएर गलेकी छे । उभिन पनि नसकी ढोकामा थुचुक्क बस्छे । यही नै उसको नकारात्मक संवेग हो । यात्रीलाई आभास नै नभएको एकोहोरो माया सानीको एकलकाटे प्रेम हो । यही मायामा ऊ उत्तेजित पनि हुन्छे । यही नकारात्मक, सकारात्मक संवेगलाई[१९२] भवानी भिक्षुले सानी जस्ती पात्रद्वारा प्रस्तुत गरेका छन् भन्ने तर्क रमेश खनालको छ ।

यस कथामा रमेश खनालले सानीद्वारा गरिएको प्रत्यक्षीकरण बारे वर्णन गरेका छन् । वातावरणबाट प्राप्त हुने उत्तेजनाहरूलाई तुरुन्तै ज्ञान गराउने मानसिक क्रिया प्रत्यक्षीकरण हो ।[१९३] सानी पनि यही प्रक्रियाबाट यात्रीप्रति माया उब्जाउँछे । सानी आफ्नो घरमा बास बस्न आएको यात्रीलाई म जाउँ त भन्छे । हुन्छ भन्दै युवक सानीलाई हेर्छ । दुबैको आँखा जुध्छन् । सानी राती ओछ्यानमा पल्टेर सोच्दछे लोग्ने मान्छे भात पकाउन कहाँ जान्दो हो आदि आदि ... । सानी निश्चिन्त, निर्विकार भएर सुतेको यात्री ... तीव्रताका साथ तानी लिने एउटा भयानक लोभ, मुटुको हनाइ, कुनै अव्यक्त उल्लास, साहस, डर र पीडाको भन्न नसकिने मिश्रण नसा नसामा दगुर्नु जस्ता" सानीले प्रत्यक्षीकरण गरेको यी विचारहरूको क्रिया मनभित्रै भएको हो । आफ्ना विशुद्ध विचारहरू चेतन मस्तिष्कमा खेलाउन सिपालु छे सानी । यसरी सानीले गरेको प्रत्यक्षीकरणलाई केलाउने कार्य खनालले गरेका छन् ।

खनालले यहाँ सानीले आफूलाई यात्रीको प्रतीक्षामा बस्ने नारी नभै जीवनलाई सुखमय बनाई बिताउन अठोट गरेकी छे । उसले "त्यो फेरि फर्कला ?" भन्ने शब्दलाई एउटा भयानक विषद्को अन्धकारमा विलुप्त पारेकी छे । आफूलाई एक हिन्दु नारी तथा आफ्नो सिन्दुरसँग

---

१९२ चिरञ्जीवी शर्मा, निर्मला शर्मा, **शिक्षा मनोविज्ञान,** (काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स, २०६१), पृ. ४७ ।

१९३ ***ऐजन,*** पृ. ५५ ।

समायोजन गरेकी छे । उसले निराश प्रेमलाई त्याग्दै जीवनसँग समायोजन गरेकी कुराको खनाल विश्लेषण गर्छन् ।

### ५.२.३ 'संवेगात्मक दृष्टिले कर्णेलको घोडामा कर्णेलको मनोविश्लेषण' समालोचनाको अध्ययन

'संयोगात्मक दृष्टिले 'कर्णेलको घोडा' मा कर्णेलको मनोविश्लेषण' नामक समालोचनामा रमेश खनालले मानिसको जीवनका तीन पक्ष १) ज्ञानात्मक, २) भावनात्मक, ३) क्रियात्मक संवेग छन् । ती मध्ये मानिसको भावनात्मक पक्षसित सम्बन्धित संवेग एउटा विशाल वृक्ष हो । यस वृक्षमुन्तिर रहेका प्रेम, घृणा, भय, क्रोध, उदासी भावहरू हुन् ।[१९४] मानिस भित्रको कडा उपद्रव हो भनेर युङ्ग व्याख्या गर्छन् । संवेगात्मक अवस्थामा अन्तः स्रावी ग्रन्थिहरू (Endocrine glands) पनि परिवर्तन हुन्छ ।[१९५] संवेगको अवस्थामा एड्रेनल ग्रन्थिबाट एड्रेनिन बढी मात्रामा निस्किन्छ र रगतमा चिनीको मात्रा बढ्छ । व्यक्ति आफूमा शक्ति अनुभव गर्छ र जुनकुरा कल्पनासम्म पनि गरिएको हुँदैन त्यो काम गर्न पुग्दछ ।

मानिसभित्र भएको संवेगात्मक प्रकृति पनि तीन प्रकृतिकै हुन्छन् : १) प्रारभ्मिक अवस्था, २) चरमसीमा अवस्था, ३) समथर अवस्था । यस समालोचनामा वरिष्ठ कथाकार विश्वेश्वरप्रसाद कोइरालाको बहुचर्चित कथा 'कर्णेलको घोडा' को एक प्रमुख पात्र कर्णेल संवेगात्मक परिवेशमा प्रेम, घृणा, क्रोध, चिन्ताले ओतप्रोत भएका छन् । विश्वकै सबैजसो कथाकार, उपन्यासकारका कथामा संवेगात्मक उतार चढाव हुने कुरा खनाल स्वीकार गर्दै शेक्सपियरका दैवी सुखान्त, वियोगान्त नाटकहरू, होमरका इलियड, ओडिसी कथाहरू हेन्रिक इब्सनको पुतलीको घर, जनताका शत्रु, आन्तोन चेखबका भन्या मामा, चेरिको बगैँचा जस्ता नाटकहरूको अलावा थुप्रै कथाहरूमा संवेगात्मक उतार चढाव प्रशस्त पाइन्छ । त्यस्तै गरेर अर्नेष्ट हेमिङ्वेको उपन्यासहरूमा त संवेगात्मक हलचल नै छ भन्दछन् रमेश खनाल । त्यसैगरी नेपाली साहित्यकारहरूको कथा, उपन्यास, खण्डकाव्य नाटक आदिमा पनि संवेगात्मक पक्षको राम्रोसँग थुप्रै प्रभाव देख्न सकिन्छ । जस्तै विजयमल्लको 'अनुराधा' कृष्णचन्द्र प्रधानको 'पाइला आगतमा टेकेर' जगदीश शम्शेरको 'नरसिंह अवतार' लक्ष्मीप्रसाद देवकोटाको 'मुना-मदन'

---

[१९४] चिरञ्जीवी शर्मा, निर्मला शर्मा, **शिक्षा मनोविज्ञान**, एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीब्युटर्स, काठमाडौं, २०६६, पृ. ५८ ।

[१९५] ***ऐजन,*** २०६१, पृ. ४८-४९ ।

आदिमा संवेगात्मक अनुभूतिहरूलाई राम्रोसँग प्रस्तुत गर्न सफल छन् भन्ने कुरा रमेश खनाल व्यक्त गर्दछन् ।

विश्वेश्वरप्रसाद कोइरालाको 'कर्णेलको घोडा' कथाभित्र संवेगात्मक पक्षलाई प्रस्तुत गर्ने प्रमुख पात्र कर्णेलनी प्रेम, घृणा, ईर्ष्या र चिन्ता बोकेर चरम सीमामा पुऱ्याउने काम गरेकी छिन् । जब कर्णेलनी घोडाको हेरचार गर्ने जिम्मा लिन्छिन् तब संवेगात्मक परिवेशमा कथाको गतिमा बेग बढ्दछ । कर्णेलभित्रको मानसिकताको धरातलमा भूँइचालो जान्छ ।

कर्णेल घोडाप्रति पनि ईर्ष्या भाव राख्छन् । उनीभित्रको ईर्ष्यात्मक गति बढ्दै जान्छ । कर्णेललाई घोडाले पछारेपछि त संवेगात्मक वेग बढ्छ । कर्णेल लडेको वास्तै नगरी कर्णेलनीले घोडालाई माया गरेर सुमसुम्याउनु, ऱ्यालमा गाला राखेर माया देखाउनु नै कर्णेललाई सहनै नसक्ने हुन्छ । उनको ईर्ष्यात्मक संवेगको चरम सीमा उत्पन्न हुन्छ । कर्णेलनी कर्णेललाई चिढाउन र सेखी झार्न घोडालाई सुमसुम्याउँदै सुरुक्क घोडा चढ्छिन् र एडी लगाएर कुदाउँछिन् । कर्णेलनीले गरेको तिरस्कार, घृणाजन्य अभिव्यक्तिले कर्णेलको संवेगको चरम सीमा नाघेको प्रतीत हुन्छ । कर्णेलनी धाक, शान देखाउँदै घोडाबाट ओर्लेर धाप मार्छिन घोडा हिनहिनाउँछ र कर्णेलको संवेगको सीमा नाघ्छ । कर्णेल आवेगलाई थाम्न सक्दैनन् र पेस्तोल झिकेर घोडालाई हान्छन् । घोडा रगत बगाउँदै ढल्छ । घोडाको अवस्था हेर्न नसकेर कर्णेलनी मुर्च्छा पर्दछे । कर्णेलको संवेगको अवस्था सामान्यमा पुग्छ । यसरी रमेश खनालले संवेगको तीन अवस्था प्रारम्भिक, चरम र समथर अवस्थालाई कथामा विश्वेश्वरप्रसाद कोइरालाले प्रस्तुत गरेका कुरालाई व्यक्त गरेका छन् ।

### ५.२.४ 'मनोविश्लेषणात्मक परिवेशमा मसान नाटक भित्र प्रेरणा' समालोचनाको अध्ययन

गोपालप्रसाद रिमालद्वारा लेखिएको 'मसान' नाटकभित्र रहेको प्रेरणा पक्षको मनोवैज्ञानिक ढङ्गबाट विश्लेषण गर्ने कार्य रमेश खनालले गरेका छन् । खनालले प्रेरणा विश्लेषण गर्नको लागि युवती-हेलेनलाई अगाडि सारेका छन् । अरू पात्र कृष्ण, दुलहीमा भने प्रेरणाभन्दा संवेग नै प्रमुख देखिन्छन् । प्रेरणाको प्रवृत्ति उद्देश्यतिर उन्मुख रहने र जब उद्देश्यपूर्ति हुन्छ तब प्रेरणा त्यहीं स्थगित हुन्छ ।[१९६] यही अनुरूप यस नाटकमा पनि हेलेन छोरा प्राप्त नगरुन्जेल बेचैनीकासाथ छोरा प्राप्त गर्ने प्रेरणातिर उन्मुख थिइन् । जब छोरा प्राप्त हुने

[१९६] *पूर्ववत्,* पा.टि.नं. १७ पृ. ५८-५९ ।

भयो तब उनलाई त्यो प्रेरणाको आवश्यकता परेन, प्रेरणाको अन्त्य भयो । खनाल प्रेरणामा दुई तत्त्व पाइन्छ भन्दछन् ।

(क) शारीरिक शक्ति जसबाट व्यक्तिमा सक्रियता आउँछ ।

(ख) वाह्य उद्धीपक जसको सहायताले लक्ष्यको प्राप्ति हुन्छ ।

- युवती आफ्नो उद्देश्य प्राप्तिका लागि सौताकै भए पनि छोरा होस् जो उसको लागि भोटुभन्दा नजिक हुन्छ भन्ने चाहन्छे । कृष्णको विवाह उद्देश्य प्राप्तिका लागि एक माध्यम हो । युवतीले छोरा प्राप्त गर्न हरेक किसिमको प्रयास गरेकी छे ।

- प्रेरणाभित्र व्यवहार शक्तिशाली हुन्छ । 'मसान' की युवती उत्तेजित हुँदै भन्छे यो धर्मपुत्र-सर्मपुत्र पालेर केही हुँदैन । हाम्रो आफ्नो छोरो चाहिन्छ । युवतीको ज्ञानात्मक प्रक्रियाहरूलाई भावनात्मक परिवेशतर्फ उन्मुख गराई रहेको छ । त्यसैले युवती अत्यन्त भावुक भएर ममत्वको घडा खन्याउन सफल भएकी छे ।

- प्रेरणाको अर्को कुरा व्यवहारको चयनात्मकता हो युवतीको व्यवहार चयनात्मक छ । उसले छोरा प्राप्त गर्न सौता ल्याउन हुने मानसिक दबाब सहेर बुझपचाएर छोराको चाहना गर्नु नै उनको चयनात्मक व्यवहार हो ।

- प्रेरणाभित्र उर्जित तथा जाग्रत अवस्था हुन्छ । त्यसै अनुरूप युवतीले पतिको पुनर्विवाहमा मयुरझैँ नाची-नाची काम गरेकी छे । उसले जतिसुकै स्वाँग ढर्रा देखाए पनि ऊ भित्री तवरमा दुःखी हुन्छे । जति ढाकछोप गरे पनि कहीँ न कहीँ त्यो फुस्कन्छ । यहाँ मूल उद्देश्य छोरा उपउद्देश्य सौताको निम्ति युवतीलाई प्रेरणा प्राप्त छ । 'मसान' का सबै पात्र मनस्तापी छन् । चिन्ताले नै मनस्तापलाई जन्म दिन्छ । मुरारी रेग्मीका अनुसार ६,७ थरी मनस्तापहरू हुन्छन् । 'मसान' भित्र भने चिन्ताग्रसित मनस्ताप छ ।

- कृष्णलाई युवतीले दुलहीमाथि ईर्ष्या गरी भने उसको र युवतीको मायामा ह्रास आउला भन्ने चिन्ता छ । उसलाई अनावश्यक झन्झटमा परेको चिन्ता छ । युवती छोराको चाहनाले मनस्थापी भएकी छे । उसलाई पतिले बच्चा नहुने ओखती खुवाएर मातृत्व क्षमताबाट बन्चित गराएर आफूलाई भोगको साधन बनाएकोमा विषद मनःस्तापी भएकी छे । उसले यही कारण वर्षौं देखि हाँस्दै

खेल्दै आएको घरलाई ऊ 'मसान' ठान्छे । उसका अगाडि मनस्तापलाई समायोजन गर्ने दुई उपाय छन् (१) आत्महत्या (२) त्याग ।

- युवती आत्महत्यालाई रोज्दिन । उसले प्रतिकूल परिस्थितिबाट आफूलाई जोगाएकी छे । तर उसले घरलाई त्याग गरेकी छे । यसरी प्रेरणा युवतीमा प्रशस्त भएको र त्यसैको उद्देश्य प्राप्तिका लागि ऊ हरदम प्रयत्नरत भएको र अन्तमा उद्देश्य प्राप्त गरेर पनि घरलाई 'मसान' ठानेर त्यागेको कुराले नाटक दुखान्त भएको खनाल व्यक्त गर्छन् ।

## ५.२.५ 'सामाजिक मनोवृत्तिमा विश्वेश्वरप्रसाद कोइरालाको बिहे कथा' समालोचनाको अध्ययन

विभिन्न समाजशास्त्रीहरूको विवाह सम्बन्धी विभिन्न धारणा रहेको पाइन्छ । रमेश खनालले विश्वेश्वरप्रसाद कोइरालाको 'बिहे' कथाको सामाजिक मनोवृत्ति केलाउने सन्दर्भमा 'बिहा के हो ?', बेमेल बिहा हुने कारण बालिकाको मनस्थिति, यौनको गन्ध, बेमेल विवाहले जन्माउने विकृतिहरूलाई विश्लेषण गर्ने काम गरेका छन् । यहाँ बिहे सम्बन्धी कुसंस्कारले गर्दा रहेको नराम्रो पन जसबाट समाजमा एक विकृतिलाई जन्म दिन्छ भन्ने शिक्षा दिन सफल भएको यो कथामा विश्वेश्वरप्रसाद कोइरालाले समाजप्रति प्रहार गरेको व्यङ्ग्य पनि हो भन्न सकिन्छ । खनालले सामाजिक मनोवृत्तिलाई केलाउने क्रममा पहिला बिहा के हो ? भनेर विवाहको विश्लेषण गरेका छन् । रमेश खनालले वोगार्डस, वेन्टरमार्कको भनाइहरूबाट विवाहको परिचय प्रस्तुत गरेका छन् । जस्तै वेन्टरमार्कका अनुसार "विवाह एक या सोभन्दा बढी पुरुषहरूका एक वा धेरै स्त्रीसँग हुने सम्बन्ध हो ।" 'जसलाई कानुनले स्वीकारेको हुन्छ । जोसँग सम्भावित बच्चाहरूबीच आवद्ध हुने अधिकार र कर्तव्य समावेश भएको हुन्छ' भन्ने तर्क प्रस्तुत समालोचनामा व्यक्त भएको छ । उनले बेमेल विवाह हुने कारणलाई केलाउने क्रममा केही कारण प्रस्तुत गरेका छन् जस्तै सम्पन्न व्यक्तिसँग विवाह गरिदिन पाए छोरीले भने जस्तो सुख पाउली भनेर, रजस्वला नभएकी छोरीको विवाह गरी पुण्य कमाउन, घर खेत लिलाम हुन जोगाउन, छिट्टै विवाह गरिदिएर काम छिन्न पनि समाजमा छोरीको विवाह छिट्टै गरिदिने चलन छ जसले गर्दा बेमेल विवाहले पार्ने असरलाई हेर्ने परिपाटी समाजमा छैन् । त्यही अनुरूप कोइरालाको 'बिहे' कथामा १४ वर्षकी हरिमतिलाई बूढो कटकबहादुर सुब्बासँग विवाह गरिदिएको छ । बूढाकी जेठी स्वास्नीका दुई छोराको स्याहार गर्ने र श्रीमती मरेकीले घरमा स्वास्नी नभै नचल्ने देखेर नाबालक केटी मातृस्नेहको आँगन नकाटेकी केही थाहा नपाएकी बालिकाको बिहे समाजले थाहा पाई पाई बुझपचाएर गरिदिएको छ ।

रमेश खनालले बाल मनस्थितिको विश्लेषण यसरी गरेका छन् । पुतली खेल्ने हरिमती कल्पना र यथार्थमा फरक हुँदा के ठान्दिहोली ? मेरी रानी भन्दा, मलाई माया गर्छ्यौ भनी

कटकबहादुरले सोध्दा गर्छु भनिदन्छे । हरिमतीले कस्तो माया होला भन्ने कुरा सोच्ने र तर्क गर्ने र विभिन्न किसिमको मायाको परिभाषा नै थाहा नपाएकी हुन्छे । म्वाईको रहस्य पनि त्यस बालिकाले केवल माया मात्र बुझेकी हुन्छे । यौन तृप्ति भन्ने बुझेकी नै हुन्न । यस्तो बालमनस्थिति भएकी हरिमती मार्फत् सबै बाल विवाहको विरोध र व्यङ्ग्य गरिएको छ । बेमेल विवाहले जन्माउने विकृतिहरूको पनि खनालले विश्लेषण गरेका छन् । १) यौनजन्य विकृति २) शारीरिक विकृति ३) मानसिक विकृति ४) घरजम बस्न नसक्नु जस्ता विकृति जन्मने हुन्छ । तसर्थ विश्वेश्वरप्रसाद कोइरालाका कथा 'बिहे' मा निम्न कुराहरू देखाउन खोजेको देखिन्छ भन्दै रमेश खनाल ती कुरा व्यक्त गर्दछन् ।

(१) जस्तैः बेमेल विवाह एक अपराध हो ।

(२) बालिकालाई पढने, खेल्ने उमेरबाट बञ्चित नगर ।

(३) बिहा शब्दको अबहेलना नगर ।

(४) सबैलाई स्वतन्त्र भएर बाँच्न देऊ तर कसैमाथि अन्याय नगर ।

(५) बालिकाको मानसिक र शारीरिक स्थिति विकसित हुन देऊ ।

(६) घरजम बसाउने लालाबालाको हेरचाह गर्नुछ भने उमेर पुगेका बधूलाई मात्र घर भित्र्याऊ ।

यसरी विश्वेश्वरप्रसादको कथा 'बिहे' को सामाजिक मनोवृत्तिलाई रमेश खनालले विभिन्न तर्कहरू प्रस्तुत गर्दै विश्लेषण गरेका छन् ।

### ५.२.६ 'मनो–शारीरिक विश्लेषणात्मक दृष्टिकोणमा अन्तर्मुखी पवित्रा' समलोचनाको अध्ययन

रमेश खनाल विश्वेश्वरप्रसाद कोइरालाको कथा 'पवित्रा' की नायिका पवित्रा जो केशवदेवकी भान्से तथा नोकर्नीको अन्तर्मुखी स्वभावको मनो-शारीरिक विश्लेषण गरेका छन् । पवित्रा केशवदेवकी भान्से तथा नोकर्नी अन्तर्मुखी छे । ऊ मनभित्र कुरा खेलाउँछे तर भन्दिन । उसको मनका कुरालाई उसको व्यवहारको अध्ययनबाट पुष्टि हुन्छ । उनले पवित्रा जस्ती कुरूप गाँड आएकी, एउटा खुट्टा छोटो भएकी विकृता, अपाङ्ग महिला भए पनि उनी भित्र मन छ; मनभित्र चाहना हुन्छ भन्ने विश्लेषण गरेका छन् । केशवदेवको विवाहको कुरा चलेदेखि नै पवित्राको मन गह्रुङ्गो हुन्छ । उसलाई राती सारा शरीर दुख्छ, ज्वरांश हुन्छ । धारामा पानी लिन जाँदा केशवदेवको विवाहको बारे सुनाउँदा अरूले कैठ नभनी सौता आउने भइ त भन्दा ऊ अन्तर्वेदनालाई लुकाउन अनौठोसँग हासेकीबाट पनि ऊ केशवदेवकी पत्नी बन्न चाहन्थी

भन्ने बुझिन्छ । विवाहकै दिन सबै नाचगान गर्दा एक जना दुलहा बन्नेको खुट्टामा छाँद हालेर रोएकी पवित्रा धेरै बेर रोएर आफ्नो कोठामा पसेकीबाट पनि उसको अन्तर चाहना बुझ्न सकिन्छ । केशवदेवको विवाह हुने थाहापाएपछि तलव मागेकी, स्लिक सारी, ढाका चोलो र दुईओटा सुनका चुरा किनेकी र सुनका चुराले दुलहीको मुख हेरेकोबाट ऊ प्रेममा त्याग गर्छे भन्ने पनि बुझिन्छ । खनालका भनाइअनुसार कथाकारले पवित्राको मनभित्रको वेदना र छटपटीलाई शान्त पार्न पवित्रालाई त्यागी बनाएका छन् । प्रेममा असफल भएपछि व्यक्ति त्यागी हुन्छ र मनको तहल्का शान्त पार्छ भन्ने कुरा पवित्राले सुनका चुराले नवबधूको मुख हेरेकोबाट बुझिन्छ । नत्र नोकर्नीले सुनचुराले मुख हेर्नु भनेको नसुहाउँदो कुरा हो । पवित्रा नवदुलहीलाई केशवदेवको बानी, खानाको स्वाद, आदि कुरालाई दबाव दिने हिसाबले भन्छे । दुलहीले काम बिगार्दा फरियाको फुर्को मुखमा राखेर हाँस्छे, जसबाट गिज्याउन खोजेको जस्तो भान हुन्छ । यस्ता कुराहरूबाट पवित्राले केशवदेवलाई चाहेकी थिई भन्ने स्पष्ट हुन्छ । मनोवैज्ञानिक तर्कहरूलाई अघिसारेर हेर्ने हो भने मनको सम्बन्ध शरीरसँग हुन्छ ।[१९७] मन हलुङ्गो भएको बेला शरीर पनि फुर्तिलो हुन्छ । जोश जागरका साथ काम पनि राम्रोसँग सफल हुन्छ । यदि मन गह्रुङ्गो छ भने शरीर पनि भारी हुन्छ । काम गर्ने चाहना पनि हुन्न । जोश जाँगर त कहाँ हो कहाँ हुन्छ । यही कुरा पवित्राको व्यवहारबाट पनि प्रष्ट हुन्छ । ऊ केशवदेवको विवाह पूर्व फुर्तिली जागरिली भएर काम गरिरहेकी हुन्छे भने विवाह पश्चात् ऊ गलेकी छ । काम राम्रोसँग गर्न सक्दिन । शरीर दुखेको आफू बूढी भएको पनि उसलाई लाग्छ । यसरी कथाकारले कथाको पात्र पवित्राको मन र शरीरको सम्बन्ध र सामन्जस्य देखाएका छन् भनेर खनालले त्यही अनुरूप मनो-शारीरिक विश्लेषणात्मक दृष्टिकोणबाट अन्तर्मुखी पवित्राको विश्लेषण गर्ने कार्य गरेका छन् ।

[१९७] मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइँटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६१), पृ. १७२, १७३ ।

## ५.२.७ 'फ्रायडियन मनोविश्लेषणात्मक दृष्टिकोण र काव्यविचार' समालोचनाको अध्ययन

यस 'फ्रायडियन मनोविश्लेषणात्मक दृष्टिकोण र काव्य विचार' शीर्षकमा रमेश खनालले दुई भागमा विश्लेषण गर्ने काम गरेका छन् । पहिलो भागमा फ्रायडको मनोविश्लेषणात्मक दृष्टिकोणलाई अघिसारेका छन् भने पछिल्लो भागमा फ्रायडको मनोविश्लेषणात्मक दृष्टिकोणबाट काव्यको बारेमा विश्लेषण गर्ने काम गरेका छन् ।

फ्रायडले सपनालाई जीवनमा हुने गल्तीहरू आकाङ्क्षाहरूको दमित रूप हो भनेका छन् ।[१९८] उनको यो भनाइको ठूलो आलोचना भइरहँदा कार्ल युङ्ग, स्टिकेल, अल्फेड एड्लरजस्ता मनोविज्ञहरू उनका शिष्य भएका थिए । फ्रायडको मनोविश्लेषणको आधार मूलप्रवृत्ति नै हो ।[१९९]

(१) जीवनको मूलप्रवृत्ति (Life Instinct)

(२) मृत्युको मूलप्रवृत्ति (Death Instinct)

उनको उक्ति अनुसार यी दुई मूलप्रवृत्ति वरदान सावित भए । यी एक आपसमा विरोधाभास भए पनि यो व्यक्तित्व विकासमा उन्मुख हुन्छ । मृत्युको चाहना कसैलाई हुँदैन । मृत्यु प्राकृतिक नियम नै हो तर बाँच्ने चाहनाले मानिसलाई डोऱ्याउँछ । फलस्वरूप व्यक्ति उन्नति गर्न अग्रसर हुन्छ ।[२००]

फ्रायडले मनलाई गत्यात्मक, अकारात्मक परिवेशबाट पनि हेरेका छन् ।[२०१] उनले समग्र व्यक्तित्वको धारणालाई तथा मनको गत्यात्मक पक्षलाई तीन भागमा विभाजन गरेका छन् । ( १) इद (२) अहम् (३) पराहम् ।[२०२] यी तीनै तत्त्वले मानिसलाई जीवनमा डोऱ्याउन र समायोजन गर्न सिकाउँछ ।

---

[१९८] मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइँटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१), पृ. १७८ ।

[१९९] ***ऐजन,*** पृ. १७१ ।

[२००] ***ऐजन,*** पृ. १७१ ।

[२०१] ***ऐजन,***, पृ. १७२ ।

[२०२] ***ऐजन,*** पृ. १७३, १७४ ।

इदलाई फ्रायड सुखतत्त्व भन्दछन् । यसले कष्ट र तनावबाट मुक्ति दिन्छ । यो आग्रहशील, संवेगशील, अबौधिक, अतार्किक असामाजिक, स्वार्थी र सुखापेक्ष हुन्छ भन्दछन् । अहम् इद र उच्चअहम् माथि नियन्त्रण एवं शासन गर्दछ । यसले बाह्य जगत्सित सम्बन्ध राख्छ । यसप्रकार सुखतत्वको सट्टा यथार्थ तत्वबाट परिचालित हुन्छ । उच्चअहम्ले यथार्थलाई होइन, आदर्शलाई प्रतिनिधि मान्दछ । उच्चअहम् मानिसको आचारसंहिता हो ।

उनले मनको अकारात्मक परिवेशको व्याख्या गर्दै मानिसका तीन अवस्थाको व्याख्या यसरी गर्छन् : १) चेतन २) अवचेतन ३) अचेतन ।[२०३] चेतन मनको सानो उपखण्ड यसमा घटनाहरूको स्मरण गर्न सक्ने क्षमता हुन्छ । चेतन मनको बाहिरी जगत्सँग सम्बन्ध हुन्छ । यसभित्र व्यक्तिगत नैतिक, सामाजिक एवं सांस्कृतिक आदर्शहरूको भण्डार हुन्छ । यसले अर्द्धचेतन र अचेतन मनमाथि प्रतिबन्ध गर्ने काम गर्छ ।

अर्द्धचेतन मन चेतन र अचेतनबीचको अवस्था हो । यसलाई चेतनमनमा आउन विचार गर्नु वा सम्झनु पर्छ । अचेतन मन सबभन्दा तल्लो तहमा जमेर बसेको हुन्छ । यसलाई सम्मोहन मनोविश्लेषण विधिद्वारा मात्र जान्न सकिन्छ । मनोविज्ञानको गहिरो सम्बन्ध अचेतन मनसँग हुन्छ । मनको सबभन्दा ठूलो भाग अचेतन मनले ओगटेको छ ।

फ्रायडले अचेतन मनको विशेषतालाई यसरी व्यक्त गरेका छन् :

(१) मनको ठूलो भाग ओगटेको ।
(२) अचेतन गत्यात्मक स्वरूपको ।
(३) अचेतनको रूप शैशव हुन्छ ।
(४) यो यौन स्वरूपको हुन्छ ।
(५) सुख दुःखबाट यो निर्देशित हुन्छ ।
(६) अचेतनमा इदका प्रवृत्तिहरू रहन्छ ।

फ्रायडका विचारअनुसार मनोविश्लेषण गर्ने क्रममा हामीले दैनिक जीवनमा गरेका गल्तीहरू, घटनाहरू अचेतन कारणबाट नै हुन्छन् । अतः यी सामान्य भूललाई विश्लेषण गरेर कुनै व्यक्तिको अचेतन मनमा दमित विचार मानसिक सङ्घर्ष इत्यादि थाहा पाउन सकिन्छ ।

---

[२०३] *ऐजन,* पृ. १७२ ।

मानिस यो गर्ने कि त्यो गर्ने भन्ने मानसिक द्वन्द्वमा पर्छ त्यसलाई मानसिक सङ्घर्ष भनिन्छ । यो चेतन र अचेतन दुवै स्तरमा हुन्छ । चेतन अवस्थाको सङ्घर्ष समाधान गर्न सजिलै सकिन्छ तर अचेतनको सङ्घर्ष समाधान गर्न गाह्रो पर्छ । यसले मानिस द्वन्द्वको सिकार हुन पुग्छ । यसको समाधान गर्ने क्रममा अहम्को महत्त्वपूर्ण भूमिका हुने र विभिन्न मनोरचनाद्वारा सङ्घर्षको अन्त्य गर्न सकिन्छ । यसलाई सुरक्षात्मक रचना मानिन्छ । दमन, परावर्तन, उदात्तीकरण, युक्त्याभास रूपान्तर, विस्थापन, प्रक्षेपण, तादात्म्य, अन्तः क्षेपण इत्यादि प्रमुख सुरक्षात्मक रचनाहरू छन् । फ्रायडले व्यक्तित्व विकासको सिलसिलामा मनोलैङ्गीक विकास प्रक्रियामा पनि जोड दिँदै त्यसलाई पाँच अवस्थामा बाँडेका छन् ।[२०४] ती यस प्रकार छन् :

| | | | |
|---|---|---|---|
| १) | मौखिक अवस्था | २) | गुदावस्था |
| ३) | लिङ्गप्रधानावस्था | ४) | अव्यक्तावस्था |
| ५) | जननेन्द्रियावस्था | | |

यसरी फ्रायडका मनोविश्लेषणात्मक दृष्टिकोणलाई विश्लेषण गरिसकेपछि रमेश खनालले दोस्रो खण्डमा काव्य विश्लेषण गर्ने काम गरेका छन् । फ्रायडका विचारमा काव्य साधना चेतन, अर्धचेतन र अचेतन मनको प्रतीक हो । कविले कहिले चेतन मनबाट सजग भएर कविता रच्दछ भने कहिले अनुभूति खोज्ने परिवेशमा अचेतन तहसम्म पुग्दछ । इदको प्रभुत्व बढी भएको बेला कविले सुखान्तबोधक कविता रच्दछ भने अहम्को प्रभुत्व बढी हुँदा यथार्थवादी र उच्चअहम्को वेला आदर्शवादी कविता रच्दछ ।[२०५] कविका लागि कल्पना संस्लेषणात्मक शक्ति हो । कल्पनाद्वारा भावनामा तिब्रता आउने गर्छ । कवितालाई रूपायित गर्ने, कवितालाई मूर्त्याउने तत्त्व नै कल्पना हो । भावनात्मक तथा कल्पनात्मक अवयवहरूमा कविले अचेतन मनको सतहको नै प्रयोग गरिरहेको हुन्छ । मानसिक यन्त्रका यो प्रक्रिया कविलाई थाहा भएको हुँदैन । तर यो यन्त्र स्वचालित हुन्छ र चलिरहन्छ । कविले मानसिक यन्त्रको प्रयोग गर्ने सन्दर्भमा कहिले काहीँ मानसिक सङ्घर्षको द्वन्द्वात्मक स्थितिको सामना पनि गरिरहेको हुन्छ । कविले मानसिक सङ्घर्षमा सन्तुलन राख्न अनुभव, अनुभूति र प्रभावित

---

[२०४] *ऐजन,* पृ. १७६ ।

[२०५] *ऐजन,* पृ. १७२ ।

परिवेश सबै कुराको मूल्याङ्कन गर्नु पर्छ । वास्तवमा कविका लागि यो एक प्रसव वेदना नै हो । जब कवि यस वेदनाबाट मुक्ति पाउँदछ । तब मानसिक आरामीमा हुन्छ ।

यसरी कवि र कविताको सम्बन्ध इद, अहम् र उच्चअहम्सँग भएको कुरा स्वीकार गर्दै खनाल लेख्छन् कवितालाई बुझ्न स्वयं कविलाई नबुझी हुँदैन । कविले ओगटेको कविताको परिवेश यति जटिल हुन्छ कि यसलाई ठम्याउँन र त्यसको समानान्तर रेखा खिच्न मुस्किल पर्दछ । उनले कविको जटिलतालाई सरलीकृत गर्ने उपायहरू पनि प्रस्तुत गरेर ती तरिका अँगालेर कविको कवितालाई मानसिक धरातलमा नाप्न सकिन्छ भनेका छन् ।

## ५.२.८ 'नेपाली कथाहरूमा पाइने मनोवैज्ञानिक प्रवृत्ति एक अध्ययन' समालोचनाको अध्ययन

रमेश खनालले नेपाली कथाहरूको अध्ययन पश्चात् त्यसभित्र भेटेका मनोवैज्ञानिक प्रवृत्तिमा बढी संवेगको प्रयोग भएको पाए । उनले विविध नेपालीकथाहरू अध्ययन गर्दा संवेगले प्रभुत्व जमाएको र अधिकांश कथाहरूमा संवेगलाई प्रस्तुत गरेर कथाको मनोवैज्ञानिक पक्षमा संवेगको अपरिहार्य भएको ठानिएको छ[२०६] भन्ने कुरा व्यक्त गर्दछन् । संवेगविना जीवनमा जीवन्तता नै आउँदैन । मनोविज्ञ युङ्गले संवेगका पाँच विशेषतालाई महत्त्व दिए । तर अन्य मनोविज्ञ युङ्गको परिभाषामा सहमत छैनन् । संवेगका सम्बन्धमा आइजनेकको विचारलाई धेरैले मानेका छन् । उनको विचारमा संवेग त्यो जटिल अवस्था हो जसमा व्यक्ति कुनै वस्तु अथवा परिस्थितिलाई बढेको रूपमा प्रत्यक्षीकरण गर्दछ, त्यसमा ठूलो मात्रामा शारीरिक परिवर्तन हुन्छ । यसमा व्यक्तिको व्यवहार उक्सिने (Aproach) फिर्ता (Withdrawl) हुने गर्दछ । उनका अनुसार संवेग दुःखान्तबोधक र सुखान्तबोधक गरी दुई रूपमा वर्गीकरण गर्न सकिन्छ ।

संवेगात्मक अवयवमा समस्या निराकरण गर्नसक्ने र नसक्ने दुई प्रवृत्ति हुन्छ । सुखात्मककार्यमा सकारात्मक संवेग र दुःखात्मक कार्यमा नकारात्मक संवेग हुन्छ ।[२०७] समस्या निराकरण गर्न सक्ने कथाको उदाहरण विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चश्मा' विजयमल्लको 'माया पोख्ने भाँडो', समस्या निराकरण गर्न नसक्ने कथाको उदाहरण तारिणीप्रसाद कोइरालाको 'झूल' हो । धेरै मनोविज्ञका भनाइमा संवेगलाई एकातिर पन्साएर जीवनमा जीवन्तता ल्याउन सकिदैन । जीवन संवेगको उतार-चढाव, मानवीय आरोह-अवरोह

---

[२०६] ***पूर्ववत्,*** पा.टि.नं. पृ. ५३ ।

[२०७] ***ऐजन,*** पृ. ५९ ।

पनि हो र अन्य सम्मिश्रणात्मक गुणहरूको समावेश हो । अन्य गुण भन्नाले चेतना अभिप्रेरणा, संस्मरण तथा विस्मरण, सपना, ध्यान रुचि क्रिया-प्रतिक्रिया, प्रत्यक्षीकरण, संवेदना आदि आदि । तर खाली संवेगलाई छोएर मात्र पनि कथा लेख्न सम्भव हुँदैन । मनोविज्ञानको एउटा मात्रै गुण केलाउँछु भन्नु माकुराको एउटा मात्र जालो निकाल्छु भनेझैं हो । यसका साथै खनालले **मनोसम्मिश्रणात्मक** गुणहरूलाई प्रस्तुत गर्दै कथामा कहिले संवेगलाई त कहिले अरू कुनै मनोवैज्ञानिक गुणलाई प्रस्रय दिनुपर्ने, अन्य बाँकी गुणहरू गौण हुनपुग्छन् भन्ने तर्क प्रस्तुत गरेका छन् । रमेश खनालले विभिन्न मुलुकको कथाभित्र कुन मनोवैज्ञानिक प्रवृत्तिलाई समावेश गरेको छ भन्ने कुरा अध्ययन पश्चात् प्रस्तुत गरेका छन् । त्यसमा मनोवैज्ञानिकताको साथमा सङ्क्षिप्त कथासार पनि छ । त्यस्ता कथाहरूमा रुस, प्यालेष्टिन, भारत, इटाली, अष्ट्रेलिया, पोल्याण्ड, नाइजेरिया, अमेरिका, चीन, जापान, फ्रान्सका कथा जुन विश्वप्रसिद्ध पनि छन् । ती कथाहरूमा भएका, ईर्ष्या, पीडा, मानसिक चेतना, मृत्यु, प्रेम, कष्ट, तिरस्कार, भावना र भावनात्मक प्रेम जस्ता प्रवृत्ति पाइन्छ भन्ने उल्लेख गरेर त्यस्ता संवेगात्मक वा ज्ञानात्मक कथा लेखिने कारण पनि प्रस्तुत गरेका छन् ।

उनले यी मनोवैज्ञानिकताको खोजी गर्न नेपाली कथाभित्र रुमल्लिँदा उपशीर्षक राखेर नेपाली प्रख्यात मनोवैज्ञानिक कथाहरूको छोटकरी विश्लेषण गर्ने काम गरेका छन् । मनोवैज्ञानिक परिवेशमा लेखिएका कथाहरूमा मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू 'कर्णेलको घोडा', 'पवित्रा', 'बिहे' 'सिपाही', 'श्वेतभैरवी', 'दोषी चश्मा', होड आदि उनका थुप्रै मनोवैज्ञानिक कथाहरूको खनालले विश्लेषण गरेका छन् ।

अर्का कथाकार भवानी भिक्षुको 'त्यो फेरि फर्कला, इन्द्रबहादुर राइको 'ब्ल्याक आउट, काजु बदाम छोरा', 'कथास्था', 'मैले सरिताको हत्या गरें' जस्ता कथाहरूमा मानसिक उथल पुथल राम्रोसँग अध्ययन गर्न सकिने कुरा खनाल भन्छन् । मनोवैज्ञानिक धरातललाई छोएर मृदुहाँस्य करुण तथा व्यङ्ग्यले ओतप्रोत भएका संवेगात्मक कथा लेख्ने कथाकार तारिणीप्रसाद कोइराला पनि हुन् । उनको 'झूल' कथामा समस्या निराकरण वस्तुको भौतिक अस्तित्व नासेर खतम पारें भनी ठान्ने पात्रको मनःस्थितिको चित्रण गरेर खनालले विश्लेषण गरेका छन् ।

अर्का कथाकार शिवकुमार राईको 'माछाको मोल' त्यस्तै कथाकार विजय मल्लको 'माया पोख्ने भाडो' मा विदेशमा पलायन हुनेहरूलाई व्यङ्ग्य र मानसिक विक्षिप्तिलाई उदाङ्ग पार्ने काम भएको छ । त्यस्तै रमेश विकलको 'त्यो ढोकामा सधैं ताल्चा मर्छ' मा बालस्वतन्त्रता

हननलाई देखाइएको छ । मानसिक द्वन्द्वको संघारमा शून्यवादमा आस्था राख्ने 'आदिम देश' जस्तो कथा लेख्ने पारिजातलाई मनोवैज्ञानिक कथाकारको रूपमा प्रस्तुत गरेर उनको कथामा हीनता बोध र नकारात्मक विचारको प्रधानता रहेको पाइन्छ । त्यस्तै पोषण पाण्डेको 'भिनाजुको स्वीटर' मा आफ्ना पति र बहिनीमाथि घृणित शङ्का गरेर स्वीटर उधार्न पुगेकी दिदी आफैँ लज्जित भएकी छ । संवेगलाई विकृत दिशातर्फ लगाएमा आफैँ दुःख पाइन्छ भन्ने कुरा देखाइएको छ । त्यस्तै मानसिक संस्मरणात्मक कथा लेख्न सिपालु मानिएकी कथाकार देवकुमारी थापाको 'बलेको आगो' कथा पनि मनोवैज्ञानिक कथा हो । यसरी कथाकार भिक्षुदेखि देवकुमारी थापासम्मका कथाकारहरूले संवेगकै अवयवमा कथाहरू लेख्दै आएको देखिएको कुरा प्रस्तुत गर्दै कथाहरूले जटिलता, कुण्ठा, हीनतावोध, तनाव जस्ता युगले जन्माएको वातावरणमा अनुबन्धित भएर प्रशस्त कथाहरू जन्मे पनि संवेगको घेरा नाघ्न सकेका छैनन् भन्ने कुरा खनाल भन्दछन् ।

ध्रुवचन्द्र गौतमको 'लाश पाइयो/लाश चाहियो' कथा पनि हीनताबोध ग्रसित मनोवैज्ञानिक कथा हो । परशु प्रधान, प्रेमा शाह, कुमार ज्ञवाली, मनु ब्राजाकी, ध्रुव सापकोटा, पुष्कर लोहनी, विश्वम्भर चन्चल, शैलेन्द्र साकार, नारायण ढकाल, भागीरथी श्रेष्ठ, खगेन्द्र सङ्ग्रौला लगायत थुप्रै नेपाली कथाकारले लेखेका कथाहरू मनोवैज्ञानिक छन् जसमा हीनताबोध, संवेग, नैराश्यता, कुण्ठा आदिलाई प्रधानता दिएर कथा लेखिएका छन् । रमेश खनालले अध्ययनबाट उनले अधिकांश कथाहरूमा संवेगलाई प्रधानता दिएको स्पष्ट गरेका छन् ।

## ५.२.९ 'विश्वेश्वरका कथामा तेस्रो पात्रको भूमिका' समालोचनाको अध्ययन

कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूमा तेस्रो पात्रको उपस्थिति गराएर त्यस पात्रको उपस्थितिलाई सहजरूपमा लिइए तापनि त्यस पात्रले कथामा उथल पुथल मच्चाएको हुन्छ । जस्तै 'पवित्रा' कथाको पात्र पवित्रा कुरूप देब्रे गोडा छोटा भएर खोच्याउने, केशवदेवकी भान्से बाहुनी हो । उसले केशवदेवको ओछ्यान मिलाई दिन्छे । कहिले बाबुले ज्यूनार भएन भन्दै ढकनी बनाएर ख्वाउँछे । राती निकै बेर पढेको देखी माया लाग्दो गरेर यसरी धेरै बेर जाग्राम बस्यो भने त आँत टुट्छ भन्छे । केशवदेवको दिलोज्यानले सेवा गरेको देखेर नेवार्नीहरू व्यङ्ग्य गर्छन् । तर त्यो व्यङ्ग्य उसले बुझ्दिन । मालिकको सेवा स्याहार सुसार मनदेखि नै गर्नुपर्छ भन्छे । पवित्रा एक आइमाई हो उसको मन तथा चाहना ज्युँदो छ । उसले

केशवदेवलाई चाहेकी छ भन्ने कुरा कथामा तेस्रो पात्रको प्रवेश हुनासाथ थाहा हुन्छ । केशवदेव पढेको, सुयोग्य, भन्सारको हाकिम उनले सुखद पारिवारिक जीवनको काममा गर्नु अस्वभाविक होइन । विवाह भएर तेस्रो पात्र आउँदैछ भन्ने सुन्ने बित्तिकै पवित्राको नौनाडी गल्छन् शरीरबाट स्फूर्ति हराउँछ जाँगर हट्दछ । ऊ भित्रको दमित इच्छा विवाहको दिन दुलाहा बनेर रत्यौली खेल्नेको गोडामा छाँद हालेर डाँको छाडेर रोएको कुरा नै पर्याप्त हुन्छ । जे होस् दुलही बनेर भित्रेकी तेस्रो पात्रले कथामा भूँइचालो नै ल्याएकी छ । यसरी तेस्रो पात्रको उपस्थिति नगराएको भए पवित्राको दमित इच्छा प्रकट हुने थिएन ।

त्यस्तै विश्वेश्वरको अर्को कथा 'सखी' मा नकारात्मक विचारले सकारात्मकता व्युझाउँछ भन्ने कुरा तेस्रो पात्रकै माध्यमबाट सफल भएको छ । लोग्ने स्वास्नीको सुखद दाम्पत्य जीवनमा एक युवकको प्रवेशले हुरीबतास ल्याइदिन्छ । पति हुँदा हुँदै पत्नी युवक प्रति आकर्षित भई । युवक पटक पटक 'मलाई म्वाइँ देउ न' भन्ने माग राख्छ । पत्नी रिसाउँछे मलाई नाश पार्न कम्मरकसेको भन्छे । त्यति हुँदा हुँदै पनि उसको मनमा यौनको ज्वारभाटा चल्छ । ऊ त्यस युवकले बलिष्ट बाहुले समाओस् आदि आदि सोच्छे । यथार्थ एकाएक प्रतिचरम भइदिन्छ । युवक कुनै उत्तेजित क्रियाकलाप गर्दैन । ऊ युवकलाई उक्साउने प्रयास गर्छे तर युवक उक्सदैन । यो क्रियाकलापले ऊ एकाएक युवकको कोठाभित्र पसेर युवकले पढिरहेको पुस्तक च्यात्छे र उसलाई निकालिदिन्छे । त्यसपछि आफ्नो पतिसँग टासिन्छे त्यो डरलाई बिर्सने प्रयास गर्छे । त्यतिबेला उसको हृदयबाट नुतन प्रेमको वेग बढछ । यस्तो तीव्र प्रेमको अनुभव उसले कहिल्यै गरेकी थिइन । त्यसदिनबाट ऊ आफ्नो पतिलाई माया गर्न थाल्दछे । यसरी 'सखी' कथामा तेस्रो पात्र युवकले पति पत्नी बीच केही समय उपस्थिति जनाएर नकारात्मक संवेगबाट सकारात्मक संवेग सृजना गरेकाले तेस्रो पात्र कृतज्ञ भएको छ ।

त्यस्तै कोइरालाको होड कथामा पद्म र पद्मा पति पत्नी, बीचको सामान्य सम्बन्धलाई तेस्रो पात्र हरिकृष्णकी विध्वीलाई उपस्थित गराउँदा ती दुइको पति पत्नीको सामान्य सम्बन्धलाई पन्ध्र दिनमा कसिलो प्रेममा परिणत गराएका छन् ।

यसरी कथाभित्र तेस्रो पात्रको उपस्थित गराएर विश्वेश्वरप्रसाद कोइरालाले त्यो तेस्रो पात्रले कथामा हलचल मच्चाएर सम्बन्धलाई प्रगाढ बनाएका छन् भन्नेकुरा रमेश खनालले यस समालोचनाबाट पुष्टि गरेका छन् ।

### ५.२.१० 'मधेशतिरको मनोवैज्ञानिक अन्वेषण' समालोचनाको अध्ययन

कथाकार विश्वेश्वरप्रसाद कोइरालाको 'मधेशतिर' कथाभित्र भएको मनोवैज्ञानिक पक्षको खोजी गर्ने काम रमेश खनालबाट भएको छ । यो 'मधेशतिर' कथाभित्र रहेको यौन मनोविज्ञानको अन्वेषण गर्ने क्रममा खनाल लेख्छन् 'कर्णेलको घोडा' मा कर्णेलनी मुख फोरेर तिमी जस्ता बूढाले मेरो इच्छा पूरा गर्न सक्दैनौ" भन्न सक्दिन तर अचेतनमा यौन लुकाएर राख्न सक्छिन् । उनी घोडा सुमसुम्याएर यौनको ज्वारभाटा शान्त पार्छिन् तर उनलाई नै यो कुरा थाहा हुँदैन । तर मधेशतिरकी विधवामा यौन लुकाएर प्रकट गर्ने आशय पटक्कै छैन । यिनी यौनलाई जीवन यापन क्रमको एक प्रवाह हो भन्ने ठान्छिन् । उनीमा छोरा पाउने, घरजम गर्ने, खेती किन्ने आदि विचार अटुट रूपमा तरङ्गित हुन्छ । यौन उच्छृङ्खल होइन, स्वाद मेट्ने मसला पनि होइन । यो त जीवन प्रवाह ल्याउने शृङ्खला हो भन्ने अभिव्यक्ति छ ।

नेपाली समाजमा लोग्ने मरेपछि निसन्तान नारीलाई शरीर जोगाएर बाँच्न हम्मे पर्छ । उर्लेको बैंश देखेर पापी आँखाहरू मुखमा र्‍याल निकालिरहेका हुन्छन् चाहे त्यो ससुरा, देवर, जेठाजु किन नहुन् । उल्टै सासु, आमाजु, नन्दले जगल्ट्याएर निकाल्नै मात्र खोज्छन् । मधेश एउटा प्रदेश जहाँ प्रशस्त फाँट, उर्वर र मलिलो भएकोले पाहाडका दुःखपाएकालाई तराई झार्छ । त्यसै अनुरूप काम, दाम, मामको लोभले हिडेकाहरूसँग विधवा तराई झर्ने क्रममा घरजम गर्ने बाच्ने रहर, विवाह गरी छोरा पाउने रहर बोकेर हिडेकी उसँग गहना, खाजा छन् । यात्री मध्येको गोरेसँग विवाहको प्रस्ताव गर्छे र गहना छ त्यसैबाट घरबार जोडौंला भनेर यौन जाहेर गर्छे । मेरो गहना तिम्रै हुन्छ भनेर जीवन प्रवाहमा बाध्न खोजेकी थिई । तर नियति अर्कै छ । राती नै गोरे गहना कुम्ल्याएर बेपता हुन्छ । विधवा आफूसँगको गहना चोरी भएकोले तराई जाने कि घरै फर्कने भन्ने दोधारमा पर्छे तर ऊ घरमा सासु-ससुराको झम्टाइ सम्झन्छे र रुन थाल्छे । यात्री मध्येकै बूढोले अब चोरिएको सामान सम्झेर नरोऊ मधेशमा केही न केही उपाय भैहाल्छ । हामीसँगै हिड भन्छ । गहना चोरी नहुन्जेल अर्को दृष्टिले मधेशलाई हेरेकी र सुख ठानेकी, सुख, उन्माद र उमङ्ग लिएर हिडेकी विधवा गहना चोरी भएपछि टोल्हाएर उभिएकी छे । उसको सपना टुट्छ, मन मर्छ ऊ आफैं शिथिल छे । उसले बनाएका कल्पनाको, संसारको चाहना तासको घर झैं ढलेको छ । ऊ घर फर्कन चाहन्न तर उत्साह हीन भएर बुढी उमेर ढल्केको ठान्दै मधेशतिर झर्न दक्षिण फर्केकी छ ।

यस कथामा खानाल समालोचना गर्दा पहाडभन्दा मधेश राम्रो, विधवालाई बाच्न दुःख र गाह्रो छ । यौन जीवनमूलक प्रवृत्ति हो । यो अकाट्य छ । जाली, फटाहा, चोर जहिले जहाँ पनि हुन्छन् भन्ने कुरा खनाल विश्लेषण गर्दछन् ।

## ५.२.११ 'गुनकेसरी' को मनोविश्लेषण' समालोचनाको अध्ययन

कथाकार भवानी भिक्षुको पूर्णतया संवेगात्मक प्रवृत्तिको कथा 'गुनकेसरी' मा ईर्ष्या, घृणा, प्रेम र तिरस्कारको उतार चढाबलाई कथाकारले राम्रोसँग तालमेल गरेका कुरा समालोचक रमेश खनालको खुट्याइ छ । समाजमा भएको आदर्शको खोल ओढेर विजयलाई प्रेम गर्ने, भावनाशील र सौरभशाली बनेकी अन्तरमुखी स्वभावकी गुनकेसरी बहिनीलाई माया गरेझैँ गरेर ईर्ष्या, डाहा, घृणा र तिरस्कारलाई लुकाएर बस्ने गुनकेसरीको संवेगको कथा हो यो । केटाले हेर्न आउँदा दिदीको सट्टा बहिनी मागेपछि हीनता, बेइज्जती, तिरस्कार पिएर बसेकी गुनकेसरी बहिनीको सुअवसरको प्रशंसा गर्छे र प्रशन्नता व्यक्त गर्छे तर मुखले मात्र तर सोचाइमा भने ईर्ष्या छ । बहिनीको गर्भ रहेको खबरले सौभाग्यको बयान गर्छे तर राती अज्ञात अभावले त्रसित हुन्छे । बहिनीलाई राम्रा मीठा कुरा आदर्शका कुरा चिट्ठीमा लेख्छे तर दुई बालक जन्मेको सुनेर क्रोध र घृणाले आहत हुन्छे आफूलाई एक्ली ठान्दै एकान्तप्रिय हुन्छे । आफ्नो पतिबाट बहिनीको छोरा भएको खबर सुन्दा 'कस्तो सजिलो हानी रहित व्यवसाय, सजिलै पिता बन्न सकिने भन्छे । यो व्यङ्ग्यले नेपालको जनसङ्ख्या बृद्धिलाई पनि समेटेको छ । बहिनीको सन्तानप्रति घृणा भनेको आफ्नो सन्तानको कामना  हो ।

यस कथामा प्रमुख पात्र 'गुनकेसरी' घृणा, पीडा, ईर्ष्या, डाहाबाट अघिबढेकी छ भने एक पुरुष पात्र विजय माया, प्रेमको भावनामा बहेको छ । विजयले कतिमाया गुनकेसरी माथि प्रकट गर्दा पनि गुनकेसरी आदर्शको खोल ओढ्दै नातावादको कुरा गर्छे । तर भित्रभित्रै भने ऊ विजयको प्रेमले घायल छे । त्यसैले ऊ पतिसँग खुसी छैन । पछि विजयलाई म माइत आएकी छु केही दिन आइदेउ भनेर पत्र लेख्छे । तर विजयको धारिलो कठोर र स्वच्छ शब्दले मुर्च्छित हुन्छे । उसको सचेतना सतर्कता सबै दुम्सी झैँ कता हरायो कता । यस कथामा पूरै संवेग नै संवेगले समेटिएको छ । समालोचक खनाल यो कथाको चर्चामा मुरारी रेग्मी, पद्मप्रसाद देवकोटा, घनश्याम कँडेलले यो अगावै गरेका समालोचना बारे पनि व्यक्त गरेका छन् ।

## ५.२.१२ 'मनोविश्लेषणात्मक अन्तरद्वन्द्वमा गुन्थुनिएको 'दोषी चश्मा' का केशवराज र 'द डेथ अफ क्लर्क' का बैदार इभान दमित्रीय' समालोचनाको अध्ययन

कथाकार विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चश्मा' र अन्तोन चेखोवको 'डेथ अफ क्लर्क' भित्रका पात्रहरू केशवराज र बैदार इभान दमित्रीय उस्तै चरित्रका छन् । दुवै मनस्तापी (Neurosis) छन् । दुवै चाकरी गर्छन् र कथाको अन्त्य भने भिन्न छ यहाँ । दोषी चश्माका केशवराजको मन अलि दरो र आत्मबलका कारण माफी मागेर सन्तुष्ट हुन्छ तर बैदार इभानको मन कमजोर छ राम्रोसँग माफी माग्न सक्दैन र अन्त्यमा मर्दछ भन्ने कुरालाई तुलना गर्दै पात्रको मानसिक स्तरलाई रमेश खनालले देखाउँन खोजेका छन् । दोषी चश्माका केशवराज जर्साबलाई राम्ररी ठम्याउँन नसक्दा दर्शन गर्न नभ्याएकोले यो दोष उनी चश्मालाई दिन्छन भने मनस्तापी भएका कारण चश्मालाई ठाँडो भन्छन् । जे कुरामा पनि रिसाउँछन्, मनस्तापको निराकरण नभएसम्म यो गुण देखिई रहन्छ । त्यस्तै 'डेथ अफ क्लर्क' का बैदार इभान पनि नाट्यशालामा 'कोर्निभिलका घण्टाहरू' भन्ने नाटक हेर्दा हेर्दै हाच्छयूँको छिटा जर्नेलको गर्दनमा परेको कारणले मनस्तापी बन्दछ । ऊ अस्थिर आत्माविश्वास भएको चिन्ता ग्रसित छ । उसलाई असभ्य र व्यवहार गर्न नआउने नसम्भि देवोस् भन्ने चिन्ता ग्रसित छ । केशवराजलाई राणाहरूको वर्वरता र इभानलाई जारहरूको क्रूर दमन शासनबारे ज्ञात छ । दुवै माफी माग्न प्रयत्नरत छन् । तर दुवैको मनोवैज्ञानिकतालाई केलाउँदा इभानको तुलनामा केशवराजको आत्मवल दरो छ । ती शाशकहरू उनीहरू दुवैको अन्नदाता हुन् । रिसाए भने संकट पर्ने छ भन्ने कुरामा दुवै चिन्तित छन् । बैदार इभान्ले जर्नेल समक्ष धेरै पटक सफाई पेशगर्दछ । जर्नेलको झर्किलो स्वभावले ऊ त्रसित हुन्छ । जर्नेल पनि इभानको वाक्क लाग्दो व्यवहारले दिक्क भएर रुन्चे मुख लगाएर "महाशय के तपाई मेरो खिल्ली उडाउन चाहनु हुन्छ" भनेर ढोकाभित्र पस्दछ । यसबाट इभानको जर्नेललाई चित्त बुझाउन सक्ने क्षमताको कमी छ भन्ने स्पष्ट हुन्छ । केशवराज अठोटकासाथ सफाई पेश गर्छन् जर्नेल यस्तो सानो कुरा पनि म बुझ्दिन त भन्छन् । यसबाट केशवराजका सबै चिन्ता मुक्त भएर उनको मनस्तापको अन्त्य भएर भोक जाग्छ । मन, शरीर हलुङ्गो हुन्छ । बैदार इभान भने जर्नेलसँग स्पष्ट कुरा राख्नै डराउँछन् र जर्नेलको झर्किलो स्वभावले झनै चिन्तित र मनस्तापी बन्छन् फल स्वरूप उनी मर्छन् । यी दुई मनस्तापी पात्रको मानसिक स्तरको तुलना गर्दै उनीहरू बीचको मनोवैज्ञानिक भिन्नता जाहेर गर्ने काम खनालले गरेका छन् ।

## ५.२.१३ 'सावित्रीको बाख्रो' कथाभित्र संवेग समालोचनाको अध्ययन

'सावित्रीको बाखो' कथा भवानी भिक्षुको मनोवैज्ञानिक संवेगको उत्कृष्ट नमूना हो । यस कथालाई समालोचक रमेश खनालले पाश्चात्य मनोविज्ञ पी.टी. युङ्गले उल्लेख गरेको पाँच किसिमको विशेषताहरू रहेको कुरा उल्लेख गरेका छन् । ती विशेषतामा

(क) संवेग एक खास प्रकारको व्यवहारको उत्पत्ति हो ।

बाखाले बारीका काँक्रा, फर्सी आदि खाएपछि दाह्रा किट्दै खुट्टा बजार्दै तल ओर्लनु भनेको खास प्रकारको व्यवहारको उत्पत्ति हो । बाखोले त्यो नखाएको भए उसको व्यवहारमा परिवर्तन आउँदैन थियो ।

(ख) संवेग सम्पूर्ण व्यक्तिलाई समग्र रूपमा प्रभावित पार्दछ ।

पहिले बारी नाश गरेकोले आक्रोशित सावित्री बिस्तारै बाखो प्रति दया देखाउँछे । आक्रोशले गर्दा थुनेकी बाखो प्रति उसको ममता मोहले मिस्रित लोभले उसको व्यक्तित्वमा पूरै प्रभाव पर्छ । बाखो धनी आएर बाखो घिसार्दै लाँदा ऊ द्रवित भएर सबै बिरुवा ओखल्दै बाखोले चरेको यै होइन भन्दै सबै बिरुवा नष्ट पार्छे र कोठामा विह्वल भएर रुन्छे । लेखकको भनाइमा यो बाखो प्रति मानवीय मोहको उत्सर्ग हो ।

(ग) संवेग व्यक्तिलाई सामान्यताबाट टाढा लान्छ ।

सावित्री घरको काम, स्याहार जस्ता निम्न कार्यमा सीमित थिई । तर बाखोसँगको आक्रोश र मायाले उसलाई सामान्यताबाट टाढा पुऱ्याएको छ । बाखोको वियोगले विरही बनेर रोएकी छ ।

(घ) संवेगबाट त्यो व्यवहार चेतन अनुभूति हुन्छ ।

बाखाप्रति गरेको घृणा, मायाजस्ता व्यवहारले सावित्रीलाई थाहै नभइ उसको चेतना सजीव भएर उर्लेको छ ।

(ङ) संवेगमा शारीरिक अभिव्यक्ति एवं परिवर्तन

संवेगमा केही लक्षणहरू प्रकट हुन्छन् जसको निरीक्षण गरेर हामी भन्न सक्छौ क्रोध, घृणा, भय, प्रेम वा अन्य संवेग हुन् भनेर । संवेगको अभिव्यक्तिलाई तीन भागमा राखेर अध्ययन गर्न सकिन्छ । जुन (१) मुखाकृति अभिव्यक्ति, (२) स्वराभिव्यक्ति (३) मुद्रागत अभिव्यक्ति

यी तीनै अभिव्यक्ति सावित्रीमा छ । जस्तै बाखाले बारीमा सबै खाइदिँदा ऊ क्रोधित हुन्छे । उसको आँखा राता, निधारमा बल आदि यो मुखाकृति अभिव्यक्ति हो । मुखाकृति

अभिव्यक्तिको नमुना महान् चित्रकार लियोनार्दो दा-भिन्चीको प्रसिद्ध चित्र 'लास्ट सपर' हो । स्वराभिव्यक्तिमा तिखो र झर्के स्वरले चिच्याउनु हो । सावित्रीले चिच्चाउँदै कराउनु बाखो प्रति देखाएको स्वराभिव्यक्ति हो । त्यसै गरी शारीरिक मुद्राहरूले पनि संवेगलाई प्रकट गर्छन् । सावित्री हस्याङ-फस्याङ गर्दै आउनु, द्रवित भएर घोप्टो परेर रुनुलाई मुद्रागत अभिव्यक्ति भनिन्छ । संवेगमा एड्रेनल ग्रन्थिका कारण व्यक्ति भयमा भाग्ने र क्रोधमा आक्रमण गर्ने अधिक शक्ति यसैकारण आउँछ । यसरी यस कथाभित्र सावित्रीको संवेगात्मक परिवेश उदाङ्ग पार्ने काम भएको छ ।

## ५.२.१४ 'बहिर्मुखी व्यक्तित्व सिपाही' समालोचनाको अध्ययन

कथाकार विश्वेश्वरप्रसाद कोइरालाको 'सिपाही' कथाभित्र सिपाहीभित्रको बहिर्मुखी चरित्रलाई विश्लेषण गर्ने कार्य रमेश खनालले गरेका छन् । बहिर्मुखी चरित्र भएका मानिसहरू धेरै बोल्छन् । आफू वरिपरिको बाह्य वातावरणमा केन्द्रित हुन्छन् । फटफट गरिरहने, कहिले पनि चुप नलाग्ने, मनका कुरा सबै ओकल्ने स्वभावका हुन्छन् ।[२०८]

'सिपाही' कथाका सिपाही त्यस्तै फटाफट बोल्छ । ऊ बाटोमा हिडेकी स्वास्नी मानिसलाई सासूजी तपाइकी सानी छोरी कस्ती छ ? भन्नु हवस् मेरा मनपरेकी सासु भन्दै जिस्काउँछ । पुनः फर्किदा एउटा शी फ्रेम भएको ऐना, बीस हाते फरिया ल्याउने कसम खाएर र थकाई मेटेर दुई घडी रात बाँकी हुँदै बिदा भएर हिड्छ सिपाही । ऊ छुट्टि मनाउन घर फर्केको तर आफ्नो दुलही रोगी र बेकामकी छ भन्छ । दुई छोरा छन् । घर, छोराहरू र श्रीमतीको परवाह गर्दैन । ऊ जहाँ गयो त्यही जिस्किदै पिरती गाँस्दै हिडछ । ऊ रसिलो हँसिलो छ । मलाई त मेरो बाबुले पढाएनन् तर को दुःख बेसाओस् छोरालाई पढाउन तर इच्छा त थियो भन्छ । बम, बारुत, गोली, मृत्युको कुरा गर्दा ऊ उत्साही र खुसी हुन्छ । ऊ प्रथम, दोस्रो, फक्ल्याण्ड र खाडी युद्ध देखिसकेको व्यक्त गर्छ । युद्धले कहिले माथि ल्याएन योद्धाले कहिले शान्ति पाएनन् । सिपाहीलाई बोल्न र मान्छे फसाउन कसैले सक्दैन ।

युद्ध र योद्धाको सम्बन्ध नङ मासु जस्तै छ कोमल मनले शान्ति नै चाहन्छ । तर शान्तिको कामना मनभित्र मात्रै गरेर पुग्दैन रहेछ । व्यवहारमा क्रान्तिका लप्काहरू जुर्मुराएर उठेको आभास प्रत्येक दिन गरिदो रहेछ । क्रान्तिका लप्काहरू व्युँताउन सिपाही रङ्गहरू खोजी

---

[२०८] ***पूर्ववत्,*** पा.टि.नं. २०, पृ. १८७ ।

खोजी हिड्ने गर्दछ । फसाउनु के हो ? उनीहरूको उद्धार गर्नु हो । सिपाहीको आन्तरिक चाहना यौन सन्तुष्टि प्राप्त गर्नु रहेको छ । ऊ क्वेटामा अर्की दुलही भित्र्याउँछ र पनि राम्रो युवतीसँग मोहित हुन्छ । युवती क्याप्टेनसँग भाग्छे । त्यसमा उसलाई बिस्मात् छैन् । जहाँ पुग्दा जुन युवती भेटिन्छे त्यसैसँग मोहित भएर आकर्षित हुँदै, अनेकौं कसम खाएर स्वर्णिम रात बिताएर भिसमिसे बिहानीमा हिड्छ । सिपाही अविवेकी, कसैको वास्ता नभएको हुँदा रहेछन् भन्दै सिपाहीकथाको बहिर्मुखी पात्र जो बाहिर देख्दा रसिलो छ तर अविवेकी भएको खनालले समालोचना गरेका छन् ।

## ५.२.१५ कुमार ज्ञवालीको 'बाघको वेग' को मन्थन समालोचनाको अध्ययन

कथाकार कुमार ज्ञवालीको मनोवैज्ञानिक कथा 'बाघको वेग' मुक्ति, शान्ति, स्वतन्त्रता र सन्तुष्टिको प्रतीकात्मक कथा हो । मनभित्र कुँजिएर बस्नुपर्ने बाध्यताबाट मुक्ति पाउन यस कथामा नायकले रम पिउने गर्छ । रम पिएपछि आफूभित्र बाघको जस्तो वेग उर्लेर आउने अनुभव गर्दछ । ऊ रेष्टुरेन्टको बिल तिरेर निस्कँदा ऊ भित्रको बाघ पूर्ण शक्तिका साथ गर्जन गरिरहेको अनुभव गर्दछ । नशाले संवेग जति-जति तिख्खर हुँदै जान्छ । त्यतित्यति नै उसले मुक्तिको परिवेश उर्वर देख्छ । हाकिमको शोषण व्यवहारबाट ऊ मुक्ति चाहन्छ । ऊ हाकिमको दबाब सहन सक्दैन र विरोध पनि गर्न सक्दैन । जागिरको मानसिक बन्धनले उसलाई विरोध प्रकट गर्न दिंदैन । ऊ स्वतन्त्र भए पनि मानसिक यातना अभिव्यक्त गर्ने साहस गर्न सक्दैन । ऊ त्यसैकारण रम पिउँछ । त्यही साहस उसलाई रमले दिन्छ । पीडा र मुक्तिबीचको दोहोरो पीडमा आफूलाई बाघको वेग ठान्दै ऊ हिंडछ उसका खुट्टा लर्खराए तापनि आनन्द मान्छ । मर्न त कोही पनि चाहँदैन, नचाहँदा नचाहँदै मर्नु  पर्छ । कति त नमरिकन मरेका छन् भने कति मरेर पनि बाँचेका छन् । ऊ पनि मर्न चाहँदैन तर उसले मर्नुभन्दा अगाडि धेरै कष्ट भेलेको थियो । मुखबाट सेतो फिज निस्केको तथा सुरालपनि निथ्रुक्क भिजेको थियो । ऊ हीनताबोधलाई रमबाट चढ्ने बाघले छोप्न चाहन्थ्यो । उभित्र आत्मग्लानी छ तर ऊ समर्पण गर्न चाहँदैन । ऊ आफ्नो अभिमानलाई सन्तुलित र नियन्त्रण गर्न नसकेर रमको बोतल समाउन परेको र बाघलाई जागृत गर्नु परेको थियो उसलाई ।

समय, परिस्थिति, शिक्षा, ज्येष्ठता आदि कुराले गर्दा आफूभन्दा थोरै बुद्धि भएका व्यक्तिहरू हाकिम भएका कार्यालयमा पक्कै पनि विरोधाभासपूर्ण मनस्थितिको उदय हुन्छ । तर ती सबै कुराहरूलाई जागिरेको मर्यादाभित्र पालना गर्नु पर्दछ । संयम राख्नु, अनुशासन मान्नु

पर्दछ । यसरी बस्न नसक्नेहरू शक्तिशाली बन्ने कल्पना गर्दै बाघको वेग थाम्न रमको सहारा लिने गर्दछन् । बाघ बन्ने धारणाले रम पिएर मुखबाट फिँज, सरुवालभरि पिसाब हुने गरी मृत्युको मुखमा पर्नुभन्दा आफूमा संयम कायम गर्नसके राम्रो हुने कुरा रमेश खनाल व्यक्त गर्दछन् ।

## ५.२.१६ 'माया ठकुरीको 'निर्मला' कथाको मनोवैज्ञानिक विश्लेषण' समालोचनाको अध्ययन

वि.सं. २००५ मा शिलाङ्मा जन्मेकी माया ठकुरीको 'निर्मला' कथा एक बालमनोवैज्ञानिक कथा हो । निर्मला बाहेक 'नजुरेको जोडी', 'गमलाको फूल', 'साँघु तरेपछि' आदि कथा लेख्ने कथाकार गण्डकी बोर्डिङ्ग स्कुल पोखरामा कार्यरत छिन् । कथाकार माया ठकुरी नेपाली साहित्यको फाँटमा स्थापित नाम हो । यो 'निर्मला' कथा समकालीन साहित्य २७ औं अङ्कमा प्रकाशित भएको कथा हो । समालोचक रमेश खनाल र श्रीमती खनालले माया ठकुरीको 'निर्मला' कथा पढिसकेपछि आँखाभरि आँसुपार्दै निर्मला नामकी बालिकाको जीवनी, उसको मानसिकता भन्ने विषयमा कुराकानी गरे साथै गोपालप्रसाद रिमालको भनाइ बालककालमा आमा मर्नु र बुढेसकालमा स्वास्नी मर्नु अत्यन्तै पीडादायक हुन्छ भन्ने भनाइ दुवैलाई अति नै घत लाग्यो । ठीक लाग्यो र निर्मला जस्तै थुप्रै बालिकाहरू माताको निधनपछि विमाताको अत्याचारको चपेटामा परेर मर्नु न बाच्नु भएका र कतिपय त मेरका छन् भन्नेकुरा ठकुरीले निर्मला कथाबाट देखाउने काम गरेकी छन् । यो बालमनोविज्ञानमा आधारित कथा हो । स्वास्नी मर्नासाथ विश्वनाथले अर्को विवाह गर्न छोरीसँग तिमीलाई माया गर्ने आमा विवाह गरेर ल्याउँ है भनेर अर्को विवाह गरेका थिए । माताको प्रवेशपछि थुप्रै माया पाउने मानसिकता बोकेकी निर्मलाले अन्याय र अत्याचार सहनु, नगरेको गल्तीको आरोप लाग्नु, अलच्छिना, आमा खाने जस्ता आरोप लाग्छ । गाली, पिटाइ खानु उसको दैनिक नियति नै भइसकेको छ । यस्ता अलच्छिना बाच्नुभन्दा त्यैं तल खोलामा हामफालेर मर भन्ने आदेश हुन्छ । विमाताको दिनहुँ कुटाइ, तिरस्कार, घृणा, अपमान र कसलाई खान बाँचेकी भाइलाई कि मलाई भन्ने आरोप लाग्छ निर्मलालाई । बाबु विश्वनाथ पनि निकै कठोर भएर भाइलाई केही गरेमा थुन्ने र खान नदिने सुनाउँछन् । यसरी विमाता जस्तै पिताको पनि व्यवहार देखेपछि निर्मला लाटी हुन्छे बोल्नै छोड्छे । उसको बाल मस्तिष्कमा नराम्रो असर पर्छ । उभित्रको ईर्ष्या ऊ भाइलाई ल्याइदिएको खेलौना च्यातेर, विगारेर र भाइको गालामा चिमोटेर शान्त पार्दथी । एक पटक त

उसले मस्त सुतेको भाइलाई बोकेर खोलातिर लाग्छे । साउने खोला उर्लिरहेको देखाउँदै चिच्याउँदै रोएको भाइलाई जा उता जा तेरी आमा त्यहाँ छे भन्छे । निर्मलाको हृदयमा दवेको अपमानको बदला थियो त्यो । घाँसकाटने आइमाइले भाइलाई बचाउँछे । पछाडि पिता र विमाता कराउँदै दौडदैं आइरहेका हुन्छन् । निर्मला खोलामा भ्वाम्म हामफालेर मुक्ति पाउँछे । तीनदिनपछि उसको ढाडिएको लाश एउटा ठूलो चट्टान माथि फेला पर्छ । तनावयुक्त वातावरण ईर्ष्या, तिरस्कारले बढी प्रश्रय पाएको यस कथामा एक बालक जसले आमा बाबुबाट प्रशस्त माया पाउनु पर्ने समयमा घृणा, ईर्ष्या, दु:ख, खप्की पाएर बालसुलभ मनस्थिति एक भयानक ज्वालामुखीको रूपमा पैदा भई अन्त्यमा बालकले आत्महत्या सम्म गर्न पुगेको मार्मिक घटनाले भरिएको  छ । यस कथाले विमाता अर्थात् सौतेनी आमा र पिता जो बालबालिकाको मन पढ्न नसक्ने र कठोर भएकाले बाल मनस्थिति बिग्रन्छ भन्ने धारणा कथाकारले व्यक्त गरेका कुरा समालोचक व्यक्त गर्दछन् ।

## ५.२.१७ 'सुन्तलीको सनाखत एक विश्लेषण' समालोचनाको अध्ययन

कथाकार परशु प्रधानको 'सुन्तलीको सनाखत' कथा एक मनोवैज्ञानिक कथा हो । यो कथाको समालोचक रमेश खनालले तीन पक्षको विश्लेषण गरेका छन् । पहिलो यौनात्मक, दोस्रो भावनात्मक र तेस्रो व्यवहारिकताको परिवेशमा राखेर यो कथाको विश्लेषण गरिएको छ । यौनात्मक परिवेशलाई केलाउँदा यस कथाको नायिका सुन्तलीको बिहे एक लाहुरेसँग हुन्छ । विवाहपछि लाहुरे लाहुर फर्कन्छ र सुन्तलीको छोरी जन्मन्छे । सुन्तली छुट्टै घर किनेर बस्न थाल्छे । उसकी आमाको मृत्युपछि उसको लाहुरे बाबु धरान बस्न नमानेर पहाड जान्छन् । आमा, बाबु, भाइ र लोग्नेसँग रमाइलो जीवन बिताएकी सुन्तलीलाई नीरस अनुभव हुन्छ । त्यही नीरस जीवनबाट मुक्ति पाउन उसले वियर खान परपुरुषसँग सम्पर्क बढाउन थाल्छे । ऊ चङ्गा जस्तै भएर धरानको आकाशमा उड्रेर भ्रष्ट हुन्छे । लाहुरेले पठाएको डलरको दुरुपयोग गर्दै यौनको चरमसीमामा चुर्लुम्म डुवेकी सुन्तलीको हविगत हेर्न लाहुरे आइपुग्छ । लोग्ने आएकै भोलिपल्ट ऊ मर्दछे । इन्जिनियर भाइ धनेका कुराले सुन्तलीलाई लाहुरेले रिस थाम्न नसकेर मार्न पनि सक्छ । सुन्तली आफैले गरेको कार्यबाट लज्जित भएर आत्महत्या गर्न पनि सक्छे । कथाकारले सुन्तलीको मृत्युलाई निश्चय गर्ने अभिभारा पाठकमा छोडेका छन् यसलाई समालोचक रमेश खनाल पाठक स्वतन्त्रता भन्दछन् । यस परिवेशबाट प्राप्त गर्ने शिक्षा पनि

उनले व्यक्त गरेका छन् । जस्तै परपुरुषसँग सम्पर्क नगर्नु, पसिना बेचेर कमाएको धनलाई दुरुपयोग नगर्नु, इमान्दारपतिलाई धोखा नदिनु आदि ।

भावनात्मक परिवेशभित्र नियाल्दा कथाकारले भाइमार्फत् दिदीप्रति गरेको भावनात्मक तथा स्नेहात्मक सम्बन्धलाई मार्मिक रूपले व्यक्त गरेर कथालाई रोचक बनाउने काम गरेका छन् । सुन्तली मारिइ वा आफैँ आत्महत्या गरेर मरी सुन्तलीको मृत्युले धनेको मन रोएको छ । रगतको नाताले गर्दा धनेको सुन्तलीप्रति बढी आत्मीयता छ । त्यसैले उसको मृत्युमा धने निकै व्यथित छ । धने आफ्नो स्मृतिमा सुन्तलीलाई यसरी प्रत्यक्षीकरण गर्दछ । ऊ गोरी, सुन्तलाका केस्रा झैँ रसिला ओठ, ठूला र गोला आँखा, हाँसिरहने सेता चम्किला दाँत, उ न होची न अग्ली थिई, त्यस्तै न पातली न मोटी थिई । यसरी धने उसको यादमा छटपटाउँछ र सुन्तलीको अन्तर आत्माले भनेको सुन्दछ - मेरो निष्प्राण लाशलाई यसरी हेला नगर मेरो प्यारो भाइ तिमीले मलाई चिनेर सनाखत मात्र होइन मेरो लाश बुझ्नुपर्छ । मलाई बेवारिसे लाश नवनाइदेऊ, मेरो यत्ति अनुरोध । यसरी यो कथाभित्र भावनात्मक सम्बन्ध नजिक जोसँग छ त्यही व्यक्तिमात्र कसैको मृत्युमा यसरी व्यथित हुन पुग्छ भन्ने कुरा खनालले व्यक्त गरेका छन् ।

यस कथाको व्यवहारिकतालाई हेर्दा भने यो कथामा केही कुरा व्यवहारसँग मिल्दैन । यहाँ सुन्तलीको मृत्यु हुने बित्तिकै उसको लाहुरे लोग्ने बोस्निया फर्केको छ । सङ्कास्पद मृत्युको पक्का ठहर, मारेका वा मरेको भन्ने निक्यौंल नहुन्जेलसम्म मृत व्यक्तिको आसपासका व्यक्ति हिडन पाउँदैनन् भने लाहुरे त सुन्तलीको लोग्ने हो । ऊ कसरी त्यहाँबाट विदेश हिड्यो भन्ने प्रश्न त्यहाँ खडा हुन्छ । कथामा जे लेखेपनि हुन्छ भनेर व्यवहारिक पक्षलाई छोडदै जाने हो भने त्यो साहित्य सत्यताबाट टाढा भाग्दछ । यस्तो पक्ष समज्यूको पनि थियो । तर यो चाहिँ व्यवहारिक होइन भन्न खोजेका छन् समालोचक रमेश खनालले ।

### ५.२.१८ 'साहित्यकार इन्द्रबहादुर राईको 'खीर' कथाको विश्लेषण' समालोचनाको अध्ययन

साहित्यकार इन्द्रबहादुर राईको 'खीर' कथालाई रमेश खनालले विश्लेषण गर्दा कथाकारले खीरलाई जीवनसँग तुलना गरेका छन् भन्दछन् । खीरलाई उत्कृष्ट बनाउने हो भने काजु, पेश्ता, किसमिस, हाडेवदाम, दालचिनी, नरिवल, तेजपात, ल्वाङ आदि जुटाउनु पर्छ । सामान जुटाउन सकेन भने चिनी हालेको दुधभात जस्तो मात्र हुन्छ । खीर पकाउन मिहिनेत

गर्नु पर्छ । कुल्लीहरू भन्ने बित्तिकै गुन्द्रुक ढिंडो खाएर जीवन गुजार्ने परिश्रमी वर्ग भन्ने मानसिकता राख्छौं । कुल्ली काम गरेर कति नै कमाउँछन् र खीर खान्छन् । खीर खान त प्रशस्त दुध चाहिँन्छ । यहाँ खीरलाई आदर्श जीवनको प्रतीकको रूपमा प्रस्तुत गरिएको  छ । कथाको पात्र कुल्ली छन् । कुल्लीहरू खीर बनाउने विषयमा कुरा गरिरहेका छन् । खीरलाई मीठो बनाउँन यो चाहिन्छ, ऊ चाहिन्छ भन्दै जीवनको नजिक पुगेका छन् । मानिसहरू खीरजस्तै जीवन बनाउने कल्पना गर्छन्, आशावादी बनेर चारैतर्फ दौडन्छन् । तर पनि जीवन खीर जस्तो स्वादिष्ट मीठो हुँदैन । जीवन खीर जस्तै मीठो नभए पछि कमजोर मुटु भएकाहरू कोही पागल हुन्छन् त कोही आत्महत्या गर्नपुग्छन् । सारा परिश्रम निस्सार खेरा जान्छ तर पनि हामीले बाचुन्जेल परिश्रम गर्नै पर्छ भन्ने भनाइ कामुको हो ।[२०९] यो भनाइ पाश्चात्य पौराणिक कथा सिसिफसको जस्तै छ भन्दै रमेश खनाल खीर कथाभित्र जीवनलाई क्रियाशील बनाउने आदर्श छ । जीवनलाई चलाउने सीपको ज्ञान आर्जन गरी त्यसलाई व्यवहारिक बनाउनुपर्छ । नत्र सबै सामग्री भएर पनि खीर पकाउने सीप भएन भने खीर नबनेर दूधभात मात्र बनेजस्तै जीवनलाई राम्रो बनाउने सीप भएन ज्ञान भएन भने जीवन पनि सार्थक हुँदैन भन्ने कुरा यहाँ व्यक्त गरेका छन् । यस कथामा कथाकारले आदर्श र वास्तविक जीवनबीचको द्वन्द्वलाई मूल्याङ्कन गर्ने सशक्तता प्रदान गरेका कुरा खनाल व्यक्त गर्दछन् ।

### ५.२.१९ 'कथाकार पाण्डेको यौनवादी कथाको मनोविश्लेषण' समालोचनाको अध्ययन

कथाकार पोषण पाण्डेको 'हर्के तामाङको संस्मरण' कथा उच्च मूल्याङ्कनमा परेको यौन मनोवैज्ञानिक कथा हो । यस कथाभित्र चौध वर्षे हर्केको अचेतन मनभित्रको दमित इच्छा सल्बलाएको छ । ऊ मैयाँ नानीको जीउबाट आएको गन्ध मीठो मानेर सुँघिरहेछ । उनको शरीरका लुगा निन्द्रामा केही माथि सरेको निरीक्षक जस्तो हेर्दै जान्छ । यो सबै क्रियाकलापबाट के बुझ्न सकिन्छ भने हर्केभित्र एक किसिमको दमित इच्छा अचेतनबाट जागृत भएको छ । उसले मैयाँनानीको शरीर सुँघेर अतृप्त कामवासना चेतन मस्तिष्कबाट पूरा गर्न खोजेको भने होइन तर अचेतन मनको उपद्रो चाहिँ हो भन्दछन् रमेश खनाल । हर्केले भोगेको त्यो दिनको घटनाको जुन साँझ गोठमा प्रशस्त अन्धकार फैलिन्छ । हर्केको पिठयूँमा हातजस्तो केही सर्दै आइरहेछ अब ऊ मासु नै मासु भरिएको न्यानो ज्यूमा  टाँसिन्छ । हर्के मनमनै विचलित हुन्छ ।

---

[२०९] कृष्णप्रसाद आचार्य, इश्वरीप्रसाद गैरे, **नेपाली साहित्यको इतिहास तथा संस्कृत र पाश्चात्य साहित्यको रूपरेखा** कीर्तिपुर : क्षितिज प्रकाशन, २०६१, पृ. २३९ ।

छटपटाउँछ । कुनै डोरी चुडाल्न खोजेजस्तो गरी ऊ बल गर्छ ... । त्यसको भोलीपल्टै मैयाँनानीकी आमाले बोलाएर भनेकी थिइन 'हर्के यहाँ तेरो काम सिद्धियो । अब अहिलेलाई त आफ्नो घर जा बुझिस्, पछि चाहियो भने बोलाउँला ला यो बक्सिस । त्यसपछि हर्के फर्किएको थियो । हर्के स्वयंले बुझ्न सकेको थिएन त्यस गोठमा उसलाई समागम गर्न उन्मुख कसले बनायो । कथाकारले त्यो आइमाई पत्ता लगाउने जिम्मा पाठकमै छोडेका छन् । यसरी चौध वर्षको बालककाल सकेर हर्के यौवनावस्थामा प्रवेश गरेको छ । यो अवस्थामा व्यक्ति न बालक न किशोर हुन्छ ।[२१०] यो अवधि लगभग दुईवर्षसम्म चल्छ । त्यसैले यो बेला उसलाई यौवनावस्थाको बालक भनिन्छ भन्ने कुरा मनोविज्ञहरूको हो ।[२११] यही अवस्थामा हर्के यौन उन्मुख भएको छ । उसको अचेतनमा भएको दमित इच्छा जागृत भएको छ । त्यो जागृत इच्छालाई यौन उन्मुख गराउन एक नारीपात्रले सहयोग गरेकी छ । कहिले आफ्ना अङ्ग नछोपी निदाएर कहिले गोठमा टाँसिएर तर जे जस्तो भए पनि ऊ भित्रको अचेतनमा रहेको इच्छा जागृत भएको छ । यसैलाई हर्केले संस्मरणमा ल्याएको छ । त्यो को नारी होला ? भन्ने प्रश्न पाठक साम् कथाकारले हर्के मार्फत् खडा गरिदिएका छन् । यसरी रमेश खनालले पोषण पाण्डेको यौनवादी कथाको विश्लेषण गरेका र त्यो नारी पात्र मैयाँनानी वा उनकी आमा नै पनि हुन सक्छिन भन्ने तर्क गरेका छन् ।

### ५.२.२० निष्कर्ष

रमेश खनालको 'अन्तरचेतनामूलक साहित्यिक अध्ययन' समालोचनाभित्र विभिन्न साहित्यकारका विभिन्न साहित्यमाथि लेखिएका १९ ओटा समालोचनाहरू छन् । जुन मनोवैज्ञानिक ढङ्गमा उत्कृष्टताकासाथ समालोचना भएका छन् । यी समालोचनाहरूमा पाठकलाई सन्तुष्ट गराउने मनोवैज्ञानिक तथ्यहरूसँग तुलनात्मक रूपबाट साहित्यलाई केलाउने कार्य भएको छ । युङ्ग, फ्रायड जस्ता महान् मनोविज्ञहरूले प्रतिपादन गरेका सिद्धान्तसँग साहित्यलाई केलाउने कार्य भएको छ । यी सबै समालोचना पठनयोग्य र उत्कृष्ट छन् ।

## ५.३ रमेश खनालको 'कला मन्थन' कला समीक्षा सङ्ग्रहका केही समीक्षाहरूको अध्ययन

---

[२१०] चिरञ्जीवी शर्मा, निर्मला शर्मा, **शिक्षा मनोविज्ञान**, (काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स, २०६६), पृ. ३० ।

[२११] ***ऐजन*** ।

रमेश खनालको लेखनलाई हेर्दा उनीभित्र दुई किसिमको भिन्न प्रतिभा भेटिन्छ । एउटा सृजनात्मक साहित्य लेखन हो भने अर्को अरूद्वारा लिखित साहित्यमाथि दृष्टि पुऱ्याई त्यसको मूल्याङ्कन गर्नु, समीक्षा गर्नु अथवा समालोचना गर्नु हो । उनी समालोचना र समीक्षाका लागि मनोविज्ञानलाई आधारमानेर साहित्यलाई हेर्छन् । त्यसभित्र रहेको कुराहरूको विभिन्न विद्वानको मतसँग आवद्व हुँदै सामान्य अनुसन्धान पनि गर्छन् । उनको यो कार्यलाई उनको अध्ययनशील बानीले पूरा गरिदिएको छ । उनले यस कला मन्थन पुस्तकमा कला समीक्षा लेख्ने काम भएको छ । यस पुस्तकभित्र कला सम्बन्धी १९ ओटा रचनाको समीक्षा लेख्ने काम भएको छ । यो एउटा अनुसन्धानमूलक समीक्षा हो ।

## ५.३.१ फ्रायडियन चिन्तनभित्र चित्रकला

फ्रायडका सिद्धान्तभित्र अनुबन्धित भएका चित्रहरूको वर्णन गर्ने काम भएको यस कला समीक्षामा फ्रायडले मस्तिष्कको चेतन अर्धचेतन र अचेतन प्रक्रियाबाट प्रेरित तथा मनको अवस्थालाई देख्न सकिन्न तर मनको कुराहरू अनुभव गर्न सकिने र मनको इच्छाहरू छदम ( नक्कली) रूपमा प्रदर्शित हुन्छ भन्ने फ्रायडेली सिद्धान्तमा पनि चित्र व्यक्त हुन्छ भनेका छन् । चित्र पनि मनोविज्ञानमा आधारित हुन्छ । कलाकारहरूले जुनसुकै शैली र वादलाई अङ्गीकरण गरेर चित्र बनाए तापनि सबै अचेतन मनको प्रस्तुति हो भन्ने कुरा व्यक्त भएको छ । फ्रायडको ड्रिम एनलाइसिस सिद्धान्तबाट प्रतिपादित सपनाको रहस्यलाई पनि चित्रमा, श्वैरकल्पना तथा अतियथार्थवाद तथा कल्पनासम्म पनि नगरेको विषयवस्तुलाई पनि कलाकारहरूले चित्रमा व्यक्त भएको, घनवादी चित्रहरूपनि अचेतन मनकै उपज भएको कुरा व्यक्त भएको छ । रङ्गको सौन्दर्य, रङ्गकै माधुर्यताबाट चित्रमा फ्रायडियन सिद्धान्त अनुबन्धित छ । चेतन, अर्धचेतन र अचेतन मनका तहहरूले चित्रकलालाई गहिरो प्रभाव पार्दछ भन्ने कुरा यहाँ व्यक्त भएको छ ।

## ५.३.२ अवचेतन अचेतन र चेतन मनभित्र कला सृजना

अष्ट्रियाका मनोचिकित्सक अल्फ्रेड एडलरको भनाइमा व्यक्ति जन्मदेखि शारीरिक, मानसिक, सामाजिक, आर्थिक वा अन्य कुनै न कुनै रूपमा असक्षम वा अपूर्ण हुने भएकोले यसैको प्रतिफल स्वरूप उसको अहम्मा आघात पुग्न जान्छ । यसरी प्रताडित अहम्ले हीनत्व भावको जन्म दिन्छ । त्यही हीनत्व भावको क्षतिपूर्ति स्वरूप विभिन्न क्रियाकलापहरू गरी

समाजमा आफ्नो श्रेष्ठत्व कायम गर्न प्रयत्न गर्दछ । एडलरको भनाइमा हीनत्व भावको क्षतिपूर्तिद्वारा श्रेष्ठत्व प्राप्ति वा अहम् स्थापनाको खासगरी व्यक्तिचित्र, दृश्यचित्र, सजीव तथा निर्जीव चित्रमा फ्रायड र एडलरको भनाइ मिल्दैन । यस्ता चित्रमा शिल्पदक्षता प्रदर्शन हुन्छ । पूर्ण चेतन अवस्थामा मात्र शिल्पदक्षता देखिन्छ तर अमूर्त र अर्धअमूर्त चित्रभने अचेतन र अवचेतन मनको उपज हो । अझ बढी त अवचेतन मनको बढी प्रयोग हुँदै चेतनातिर प्रकाशोन्मुख हुन्छ । दमित मनका इच्छाहरू कलामा पोखिन्छ । डालीले फ्रायडको सपना सिद्धान्त पढेर चित्र बनाए । साहित्यकारहरू यसलाई श्वैरकल्पना भन्दछन् भने कलाकारहरू परावस्तुवादी चित्र भन्दछन् । कुण्ठा बनेका दमित इच्छा अनुकूल वातावरण र माध्यमद्वारा चित्र बनेर क्यानभासमा उत्रिन्छ । डा. तारानाथ शर्मा कहिले चित्रमा पहाडको उन्मुक्त बैंस सलबलाएको देख्छन् कहिले जङ्गलका लहरा र पातहरूले सुसेली हालेको  देख्छन् । जस्ले जस्तो देख्दछ त्यस्तै विचार सम्प्रेषण गर्दछ । अहिले कलाकारहरू अरूले नगरेको कला बनाउन चाहन्छन् तर पनि कुनै न कुनै रूपमा फ्रायड र एडलरको विचार त्यहाँ व्यक्त भएकै हुन्छ । कला मानव जीवनको लागि अत्यावश्यक विषय हो । कला भन्नाले समयको परिमाण, चन्द्रमाको १६ कला, १४ विधाका ६४ कला, तन्त्रशास्त्रको कामकला जस्ता थुप्रै अर्थ लागेपनि कला ज्ञान र विज्ञान दुवै हो । कला कलाको लागि मात्र नभइ जीवनको लागि हो भन्ने बुझ्नु पर्दछ । तसर्थ कलाको पुजा गरौँ र सम्मान गर्न सिकौँ भन्ने विनय रमेश खनालले यस रचना मार्फत गरेका छन् ।

### ५.३.३ के हो यो आधुनिक कला ?

यस अनुसन्धानात्मक समालोचनामा रमेश खनालले आधुनिक कला के हो भन्ने प्रश्नका साथ उपस्थित भएर त्यसको समाधान दिने प्रयास गरेका छन् । उनले यस विषयमा गरेको तर्क अतिनै व्यवहारिक रहेको छ । आधुनिक कला कुनै शैली होइन । आधुनिक शब्दको प्रयोग सत्रौं शताब्दीमा कलाकार जिओमानी पेलोरीले गरेका हुन् । फ्रान्सका इलि फाउर भन्छन् - एलग्रेको हल्स, रुवेन्सको सामूहिक प्रयासबाट आधुनिक कलाको जन्म भएको हो । इटालीका समालोचकले डेभिड, आंग्रगोया कस्टेवल तथा दलाक्वर जस्ता कलाकारले कलामा आधुनिकताको जन्म दिएका हुन् भनेका छन् । लियोनार्दोको 'लास्ट सपर' चित्रले सबैलाई मुग्ध पारेर त्यस समय त्यो चित्र आधुनिक नै थियो । मोनालिसा पनि आधुनिक नै थियो माइकेल एञ्जेलोले बनाएको मूर्तिहरू पुराना ग्रीक मूर्तिहरू भन्दा छुट्टै भएर आधुनिक भएको रहेछन् ।

लैनसिंह वाङ्देल लेख्छन् - आधुनिककलाको नाममा आजको दुनियामा जुन खलबली छ त्यो आजभन्दा झण्डै चारसय वर्ष अगाडि एलग्रेको आत्मा भित्र जन्मिसकेको रहेछ । सेजानलाई आज आधुनिक कलामा गुरु मानिन्छ । तसर्थ नयाँपन दिनु नै आधुनिक हुनु हो । प्रभाववाद, घनवाद, अमूर्तवाद, अर्धअमूर्तवाद जस्ता सिङ्गो वादलाई समातेर अगाडि बढनु तथा समय सँगसँगै परिवर्तन हुँदै समाज र युग अनुरूप चलेर नयाँपन थप्नु नै आधुनिक हुनु हो भन्ने तर्क प्रस्तुत गरेर आधुनिकता माथिको प्रश्नलाई समाधान गर्न खोजेका छन् ।

## ५.३.४ सजीव बिम्बहरू नै अरूपण कला हुन्

ईश्वर बरालको विचारमा रमेश खनालको अरूपण कला भनेको अचेतन मनका बिम्बहरू हुन् । डा. तारानाथ शर्माका विचारमा खनालका चित्रहरू रूपविहीन अङ्ग्रेजीमा ननफिगरेटिभ भएपनि चित्रमा रूप नै रूप तथा जिन्दगीको उज्यालो तथा पहाड, झरना, फूल देख्छन् । रमेश खनाल भने आफ्नो अरूपण शैलीलाई यसरी परिभाषित गर्छन् कि आकृति स्वचालित मनबाट उब्जेको हुन्छ जुन आकृतिको बारेमा स्वयम् कलाकार नै अनभिज्ञ हुन्छन् । त्यही विशेषता नै अरूपण शैली हो । यस अरूपणकलालाई जन्माउन ईश्वर वल्लभ र गोविन्द भट्टले सहयोग गरेका कुरा खनाल स्वीकार गर्छन् । एक जना कला लेखकले अरूपण कला भनेको केही होइन कलाको नाममा भूलभूलैया र बकबास हो भनी एक अङ्ग्रेजी पत्रिकामा लामो लेख लेखे । उनको लेखको प्रतिउत्तर रमेश खनालले फोनबाट दिने प्रयास गरे । अरूपणकला भनेको द्वन्द्व र विरोधाभास बीच बाँचेको विचारको द्वन्द्व हो । अचेतन भनभित्रको द्वन्द्व, कलाकारलाई नै थाहा हुदैन । उनी के बनाउँदैछन् । उनीभित्र खास निश्चित बिम्ब हुँदैन । उनले अनायासै रङ्ग उठाउँछन् र क्यानभासमा पोत्छन् । घण्टौंको कार्यपछि त्यो तयार हुन्छ । त्यसलाई जसले जुन अर्थ लगाएर पनि व्याख्या गर्न सक्छ । त्यसैले यस्तो कलालाई Deconstruction वा विनिर्माणवाद पनि भनिन्छ । कलापारखी स्वतन्त्ररूपले कलाको व्याख्या गर्छन् । त्यहाँ कलाकारको मृत्यू भै सकेको हुन्छ । पारखीले त्यहाँ सजीव बिम्ब देख्छन् त्यही नै अरूपण कला हो भन्ने लेखकको भनाइ छ ।

## ५.३.५ लास्ट सपर भिन्चीको भित्तेचित्र

फ्रान्सका राजा विजेता भई मिलान पसेका कलापारखीले लियोनार्दोको भित्ते चित्रबारे जानकारी लिन चाहेकाले मिलानमा उक्त चित्र अघिल्तिर नै चित्रवर्णन भयो चित्रमा

पिइत्रोवेन्देलिनी नाम गरेको ठिटोलाई क्राइष्टको अनुहार बनाइ ६ जना दाँया ६ जना बायाँ चेलाहरू छन् । टेवलमा भाँडाकुँडा छ । क्राइष्टले 'तिमीहरू मध्ये एकजनाले मलाइ धोखा दिनेछौ' भनेपछि जुडासको अनुहार भावशुन्य भएको छ । दा-भिन्चीको विशेषता भन्नु नै मानिसको मानसिक चित्रण सही ढङ्गमा गर्नु हो, भन्ने व्याख्या भयो । भिन्चीलाई चित्र बनाउन अनुरोध गरेपछि उनले राजी भएर उक्त अन्तिम भोज नामक चित्र बनाउन सुरु गरेको, भजन मण्डलीबाट निर्दोष पिइत्रोको अनुहारलाई क्राइस्ट बनाएको र जुडासको अनुहार नपाएर भौतारिएको र रङ्ग, ब्रस थन्काएर मिलान नै छोडेर बाहिर गएको फेरि पछि फर्केर केही दिनपछि मिलानकै एक गल्लीबाट चोरजस्तो अनुहार भएको ठिटो ल्याई जुडास बनाएको उसले मेरो अनुहार हेरेर क्राइष्ट बनाइसकिएको भनेपछि मात्र यो उही पिइत्रो रहेछ भन्ने जानकारी भएको कुरा सुनाइन्छ । त्यो सबै सुनेपछि राजाले जतिसुकै कष्ट गरेर पैसा खर्च गरेर पनि यो फ्रान्स लग्ने कुरा हुँदा मिलान वासी तथा दा-भिन्ची पनि नमानेपछि उक्त चित्र त्यही रह्यो । अहिले पनि यो चित्र हेर्न विश्वका थुप्रै मानिस मिलान (इटाली) को सान्तामारियाडेल्ला ग्राजी पुग्छन् । यस चित्रले पादरी भोजन कक्षको एउटा पुरै भित्तालाई ढाकेको छ ।

## ५.३.६ रङ्गको मनोवैज्ञानिक महत्त्व

कार्यालयबाट घर फर्कने क्रममा रमेश खनाललाई बाटोमा कसैले रोके उनी प्रशान्त नामका व्यक्ति जसले खनालज्यूलाई मनोवैज्ञानिक पक्षमाथि प्रकाश पार्न अनुरोध गरे । र सोधे स्वस्थ्य मानसिकतासँग कलाको के सम्बन्ध छ - स्वास्थ्य मानसिकता भनेको आत्म मूल्याङ्कन (Self Evaluation) Self Confidence, (Selection of life goal) (Emotional Stability) Satisfaction of Chief Works निरन्तर जीवन Regular Life) भन्ने मेरो मानसिकता भित्र रहेको छ भन्दछन् । उनले रङ्गको मनोवैज्ञानिक महत्त्वबारे सोध्छन् - त्यसको उत्तरमा एक ठाउँमा रातो रङ्ग शुभ हुनु र अर्को ठाउँमा भयावह देखिनु नै मनोवैज्ञानिक प्रभाव हो भन्दछन् । कुनै चित्रहेर्दा आनन्द आउनु र कुनै चित्र हेरेर वाक्क लाग्नु पनि मनोवैज्ञानिक प्रभाव हो । चित्रमा विषय र रङ्गको प्रत्यक्षीकरण र व्याकरण मिल्नु पर्छ अनि मात्र चित्र राम्रो र मनछुने हुन्छ । जसरी एउटा साहित्य पढेर, मन छुन्छ त्यसै गरी चित्रले पनि मानिसलाई प्रभावित पार्ने हुनुपर्छ । रङ्गको आफ्नै ठाउँ हुन्छ । नीलो रङ्ग सबभन्दा पछाडि रातो रङ्ग अगाडि र हरियो पहेंलो आदि रङ्ग बीचमा हुनुपर्छ । जब रङ्गको सन्तुलन मिल्छ तब रङ्गको मनोवैज्ञानिक प्रमाण जीवन्त हुन्छ । त्यसबेला चित्र सुन्दर लाग्दछ । रङ्ग दुईप्रकारको हुन्छन् - प्राथमिक र

गौण रङ्ग । युङ्ग हेल्महोज, लैंड फ्रेंकलिनका अनुसार प्राथमिक रङ्ग भनेको रातो, हरियो तथा नीलो रङ्ग नै हुन् । तर हेगिको विचारमा रातो, हरियो, निलो, पहेलो, कालो र सेतो रङ्गहरू नै प्राथमिक रङ्ग हुन् । तर जे भएपनि प्राथमिक रङ्ग चाहि रातो, हरियो, नीलो र पहेलो रङ्ग हो । अरू रङ्ग गौण रङ्ग हुन् । शुद्ध रङ्गको संवेदना कम र मिश्रित रङ्गको संवेदना धेरै हुन्छ । विभिन्न रङ्गको तरङ्गको लम्बाइ पनि फरक फरक हुन्छ । सबैभन्दा रातो रङ्गको तरङ्ग बढी हुन्छ । रङ्गको तीन विशेषता हुन्छ । वर्ण, चम्किलो र संतृप्ति । रङ्ग मिश्रणमा पनि रातो-हरियो, नीलो-पहेंलो, कालो-सेतो रङ्गलाई एक अर्काको पूरक मानिन्छ । भिन्न जोडीको रङ्गलाई एक आपसमा मिलाउँदा अपूरक रङ्ग उत्पन्न हुन्छ । जब दुई अपूरक रङ्गलाई एक विशेष अनुपातमा मिलाइन्छ तब संवेदना चाहिँ दुवै रङ्गको बीचमा हुन्छ । कन्ट्रास्ट कलर भनेको रङ्ग विरोध हो । जस्तै गोरो मानिसले कालो लुगा लगाउँदा झन गोरो देखिन्छ । पृष्ठभूमिको रङ्गले पनि चित्रलाई प्रभाव पार्छ । चित्रलाई उज्यालो बनाउनु छ वा चमक कम दिनु छ त्यसलाई पृष्ठभूमिको रङ्गले उज्यालो वा अँध्यारो वा अन्य कुनै विशेषता दिन सक्छ । त्यसैलाई रङ्ग विरोध भन्दछन् । प्रशान्त एक स्वर्गीय कलाकार जो अहिले बाँचेका भए कलाक्षेत्रमा उनी धेरै अगाडि पुगीसक्थे होलान ।

## ५.४ निष्कर्ष

रमेश खनालको यस 'कला मन्थन' नामक पुस्तकाकार कृति एक कला समीक्षा हो । यो उनको कलासम्बन्धी गहन अध्ययन अनुसन्धान पश्चात् कलाको बारेमा विश्वजगत् र नेपालका परिप्रेक्षलाई आधार बनाएर लेखिएको कला समीक्षा भएकोले यसमा मनोवैज्ञानिक ढङ्गबाट कला विश्लेषण रमेश खनालले गरेका छन् । कलालाई मनोविज्ञानको ठूलो प्रभाव रहेको हुने, जो सुकैले म चेतन रूपमा कला सिर्जना गर्दैछु भनेपनि ऊ मनोवैज्ञानिक रूपमा अचेतनबाट प्रभावित हुन्छ भन्ने कुरा सिद्ध गर्ने प्रयास यी समीक्षाहरूले दिन खोजेका छन् ।

यस अध्यायमा रमेश खनालबाट समालोचना गरेका 'अन्तरचेतनामूलक साहित्यिक अध्ययन' तथा 'कला मन्थन' गरी दुई पुस्तकाकार कृतिको अनुसन्धानमूलक समालोचना तथा समीक्षा गरिएको छ । यी दुवै पुस्तकका समालोचना तथा समीक्षा पठन योग्य छन् । फ्रायड, युङ्ग, एड्लर जस्ता महान् मनोविज्ञका सिद्धान्तसँग विभिन्न विद्वान साहित्यकारहरूका कथा, कविता, नाटक जस्ता साहित्यलाई मनोवैज्ञानिक ढङ्गबाट प्रष्ट्याउने कार्य भएको छ । खनालले बालमनोविज्ञानलाई निर्मला कथाबाट, यौनमनोविज्ञानलाई 'सुन्तलीको सनाखत', 'सिपाही' जस्ता

कथाबाट प्रष्ट पार्ने काम गरेका छन् । मनोविज्ञानको प्रभावलाई संवेग, प्रत्यक्षीकरण, प्रेरणा जस्ता मनोवैज्ञानिक सिद्धान्तबाट प्रस्तुत गर्ने जमर्को गरेका छन् । उनको समीक्षा 'कला मन्थन' मा कलालाई मनोविज्ञानको सिद्धान्तसँग राखेर कला पनि मनोविज्ञानको घेरा भन्दा बाहिर निर्माण हुन नसक्ने कुरा प्रस्तुत गरेका छन् । यी पुस्तकहरूमा उनको गहन अध्ययन र अनुसन्धानलाई राम्रोसँग देख्न सकिन्छ । तसर्थ रमेश खनालले यी पुस्तक मार्फत उनको अनुसन्धानमूलक प्रवृत्तिलाई पनि प्रष्ट्याएका छन् ।

# अध्याय छ
# साहित्यकार रमेश खनालको बहुमुखी प्रतिभाको अध्ययन र मूल्याङ्कन

## ६.० पृष्ठभूमि

बहुमुखीको अर्थ धेरै लक्ष भएको, विभिन्न विषयको विशेषताले युक्त भएको भन्ने बुझिन्छ ।[२१२] कुनै व्यक्तिले धेरै विषयमा देखाउने प्रतिभा नै बहुमुखी हो । कुनै व्यक्तिले म बहुमुखी हुन्छु भनेर चाहँदैमा त्यो बहुमुखी बन्न सक्दैन । तर उभित्र त्यस्ता धेरै विषयको क्षमता छ, प्रतिभा छ भने त्यो व्यक्ति बहुमुखी बन्न पुग्छ । व्यक्तिको भित्रैदेखि निस्केको प्रतिभा जुन प्रतिभा एउटा क्षेत्रमा मात्र नदेखिई धेरै क्षेत्रमा र धेरै विषयमा देखिन्छ भने त्यस्तो प्रतिभा नै बहुमुखी प्रतिभा हो । बहुमुखी प्रतिभा भएका मानिस विश्वमै कम मात्र हुन्छन् । हरेक व्यक्ति भित्र यस्तो प्रतिभा हुँदैन । कुनै एक व्यद्धिक्तभित्र एउटै प्रतिभाले स्थान ओगटेको हुन्छ र त्यस्तो व्यक्ति उसको त्यही प्रतिभाबाट परिचित हुन पुग्छ । तर थोरै मात्र व्यक्ति त्यस्ता हुन्छन् जो बहुमुखी हुन्छन् । उनीहरूभित्र धेरै विषयको प्रतिभा प्रस्फुटन भएको हुन्छ । त्यस्ता व्यक्तिलाई बहुमुखी प्रतिभा भनिन्छ ।

## ६.१ रमेश खनालभित्र निहित बहुमुखी प्रतिभाहरू

रमेश खनाल एक बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् । उनी कुनै एक विषयमा मात्र प्रतिभावान नभई विभिन्न विषयमा प्रतिभा देखाउन सक्षम छन् । उनको जन्मदेखि हालसम्मको सम्पूर्ण जीवनीलाई केलाउँदा उनी बहुमुखी प्रतिभाका धनी व्यक्ति हुन् । उनको मिहिनेत र समय यसरी धेरैतिर छरिनुको सट्टा कुनै एउटा विषयमा मात्र रहेको भए उनलाई त्यो विषयको धेरै महान् व्यक्ति भन्ने श्रीपेच लागि सक्थ्यो होला तर उनले आफ्नो समय र मिहिनेतलाई धेरैतिर खर्चेर पनि उनी निकै चर्चित नै छन् । उनले गरेका कार्यको कदर गर्दै नेपाल सरकार लगायत थुप्रै संघ संस्थाबाट पुरस्कृत भएका थुप्रै उदाहरण प्राप्त गर्न सकिन्छ । यदि उनी यसरी कार्यमा सक्षम नहुँदा हुन त त्यसरी कसैले सम्मान गर्ने थिएनन् । त्यसै कारण उनी एक महान् बहुमुखी व्यक्तित्व हुन् । उनका झिना मसिना बाहेकका प्रमुख प्रतिभालाई हेर्दा उनी तीन क्षेत्रमा बढी प्रतिभावान् देखिन्छन् । ती यसप्रकार छन् :

---

[२१२] बालकृष्ण पोखरेल, वासुदेव त्रिपाठी, **नेपाली बृहत् शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प्र. २०५०), पृ. ९५१ ।

१)	साहित्यकार- १५ वटा पुस्तकाकार कृति र फुटकर रचना

२)	कलाकार - अरूपण कलाका सर्जक र ख्यातिप्राप्त

३)	खेल मनोविज्ञ तथा प्रशिक्षक - भारत्तोलन आदि

रमेश खनालले यी तीन क्षेत्रमा ठूलो योगदान गरेका छन् । यी तीन क्षेत्रबाहेक उनले थुप्रै सानातिना कार्य गरेका छन् तर ती सबै कार्यमा उनी सफल रहेका छन् । यी तीन क्षेत्रबाहेक उनले अन्य धेरै क्षेत्रमा पनि योगदान गरेको पाइन्छ । जस्तै :

१)	सम्पादक - 'कला र कलाकार' तथा 'नेपाल श्री'

२)	प्रशासक - राष्ट्रिय खेलकुद परिषद्

३)	रेडियो कर्मी - 'सगरमाथा' क्यानभास कला कार्यक्रम

४)	समाजसेवी - खोलागाल युवा क्लव, सत्यसाईकेन्द्र नारायणचौर नक्साल आदि ।

ती कार्यहरूबाट पनि उनको व्यक्तित्वलाई हेर्दा उनी ज्यादै ओजपूर्ण देखिन्छन् । कुनै ठाउँमा कुनै कार्यक्रम संचालन गर्नुपर्दा तुरुन्तै कार्यक्रम सञ्चालकको भूमिका निभाउन सक्ने, कुनै ठाउँमा केही भाषण गर्नु पऱ्यो तुरुन्तै विषयवस्तुमा आधारित भएर स्फुर्त भाषण पनि गरीदिने, कार्यशाला सन्चालन गर्नुपऱ्यो सबै व्यवस्थापन मिलाएर कार्यक्रम सन्चालन गरी दिने । यसरी यो काम गर्न सक्दैन र आँट छैन भन्ने कतै नदेखिने जहाँ जे पऱ्यो तुरुन्तै काम गर्ने तत्परता देखाइहाल्ने[२१३] व्यक्ति उनी समयको महत्त्व बुझेका प्रतिभावान् व्यक्ति हुन् । आफूले गरेको काम नवीन होस् भन्ने चाहने अरूभन्दा फरक बन्न खोज्ने बानीले उनलाई झनै उच्च स्थान दिएको छ ।

रमेश खनालका यी सम्पूर्ण कार्यहरूको विवरण दिने काम अध्याय तीनमा उनको आन्तरिक एवम् बाह्य तथा साहित्यिक एवम् साहित्येतर व्यक्तित्वमाथि प्रकाश पारिसकिएको छ । प्रस्तुत अध्यायबाट उनी बहुआयामिक, बहुप्रतिभा तथा बहुमुखी व्यक्ति हुन् भन्ने स्पष्ट भइसकेको छ । तसर्थ यस्ता व्यक्तिको खास प्राप्ति के हो त ? यो केलाउने जमर्को गर्नु उपयुक्त हुन्छ ।

खास गरी उनले लेखेका साहित्य, उनले निर्माण गरेको 'अरूपण' कला तथा उनको खेल सम्बन्धी विविध कुरालाई केलाउँदा उनी एक मनोविज्ञ हुन् । उनको मनोविज्ञानको प्रभाव

[२१३] गोविन्द भट्टसँग २०६६।६।२१ मा भएको अन्तर्वार्ताबाट ।

साहित्य कला तथा खेल जगत्मा स्पष्ट देखिन्छ । त्यस्तै गरी उनी एक मनोविज्ञ प्रशिक्षक हुन् । यसका अतिरिक्त उनको लेखनमा, कलामा, प्रशिक्षणमा, खेलमा सबैतिर उनी उत्तर आधुनिकतातिर, डोरिडावाद, विसंरचनावाद तर्फ उन्मुख रहेका छन् । उनी साहित्य सिर्जना गर्छन् । त्यस साहित्यभित्र उनी आफ्नो सोचबाट फुत्किन्छन् र साहित्यले आफ्नो मुक्त बाटो पहिल्याउँछ । अर्थात् निबन्धभित्र कथात्मकताको प्रवेश हुन्छ । विपरीत कुराहरूलाई उनी एकै ठाउँमा जोड्न पुग्छन् । कथामा यथार्थता र आदर्शताको अन्त्य हुन्छ । उनको साहित्यले अर्कै बाटो लिन्छ जुन उनले सोचे भन्दा फरक भइदिन्छ ।[२१४] यस्तो प्रवृत्ति केवल उत्तरआधुनिकतामा मात्र सम्भव हुन्छ र रमेश खनाल साहित्य लेखन गर्दा अरूभन्दा एकदम फरक हुन चाहने व्यक्ति हुन् । तर फरक कुरा दिनका लागि उनले नयाँपनको चयन गर्छन् । जापानी हाइकुजस्तै कविता लेख्नु, त्यसमा चित्र बनाउँनु, तर हाइकुकै नियममा भने नबाँधिनु, त्यस्तै गद्य कविता लेख्नु त्यसमा व्यङ्ग्य लगायत थुप्रै कुराले मानवतावादी स्वर उजागर गर्नु, जीवनीमा कलाकारका सम्पूर्ण जीवनीभन्दा पनि बढी मात्रामा कला जीवनीमा आधारित हुनु, संस्मरणात्मक लेख/निबन्ध लेख्नु त्यसभित्र पनि कथात्मकताको प्रवेश गराईदिनु, कथा सङग्रहहरूमा कथाहरूलाई स्वतन्त्र मूक्त मार्ग दिनु, पहिले जस्तो यथार्थवाद, आदर्शवादमा मात्र सीमित नबनी उत्तरआधुनिकतावादतिर विसंरचनावादतिर उन्मुख हुनु आदिबाट उनको साहित्य लेखनमा मनोविज्ञान उत्तरआधुनिकतावादको प्रभाव रहेको कुरा स्पष्ट हुन्छ । उनले समालोचना र समीक्षा लेख्दा पनि पूरापूर मनोविज्ञानका परिधिमा कृतिलाई जोखेका छन् । मनोविज्ञानकै आधारमा सम्पूर्ण कृतिलाई नियाल्ने काम गरेका छन् । कृतिभित्र कुन पात्रलाई कुन मनोवैज्ञानिक प्रभाव परेको छ । पात्रलाई मनोरोगी बनाएर त्यो मनोरोगलाई स्पष्ट पार्ने काम पनि उनले गरेका छन् । उनले हाँसौ भन्ने ठट्टा लेखेर सबैलाई हसाएका पनि छन् ।

रमेश खनालको क्षमता पनि निकै उत्कृष्ट मान्नुपर्छ । किनभने उनले सृजनात्मक साहित्य त सिर्जना गरे अर्को तर्फ उनले अरू साहित्यकारहरूले सिर्जना गरेको साहित्यको गुण र दोष छुट्याउने समालोचना तथा समीक्षा लेखन कार्य पनि गरेका छन् । अरूले लेखेको कृतिलाई समीक्षा तथा समालोचना गर्ने कार्य कम गाह्रो छैन् । समीक्षा गर्न कृतिको व्यापक अध्ययन, अनुसन्धान गर्नुपर्ने हुन्छ । साथसाथै त्यो कृतिको विश्लेषण निडर भएर कसैको पक्ष नलिई निर्धक्कसँग दूधको दूध पानीको पानी छुट्याउन सक्नु पर्छ । त्यस्तो कठिन कार्य पनि

---

२१४ कृष्ण गौतम, **इन्दिराको भ्यागुतो**, (काठमाडौं : श्रीमती रीता खनाल, २०६३ असोज), पृ. ङ ।

उनले राम्रोसँग गरेका छन् । त्यसरी अन्य चर्चित साहित्यकारहरूको कृतिको समालोचना गर्दा उनले  मनोवैज्ञानिक आधारमा कृतिको विश्लेषण गरेका छन् ।

यसरी हेर्दा उनी एक मनोबैज्ञानिक साहित्यकार तथा समालोचक हुन् । उनी उत्तरआधुनिक तथा विसंरचनावादी लेखक पनि हुन् । उनी साहित्यबाट समाज परिवर्तन हुनैपर्छ भन्ने मान्यता नराखी साहित्यलाई स्वतन्त्र अभिव्यक्ति मान्छन् ।[२१५] जसले मनोरन्जन प्रदान गरोस् । उनी साहित्यमा आदर्शवाद राखेर मानिसले झेल्नै नसक्ने आदर्श बन्नुपर्छ भन्ने आग्रह पनि गर्दैनन् । मानिसले यथार्थताको धरातललाई कायमै राख्नु पर्छ भन्ने मान्यता पनि उनी राख्दैनन् समयले गराएको परिवर्तनसँगै सलल बग्नु पर्छ । जीवन जति स्वतन्त्र हुन चाहन्छ, मुक्त हुन चाहन्छ साहित्य पनि त्यतिकै स्वतन्त्र र मुक्त हुनुपर्छ भन्ने उनको भनाइ रहेको छ ।

रमेश खनाल जसरी साहित्य लेखनमा उत्तर आधुनिकतावादी, विसंरचनावादी र मनोवैज्ञानिक लेखकका रूपमा रहेका छन् । त्यसैगरी कला निर्माणमा पनि उनी विसंरचनावादी मनोवैज्ञानिक कलाकार हुन् । उनको 'अरूपण' कलालाई उनी आफै विसंरचनावादी कला मान्छन् । 'अरूपण' कलामा रङ्गको माधुर्य, लालित्य र गति हुन्छ । छोटो समयमा नै पूर्ण हुने उनको अरूपणवाद चित्रभित्र रङगले रङ्गसँगमात्र जुवारी खेल्छ । स्रष्टा शून्य हुन्छ र दर्शक काल्पनिकीमा डुबुल्की मार्छ ।[२१६] यसरी स्रष्टा शुन्य र दर्शक काल्पनिकीमा डुबुल्की मार्ने स्थिति विसंरचनाबादमा मात्र सम्भव हुन सक्छ । उनले अरूपण कलालाई आफ्नो मौलिक पहिचान बनाइसकेका छन् । अरूपणकला आकस्मिक सिर्जना हो । सिर्जनाले कलापारखी दर्शकलाई जे प्रभाव पार्दछ त्यही नै अरूपण कला हो भन्दै कलाभित्र रहेको रङगको प्रवाह बेजोडको हुने गतिमय रङ्गको संयोजन, रङ्गको उतार चढाव, रङ्गको मिठास, रङ्गहरूको गति, लय तरङ्गमा अरूपणकलाको सार्थकता झल्कन्छ भनेर रङ्गको मनोवैज्ञानिक प्रभाव नै अरूपण कला हो भन्छन् । दर्शकलाई चित्रमा हेर्दा रङ्गले जस्तो प्रभाव छोडेको हुन्छ । त्यही नै अरूपण कला हो । त्यसैले अरूपण कलाले मनोवैज्ञानिक प्रभाव पार्दछ । रमेश खनाल सिग्मण्ड फ्रायडबाट प्रभावित भएर मनोवैज्ञानिक परिवेशमा रही क्यानभास चित्र बनाउँछन् ।[२१७] त्यसैले उनी मनोवैज्ञानिक कलाकार हुन् । उनको कलाको व्याख्या गर्दै जस्तो शास्त्रीय संगीतको राग र

[२१५] गोविन्द भट्टसँगको २०६६।६।२१ को अन्तर्वार्ताबाट ।

[२१६] तीर्थ निरौला, **ब्लाष्ट** राष्ट्रिय दैनिक, वर्ष १२, अङ्क १९०, पूर्णाङ्क ४३९०, २०६३ चैत्र १८ आइतवार पृ. २

[२१७] ज्ञानेन्द्र विवश, **अन्नपूर्ण पोष्ट** शनिबारीय, २३ जेठ २०६१ पृ. ४ ।

अन्य संगीतमा लयको मिठास हुन्छ र सुनु सुनु जस्तो लागि रहन्छ । त्यसमा कुनै भाषाको महत्त्व हुँदैन । त्यस्तै उनको अरूपण कलामा कुनै आकृति हुँदैन कुनै रूप हुँदैन तर दर्शकलाई हेरिरहुँ हेरिरहुँ जस्तो लाग्दछ ।

कलाकारको रचना निरर्थक नहोस्, फोटोमा जस्तो देखिन्छ त्यस्तै यथार्थवादीमात्र नहोस् कलामा अरूपण भाव होस भन्ने चाहन्छन् रमेश खनाल ।[२१८] रमेश खनालको अरूपण चित्रहरूमा सबैभन्दा ठूलो विशेषता रङ्गको मिठास हो । रङगबाटै नबुझिने आकृतिको सृजना भैरहेको हुन्छ । अरू कलाकारले पहिले क्यानभासमा रेखा कोर्ने गर्दछ र त्यसमा रङ्ग भर्ने गर्दछ तर रमेश खनाल रेखा नै नकोरीकन एकै पटक सादा सफेद क्यानभासमा ब्रस र रङ्गको तीब्र प्रयोगबाट आफूले कल्पनानै नगरेको अनौठो आकारको सिर्जना गर्दछन् ।[२१९] यो भनाइबाट यो प्रस्ट हुन्छ कि रमेश खनालका चित्रहरू उत्तर आधुनिकतावादतिर अग्रसर छन् । अचेतन मनभित्र लुकेर बसेको कुरा रङ्गद्वारा क्यानभासमा प्रकट हुने हुँदा उनको चित्रहरूमा मनोविज्ञानको प्रभाव परेको हुन्छ भन्ने कुरा स्पष्ट गर्न सकिन्छ । रमेश खनाल आफ्नो अरूपण चित्रलाई अमूर्त चित्र जस्तै त हो तर अमूर्त चित्र होइन । यो अरूपण चित्र अमूर्त चित्र भन्दा धेरै फरक छ । अमूर्त चित्रमा कलाकार एउटा सोच लिएर चित्र निर्माण गर्न बस्दछ र अमूर्ततामा उसले सोचेको चित्र निर्माण हुन्छ तर अरूपण चित्र निर्माण गर्दा उनी मनमा कुनै बिम्ब वा आकृति राख्दैनन् । कुनै सोच नै नराखी चित्र निर्माण गर्छन् । त्यहाँ रङ्ग रङ्गको मिश्रणले वा जुवारीले चित्र आकर्षक बन्दै जान्छ र त्यो चित्रमा चित्रकारको पहिले नै मृत्यु भैसकेको हुन्छ अर्थात चित्रकार हुँदैन दर्शकले त्यस चित्रको बारेमा जे भन्दछन्, जे सोच्दछन् । चित्र त्यही हुन्छ । अर्थात् चित्रको बारेमा दर्शकलाई सोच्न स्वतन्त्र छोडिदिन्छन् । त्यसैले उनको अरूपण चित्रकला उत्तरआधुनिक, विसंरचनावादी चित्र हुन् । उनको चित्रमा रङ्गको मनोवैज्ञानिक प्रभाव रहेको हुनाले ती मनोवैज्ञानिक चित्र हुन् ।

रमेश खनाल साहित्यमा झैं अरूपणकलामा पनि विसंरचनावादी उत्तरआधुनिक र मनोवैज्ञानिक कलाकार हुन् । यो कुरा माथिका तथ्यहरूबाट स्पष्ट हुन्छ ।

रमेश खनालका साहित्य र कला पछि उनको अर्को महत्त्वपूर्ण विशेषता भनेको खेल मनोविज्ञ तथा प्रशिक्षक हुनु हो । उनले खेल जगत्मा धेरै पटक खेल प्रशिक्षक भएर काम

---

[२१८] गहेन्द्रमान अमात्य, **न्यू टाइम्स अफ नेपाल**, वर्ष १३, अङक ११, २०६१ पुस ८ बिहीवार पृ. ४ ।

[२१९] *ऐजन,* पृ. ६ ।

गरेका कुरा त अध्याय तीनमा साहित्येतर व्यक्तित्व मै उल्लेख गरिसकिएको छ । नेपालमा भारत्तोलन खेल संस्थागत रूपमा भित्र्याउने विशेष योगदान पुऱ्याएका रमेश खनाल पहिलो अन्तर्राष्ट्रिय रेफ्री पनि हुन् । ओलम्पिक खेलकुदमा रेफ्रीको भूमिका निर्वाह गर्ने उनी नेपालका हालसम्मका एकमात्र व्यक्ति हुन् ।[२२०] वि.सं. २०३८ सालदेखि २०६५ साल सम्मका प्रथमदेखि पाँचौ राष्ट्रिय खेलकुदका निर्णायक रहेका उनी पाँचौ राष्ट्रिय खेलकुदमा मूल आयोजक समितिको सदस्य रहनुको साथै खेलाडीहरूको मनोवैज्ञानिक परीक्षण टोलीको नेतृत्व पनि गरेका छन् । पहिलोपटक थालनी गरिएको मनोविज्ञान परीक्षणमा उनले तेक्बान्दो कराँते, उस्सु, एथलेटिक्स, भारत्तोलन र व्याडमिन्टन खेलाडीमा मनोविश्लेषण गर्ने काम गरे ।[२२१]

रमेश खनालले दिएको निर्देशन र निरीक्षणमा त्रिभुवन विश्वविद्यालय मनोविज्ञान विभागका अन्तिम वर्षका विद्यार्थीले पाँचौं राष्ट्रिय खेलकुदमा सहभागी केही खेलाडीहरूको मनोविज्ञान अध्ययन गर्ने[२२२] कुरा राष्ट्रिय खेलकुद परिषद्ले जनाएकोबाट उनले विद्यार्थीवर्गमा खेलाडीको मनोविज्ञानको अध्ययनको लागि प्रशिक्षण कार्य गरेको कुरा स्पष्ट हुन्छ । उनले खेल मनोविज्ञका रूपमा लेख रचनाहरू पनि प्रकाशित गर्दछन् । यसै सन्दर्भमा उनले 'उपचार विधिः फुटबल' शीर्षकको लेखमा सिजोफ्रेनिया अर्थात् मनोविद्लताका रोगीलाई प्रयोगका रूपमा खेलकुदमा सहभागी गराइँदा नतिजा सकारात्मक भेटिने कुरा व्यक्त गरेका छन् । खास गरी खेलमा निहित भाइचाराको तदात्म्यता, सहयोगी भावना, नियम पालना, सामाजिक उत्तरदायित्व, अनुशासन, यथार्थता, उत्साह, उमङ्ग, विजय-पराजयजस्ता मनोवैज्ञानिक अवयवहरूले सिजोफ्रेनियाका रोगीमा सुधार भएको छ ।[२२३] यो रोगको निदानको सोच माउरो-राफेली हुन् । उनले रोगीको उपचारका लागि 'गाविनो क्लब' खोलेका थिए । यो क्लवका रोगी मैदानमा सबैकुरा बिर्सेर फुटबल, भलिबल खेल्छन् । यो 'माउरो फुटबल उपचार अहिले इटालीमा प्रसिद्ध छ । पचासओटा त मनोरोगीका टिम छन् । खेलमा सहभागी भएपछि उनीहरूको व्यवहारमा आमूल परिवर्तन हुन्छ । उपचारपछि उनीहरू जीवनलाई सकारात्मक

---

२२० पवित्रा राउत, **अन्नपूर्ण पोष्ट,** रङ्ग, २८ चैत्र २०६५ पृ. २ ।

२२१ *ऐजन,* पृ. २ ।

२२२ कान्तिपुर संवाददाता, **कान्तिपुर,** बुधबार, १९ चैत्र, २०६५ ।

२२३ रमेश खनाल, **नागरिक**, सोमबार, २९ असार २०६६, पृ. १० ।

दृष्टिकोणबाट हेर्न सिक्छन् ।[२२४] यस्ता मनोरोगको उपचार खेल पनि हुन्छ भन्ने ज्ञान पाठकलाई बाड्न पनि उनी चुक्दैनन् । उनी सत्यसाईकेन्द्र नक्साल (नारायणचौर) मा नित्य विहान ५:५५ देखि ६:५५ सम्म १ घण्टा योगा सिकाउने गर्दछन् । उनको योगा प्रशिक्षणबाट धेरैले स्वास्थ्य लाभ गरेका छन् । त्यही केन्द्रमा उनले शनिबार बालबालिकाहरूलाई ७:१५ देखि ८:१५ सम्म चित्रकला पनि सिकाउने गरेका छन् ।[२२५] यी सबै प्रशिक्षण कार्यले उनी एक प्रशिक्षक सिद्ध हुन्छन् भने मनोविज्ञान सम्बन्धी विविध कार्य तथा खेल र मनोविज्ञानको तादात्म्यबाट उनी एक खेल मनोविज्ञ तथा प्रशिक्षक हुन् भन्ने कुरा स्पष्ट गर्न सकिन्छ ।

खेलकै सन्दर्भलाई कोट्याउँदा उनी राष्ट्रिय खेलकुद परिषद्मा २०४३ देखि २०६५ चैत्र २७ सम्म नोकरी गरेका र जर्मनको ल्यापजिस विश्वविद्यालयबाट खेल मनोविज्ञान पढेका र सानैदेखि खेल खेल्न मन पराउने, कसरत गर्ने, भारोत्तोलनमा आकृष्ट थिए । यी सबै कार्यबाट उनलाई खेल विकासमा ध्यान दिन सक्ने बनायो । शारीरिक सुगठनबाट उनले ख्याति पनि कमाए । उनले खेल सम्बन्धित थुप्रै अन्तर्राष्ट्रिय तालिमहरू पनि लिएकाले नेपालमा पहिलो साफमा रेफ्रीको कामबाट अन्तर्राष्ट्रिय कमिश्नारको पनि मन जित्न सफल भएका थिए ।[२२६] खेल उनको सानैदेखिको रुचि भए तापनि उनी राष्ट्रिय खेलकुद परिषद्मा कार्यरत नभएका भए खेल जगतमा यतिका धेरै योगदान उनले अवश्य दिन सक्ने थिएनन् । उनलाई जति साहित्य र कलाले भिजायो सायद खेलले उनलाई यतिको नजिकबाट भिजाएको छैन् किनकि उनी यस तर्फ नोकरी गर्दै थिए । तर नोकरी गर्ने क्रममा पनि उनले खेल जगत्मा थुप्रै योगदान भने अवश्य नै गरेका छन् । उनको काम गराइ र मिहिनेतको कदर गर्दै उनलाई रा.खे.प. ले निवृत्त समय पश्चात् पनि २ वर्ष थप गरेर २०६५ चैत्र २७ सम्म कार्य गरेका उनलाई चैत्र २८ मा सेवाबाट अवकाश दिएको हो ।[२२७]

रमेश खनालले जीवनमा हालसम्म गरेका योगदानमा सबैभन्दा ठूलो स्थान कला र साहित्यले ओगटेको छ भने त्यसपछि खेल रेफ्री प्रशिक्षकका रूपमा उनको स्थान आउँछ । त्यसपछि उनले जीवनमा अरू पनि थुप्रै कामहरू गरे जसबाट केही योगदान राष्ट्र विकास र

---

२२४ ***ऐजन,*** पृ. १० ।

२२५ रमेश खनालसँगको अन्तर्वार्ताबाट ।

२२६ पवित्रा राउत, **अन्नपूर्ण पोष्ट**, रङ्ग, २८ चैत्र २०६५, पृ. २ ।

२२७ रमेश खनालसँगको अन्तर्वार्ताबाट ।

उत्थानका लागि भएको छ भने केही उन्नति उनको नितान्त जीवनमा भएको छ । एक व्यक्तिको उन्नतिमा परिवार, समाज र राष्ट्रले पनि केही पाएको हुन्छ । तसर्थ उनको उन्नति पनि राष्ट्रकै उन्नतिको एउटा अंश मान्नु पर्छ ।

रमेश खनालले समाजसेवक वनेर पनि राष्ट्रसेवा गरेका छन् । उनले समयलाई चिनेका, समयको महत्त्व बुझेकाले आफ्नो जीवनको एक क्षण पनि खेर नफाली त्यसको सदुपयोग गरेका छन् । समाज सेवाका लागि सधैं तत्पर खनाल सत्यसाइकेन्द्र नक्सालमा हरेक विहान १ घण्टा योगा, शनिबार बिहान १ घण्टा चित्रकला सिकाउने, खोलागाल युवा ल्कवमा रहेर खोलागालको विकास निर्माण तथा यावत विकासको योगदान गर्ने, E.P.N को अध्यक्ष भएर मनोविज्ञान सम्बन्धी विभिन्न काम गर्ने उनको नितान्त सेवा भावले प्रेरित भएर गर्ने कार्य हुन् ।[२२८] यी कार्यबाहेक उनी गरिब, दुःखी, असहाय देखेपछि आफूले सक्ने सानातिना सहयोग गर्ने गर्दछन् । उनी सेवाले ओतप्रोत हुनुको साथै अध्यात्म चिन्तन गर्ने, अध्यात्मिक सोच भएका भगवान् सत्यसाईको भक्त पनि हुन् । हिन्दु धर्मको व्यापकतामा रमाउने उनी भगवान् सत्यसाईको दर्शन 'सर्वधर्मको प्रिय वन' भन्ने कुरामा जोडदार रूपमा लागेका पनि छन् । उनले सत्यसाई केन्द्र काठमाडौंको नक्सालमा आयोजना भएको दोस्रो अध्यात्मिक कार्यशालामा सर्वधर्मको चित्र बनाएको कुरा उनले वि.के. नरबहादुरको 'बुद्ध र प्रकृति' नामक एकल कला प्रदर्शनीको अवसरमा वि.के. लाई साधुवाद दिंदै उक्त क्याटलगमा उल्लेख गरेका छन् ।[२२९] त्यस्तै उनले सत्यसाईले सूत्रपात गर्नु भएको अध्ययन चक्र अनुसार कलाकारका कलामाथि अध्ययन चक्र पनि गर्दछन् । यसरी अध्यात्मिक स्वभाव र नियमलाई पनि उनी कला र साहित्यमा प्रयोग गर्छन् । उनी विभिन्न तीर्थ जाँदा बाटोमा घटेका रमाइला नरमाइला घटनालाई पनि संस्मरणमा उल्लेख गर्छन् । उनले बहारक्षेत्र, दक्षिण भारतको अनन्तपुर जिल्लाको पुट्टपर्तीमा अवस्थित प्रशान्ति निलयम, नेपालकै सिद्धबाबा आदि धार्मिक स्थानमा गरेको संस्मरण पढ्दा उनलाई उच्च अध्यात्ममार्गी पनि हुन भन्न सकिन्छ ।

उनका अन्य प्रतिभाहरूमा उनलाई नियाल्दा उनी 'नेपाल श्री' एवम 'कला र कलाकार' पत्रिकाका कार्यकारी सम्पादक भएर लगभग २ वर्ष काम पनि गरेका रेडियो सगरमाथामा

---

२२८ *ऐजन* ।

२२९ रमेश खनाल : 'बुद्ध र प्रकृति' वि.के. नरवहादुरको (२७ अगस्ट देखि १० सेप्टेम्वर, २००८) सम्म आयोजित कला प्रदर्शनी क्याटलग ।

लगभग ५ वर्षसम्म 'क्यानभास' साप्ताहिक कार्यक्रम चलाएर त्यस मार्फत ललित कलासम्बन्धी कार्यक्रम सञ्चालन गरेका थिए । उनी एक हाँस्य व्यङ्ग्यकार पनि हुन् उनले ठट्टा लेखेर सबैलाई लट्ठ पनि पारेका छन् । रमेश खनालले हाँसौं भन्ने १ देखि १० भाग लेखेर थुप्रै आर्जन पनि गरे । उनले 'नमस्ते' नामक टेलिफिल्मखेलेर एक हाँस्य अभिनेता पनि बन्न पुगेका छन् ।[२३०] उनले यसमा तीसओटा भागमा खेलेका थिए ।

यसरी वि.सं. २००५ सालमा जन्मेर थाहा पाएदेखि हालसम्म उनले आफ्नो समयलाई खेर जान दिएका छैनन् । धेरै क्षेत्रमा हात हाले तापनि उनले पूर्ण सफलता हासिल गरेको भने कला, साहित्य र खेल क्षेत्रमै हो । उनले यी क्षेत्रमा पनि मनोवैज्ञानिक पक्षबाट अगाडि बढेर विसंरचनाबादी उत्तरआधुनिक साहित्यकार तथा कलाकार वन्न पुगेका छन् । उनका पूरै रचना त विसंरचनावादी तथा उत्तरआधुनिकतातिर उन्मुख छैनन् । तर उनको अरू भन्दा छुट्टै हुन खोज्ने चाहानाले उनका धेरै जसो कृति उत्तरआधुनिक तथा विसंरचनावादी छन् र सबैजसो कृतिमा मनोविज्ञानको प्रभाव भएकाले मनोवैज्ञानिक लेखक, साहित्यकार तथा कलाकार भन्न सकिन्छ ।

## ६.२ निष्कर्ष

रमेश खनाल बहुमुखी प्रतिभा भएका एक साहित्यकार तथा कलाकार हुन् । उनी एक मनोविज्ञ तथा खेल प्रशिक्षक पनि हुन् । उनी सम्पादक, प्रशासक, रेडियोकर्मी, हाँस्य व्यङ्ग्यकार र हाँस्य अभिनेता पनि हुन् । यस्ता सम्पूर्ण प्रतिभाका प्रतिभावान् भएर पनि उनी आफूलाई अरूभन्दा भिन्दै रूपमा प्रस्तुत गर्न चाहने व्यक्ति हुन् । उनको साहित्य लेखन, अरूपण कला, खेल प्रशिक्षण सबैमा मनोविज्ञानको प्रभाव राम्रोसँग देख्न सकिन्छ । उनी एक उत्तरआधुनिक, विसंरचनावादी साहित्यकार तथा कलाकार हुन् । उनले कार्य गरेका हरेक क्षेत्रमा उनको मनोवैज्ञानिक र विसंरचनावादी प्रभावले गर्दा उनी अरूभन्दा फरक देखिन सफल पनि छन् । उनी जुन क्षेत्रमा हात हाल्छन् तुरुन्तै सफलता प्राप्त गरिहाल्छन् । निष्कर्षमा भन्नुपर्दा उनी बहुमुखी प्रतिभा भएका मनोविज्ञ र एक उत्तरआधुनिक तथा विसंरचनावादी साहित्यकार तथा कलाकार हुन भन्न सकिन्छ ।

---

[२३०] रमेश खनाल, **हाँसौं,** रघुनाथ खनाल, काठमाडौं, २०४७

# अध्याय सात

## उपसंहार एवम् निष्कर्ष

साहित्यकार, अरूपणकलाका कलाकार तथा खेल मनोविज्ञ रमेश खनाल वि.सं. २००५ साल माघ २० गते बुधवार वसन्त पञ्चमीका दिन धरान नगरपालिका वडा नं. १ मा जन्मेका हुन् । अनौपचारिक शिक्षा आमा स्व. नन्दादेवीबाट सुरु गरेका खनालको औपचारिक शिक्षा धरानबाट नै सुरु भएको र बी.कम. सम्मको अध्ययन धरानबाट नै सकेर काठमाडौँ पसेका खनाल रघुनाथ खनालका जेठा सन्तान हुन् । रमेश खनालका तीनजना बहिनीहरू नेपाल बैंकमा कार्यरत छन् । तीन छोराछोरी रुरु, राजिम र रुमिनाका पिता रहेका रमेश खनालको श्रीमती रीता खनाल पनि मूर्तिकार हुन् । रुरु र रुमिना पनि कालाकार हुन् । यसरी खनालको परिवारमा कलाकारै बढी छन् । काठमाडौँ पसेपछि त्रि.वि. मा एम.कम. गर्ने क्रममा रामानन्द जोशीबाट साँझ कलाशिक्षा लिनु उनको जीवनलाई व्यस्त बनाउन सहयोग भयो । वि.सं. २०३३ सालदेखि नेशनल ट्रेडिङमा जागिर खान थालेका खनालको वि.स.. २०४५ मा उनको सरुवा राष्ट्रिय खेलकुद परिषद्मा भएपछि जर्मनीको लैपजिसबाट उनले खेलकुद मनोविज्ञानमा स्नातकोत्तर प्रथम श्रेणीमा उत्तीर्ण गरेर उनी एक मनोविज्ञका रूपमा पनि परिचित हुन पुगे ।

शारीरिक सुगठनमा निकै अगाडि बढेका रमेश खनाल एकपटक धरान श्री र एकपटक काठमाडौँ श्री ३ बनिसकेका छन् । उनी सधैं व्यायाम गरेर शरीरलाई फुर्तिलो राख्दै लुगा मिलाएर लगाउने, शिरमा अङ्ग्रेजी शैलीको टोपी लगाउने र चिटिक्क भएर हिड्ने गर्दछन् ।

ईश्वर वल्लभ, गोविन्द भट्ट, रमेश विकल र ध्रुवचन्द्र गौतमसँग निकट रहेका खनालले रूपरेखा पत्रिकाका सम्पादक द्वय उत्तम कुँवर र बालमुकुन्ददेवको सल्लाह अनुरूप आफ्नो साहित्यिक नाम 'रनाख' राखेका हुन् । थुप्रै नेपाली र विश्व साहित्यका साहित्यकारहरूबाट प्रभावित खनालले १६ वर्षको उमेरमा आफ्नै पिता रघुनाथका, कविता लेखनका प्रभावले नर्मल स्कुलको 'दोभान' पत्रिकामा 'संसार' नामक कविता लेखेर साहित्य लेखन सुरु गरेका हुन् । अहिलेसम्म खनालका १५ ओटा पुस्तकाकार कृति र केही फुटकर कृतिहरू प्रकाशित छन् भने ६ ओटा कृतिहरू प्रकाशनको तयारीमा छन् । उनका कृतिहरूमा कविता, कथा, निबन्ध,

समीक्षा, समालोचना र जीवनी तथा ठट्टापनि छन् । तीमध्ये उनका लागि भने कथा नै मनपर्ने कृति हो । उनका फुटकर कृतिहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका थिए । ती कृतिहरूलाई सङ्ग्रह गरेर उनले पुस्तकाकार कृति निर्माण गरे भने पहिले प्रकाशित नगरेका कृतिहरूलाई पनि उनले पुस्तकाकार रूपमा प्रकाशित गरेका छन् । उनका पुस्तकाकार मौलिक कृतिहरू यस प्रकार छन् ।

कविता सङ्ग्रह - उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता,
तेस्रो झर्को घाम लाग्यो पानी पऱ्यो,
म घाममा पानी पानी हुन्छ ।

कथासङ्ग्रह - एक मुठी माटो र इन्दिराको भ्यागुतो

जीवनी सङ्ग्रह - वयोवृद्ध कलाकार चन्द्रमानसिंह मास्के, चर्चिल, नेपालका प्रसिद्ध कलाकार र कला स्रष्टा ठट्टा - हाँसौं (भाग १ देखि १० भाग) ।

संस्मरण/निबन्ध- विश्वप्रसिद्ध कलाग्यालरीमा फन्को मार्दा, विश्वप्रसिद्ध कलाकार माइकल एञ्जेलोसँग साक्षात्कार

कला समीक्षा - कला मन्थन

समालोचना - अन्तरचेतनामूलक साहित्यिक अध्ययन

संस्थान परिचय - सार्वजनिक संस्थान

भित्ताभरिका ठूला क्रान्तिकारी र आकर्षक चित्रद्वारा प्रभावित भई चित्रकलामा प्रवेश गरेका रमेश खनालले चित्रकला कक्षा लिनु पूर्व नै आफ्नो मुहार चित्रसँग जोनएफ केनेडी र लिङ्कनको मुहार चित्र बनाएर सबैलाई चकित तुल्याएका थिए । उनको यो चित्रकला वि.सं. २०४५ सालको धरानमा गएको भूकम्पमा परेर नष्ट भयो । उनले बनाएका चित्रहरूमा रङगको तालमेलले गर्दा आकर्षक र मनमोहक भएको कुरा उनको चित्र अवलोकन कर्ताहरू बताउँछन् । 'अरूपण' कलालाई आधार बनाएर थुप्रै चित्र बनाइसकेका खनालका २४ पटक अरूपण एकल चित्रकला, १४ पटक संयुक्त चित्रकला प्रदर्शन गरिसकेका छन् । खनालले थुप्रै चित्रकला सम्बन्धी कार्यशालाहरू पनि सञ्चालन गरिसकेका र थुप्रै चित्रकला प्रदर्शनका कार्यक्रमहरू पनि संञ्चालन गरिसकेका छन् । उनले बालबालिकाहरूलाई कला शिक्षा दिने काम पनि गरिरहेका र कला उत्थानका लागि थुप्रै महत्त्वपूर्ण भूमिका पनि निर्वाह गरिसकेका छन् । उनले आफ्नो कला

र साहित्यलाई अरुको भन्दा छुट्टै बनाउन सधैं तत्पर रहेकाले उनको कलाको नाम पनि 'अरूपण' राखेका कुरा बताउने उनले आफ्नो कलाको नामाकरण गर्दा ईश्वर वल्लभ र गोविन्द भट्टको सलाह अनुरूप नै 'अरूपण' राखेका हुन् । उनले मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चश्मा', विष्णुदेवी वाईवा अर्थात् पारिजातको 'शिरीषको फूल', लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' जस्ता विभिन्न कृतिमा आधारित अरूपण कलाको निर्माण गरेर कलाको विकासमा एक ईटा थप्न सफल छन् ।

रमेश खनाल बहुदलीय व्यवस्था तथा लोकतन्त्रको पक्षधर रहेका छन् । उनले प्रजातान्त्रिक विचारधारा बोकेर हिडे तापनि सक्रियरूपमा राजनीति भने गरेनन् । उनलाई मनपर्ने नेताहरू भने विश्वेश्वरप्रसाद कोइराला र मनमोहन अधिकारी हुन् ।

रमेश खनालको आन्तरिक र वाह्य व्यक्तित्वलाई केलाउँदा उनको मनको र कामको सम्बन्ध मिल्दो जुल्दो छ । जस्तो बोल्छन् त्यस्तै काम गर्ने उनी राम्रो नैतिक आचरण भएका हक्की, निडर र स्पष्टवक्ता, स्वावलम्बी र स्वाभिमानी अनि सङघर्षशील गुण भएका देखिन्छन् । उनको साहित्यिक र साहित्येतर व्यक्तित्वलाई हेर्दा उनी एक सफल व्यक्तिका रूपमा रहेका छन् । उनको साहित्यिक व्यक्तित्वलाई हेर्दा उनी, कवि कथाकार, जीवनी लेखक, निबन्धकार र समालोचक तथा समीक्षा लेखकका रूपमा रहेका छन् । सङ्ख्यात्मक तथा गुणात्मक दुवै किसिमबाट साहित्यमा उनलाई सफल मान्न सकिन्छ । त्यस्तै उनको साहित्येतर व्यक्तित्वलाई हेर्दा उनी कलाकार, प्रशिक्षक, मनोविज्ञ, सम्पादक, प्रशासक, रेडियो कर्मी तथा समाजसेवक व्यक्ति हुन् । उनी नेपालीबाहेक जर्मनी, अङ्ग्रेजी र हिन्दी भाषा पनि बोल्न जान्दछन् ।

रमेश खनाल लगभग साढेचार दशक लामो साहित्य यात्रामा उनले आफ्ना साहित्यलाई निरन्तर रूपमा कहिले कथा त कहिले कविता कहिले जीवनी त कहिले संस्मरण लेख्ने गरेर बिताएका छन् । उनले हालसम्म विभिन्न शीर्षकमा १५ ओटा पुस्तकाकार कृति प्रकाशित गरिसकेर पनि अझै अन्य पुस्तक प्रकाशनको तयारी गरिराखेका छन् । उनको ती प्रकाशित कृतिहरूको चरण विभाजन गर्ने क्रममा पूर्वार्द्ध चरण र उत्तरार्द्ध चरण गरी छुट्याउँदा पूर्वार्द्ध चरण अर्थात् अभ्यास काललाई वि.सं. २०२१ देखि २०५६ सम्म उनले विभिन्न कविताहरू जीवनी तथा कथाहरू परेका छन् । ती प्रायः सबै जसो विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका साथै तीन ओटा कविता संङ्ग्रह दुईटा जीवनी सङ्ग्रह पनि यसै चरणमा प्रकाशित गरेका छन् ।

रमेश खनालको यी कृतिमा क्रान्तिचेत, मानवतावादी स्वर, सामाजिक विकृति प्रति विद्रोह र केही मात्रामा व्यङ्ग्यजस्ता विशेषता पनि पाउन सकिन्छ ।

उनका उत्तरार्द्धचरण अर्थात् साहित्य लेखनको विकास काललाई हेर्दा वि.सं. २०५७ देखि हालसम्मको कृतिलाई लिन सकिन्छ । यी कृतिहरूमा दुई कथा सङ्ग्रह, दुई संस्मरण निबन्ध, दुई जीवनी र एक कला समीक्षा र एक समालोचनाका सङ्ग्रह लगायत विभिन्न फुटकर कृतिहरू पनि प्रकाशन भएका छन् । यस चरणका कृतिहरूमा मनोवैज्ञानिक, यथार्थता, उत्तरआधुनिकता, विसङ्गति, नारीचेत, मानवतावादी, अध्यात्मवादीचेत, सामाजिक विकृति, कुरीतिप्रति विद्रोह, प्रकृति चित्रण, प्रणय चेतना तथा राष्ट्रियताको स्वर घन्केको पाइन्छ ।

रमेश खनालका कथा, कविता, निबन्ध, जीवनी, कलासमीक्षा तथा समालोचनामा उनको मनोवैज्ञानिक चिन्तनले गर्दा कृतिहरूमा मनोविज्ञानका प्रभाव पाउन सकिन्छ । उनको आफ्नो कृतिहरूमा यथार्थता र उत्तरआधुनिक प्रभावले पनि महत्त्वपूर्ण भुमिका निभाएको छ । कथामा डोरिडाको प्रभाव तथा निबन्धभित्र कथात्मकता पाइनु त्यस्तै जीवनीभित्र कला जीवनको महत्त्वपूर्ण पक्षलाई जोड दिनु, जस्ता कुराहरूले उनी उत्तर आधुनिक चिन्तनतिर उन्मुख रहेको कुरालाई स्पष्ट पार्न सकिन्छ । उनी लेखनमा अरुभन्दा भिन्न देखिन चाहने भएकाले पनि उनका कविता जापानी हाइकुजस्तै भए पनि ती कवितालाई ठयाक्कै हाइकुका नियममा नबाँधेका र ती छोटा कवितासँग चित्रहरू बनाएर अक्षरसँगै चित्रलाई पनि बोल्न लगाएका छन् । त्यस्तैगरी उनका गद्य कविताभित्र समाजभित्रका कुरीतिप्रति विद्रोह र व्यंग्यात्मक स्वर प्रस्तुत गरेर मानवतावादी स्वर उजागर गर्न सफल रहेका छन् । कथाहरूमा उनले यथार्थ घटनालाई अघिसारेर यथार्थता बनाउनेदेखि उत्तरआधुनिकतामा ढालेर रोचक कथाहरू लेख्दै हरेक कथामा मनोवैज्ञानिक प्रभाव पार्न सफल भएका छन् । उनका कथामा यौन मनोविज्ञानलाई पनि रोचक ढङ्गबाट प्रस्तुत गरेका छन् । उनका कथाभित्रका पात्रहरू मनोरोगी भेटिन्छन् साथै ती रोगको उपचारमा मनोवैज्ञानिक चिकित्सकको प्रयोग भएका छन् । कतिपय कथाकारहरू कथाभित्र समस्या खडा गरिदिन्छन् तिनको समाधान गर्ने जिम्मा पाठकलाई नै छोडिदिन्छन् तर रमेश खनालका कथाभित्र समस्या मात्रै नभई त्यसको समाधानलाई पनि प्रस्तुत गरेर कथाभित्रको रोचकता र उत्सुकतालाई निक्यौल गरिदिएका छन् । उनका पात्रहरू निम्न मध्यम वर्गीय छन् । उच्च घरानाका पात्र र अति निम्न वर्गका पात्रलाई उनले कथामा त्यति स्थान दिएको पाइन्न । कथाभित्र समाजका यावत् कुरालाई

समावेश गरेर यथार्थ जीवनलाई प्रस्तुत गर्न पनि उनी उत्तिकै सफल छन् । उनी जीवनी लेखन गर्दा कलाकारको समग्र जीवनको भन्दा बढी कलाजीवनको विवरण दिने काम गर्दछन् । एउटा कलाकारले कलाका लागि गरेको समर्पण र देशको लागि गरेको योगदानको समिस्रणलाई खनालले कलाकारको जीवनी बनाएर प्रस्तुत गरेका छन् । उनका निबन्ध संस्मरणात्मक लेखलाई केलाउँदा उनले यात्रा गरेका स्थानहरूलाई कलात्मक रूपमा ढालेर निबन्ध लेखन गरेका छन् । उनका निबन्धभित्र कथात्मकता पाइन्छ । यसलाई डोरिडावाद तथा उत्तरआधुनिकतावाद पनि भन्न सकिन्छ । उनले आफ्ना निबन्ध तथा संस्मरणात्मक लेखभित्र विभिन्न कला सङ्ग्रहालय, विभिन्न धार्मिक स्थल, पर्यटकीय स्थलको भ्रमणको व्याख्या र विवरण दिएर निबन्धलाई नियात्रामय बनाएका छन् । उनले लेखेका कला समीक्षाभित्र नियाल्दा नेपाल लगायत विश्व कलाको अवलोकन, अध्ययन र अनुसन्धान तथा विश्लेषण गरेर लेखिएकोले कला समीक्षालाई अन्वेषण मूलक लेख तथा कला समालोचना पनि भन्न सकिन्छ । त्यसैगरी उनको समालोचना पनि मनोवैज्ञानिक ढंगले तयार गरिएको छ । समालोचना लेख्दा वरिष्ठ साहित्यकारहरूको कथा, नाटक, आदिको समालोचना निडर र स्पष्ट रूपमा गरेका छन् । उनले समालोचना गर्ने मुख्य आधार भने मनोविज्ञान नै रहेको छ । मनोवैज्ञानिक पक्षलाई नै उनले बढी अघिसारेर समालोचना लेखेका छन् ।

रमेश खनालको साहित्यिक कृतिहरूको अध्ययन विश्लेषणपछि उनी एक यस्ता साहित्यकार हुन जो अरूभन्दा अलि भिन्दै बन्न खोज्ने, आधुनिक मान्यतालाई अगाल्ने, साहित्यलाई समाज परिवर्तन गर्ने साधन बनाउनुभन्दा पनि स्वतन्त्र अभिव्यक्तिको माध्यम मान्ने एक सशक्त साहित्यकार हुन् । उनको स्वतन्त्र अभिव्यक्तिको माध्यम भए पनि त्यसले समाजलाई दिशा निर्देश चाहिँ अवश्य गरेकै हुन्छ । साहित्यले जसरी समाजलाई दर्पणको काम गरेको हुन्छ त्यसैगरी कलाले पनि मार्ग निर्देशन गर्ने गर्छ त्यसमा रङ्गको उत्तिकै महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने कुरा उनले आफ्नो अरूपण कला मार्फत प्रस्तुत गरेका छन् । उनको अरूपण कलामा रङ्गमार्फत अभिव्यक्तिलाई प्रस्तुत गरिन्छ । रूपविहीन त्यो अरूपण कलाको माध्यमबाट खनाल आफ्ना मनभित्रका कुरालाई सोच्दै नसोची अभिव्यक्त गर्न पुग्दछन् । उनले आफ्नो अरूपण कलालाई पनि डोरिडावादी, उत्तरआधुनिकतावादी तथा विसंरचनावादी (Deconstruction) मान्दछन् जहाँ कला निर्माण हुँदा कलाकारको मृत्यु भैसकेको हुन्छ । निष्कर्षमा भन्नुपर्दा रमेश खनाल विसंरचनावादी लेखक तथा कलाकार हुन् । खास गरेर भन्नु

पर्दा उनको साहित्य तथा कलाले नेपालको साहित्यिक फाँट तथा कला फाँटमा एक इट्टा थप्ने काम गरेको छ । यसका माध्यमबाट उनले राष्ट्रको सेवा गरिरहेका छन् ।

रमेश खनालले साहित्य, कला र खेल जगत्मा दिएको योगदानलाई हेर्दा यो कार्य महान् र राष्ट्र सेवाको रूपमा लिनु पर्दछ । यस्तै महान्कार्यहरूले गर्दा नै देशको गौरव बढ्छ । रमेश खनाल जस्ता थुप्रै नेपाली भएदेखि यो देशको सान उच्च हुने थियो । यस्ता व्यक्तिको खाँचो सबैलाई र यो देशलाई पनि छ । साहित्यकार, कलाकार रमेशखनालका बारेमा आगामी दिनमा निम्नलिखित विषयहरूमा शोधकार्य गर्न सकिन्छ :

(क) रमेश खनालको कथाकारिताको अध्ययन र विश्लेषण,

(ख) कलाकार रमेश खनालको कलासिर्जनाहरूको अध्ययन र विश्लेषण,

(ग) कवि रमेश खनालको कृतिपरक अध्ययन र विश्लेषण ।

# सन्दर्भ सामग्री

**(क) आधार ग्रन्थ सूची**


खनाल रमेश, **सार्वजनिक संस्थान,** काठमाडौँ : रघुनाथ खनाल, २०३६ ।

__________, **'उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता'**, कविता सङ्ग्रह, काठमाडौँ : रघुनाथ खनाल, २०३८ ।

__________, **'तेस्रो झर्कोः घाम लाग्यो पानी पर्‍यो'**, कविता सङ्ग्रह, काठमाडौँ : रघुनाथ खनाल, २०३९ ।

__________, **'वयोवृद्ध कलाकार चन्द्रमानसिंह मास्के'**, काठमाडौँ : रघुनाथ खनाल, 'कला र कलाकार', २०४० ।

__________, **'चर्चिल'** जीवनी' काठमाडौँ : रघुनाथ खनाल, २०४१ ।

__________, **'म घाममा पानी पानी हुन्छु'**, कविता सङ्ग्रह, काठमाडौँ : रघुनाथ खनाल २०४३ ।

__________, **'हाँसौं'** काठमाडौँ : रघुनाथ खनाल, २०४७ ।

__________, **एक मुठी माटो**, ललितपुर : साझा प्रकाशन, २०५७ ।

__________, **इन्दिराको भ्यागुतो**, काठमाडौँ : श्रीमती रीता खनाल, २०६३ ।

__________, **नेपालका प्रसिद्ध कलाकार**, काठमाडौँ : रघुनाथ खनाल,कला र कलाकार, २०६३ ।

__________, **कला मन्थन**, काठमाडौँ : रघुनाथ खनाल, कला र कलाकार, २०६३ मंसिर ।

__________, **विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दा**, काठमाडौँ : रघुनाथ खनाल २०६४ मंसिर ।

__________, '**विश्वप्रसिद्ध कलाकार माइकल एञ्जेलोसँग साक्षात्कार**', काठमाडौँ : रघुनाथ खनाल, कला र कलाकार

__________, **अन्तरचेतनामूलक साहित्यिक अध्ययन**, काठमाडौँ : श्रीमती रीता खनाल, २०६५ ।

__________, **कला स्रष्टा**, काठमाडौँ : रघुनाथ खनाल, कला र कलाकार, २०६५ ।

## (ख) सन्दर्भग्रन्थ सूची


उपाध्याय केशवप्रसाद, **साहित्य प्रकाश**, पाचौँ संस्करण, ललितपुर : साझा प्रकाशन, २०४९ ।

ओझा दशरथ, **समीक्षा शास्त्र**, दिल्ली : राजपाल एण्ड सन्स्, ई. १९७५ ।

खनाल वंशावली, **खनाल वंशावली निर्माण समिति**, भरतपुर : चितवन, २०५५, फाल्गुण ।

खनाल चूडामणि, **संस्कृत साहित्यको परम्परा**, ललितपुर : साझा प्रकशन, २०६३ ।

गिरी दिव्य, **'धुनी तापेर',** हाइकु सङ्ग्रह, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, २०६१ ।

चापागाईं नरेन्द्र र सुवेदी दधिराज, '**काव्य समालोचना**' विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, २०५२ ।

त्रिपाठी वासुदेव, न्यौपाने दैवज्ञराज, सुवेदी केशव, **नेपाली कविता भाग ४**, चौथो संस्करण, ललितपुर : साझा प्रकाशन, २०६० ।

दीक्षित भट्टोजी, **'व्याकरण सिद्धान्त' कौमुदी**, सम्पा. वाराणसी चौखम्वा संस्कृत सिरिज, १९५९ ।

पराजुली कृष्णप्रसाद, **राम्रो रचना मीठो नेपाली,** एक्काइसौं संस्करण, काठमाडौँ : सहयोगी प्रेस, २०५५ ।

पोखरेल बालकृष्ण, त्रिपाठी वासुदेव, **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : ने.रा.प्र.प्र., २०५० ।

पोखरेल भानुभक्त, **सिद्धान्त र साहित्य**, ललितपुर : साझा प्रकाशन ।

पोखरेल केशवराज, **नेपाली समालोचना र प्रतिनिधि समालोचक**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८ ।

बराल कृष्णहरि, एटम नेत्र, **माध्यमिक नेपाली व्याकरण अभिव्यक्तिकला**, काठमाडौँ : तलेजु प्रकाशन, २०६५ ।

वर्मा धीरेन्द्र, व्रजेश्वर वर्मा आदि, **हिन्दी साहित्य कोश,** भाग १, वाराणसी ज्ञानमण्डल लिमिटेड, ई. १९८५ ।

शर्मा चिरञ्जीवी, निर्मला शर्मा, **शिक्षा मनोविज्ञान**, काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीव्युटर्स, २०६६ ।

शर्मा मोहनराज, लुइटेल खगेन्द्रप्रसाद, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

श्रेष्ठ दयाराम, **नेपाली कथा**, भाग ४, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०६० ।

श्रेष्ठ दयाराम, शर्मा मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, आठौँ संस्करण, ललितपुर : साझा प्रकाशन, २०६३ ।

सत्याल शिवप्रसाद 'पीठ', समालोचनाहरू, काठमाडौँ : ने.रा.प्र.प्र., २०४५ ।

सुवेदी लालगोपाल, **निबन्ध र अभिव्यक्तिकला**, काठमाडौँ : थाँक्रो प्रकाशन, २०६१ ।

सुवेदी राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध**, नेपाली निबन्ध भाग ३, चौथो संस्करण, काठमाडौँ : पाठ्य सामग्री पसल ।

**(ग) सन्दर्भ पत्रपत्रिका सूची**

अमात्य गेहेन्द्रमान, **न्यु टाइम्स अफ नेपाल**, साप्ताहिक, २०६१।९।८, पृ. ४ ।

__________, रमेश खनालको २४ औँ 'अरूपण' एकल चित्रकला प्रदर्शनी (७ डिसेम्वर देखि १४ डिसेम्वर, २००७), क्याटलग ।

कान्तिपुर संवाददाता, **कान्तिपुर**, बुधबार १९ चैत्र, २०६५, पृ. १९ ।

खनाल रमेश, **कविता** त्रैमासिक, पूर्णाङ्क ४१, काठमाडौँ : ने.रा.प्र.प्र. प्रकाशन, २०४९, पृ. २३ ।

__________, **कविता** त्रैमासिक, पूर्णाङ्क ४३, काठमाडौँ : ने.रा.प्र.प्र. प्रकाशन, २०४९, पृ. ४० ।

__________, **कविता** त्रैमासिक, पूर्णाङ्क ४७, काठमाडौँ : ने.रा.प्र.प्र. प्रकाशन, २०५०, पृ. १६ ।

__________, **गरिमा** मासिक, वर्ष २४ अङ्क ६, पूर्णाङ्क २८२, ललितपुर : साझा प्रकाशन, २०६३, जेठ ।

__________, चिमाल त्रैमासिक, वर्ष १, अङ्क १, ललितपुर : चोमोलुङ्मा प्रतिष्ठान नेपाल, २०६५, भाद्र ।

__________, सुरक्षा राष्ट्रिय मासिक, वर्ष ३, अङ्क ५, काठमाडौं : खेमराज भण्डारी, २०६६ वैशाख ।

__________, **नागरिक,** सोमबार २९, २०६६, पृ. १० ।

__________, **दोभान,** पत्रिका, धरान : नर्मल स्कुल, २०२१, पृ. ६१ ।

__________, **बुद्ध र प्रकृति**, वि.के. नरबहादुरको (२७ अगष्ट देखि १० सेप्टेम्बर २००८) कला प्रदर्शनी क्याटलगबाट ।

__________, **प्रज्ञा**, चौमासिक, पूर्णाङ्क ७६, काठमाडौं : ने.रा.प्र.प्र., २०४९, पृ. ७५ ।

चन्द ईश्वरी, **इ.सी.एस. (ECS)**, नोभेम्वर १, २००८, पृ. ७६, ७७ ।

निरौला तीर्थ, **ब्लाष्ट दैनिक,** पत्रिका, वर्ष १२, अङ्क १९०, पूर्णाङ्क ४३९०, २०६३।१२।१८, पृ. २ ।

भट्टाराई रेणुका, **मुस्कान**, महिला हाइकु विशेषाङ्क, काठमाडौं : पेरोल साहित्य प्रतिष्ठान, सन् २००६ ।

राउत पवित्रा, **अन्नपूर्ण पोष्ट**, शुक्रबारे परिशिष्टाङ्क, रङ्ग, २०६५ चैत २८, पृ. २ ।

रेग्मी मुरारी, **उन्नयन**, त्रैमासिक, काठमाडौं : उन्नयन प्रकाशन, २०६५ माघ, फागुन, चैत्र ।

वल्लभ ईश्वर, रमेश खनालको एघारौं एकल चित्रकला प्रदर्शनी २०४८।६।४ को क्याटलगबाट ।

__________, **कला–कलाकार** पत्रिका जनमञ्च २०४९।११।१४, पृ. १७ ।

वाग्ले अनन्तप्रसाद, **'कान्तिपुर दैनिक' कोपिला,** शुक्रबार १२ फागुन २०६२, पृ. घ ।

वाङ्देल लैनसिंह, रमेश खनालको चौधौं एकल चित्रकला प्रदर्शनी २०४९, क्याटलगबाट ।

विवश ज्ञानेन्द्र, **अन्नपूर्ण पोष्ट**, दैनिक पत्रिका, २०६१।२।२३, पृ. ४ ।

श्रेष्ठ वंशी, रमेश खनालको २४ औं 'अरूपण' एकल चित्रकला प्रदर्शनी (७ डिसेम्बर देखि १४ डिसेम्बर, २००७), क्याटलग ।

सुलेमन रफिक, "अरूपणसँग रमेश खनाल", रमेश खनालको २४ औं अरूपण एकल चित्रकला प्रदर्शनी (७ डिसेम्वर-१४ डिसेम्वर, २००७), क्याटलग ।

सुवेदी राजेन्द्र, **प्रज्ञा** चारमहिने पत्रिका, काठमाडौं : ने.रा.प्र.प्र., फागुन, जेठ २०५१ ।

**(घ) शोधपत्र सूची**

पौडेल टङ्कप्रसाद, **गोविन्दराज विनोदीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, स्नाकोत्तर तह, अप्रकाशित शोधपत्र, बीरेन्द्र बहुमुखी क्याम्प, भरतपुर, चितवन, २०६० ।

प्याकुरेल ईश्वरीप्रसाद, **वासुपासाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** स्नातकोत्तर तह, अप्रकाशित, त्रि.वि., कीर्तिपुर, २०६१ ।

सिवाकोटी टाकुराकुमारी, **ललितपुर जिल्ला झरुवारासी गा.वि.स. वडा नं. ७ मा हिन्दू ब्राम्हण परिवारमा सासू र बुहारी बीचको द्वन्द्व बारे एक समाज शास्त्रीय अध्ययन ।**

## (ङ) अन्तर्वार्ता सूची

अमात्य गेहेन्द्रमानसँग कुराकानी

२०६५ चैत्र १७ गते सोमबार ४ बजे लाइट एण्ड सेड आर्ट ग्यालरीमा

नेपाली उत्तमसँग कुराकारी

२०६५ चैत्र २२ गते शनिबार ३ बजे उहाँकै निजी निवास बाँसबारी सल्लाघारी

भट्ट गोविन्दसँग कुराकानी

२०६६ असोज २१ गते बुधबार साँझ ५ बजे निजी निवास श्रीमार्ग, खुर्सानीटार, घर नं. ३३४ लाजिम्पाट

# परिशिष्ट

## साहित्यकार गोविन्द भट्टसँग कुराकानी

मिति २०६६।६।२१ गते बुधबार साँझ ५ बजे, श्रीमार्ग, खुर्सानीटार, घर नं. ३३४ लाजिम्पाट ।

१. कलाकार रमेश खनाललाई चिन्नु भएको कति भयो ?

उनलाई चिनेको धेरै भयो । उनी पनि धरानको र मेरो श्रीमती पनि धरानको, पहिले देखिको चिनजान उनले मलाई भिनाजु भन्छन् । हाम्रो पारिवारीक सम्बन्ध जस्तै छ । हामी पहिले एकै ठाउँमा नजिकै बस्थ्यौं । उनी पनि कमलपोखरीमा र म पनि उनकै नजिक बस्थैं । एक दिन खोज्दै उनी भेट्न आए त्यसपछि हाम्रो राम्रो सम्बन्ध हालसम्म नै कायम छ ।

२. उनको व्यक्तित्व कस्तो छ ?

उनी प्रतिभावान् व्यक्तित्व हुन् । उनी अध्ययनशील मिहिनेती, अनुसन्धान गरेपछि मात्र लेख्ने, नयाँ नयाँ कुरा सोच्ने र लेख्ने, आफ्नो काम नयाँ किसिमको होस् भन्न चाहने, मौलिकता मन पराउने व्यक्तित्व छन् । उनीभित्र सिर्जनात्मक तथा समीक्षात्मक दुवै क्षमता छ । यस्तो क्षमता थोरै मानिसमा मात्र हुन्छ । उनको संगठन गर्ने र व्यवस्थापन गर्ने प्रतिभा पनि छ । भन्नुपर्दा उनी बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । कला, साहित्य तथा खेल, व्यायाम जस्ता थुप्रै गुण र क्षमताका धनी व्यक्तित्व हुन् । उनी बहुआयामिक, बहुप्रतिभाका धनी, विविध विधामा तथा कार्यमा हात हालेर साहित्यिक तथा साहित्येतर दुबै किसिमको व्यक्तित्वको निमार्ण गरेका छन् । कलाकार भएर कलाकारहरूको इज्जत र सम्मान गर्दै कलालाई साहित्यमा ढाल्ने र साहित्य सेवा गर्ने व्यक्तित्व हुन् ।

रमेश व्यायाम खेलकुद, व्यवस्थापन जस्ता वैज्ञानिक तथा जटिल बिषय र कला, साहित्य जस्तो भावनात्मक र कल्पनात्मक बिषयमा सफल छन् । उनीभित्र अन्तर्मुखी र बहिर्मुखी दुवै किसिमको प्रतिभा छ । उनका प्रतिभा छरिएका छन् । जुन काममा पनि हात हाल्ने र पूरा गरेर छोड्ने बानी छ उनको । उनीभित्र निहित प्रतिभाहरूमा सेमिनार गर्ने, प्रदर्शन गर्ने, नेतृत्व गर्ने संगठन गर्ने क्षमता छ । उनी स्तम्भ लेखक तथा रेडियो कमी पनि हुन् । उनीभित्र पूर्ण रूपमा सैद्धान्तिक र व्यवहारिक ज्ञान छ । चाहे त्यो कला क्षेत्रमा होस् वा साहित्यमा अथवा खेलमा होस् वा व्यवस्थापनमा ।

उनले अध्ययन गरेको विषय व्यवस्थापन हो । तर उनले रुचि भने कला, साहित्यमा तथा खेलमा छ । व्यवस्थापन र भावना, कल्पना भिन्न तथा विलकुलै फरक कुरा हो । यस्तो विपरीत बाटोमा पनि उनी उत्तिकै सफल छन् । यी सबै रमेशका लागि सजिला छन् । तर जो कोहीका लागि यस्ता कुरा सजिला छैनन् ।

**साहित्य**

१ उनले लेखेका पुस्तक पढ्नु भएको छ ? के-के बिषयका पुस्तक पढ्नु भएको छ ?

मैले चार, पाँच पुस्तक पढको छु । उनले लेखेको कविता, कथा, जीवनी, समीक्षा र समालोचना पढेको छु । उनका पुस्तक रोचक र स्वच्छन्द छन् । उनका पुस्तकमा मनोविज्ञान, उत्तर आधुनिक चेत, कला जस्ता विषयहरू छन् ।

२. उनका कविता सङ्ग्रहहरू कस्ता कस्ता छन् ? के कविताभित्र उनको मौलिकता भिन्न रूपमा प्रस्तुत भएकै हो त ?

उनका तीनवटा कविता सङ्ग्रहमा दुईवटा कविता सङग्रह जापानी हाईकुबाट प्रभावित कविता हुन् तर हाइकु नै होइनन् । हाइकु जस्तै लाग्ने तीन हरफ छोटा कविता जुन एक पटक नेपालमा लहड नै आयो । थुप्रैले लेखे पनि तर रमेशका कविता अरूका भन्दा विलकुलै भिन्दै छन् । हाइकुबाट प्रभावित भएर लेखेको कवितामा एउटामा त चित्र भित्र तथा चित्रको दाँया बाँया तीन हरफे कविता लेखेका छन् । त्यसको रहस्य चित्रभित्र लुकेको पाइनु यो उनको नौलो प्रयोग हो । हाइकु नै भनेर उनले कविता भने लेखेका होइनन्  केवल हाइकु शैली मात्र हो । न यसमा तुक मिलेको छ न छन्द न अरू कुनै नियम नै छ । यसमा हाइकुको नियम ५ अक्षर ७ अक्षर र ५ अक्षर गरी १७ अक्षरको तीन हरफे नियम लागेको छ । छोटा मीठा थोरै कुराले गहन भनाई बोक्ने नयाँपन भएको छोटा कविता मात्र हुन् यी दुई सङ्ग्रह तेस्रो कविता भने उनको गंद्य कविता हो । यसमा पनि छन्द तुक कुनै मिलाईएको छैन् ।

३. उनका कथाहरूमा कुन अभिव्यक्ति बढी पाउनु भएको छ ?

उनका कथाहरू प्रयोगात्मक, प्रयोगवादी तथा मनोविश्लेषणात्मक प्रवृत्तिबाट प्रभावित भएका छन् । उनले विश्वेश्वरप्रसाद कोइराला, ईन्द्रबहादुर राई, गोठाले आदिको प्रवृत्तिबाट प्रभावित भएर बाहिरी संसार भन्दा भित्रि अर्न्तद्धन्द्ध बढी भएको, मानसिक संसारमा विचरण गरेको, नयाँ किसिमको उत्तरआधुनिक, मनोविश्लेषणत्मक मनोविश्लेषणात्मक कथाहरू लेखेका छन् । उनको कथामा पात्र र घटना चमत्कारी हुनुको साथै नयाँपन छ । उनका कथामा मनोविश्लेषणात्मक, संवेगाात्मक, मनोशारीरिक विश्लेषणात्मक, फ्रायडेली प्रभाव लगायत मनोविश्लेषणात्मक अर्न्तद्धन्द पाईन्छ । उनका पछिल्ला समयका कथाहरूमा सामाजिक कथा तथा सामाजिक विकृति भएका कथाहरू पनि छन् । कथा साहित्यमा उनको छुट्टै पहिचान छ ।

४. उनको संस्मरणात्मक लेखहरूलाई संस्मरणात्मक निबन्ध भन्न के होला ? निबन्धको कोटीमा राख्न मिल्ला ?

संस्मरण यात्रा होस् वा संस्मरण कुनै विषयको होस् त्यो निबन्ध नै भन्दा उचित हुन्छ । त्यसलाई संस्मरणात्मक निबन्धकै कोटीमा राख्न उचित हुन्छ ।

५. कलाको बिषयमा लेखिएको लेख तथा साहित्यलाई कुन विधामा राख्न उपयोगी होला ? कला र साहित्यको बीच के सम्बन्ध छ ?

कला विषयको लेख तथा साहित्यलाई कला समीक्षा भन्दा ठीक हुन्छ । उनले कलाको सैद्धान्तिक र वैज्ञानिक पक्षबाट समीक्षा गरेर साहित्यक्षेत्रमा योगदान गरेका छन् । उनको मुख्य विषय कला भएको र कलालाई सबैसामु प्रस्तुत गर्न तथा कला नजान्नेलाई पनि कलाका बारेमा रोचक प्रस्तुति गर्न केवल समीक्षाले मात्र सफल हुने भएकोले उनले कलासमीक्षाको माध्यमबाट नेपाल तथा विश्वका थुप्रै कलाकार तथा उनीहरूको कलाको समीक्षा गरेर महत्त्वपूर्ण योगदान दिएका छन् । कला र साहित्य दुवैमा कल्पनाले भुमिका खेल्छ । त्यसैले उनका निम्ति कला र साहित्य जे भएपनि समीक्षा गर्न कठिन विषय भएन । उनको लागि यी दुवै विषय एउटै हुन् । कला र साहित्य दुवै अभिव्यक्तिका माध्यम हन् । साहित्यमा शब्द बोल्छ कलामा रङ्ग तथा चित्र नै बोल्छ त्यसैले यी बीच घनिष्ट सम्बन्ध पनि छ ।

६. उनले लेखेका जीवनीले साहित्यमा कस्तो स्थान लिएको छ ?

जीवनी लेखन गर्दा वीर पुरूष, राजा, महाराजा राजनेताहरू जस्ता प्रख्यात व्यक्ति जो पनि त्यसको छनोट गर्न सकिन्छ । रमेश एक कलाकार भएकाले उनले जीवनीको लागि कलाकारहरूकै चयन गरे जसले गर्दा नेपालका त्यस्ता कलाकारहरूलाई चिन्ने मौका सबैले प्राप्त गरे कि जसले नेपालका प्रख्यात मठ, मन्दिर तथा मूर्ति बनाएर पनि आफू छाँयामा परेका थिए । यसबाट के प्रष्ट हुन्छ भने उनले साहित्यको माध्यमबाट कलाको र कलाको माध्यमबाट साहित्यको सेवा गरिरहेका छन् । त्यसैले उनको जीवनी साहित्यले कला तथा साहित्य दुवैको स्थान प्राप्त गरेको छ ।

७. तपाईलाई उनको सबभन्दा मनपरेको पुस्तक कुन हो ? र किन ?

उनको पुस्तकहरूमा विश्वप्रसिद्ध कलाग्यालरीभित्र फन्को मार्दा र विश्व प्रसिद्ध कलाकार माईकल एञ्जेलोसँग साक्षातकार यी दुई पुस्तक मलाई मन पर्छ । किनकि यसमा उनको अध्ययन कति छ । चिन्तन कति छ भन्ने कुरा झल्किन्छ । विश्वका प्रसिद्ध चित्रहरू, कलाकारहरूको बारेमा जानकारी प्राप्त हुन्छ । त्यस्तै उनको कला मन्थन पुस्तकमा कलाको अध्ययन अनुसन्धान पश्चात् अनुसन्धानात्मक कला समीक्षा लेखेका छन् । साथै विभिन्न वाद र प्रणालीसँग कलाको तादात्म्यता रहने कुरा व्यक्त गरेका छन् ।

८.   साहित्य कस्तो हुनुपर्छ ?

म प्रगतिशील साहित्यकार भएकोले साहित्यले समाजको सकारात्मक रूपले परिवर्तन ल्याउन सक्षम हुनुपर्छ । तर रमेश त्यसो गर्दैनन् । उनले त्यस्तो सोच्दैनन् । उनी जस्तो थुप्रै साहित्यकारले साहित्यले समाजको उत्थान गर्नु पर्छ वा परिर्वतन गर्नु पर्छ भन्ने मान्यता राख्दैनन् । उनीहरू स्वच्छन्द भएर स्वतन्त्र भएर साहित्य सिर्जना गर्दछन् । रमेश पनि यसै कोटीमा पर्दछन् । उनी आफ्नो कल्पनाशिलतालाई कला र साहित्यमा स्थान दिन्छन् । भावनाबाट प्रेरित भएर साहित्य सिर्जना गर्दछन् ।

९.   के खेल मनोविज्ञ भएका नाताले त्यसको प्रभाव साहित्यमा देख्न सकिन्छ ?

हो सकिन्छ । मनोविज्ञानको अध्ययन पश्चात् उनले यसै सम्बन्धी कार्यहरू पनि गर्न थाले फलस्वरूप यसको प्रभाव साहित्य र कलामा पनि देख्न सकिन्छ । उनको कविता कथाहरू मनोविज्ञानले प्रेरित भएर लेखिएको पाइन्छ ।

# साहित्यकार गेहेन्द्रमान अमात्यसँगको कुराकानी

(२०६५ चैत्र १७ गते सोमबार ४ बजे)

**व्यक्तित्व**

१. कलाकार तथा साहित्यकार रमेश खनाललाई चिन्नु भएको कति बर्ष भयो ?

रमेश खनालजी धरानबाट काठमाडौं आए लगतै लगभग वि.स. २०२८ तिर उहाँ म नेपालको प्रथम आधुनिक कलाकार भन्ने थाहा पाएपछि मलाई खोजेर आउनु भएको थियो । उहाँले त्यतिबेला मेरा बारेमा एउटा साप्ताहिक पत्रिकामा नेपालको आधुनिक कलाकारको गन्तीमा अग्रस्थानमा रहेको कलाकार भनेर लेख्नु भएको थियो । त्यसै बेलादेखि हामी दुवैको सम्बन्ध घनिष्ट हुँदै गएको हो ।

२. उहाँको व्यक्तित्व कस्तो लाग्छ ? कुन रूपमा हेर्नुहुन्छ ?

रमेशको व्यक्तित्व निकै ओजपूर्ण रहेको छ । उहाँको बोल्ने क्षमता पनि बढी, खेलकुदमा पनि संलग्नता, चित्रकलामा पनि पोख्त रहेको व्यक्तित्व हुनुहुन्छ । नेतृत्व गर्न सक्ने क्षमता उहाँमा भरपुर रहेको छ । यसको प्रभाव त उहाँले २०६० देखि २०६३ सम्म नेपाल कलाकार समाजको अध्यक्ष भएर त्यस्तै ललितकला समीक्षक समाजका अध्यक्षजस्ता पदमा आसीन भएर देखाई सक्नु भएको छ । उहाँको नेतृत्व गर्ने क्षमताको प्रमाण उहाँले को सँग कसरी व्यवहार गर्ने भन्ने कुरा राम्रोसँग बुझ्नु भएको छ । त्यसै अनुरूप उहाँ सबैसँग राम्रो ब्यवहार गर्नुहुन्छ । आफूभन्दा ठूला व्यक्तित्वहरूलाई अत्यन्तै सौहार्दका साथ आदर गर्नुहुन्छ भने साना कलाकारलाई माया र प्रेरणा दिने गर्नुहुन्छ ।

३. उहाँको आन्तरिक र बाह्य व्यक्तित्व बीचको फरक के छ ?

उहाँको आन्तरिक एवम् बाह्य दुवै राम्रो छ । मुखमा एउटा कुरा मनमा अर्को कुरा नराख्ने जे काम आट्यो पूरा गर्ने, देखेको कुरा स्पष्ट भनिदिने, देशहितको लागि लाग्ने, मनोविज्ञ भएका कारण सबैलाई राम्रो व्यवहार गर्ने । कोही एक दुईवटा पुस्तक लेख्दै ठूला पल्टन्छन् तर उहाँमा घमण्ड भन्ने देखिँदै देखिँदैन । कर्तव्य गर्ने तर फलको आशा नराख्ने व्यक्तित्व हुनुहुन्छ ।

**साहित्य**

४. उहाँले लेख्नुभएका पुस्तकहरू (साहित्य) पढ्नु भएको छ ? छ भने उहाँको साहित्य कस्ता छन् ? प्रकाश पारिदिनुहोस् ?

उहाँले साहित्यद्वारा कला विकास गर्नुभएको छ । साहित्य क्षेत्रमा वयोवृद्ध तथा पिछडिएका कलाकारहरूकै जीवनी लेखेर उनीहरूलाई अमर बनाउने काम गर्नुभएको छ ।

उहाँले मेरा बारेमा पनि जीवनी लेखेर छाप्नु भएको छ । नेपालको कला सम्बन्धी लगायत अन्तराष्ट्रिय कला सम्बन्धी पुस्तक पनि लेख्नु भएको छ । उहाँको कविताहरू भने मैले पढ्न पाएको छैन तर कथामा इन्दिराको भ्यागुतोभित्रका कथाहरूमा मनोविज्ञान पाइन्छ । उहाँ मनोविज्ञ भएकोले हरेक रचनामा मनोवैज्ञानिक प्रभाव देख्न सकिन्छ । खेल सम्बन्धी मनोविज्ञ भएकाले उहाँको नेतृत्वले खेल विकासमा धेरै सहयोग भएको देखिन्छ ।

५. तपाईलाई उहाँको सबै भन्दा मनपर्ने पुस्तक कुन हो ? किन ?

उहाँले लेख्नु भएका सबै पुस्तक अत्यन्त राम्रा छन् । किनकि उहाँले साहित्यलेखन मार्फत कलाको र देशकोहित सोच्नु भएको छ । नेपालका "प्रसिद्व कलाकार लेखेर वृद्ध र दिवङ्गत भै सकेका कलाकारको सम्मान गर्नुभएको छ । भने 'कला स्रष्टामा' म लगायत अन्य आधुनिक कलाकारको जीवनी लेखेर गुन लगाउनुभएको छ । मेरो बारेमा लेखेकोले पनि मलाई मन पऱ्यो । उहाँको "इन्दिराको भ्यागुतो" पनि मलाई मन पर्छ किनकि त्यस सङ्ग्रहभित्र मनोविज्ञान छ जुन सबैको अभिन्न अङ्ग हो । उहाँ एक समालोचक पनि हुनुहुन्छ । उहाँले थुप्रै साहित्यकारहरूले लेखेको साहित्यको समालोचना गरेर पुस्तक प्रकाशन गर्नुभएको छ ।

**कला**

६. उहाँको कलामा कस्तो अभिव्यक्ति बढी पाइन्छ ? अरूपणको अर्थ ?

उहाँको कलामा अरूपण बाहेक अरू मैले देखेको छैन । अरूपण भन्नु नै अमूर्त हो । उहाँले आफ्नो छुट्टै पहिचान र अस्थित्वका लागि अमूर्तको नाम अरूपण राख्नु भएको हो तर म अरूपणलाई नै अमूर्त भन्न रुचाउँछु । म पनि अमूर्त कलाको स्रष्टा र पूजारी हुँ । अर्मूत र अरूपणको एउटा विशेषता छ जुन एक पटक बनाएपछि फेरि त्यसको नक्कल गर्न सकिदैन । अरू चित्रकलाहरू दसौं मानिस राखेर थुप्रै उस्तै चित्र बनाउन सकिन्छ तर अमूर्त र अरूपणकलाको नक्कल गरेर त्यस्तै अर्को बनाउन सकिदैन् ।

७. उहाँको हालसम्म भएका कलाप्रदर्शनीमा कुन-कुन प्रदर्शनीमा तपाईको उपस्थिति थियो ? तिनमा कस्ता चित्रकला प्रदर्शन भएका थिए ?

उहाँले बोलाएको सबै प्रदर्शनीमा उपस्थित भएको छु । अरूपणकलामै शिर्षक भएकोमा शीर्षक अनुरूप विषयवस्तु झल्कने गरेको पाइन्छ । उहाँको कला प्रदर्शनीमा कतिपय अरूपण चित्रहरू राम्रो लागेर किनेको पनि छु ।

**खेलमनोविज्ञ**

८. खेलमनोविज्ञका रूपमा उहाँको बारेमा भन्दा उहाँ कुन स्तरको कस्तो व्यक्तित्व भन्न बढी रूचाउनु हुन्छ ?

उहाँ खेलमनोविज्ञका रूपमा जागिरे अर्थात् बिहान १० बजे देखि साभ्रू ५ बजे सम्म अफिसमा व्यस्त हुने र पटक पटक खेलकै सिलसिलामा विदेश पनि जानुभएको छ । एक पटक उहाँले त्रि.वि.वि. कीर्तिपुरको मनोविज्ञान एम.ए.का विद्यार्थीहरुलाई संलग्न गराएर निर्भिक सिर्जना सम्बन्धी चित्रकला गराउनु भएको साथै समय समयमा मनोविज्ञान सम्बन्धी प्रेरणा दिने लगायत प्रशिक्षण गर्ने कार्य गरेको पाइन्छ । त्यस्तै मनोविज्ञानको प्रभाव खेल, चित्रकला र साहित्य सबै क्षेत्रमा देख्न पाइन्छ ।

९. रमेश खनालको क्षेत्र धेरै छन्, तपाईका विचारमा उहाँ कुन क्षेत्रमा बढी सफल हुनु हुन्छ ?

म रमेश खनाललाई तीनै क्षेत्रमा सफल देख्छु । उहाँ त्रिवेणीको सङ्गम हुनुहुन्छ । उहाँ यी तीनै क्षेत्रमा कसरी भ्याउनु हुन्छ अचम्म लाग्छ र दिनभरि अफिस बिहान बेलुकी कहिले कला परिषदहरूमा, कहिले कहाँ कहिले कहाँ । उहाँ पुरै समय कला साहित्य र मनोविज्ञानलाई खर्चनु भएको व्यक्ति निस्वार्थी हुनुहुन्छ । महाभारतमा कृष्णले अर्जुनलाई गीता सुनाउँदा कर्म गर कर्मको फलको आशा नगर भने भ्रैं वहाँ आफ्नो काम गर्नु हुन्छ । काम गर्नु हाम्रो कर्तव्य हो । फल लागे पनि नलागे पनि निराश हुनु राम्रो होइन भनेर सम्झाउनु हुन्छ ।

१० तपाई र रमेश खनाल बीच मिल्ने नमिल्ने कुराहरू के के छन् ?

म र रमेश बीच मिल्ने थुप्रै कुराहरू छन् तर नमिल्ने कुरा छैनन् भन्दा हुन्छ । मिल्ने कुरा निम्नानुसार छन् :

(१). म कलाकार उहाँ पनि कलाकार ।

(२) हामी दुवैको चित्रकला अमूर्त अर्थात अरूपण

(३) मैले साहित्यमा कलम चलाएको छु उहाँले पनि कलम चलाउनु भएको छ ।

(४). मैल सरकारी जागिरमा ३८ बर्ष ८ महिना काम गरेँ । रमेशले पनि ३८ वर्ष सरकारी जागिर खाईसक्नु भयो । म पनि कला विकासको लागि सहयोग गर्दै हिड्ने मानिस उहाँ पनि कला विकासका लागि सहयोग गर्दै हिड्नु हुन्छ ।

११.	अन्तमा रमेश खनालको बारेमा के भन्न चाहनु हुन्छ ?

रमेश खनाल ज्यादै मिहिनेती, सङ्घर्षशील र निस्वार्थ मानिस हुनुहुन्छ । उहाँले सानातिना थुप्रै पुरस्कार र सम्मान पाउनु भएको छ तर उहाँको तपस्या अनुरूपको राष्ट्रिय पुरस्कार पाउनु भएको भने छैन् । एउटा राष्ट्रिय प्रतिभा पुरस्कार पाउनु भएको छ क्यारे तर त्यतिमा ठीक छ भन्ने सन्तोष मलाई लागेको छैन । उहाँले कला एकाडेमीमा स्थान पाउनु पर्ने थियो तर पाउनु भएको छैन । त्यो दुःख लाग्छ । अहिले सत्ता लिप्सा भएकाले मात्र मान सम्मान पाउने समय छ । उहाँ तटस्थ हुनुहुन्छ तसर्थ उहाँको परिश्रमको कदर भएको छैन ।

# कलाकार उत्तम नेपालीसँग कुराकानी

२०६५ चैत्र २२ गते शनिबार ३ बजे उत्तम नेपालीको निजि निवास बाँसबारी सल्लाघारी

**व्यक्तित्व**

१. कलाकार, साहित्यकार तथा मनोविज्ञ रमेश खनालसँग तपाईंको चिनजान कहिले र कसरी भयो ?

रमेश खनालले मलाई धेरै अघिदेखि नै चिन्नु भएको हो । हाम्रो चिनजान धेरै पुरानो हो । कलाकै सन्दर्भमा भेट भएको हो । म पनि कविता लेख्थेँ उहाँ पनि कविता तथा साहित्य लेख्नु हुन्थ्यो । कहिले र कसरी भन्ने सन्दर्भ त्यति याद छैन तर हाम्रो परिचय धेरै पुरानो हो ।

२. उहाँलाई तपाई कुन रूपमा हेर्नु हुन्छ ? उहाँको व्यक्तित्व कस्तो छ ?

उहाँ बडा, स्फूर्त, जे कुरा पनि रुचाउने, ज्यादै सक्रिय भएर काम गर्ने व्यक्तित्व हुनुहुन्छ । बहुमुखी प्रतिभा सक्रिय व्यक्तित्व, रूचिलागेको काम गहिरिएर सोचेर गर्ने, चिन्तन बढीगर्ने, हतारिने तर नडराई डटेर कार्य गर्ने क्षमता भएको, साहित्य तथा चित्रकला दुवैमा निरन्तरता रहेको एक ईश्वरीय देन प्राप्त व्यक्तित्वको रूपमा हेर्छु । उहाँको एउटा बाल स्वभाव छ । जे कुरा पनि देखेपछि सुनेपछि चाहिने, त्यो कार्य तुरून्तै छिटै गर्नुपर्ने, नगरी नहुने किसिमको बालहट जस्तो स्वभाव छ । कहिले काही त म नहतारिनु भनेर गाली पनि गर्छु । उहाँ के गर्नु दाइ मेरो स्वभावै यस्तै छ भन्नु पनि हुन्छ । तर यो पनि एउटा राम्रै पक्ष हो । नराम्रो होइन ।

३. उहाँको आन्तरिक र बाह्य व्यक्तित्व कस्तो छ ? के के फरक पाउनु हुन्छ ?

आन्तरिक पारिवारिक चरित्र कस्तो छ मलाई पूर्ण रूपमा थाहा छैन् । जे कुरा पनि अन्तरमनबाट नआइ बाह्य समाजमा देखिदैन । उहाँ समाजमा बोकेका अभिभारा तथा जिम्मेवारी राम्रोसंग इमान्दारीका साथ निवार्ह गर्नुहुन्छ उहाँ त्यसैले उहाँको आन्तरिक र बाह्य व्यक्तित्वमा फरकपन भेटिन्न । उस्तै हुनुहुन्छ भन्न सकिन्छ । उहाँमा थुप्रै चाहना विद्यमान छन् । तिनैबाट प्रेरित भएर कार्य गर्दा उहाँ बहुमुखी बन्न सफल हुनुहुन्छ । भित्र एउटा बाहिर अर्को गर्ने बानी उहाँमा छैन् । सबैसँग समान व्यवहार गर्ने भए तापनि आफ्नो नजिकका आफन्त वा थोरै मानिस उहाँको धेरै निकट छन् । ती निकटतम् मध्ये म पनि एक हुँ । म उहाँको नजिक छु । मसँग तथा नजिकका मानिसहरूसँग उहाँ के गरौं, कसरी गरौं आदि ईत्यादि परामर्स गर्नुहुन्छ ।

४. उहाँले लेख्नु भएको पुस्तकहरू (साहित्य) पढ्नु भएको छ ? छ भने उहाँको साहित्य कस्ता छन् ?

उहाँको पुस्तकहरू सबै पुस्तक मैले पढेकै छैन । उहाँले कविता, कथा, जीवनी, समालोचनाजस्ता थुप्रै किताब लेख्नु भएको छ । नेपालको तथा अन्तराष्ट्रिय कलाका बारेमा पनि लेख्नु भएको छ । कला सम्बन्धी पुस्तकमा लेखिएका विषयबस्तु म कलाकार भएकोले सबै मलाई थाहा भएका विषय रहे तसर्थ मैले उहाँको पुस्तक त्यति पढेको छैन । उहाँले सबै कला सम्बन्धी विविध कुराबाट सुसुचित होउन भनेर लेख्नु भएको छ । कविता, कथा, समालोचना जस्ता मैले हेर्न भ्याएको छैन् । मसँग यति धेरै पुस्तकहरु छन् तर मलाई पुस्तक पढ्ने रुचि त्यति छैन् । फुर्सद पनि कम छ । तर उहाँका साहित्य सराहनीय छन् ।

५. तपाईलाई उहाँको सबैभन्दा मनपर्ने पुस्तक कुन हो ? किन ?

उहाँको प्रयास सराहनीय छन् तर मेरा लागि भने उत्साहजनक भएन । रुचि भएकाहरूका लागि उहाँको साहित्य उत्साहजनक लाग्न सक्छ । खास गरी उहाँका पुस्तक सबै राम्रै छन् । तैपनि मैले उहाँको “इन्दिराको भ्यागुतो नामक एक कथा संङ्ग्रह पढने सौभाग्य पाएको थिएँ । उहाँका कथाहरूमा नवीन विषय, नवीन शैली एवम् रोचकता  पाएको छु ।

६. उहाँलाई कस्ता कलाकारका रूपमा हेर्नु हुन्छ ? कलामा कस्तो अभिव्यक्ति बढी पाइन्छ ? अरूपणको अर्थ के होला ?

कलामा होस् वा अरू जुनसुकै क्षेत्रमा होस् हिजोको परिस्थिति वा पहिलेको विषय आजकोमा पाइन्न वा छैन् । विश्व परिवर्तनसँगै सबै कुरामा परिवर्तन आई सकेको पाइन्छ । पहिले पहिले कलामा जुन सामाजिक वैचारिकता, यथार्थता विद्यमान थियो । आज त्यो पाइन्न । वास्तविकतालाई अनुवाद गर्ने परम्परा बिस्तारै हराई सकेको छ । त्यो कुरा आज अमूर्ततामा वा भावनाबाट स्पष्ट पार्ने गरिन्छ । हुन त अमूर्त चित्रको स्थापना भएको पनि १५० वर्ष भन्दा बढी भै सक्यो । उत्तरआधुनिकताको रूप पाश्चात्य जगत्मा नयाँ नयाँ रूपमा आइसक्यो तर यहाँसम्म आई पुगेको छैन् । कलाको त्यो नयाँपन । रमेश खनाल पनि अमूर्त चित्रकार नै हुनुहुन्छ । उहाँले आफ्ना चित्रको नाम मात्र छुट्टै वा बेग्लै राख्नु भएको हो । अरूपणको रूप देखाउनु नै अरूपण हो, मेरो विचारमा र अरूप विशेषणमा ‘ण’ थपेर अरूपण संज्ञा बनाएर आफ्नो कलालाई छुट्टै पहिचान दिन खोज्नु भएको छ उहाँले । सुरू सुरूमा त यो विषयमा हाँसो पनि भयो । तर जे जस्तो भए पनि उहाँ थुप्रै कलाग्यालरीहरू घुमेर चित्रकला, मूर्तिकला तथा तिनको अध्ययन गरेका एक पहिचान बोकेका कलाकार  हुन् ।

७.	उहाँको हालसम्म भएका कला प्रदर्शनीमा कुन कुन प्रदर्शनीमा तपाईंको उपस्थिति थियो ? तिनमा भएका प्रदर्शित कलाका बारेमा भन्नु पर्दा के भन्न उचित सम्झनु हुन्छ ?

उहाँका धेरै जसो कला प्रदर्शनमा उपस्थित भएको, कलाका बारेमा बोलेको पनि छु । तिनमा भएका कलाका बारेमा भन्नुपर्दा उहाँ रङ्गहरूको तरलतालाई सङ्गाल्दै कला प्रवाहलाई प्रस्तुत गर्दै अगाडि बढेका कलाकार हुनुहुन्छ । उहाँले आफ्नो कलामा अमूर्तकलाको शैली वा प्रविधीलाई अपनाउनु भएको छ । रमेश खनालका प्रारम्भिक रूप, हराएर नयाँ रूप देख्न सकिन्छ कलामा । उहाँ जति अगाडी बढ्दै जानुहुन्छ । त्यति नै कलामा निखार र आफ्नोपन आउँदै गरेको पाएको छु ।

८.	खेल मनोविज्ञका रूपमा उहाँको बारेमा भन्दा उहाँ कुन स्तरको कस्तो व्यक्तित्व भन्न बढी रूचाउनु हुन्छ ?

उहाँ शारीरिक सुगठन (Body Building) बाट खेल क्षेत्रमा प्रवेश गर्नु भएको, धरान श्री, काठमाडौ श्री, जस्ता पद जितिसक्नु भएको व्यक्तित्व हुनुहुन्छ । खेलकुद परिषदको पुरानो प्रशिक्षक, योग्यता धेरै भएको अर्थात् खेल मनोविज्ञानमा एम.एस. गरेको व्यक्ति जसले थुप्रै नयाँ खेलाडी जन्माउनु भएको छ । निरन्तर कार्य गर्ने, खेलमनोविज्ञ, खेल जीवनमा सफल हुनुहुन्छ । उहाँको कार्य दक्षताकै कारण पनि नेपाल सरकारले उहाँलाई अवकाश पश्चात् पनि पुनः २ वर्षको लागि बहाली गरेको हो । तसर्थ उहाँ निकै सफल व्यक्तित्व हुनुहुन्छ । मनोविज्ञका रूपमा कति सफल हुनुहुन्छ मैले राम्रोसँग हेर्न पाएको छैन् ।

९.	रमेश खनालका यी तीन क्षेत्र बाहेक कुन कुन क्षेत्रमा संलग्न हुनुहुन्छ ? तपाईंका विचारमा उहाँ कुन क्षेत्रमा बढी सफल हुनुहुन्छ ?

हरेक कुरामा संलग्न हुन चाहने, स्फूर्तवान् नयाँकाम गरूँ भन्ने खेल मनोविज्ञ, साहित्यमा, कलाजगत्मा उत्तिकै जागरूक भएर लाग्ने रमेश खनाल यी तीनै क्षेत्रमा सफल लाग्छ । खेलकुदमा अवकास पाइसके पनि फेरि २ बर्ष थपिनु सफलताकै कारण हो । सानैदेखि कला र साहित्यमा लाग्नु भएको व्यक्ति यी तीन क्षेत्र बाहेक नेतृत्व क्षेत्रमा पनि देख्न सकिन्छ । उहाँ पहिले नेपाल कलाकार समाजको अध्यक्ष हुनुहुन्थ्यो । हाल उहाँ ललितकला समीक्षक समाजका अध्यक्ष हुनुहुन्छ । हरेक ठाउँमा समयमै पुग्ने, आफ्नो क्षमता स्फूर्त रूपमा प्रदर्शन गर्ने क्षमता उहाँसँग छ । त्यसैले म उहाँलाई ईश्वरीय बरदान प्राप्त बहुमुखी प्रतिभाका धनी व्यक्ति भन्छु ।

१०.	तपाई र रमेश खनालबीच मिल्ने र नमिल्ने कस्ता कुराहरू छन् ?

उहाँसँग नमिल्ने कुरा के छ र छैन । उहाँ र मेरो बीच राम्रो र नजिकको सम्बन्ध छ । राम्रै वैचारिक मेलमिलाप छ । उहाँले मलाई दाइको रूपमा सल्लाह माग्ने गर्नुहुन्छ । कलामा उहाँलाई भन्दा मलाई बढी अनुभव भएकोले मसँग उहाँ सल्लाह गर्नुहुन्छ ।

११ं	अन्तमा रमेश खनालका बारेमा के भन्न चाहनुहुन्छ ?

उहाँ राम्रो मानिस हुनुहुन्छ । बहुमुखी प्रतिभाको धनी हुनुहुन्छ । सबैतिर समय दिनुहुन्छ । सबैसँग राम्रो व्यवहार गर्नुहुन्छ । स्फूर्त खालको स्वभाव, नयाँ कार्य गर्ने चाहँना भएको सबैकाम छिटो गरौँ भन्ने भावना भएको व्यक्ति हुनुहुन्छ ।